# जीवेन्द्र देव गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.ए.)
दोस्रो वर्षको दसौ पत्रको प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**

शोधकर्ता
केशव राज शर्मा
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं
२०६७

प्रा. केशव सुवेदी
शोध

# जीवेन्द्र देव गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.ए.)
दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**

**शोधकर्ता**
**केशव राज शर्मा**
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं
२०६७

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षका छात्र श्री केशवराज शर्माले **जीवेन्द्र देव गिरीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँले मिहिनेतसाथ तयार पारेको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०६७।१२।२२

..........................
**केशव सुवेदी**
प्राध्यापक
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र श्री केशवराज शर्माले स्नातकोत्तर तह दोस्रो वर्ष, दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **जीवेन्द्र देव गिरीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

(१) **प्रा. डा. देवी प्रसाद गौतम** ............................
(नि. विभागीय प्रमुख)

(२) **प्रा. केशव सुवेदी** ............................
(शोधनिर्देशक)

(३) **सह-प्रा. डा. वेदव्यास उपाध्याय**
...........................
(बाह्य परीक्षक)

मिति २०६७।१२।२७

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले मेरा आदरणीय गुरुवर प्रा. केशव सुवेदीज्यूको प्राज्ञिक निर्देशनमा तयार पारेको हुँ । आफ्नो अति व्यस्त जीवनमा पनि अमूल्य समय दिई मलाई समुचित निर्देशन दिएर लेखनमा अभिप्रेरित गर्नु हुने शोधनिर्देशक श्रद्धेय गुरु प्रा. केशव सुवेदीज्यूप्रति सर्वप्रथम म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोधशीर्षक छनोट एवम् लेखन कार्यमा प्रोत्साहन गर्नुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा. राजेन्द्र सुवेदी लगायत विभागका सम्पूर्ण आदरणीय गुरुहरू र कर्मचारी महेश तिवारी, सुभाष खत्रीप्रति हार्दिक आभार प्रटक गर्दछु ।

यस शोधकार्यको क्रममा आवश्यक सामग्री संकलन गरी उपलब्ध गराईदिने शोधनायक जीवेन्द्र देव गिरी एवम् उहाँको परिवारजनलाई धन्यवाद दिन्छु ।

मेरो उच्च शिक्षा अध्ययनमा प्रेरित गरी मेरानिम्ति आर्थिक समस्या नगराईकन यस अवस्थासम्म ल्याई पुऱ्याउने पुजनीय बुबा आमा लक्ष्मण प्रसाद शर्मा र कृष्णदेवी शर्मा दिदी बहिनीहरू टिकेश्वरी शर्मा, इन्द्र शर्मा र लक्ष्मी ओझाप्रति आजीवन ऋणी छु । शोधकार्यमा उचित सहयोग गर्ने र शोधकार्य के-कति सम्पन्न भयो भनी अगाडि बढ्न प्रेरित गर्ने मेरा आत्मीय मित्रहरू ताराबल्लभ पोखरेल, ज्ञानु रोक्का, पुन्य प्रसाद आचार्य, कुमार निरौला, वासुदेव जोशी, फागुन नेपाल, राजेन्द्र चौधरी लगायतलाई हार्दिक धन्यवाद ज्ञापन प्रकट गर्दछु ।

त्यस्तै व्यवसायिक व्यस्तता हुँदाहुँदै पनि सङ्कलित सामग्रीहरूलाई झर्को नमानी शुद्धताका साथ समयमा टङ्कण गरिदिने युनिभर्सल फोटोकपी एण्ड कम्प्युटर सेन्टर नयाँबजारका दाजु जनक खत्री र भाइ सुमन अधिकारीलाई धन्यवाद व्यक्त गर्न चाहन्छु । अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग समक्ष पेस गर्दछु ।

........................

**केशव राज शर्मा**

मिति : २०६७।२।२२

शैक्षिक सत्र : २०६४/०६५

क्रमाङ्क : ५७

## विषयसूची

### शोध परिचय
### पहिलो परिच्छेद


१.१ शोध शीर्षक १

१.२ शोधको प्रयोजन १

१.३ विषय परिचय १

१.४ समस्या कथन २

१.५ शोधको उद्देश्य २

१.६ पूर्वकार्यको समीक्षा २

१.७ अध्ययनको औचित्य र महत्त्व ८

१.८ शोध कार्यको सीमाङ्कन ९

१.९ सामग्री सङ्कलन र अध्ययन विधि ९

१.१० शोध पत्रको रूपरेखा ९


### दोस्रो परिच्छेद
### जीवेन्द्र देव गिरीको जीवनी


२.१ जन्म र जन्मस्थान १०

२.२ नामकरण १०

२.३ पुर्खा र वंशपरम्परा १०

२.४ बाल्यकाल र पालनपोषण ११

२.५ शिक्षादीक्षा १२

२.६ विवाह, सन्तान र दाम्पत्य जीवन १४

२.७ पारिवारिक वियोग र व्यवहारिक समस्या १४

२.८ बसोबास १५

२.९ पेसा र व्यवसाय १६

२.१० साहित्यिक प्रेरणा र प्रभाव १७

२.११ रुचि, स्वभाव र सत्सङ्ग १७

२.१२ आर्थिक अवस्था १८

२.१३ जीवनदर्शन १९

२.१४ सम्मान र पुरस्कार २०

## तेस्रो परिच्छेद
## जीवेन्द्र देव गिरीको व्यक्तित्व


३.१ व्यक्तित्वको अर्थ २२

३.१.१ शारीरिक व्यक्तित्व र स्वभाव २२

३.१.२ शिक्षक प्राध्यापक व्यक्तित्व २५

३.१.३. प्रशासनिक व्यक्तित्व २८

३.१.४ साहित्यकार व्यक्तित्व २९

३.१.५ अन्वेषक व्यक्तित्व ३२

३.१.६ प्राज्ञिक व्यक्तित्व ३३

३.१.७ भाषाविद् व्यक्तित्व ३३

३.१.८ लोकवार्ताविद् व्यक्तित्व ३४

३.१.९ सामाजिक व्यक्तित्व ३४

३.१.१० सम्पादक व्यक्तित्व ४१

३.१.११ राजनीतिक व्यक्तित्व ४२


## परिच्छेद चार
## जीवेन्द्र देव गिरीको कृतित्वको अध्ययन


४.१ पत्र पत्रिकामा प्रकाशित फुटकर रचनाको सूची ४६

४.१.१ कथा ४६

४.१.२ कविता ४६

४.१.३ गीत ४६

४.१.४ निबन्ध ४७

४.१.५ अन्तर्वार्ता ४९

४.१.६ समालोचना ५०

४.१.७ भूमिका ५२

४.१.८ समीक्षा र टिप्पणी ५३

४.१.९ भाषा ५३

४.१.१० लोकर्वार्ता ५५

४.२ प्रकाशित पुस्तकाकार कृतिको सूची ५५

४.३ कथाको अध्ययन ५६

४.४ कविता र गीतहरूको अध्ययन ५६

४.४.१ कविताको अध्ययन ५६
४.४.२ गीतको अध्ययन ६०
४.५ निबन्धको अध्ययन ६२
४.५.१ व्यङ्ग्यात्मक निबन्ध ६२
४.५.२ निबन्धको अध्ययन ६३
४.५.३ संस्मरणात्मक निबन्ध ६५
४.५.४ प्रबन्धात्मक निबन्ध ६९
४.५ अन्तर्वार्ता ७१
४.६ समालोचनाको अध्ययन ७२
४.६.१ पुस्तकाकार कृतिको अध्ययन ७२
४.६.२ फुटकर समालोचनाहरूको अध्ययन ७७
४.६.३ भूमिकाको अध्ययन ९०
४.६.४ समीक्षा र टिप्पणीको अध्ययन ९६
४.६.५ सम्पादकीय ९९
४.७ भाषिक कार्यको अध्ययन ९९
४.७.१ पुस्तकाकार कृतिको अध्ययन ९९
४.७.२ फुटकर भाषिक लेखहरूको अध्ययन १०२
४.७.३ अनुसन्धान प्रतिवेदनहरूको अध्ययन ११०
४.८ लोक वार्ताको अध्ययन १११
४.८.१ पुस्तकाकार कृतिको अध्ययन १११
४.८.२ पत्र पत्रिकामा प्रकाशित फुटकर लेख ११५
४.८.३ लघु अनुसन्धान ११८

**पाँचौं परिच्छेद**
**उपसंहार**

५.१ सारसङ्क्षेप ११९
५.२ निष्कर्ष र प्राप्ति १२१
५.३ सम्भावित अध्ययन १२४
**परिशिष्ट - क**
**शोधनायकसँग लिइएको मौखिक अन्तर्वार्ताको प्रश्नावली १२६**
**परिशिष्ट - ख**
**शोधनायकको फोटो १२९**
**सन्दर्भ विवरण १३०**

# सङ्क्षिप्त शब्दसूची

| | | |
|---|---|---|
| आई.ए. | - | इन्टरमिडियट अफ आर्टस |
| एस.एल.सी. | - | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं | - | क्रम सङ्ख्या |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| जे.टी.ए. | - | जुनियर टेक्निकल एसिस्टेन्ट |
| ते.सं. | - | तेस्रो संस्करण |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| ना.सु. | - | नायव सुब्बा |
| ने.रा.नि.मा.वि. | - | नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| ने.रा.प्रा.वि. | - | नेपाल राष्ट्रिय प्राथमिक विद्यालय |
| प्र.जि.अ. | - | प्रमुख जिल्ला अधिकारी |
| प्रा. | - | प्राध्यापक |
| प्रा.लि. | - | प्राइभेट लिमिटेड |
| बी.ए. | - | ब्याचलर अफ आर्टस |
| वि.सं. | - | विक्रम संम्वत् |
| सम्पा. | - | सम्पादन |
| सा.प्र. | - | साझा प्रकाशन |

पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक **जीवेन्द्र देव गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोध कार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानवविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको परिपूर्ति रहेको छ ।

## १.३ विषय परिचय

नेपाली भाषा, साहित्य, लोक साहित्य एवम् बाल साहित्यका क्षेत्रमा निरन्तर साधना गरिरहेका साधक जीवेन्द्र देव गिरीको जन्म वि.सं. २००८ असार ८ गते सिम्ता, काप्रीचौर, सुर्खेतमा भएको हो । वर्तमान समयमा उनी सपरिवार काठमाडौँको शान्ति नगरमा बसोबास गर्दै आएका छन् । २०२४ देखि शिक्षण पेसामा प्रवेश गरी प्राथमिक तहदेखि स्नातकोत्तर तहसम्म अध्यापन कार्य गरेका गिरीले केही समय त्रि.वि. को प्रशासनिक निकायमा पनि कार्य गरेका छन् । २०४० देखि त्रि.वि. अन्तर्गत प्राध्यापन सेवामा संलग्न गिरीले सुरुमा पद्मकन्या क्याम्पसमा अध्यापन कार्य गरी २०४३ देखि नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा अध्यापन गर्दै आएका छन् ।

जीवेन्द्र देव गिरीले नेपाली भाषा, साहित्य, लोक साहित्य एवम् बाल साहित्यका क्षेत्रमा कलम चलाएका छन् । गिरीले २०२० देखि नै कविता कोर्न थाले पनि २०३३ को **मातृभूमि** पत्रिकामा 'मुटुले ढ्याङ्ग्रो ठोक्दै छ' शीर्षकको कथा प्रकाशन गरेर उनी साहित्य सृजनामा औपचारिक रूपमा प्रवेश गरेका हुन् । हालसम्म उनका १० वटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । ती कृति हुन् - **नेपाली साहित्य शृङ्खला** भाग १ (सहलेखन २०५२), **नेपाली साहित्य शृङ्खला** भाग २ (सहलेखन २०५२), **भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण** (२०५३), **लोक साहित्यको अवलोकन (२०५७) हाम्रा लोकगाथा** (२०५७), **नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान** (२०६१), **भाषा विज्ञान, भाषा र भाषिका** (२०६३), **नेपाली लोक साहित्यमा जन**

**जीवन** (२०६७) **सबैको नेपाली** (२०६७) र **साहित्यकार जनक प्रसाद हुमागाई** (२०६७) । यसका साथै उनका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र पत्रिकाहरूमा अनेक अनुसन्धानात्मक एवम् सिर्जनात्मक लेख रचनाहरू पनि प्रकाशित छन् । त्यस्तै **कविता कोसेली, साहित्य, सौगात, साहित्य सुमन, साहित्य कोसेली, फक्रँदो कोपिला, दीपशिखा, बालसाहित्य, झिसमिसे, रातो थुँगा, प्रज्ञा, सयपत्री, प्रलेस, वाङ्मय, युगदूत** आदि पत्र पत्रिकाहरूको सम्पादन गरी सकेका गिरीले नेपाली शब्दकोशको सम्पादनमा पनि महत्त्वपूर्ण योगदान दिएका छन् । उनी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य ( २०६१-२०६३) समेत भइ सकेका छन् ।

## १.४ समस्या कथन

नेपाली भाषा साहित्यमा संलग्न जीवेन्द्र देव गिरीले निरन्तर कर्मशील एवम् सृजनात्मक जीवन बिताउँदै नेपाली भाषा साहित्यका विभिन्न विधामा कलम चलाए पनि उनले गरेको योगदानको खास अध्ययन भएको पाइँदैन । त्यसैले उनको जीवनी, व्यक्तित्व र कृतित्व पक्षको समग्र अध्ययन नहुनु समस्याका रूपमा रहेको छ । त्यसैसँग सम्बन्धित निम्न लिखित समस्याहरू यस शोधसँग गाँसिएका छन् :

(१) जीवेन्द्र देव गिरीको जीवनी के कस्तो छ ?

(२) जीवेन्द्र देव गिरीको व्यक्तित्व के कस्तो छ ?

(३) जीवेन्द्र देव गिरीका प्रकाशित कृतिहरू के कति र के कस्ता छन् ?

## १.५ शोधको उद्देश्य

प्रस्तुत शोध कार्यका निम्न लिखित उद्देश्यहरू रहेका छन् :

(१) जीवेन्द्र देव गिरीको जीवनीको अध्ययन गर्नु

(२) जीवेन्द्र देव गिरीको व्यक्तित्व अध्ययन गर्नु,

(३) जीवेन्द्र देव गिरीको कृतित्वको अध्ययन गर्नु

## १.६ पूर्व कार्यको समीक्षा

नेपाली भाषा साहित्यका क्षेत्रमा योगदान गर्ने जीवेन्द्र देव गिरी र उनका कृतिका बारेमा भएका कार्य निम्नानुसार छन् :

अच्युत शरण अर्यालले **सुर्खेती नेपाली साहित्य : एक सर्वेक्षण** (त्रि.वि. अनुसन्धान महाशाखामा प्रस्तुत अप्रकाशित लघु अनुसन्धान प्रतिवेदन, २०५०, पृ. ६३) मा प्रस्तुत गरेको लघु अनुसन्धान परियोजनाको प्रतिवेदनमा २०२० तिर स्कुल पढ्दा पहिले कविता लेख्ने गिरीले २०२४ देखि २०२८ सालसम्म गाउँघरतिर बस्दा गीत,

निबन्ध, कविता लेखी सौन्दर्य चेतनाको विकासमा सहयोग पुऱ्याएको पाइन्छ भनी जानकारी दिएका छन् । उनले यसमा गिरीका अन्य कार्यको उल्लेख गरे पनि समग्र जानकारी दिन सकेका छैनन् ।

द्रोण कुमार पौडेलले **साहित्य सौगात** (काठमाडौँ : सुर्खेती कल्याण समाज, २०५१ चौथो साहित्यिक पृ. १६१) को 'जीवेन्द्र देव गिरी एक आशालाग्दा लेखक' शीर्षकको लेखमा जीवेन्द्रको साहित्यिक भाषिक व्यक्तित्वको सामान्य चर्चाका साथ मूल्याङ्कन पनि गरेका छन् । गिरीका उत्तरवर्ती कार्य र जीवनी एवम् व्यक्तित्वबारे भने यसमा उल्लेख भएको पाइँदैन ।

तारानाथ शर्माले **भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण** (काठमाडौँ : पार्वती गिरी, २०५३) पुस्तकको 'प्राक्कथन'मा गिरीको प्रस्तुत कृति भाषा वैज्ञानिक भएकाले महत्त्वपूर्ण रहेको र नेपालीका भाषिकाहरूको अध्ययनमा यसबाट विशिष्ट योगदान पुगेको विचार व्यक्त गरेका छन् ।

मधुसूदन गिरीले **मध्य पश्चिमका कविता** (काठमाडौँ : मध्य पश्चिमाञ्चल साहित्य परिषद्, २०५३, पृ. ६७-६८) को 'भेरीका कविता पृष्ठभूमि र परम्परा' शीर्षकमा कविता, कथा, लेख, समालोचना र भाषामा कलम चलाउने साहित्यकार जीवेन्द्र देव गिरीको योगदान विशेषतः भाषा, लोक साहित्य र बाल साहित्यमा केन्द्रित छ भन्ने विचार व्यक्त गरेका छन् । साहित्यकार गिरीद्वारा गरिएको खसानी उपभाषिकाको सिम्ताली स्थानीय उपभेदमाथिको अनुसन्धानकै आधारमा प्रा. बालकृष्ण पोखरेलले खसानीका विशेषताको चर्चा गरेका छन् भन्ने कुराको पनि उनले उल्लेख गरेका छन् । सामाजिक विसङ्गतिमाथि व्यङ्ग्य गर्ने उनका रचनाहरू **गरिमा, मधुपर्क, सुर्खेती, कुञ्जिनी, ब्रह्मपुत्र,** आदिमा प्रकाशित भएका छन् भन्ने पनि चर्चा गरिएको छ । यसले २०५३ पूर्वको गिरीको कृतित्वका बारेमा प्रकाश पारेको छ ।

कपिल लामिछानेको **जनमत** (वर्ष १४, अङ्क ७-१०, साहित्यिक अङ्क ५४, २०५४, पृ. ३४) मा प्रकाशित 'भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण : सानो पुस्तिका ठुलो उपलब्धि', शीर्षकको लेखमा नेपाली भाषिकाका अध्येताहरूको सूचीमा प्रगतिशील साहित्यकार जीवेन्द्र देव गिरीको नाउँ २०४० को दशकदेखि नै सम्बद्ध भएको तथ्य प्रस्तुत गरिएको छ । एक दशकभन्दा लामो समयदेखि नेपाली भाषिकाका विभिन्न पक्षमा कलम चलाउँदै आएका गिरीको 'भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण' (२०५३) कृति एक थप उपलब्धिका रूपमा रहेको चर्चा यसमा गरिएको छ ।

अप्रियले सुर्खेती समाज काठमाडौँद्वारा प्रकाशित **साहित्य कोसेली** (सातौँ साहित्यिक सँगालो, २०५४, पृ. ११२) को 'कृति परिचय' शीर्षकको लेखमा नेपाली भाषाका भाषिकाहरूको अध्ययन अझै प्रारम्भिक चरणमा नै रही रहेका बेला निकै लामो समयदेखि नै भेरी क्षेत्रमा प्रचलित नेपाली भाषाको स्वरूपलाई नजिकबाट अध्ययन गरिरहेका गिरीको कलमले 'भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण' (२०५३) पुस्तकको रचना गरेर भाषिक अध्ययनको परम्परामा थप योगदान दिएको चर्चा यसमा गरिएको छ ।

घटराज भट्टराईले **नेपाली लेखक कोश** (काठमाडौँ : पैरवी प्रकाशन एन्ड स्टेसनरी सेन्टर, २०५६, पृ. २५१) पुस्तकमा नेपाली विषयमा स्नातकोत्तर गरी प्राध्यापन कार्यमा लागेका गिरीका प्रकाशित पुस्तकका रूपमा **नेपाली साहित्य शृङ्खला** भाग १ (२०५२), **नेपाली साहित्य शृङ्खला** भाग २ (२०५२) र **भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण** (२०५३) को उल्लेख गर्दै स्वदेश तथा विदेशका विभिन्न पत्रिकामा उनका अनेक रचना प्रकाशित भएको सामान्य चर्चा गरिएको छ । यसबाट गिरीको जीवनी, व्यक्तित्व र कृतित्वबारे सामान्य जानकारी मात्र उपलब्ध भएको छ ।

रविलाल अधिकारीले **प्रगतिवादी नेपाली समालोचना** (पोखरा : नेपाली प्रकाशन, २०५६, पृ. १६३) पुस्तकमा सुर्खेतका जीवेन्द्र देव गिरीले पनि पश्चिमी सांस्कृतिक गतिविधिहरूको अध्ययनमा प्रगतिवादी दृष्टि राखेको पाइन्छ भनी सामान्य टिप्पणी गरेका छन् ।

ईश्वरी ज्ञवालीले **एकाइसौं शताब्दी** (वर्ष ५ अङ्क ३ पूर्णाङ्क ४८, २०५७ पृ. ३४) मा 'लोक साहित्यको क्षेत्रमा नवीन उपलब्धि' शीर्षकको लेखमा लोकभूमिलाई आधार स्तम्भ बनाएका गिरीले लोक साहित्यका सामग्रीहरूको प्रस्तुतिका साथै तिनको गहन विश्लेषण पनि गरी प्राज्ञिक-बौद्धिकहरूको अपेक्षालाई मूर्त रूप दिने प्रयत्न गरेका छन् भनी उल्लेख गरेका छन् ।

डा. रामदयाल राकेशले **नेपाल** (राष्ट्रिय पाक्षिक, २०५८ पृ.४६) पत्रिकामा 'लोक साहित्यको अवलोकन : एक मूल्याङ्कन' शीर्षकको लेखमा जीवेन्द्र देव गिरीले लोक साहित्यको अमूल्य सागरमा डुब्लकी लगाएर केही बहुमूल्य रत्न-जुहारत खोजेर नेपाली पाठकलाई पस्किएको भनी गिरीको उपर्युक्त कृतिबारे टिप्पणी गरेका छन् तर उनका अन्य कृतिबारे भने यसमा केही चर्चा छैन ।

महाकाव्यकार पूर्ण प्रकाश नेपाल यात्रीले आफ्नो **सिजापतीवाला** (विराटनगर : हिमाली सौगात प्रकाशन, २०५७, पृ. १०२५) महाकाव्यमा जीवेन्द्र देव गिरीका बारेमा टिप्पणी गर्दै गिरीको साहित्यिक र अन्वेषणात्मक क्षमता उच्च कोटिको रहे पनि उनी राजनीतिक क्षेत्रमा सक्रिय रहनाले उनीबाट त्यसमा हुनु पर्ने जति योगदान हुन नसकी रहेको चर्चा कवितात्मक रूपमा व्यक्त गरेका छन् ।

गोविन्द भट्टले **लोक साहित्यको अवलोकन** (काठमाडौँ : एकता प्रकाशन, २०५७, पृ. १०) पुस्तकमा 'लोक साहित्य पढ्ने एक नयाँ दृष्टि' शीर्षकमा जीवेन्द्र देव गिरीले विगत लामो समयदेखि लोक साहित्यको अध्ययन अध्यापन, अनुसन्धान र प्रकाशनमा लाग्दै त्यसका बारेमा आफ्नै एक खास पद्धति वा दृष्टिकोण पनि विकसित गरी सकेका छन् भनी उल्लेख गरेका छन् ।

मुक्तिनाथ शर्माले **खबरकागज** (वर्ष ३, अङ्क २८, २०५७, पृ. उल्लेख नभएको) पत्रिकामा 'साहित्यकारहरूसँगको साक्षात्कार' लेखमा जीवेन्द्र देव गिरी लोकगीतका लेखक मात्र नभई गायक पनि हुन् भन्ने कुराको चर्चा गरेका छन् ।

कृष्ण प्रसाद पराजुलीले **जनमत** (वर्ष १८, अङ्क ४, २०५८ पृ. ४७) पत्रिकामा 'जीवेन्द्र देव गिरी' शीर्षकको लेखमा लोकभूमिबाट उठेका गिरीको **लोक साहित्यको अवलोकन** (२०५७) उनको लोक साहित्यप्रतिको अभिरुचिको परिणाम हो भनी उल्लेख गरेका छन् ।

वासुदेव अधिकारीले **बुधबार** (वर्ष ६, अङ्क ३५, २०५८, पृ. ४) पत्रिकामा 'कस्तो छ लोक साहित्यको अवलोकन' लेखमा जीवेन्द्र देव गिरीको प्रस्तुत कृति पढी सक्दा पाठक भेरी-कर्णाली भेगको लोक साहित्यको आहालमा चुर्लुम्म डुब्छ र त्यहाँ जनताले कति हन्डर र ठक्कर खाएका छन्, उनीहरूको मनमा कति वेदनामय पीडाहरू छन्, त्यस माटाले कति आँसु र रगत बगाएको छ र इतिहास निर्माणमा के कस्तो योगदान गरेको छ भन्ने कुराको विवेचना गरिएको छ ।

युवराज घिमिरेले **हिमालय टाइम्स** (२०५८, पृ. ४) पत्रिकामा 'लोक साहित्यमा एउटा उपयोगी कृति' शीर्षकको लेखमा हाम्रो संस्कृतिको उठान तथा लोक सुसेली र लहरीका बारेमा पहिचान हुनु आवश्यक रहेको अवस्थामा गिरीको अनुसन्धानात्मक पुस्तक **लोक साहित्यको अवलोकन** (२०५७) प्रकाशित भएको छ भनी खुसी व्यक्त गरेका छन् ।

यकिना अगाधले **जन एकता** (वर्ष ७, अङ्क ३५, २०५८, पृ. ४) पत्रिकामा 'लोक साहित्य तर्फ समर्पित साहित्यकार गिरी' भन्ने लेखमा जनताका पीर, व्यथा र व्यग्रतालाई टपक्क टिपेर उनीहरूकै बोलीमा बोली मिलाउँदै जागरणका बीज सशक्त रूपमा छर्न सफल एक कलम बीर जीवेन्द्र देव गिरी हुन् भन्ने कुरा उल्लेख गरेका छन् ।

लक्ष्मी मिश्रले **शब्दाङ्कुर** (वर्ष १ अङ्क ५, पूर्णाङ्क २, २०५८, पृ. २) पत्रिकाको 'लोक साहित्यको अवलोकन : एक चिनारी' लेखमा नेपाली लोक साहित्यको जगेर्नामा बढी रुचि राख्ने र लोक साहित्यलाई परम्परागत शैलीभन्दा पृथक् रही अध्ययन र विश्लेषण गर्ने लोक साहित्यका अध्येता एवम् अनुसन्धाताका रूपमा गिरीको चर्चा गरेकी छन् ।

ऋषि प्रसाद शर्माले **नव युग** (वर्ष १४, अङ्क ११, २०६१, पृ. २७) पत्रिकामा 'सुर्खेतको कम्युनिस्ट आन्दोलन' लेखमा क. देवेन्द्र बी.सी., जनक राज शर्माको प्रेरणा र सत्यदेव भट्टराईको सम्पर्कबाट २०२८ सालमा जीवेन्द्र देव गिरी कम्युनिस्ट पार्टीको सदस्य बन्नु भयो र २०३० सालमा अञ्चल कमिटीको सचिव भई सुर्खेत वीरेन्द्रनगरमा पार्टी जिम्मेवारी सहित जानु भयो भनी उनको राजनैतिक यात्राको थालनीबारे उल्लेख गरिएको छ ।

श्याम प्रसादले **नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान** (काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६१) पुस्तकमा 'बाल साहित्यको अध्ययन बारे महत्त्वपूर्ण पुस्तक नामक' लेखमा जीवेन्द्र देव गिरीले विचार पक्षको पनि विश्लेषण गरेर आधुनिक युग सुहाउँदो दृष्टिकोण नै दिई रहनु पर्छ र अन्धविश्वास हुने खालका कुराहरू पार्नु हुँदैन भनेर समेत सजग गरेको भनी उल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदीले **नेपाली समालोचना प्रवृत्ति र परम्परा** (वाराणसी, भूमिका प्रकाशन, २०६१, पृ. २०४) पुस्तकमा हाल प्राध्यापन सेवामा संलग्न भई क्रियाशील गिरी मूलतः लोक साहित्यको अन्वेषण, भाषाको अनुसन्धान र सृजनात्मक लेखनमा पनि बाँडिएका छन् भनी चर्चा गरेका छन् । उनले गिरीका जीवनी, व्यक्तित्व र कृतित्वबारे केही चर्चा गरे पनि त्यो अध्ययन गिरी र उनको योगदानमा केन्द्रित नरहेकाले त्यसले उनका बारेमा थोरै मात्र जानकारी दिएको छ ।

बलभद्र भारतीले **शब्द संयोजन** (वर्ष २, अङ्क ९, पूर्णाङ्क २१, २०६२, पृ. ४३) पत्रिकाको 'भाषिक क्षेत्रमा जीवेन्द्र देव गिरीको योगदान' शीर्षकको लेखमा भाषिक

सिद्धान्त नेपाली भाषा र तिनका भाषिकाहरूको अध्ययन क्रमिक रूपमा अगि बढ्दै आएको र सोही अध्ययनको शृङ्खला अगि बढाउनेहरूमध्येमा जीवेन्द्र देव गिरी पनि परेको जानकारी दिएका छन् । उनले गिरीको भाषिक योगदान बारे उल्लेख गरे पनि अन्य पक्षबारे भने खास विवेचना गरेका छैनन् ।

निमिषले बाल साहित्य समालोचनाको महत्त्वपूर्ण कृति 'नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान' **शब्दाङ्कुर** (वर्ष ४, अङ्क ७, पूर्णाङ्क ४३, २०६२, पृ. १५) मा प्रचार प्रसारका लागि मरीहत्ते नगरी सिर्जनामा विश्वास गर्ने गिरीका पाठ्य पुस्तकका अतिरिक्त लोक साहित्य, भाषा व्याकरण, समालोचना र सिर्जनात्मक विधागत कृति समेत प्रकाशित भएका छन् भनी चर्चा गरेका छन् ।

चूडामणि बन्धुले **भाषा विज्ञान, भाषा र भाषिका** (काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि., २०६३) पुस्तकको 'सम्मति' मा भाषा साहित्य तथा लोक साहित्यको पठन-पाठन, सङ्कलन-अनुसन्धान, लेखन र सम्पादन कार्यहरू गरी ज्ञान अनुभव बटुलेका प्राज्ञ जीवेन्द्र देव गिरीको भाषा विज्ञान भाषा र भाषिका (२०६३) ग्रन्थको प्रकाशनले भाषाको ऐतिहासिक तथा समाज भाषा वैज्ञानिकका साथै नेपालका भाषा भाषिकाको अध्ययनमा महत्त्वपूर्ण योगदान दिएको कुरा उल्लेख गरेका छन् ।

वासुदेव त्रिपाठीले **भाषा विज्ञान भाषा र भाषिका** (काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि., २०६३) पुस्तकको 'शुभकामना'मा जीवेन्द्र देव गिरी भाषाविद् समालोचक र लोक साहित्यविद्का रूपमा प्रतिष्ठित हुनाका साथै कुशल सम्पादक तथा निबन्ध र कविताका फाँटमा पनि सिर्जनशील छन् भन्दै भाषिक क्षेत्रमा गिरीको योगदानबारे सङ्क्षिप्त सङ्केत गरेका छन् ।

दीपक गौतमको **समकालीन नेपाली प्रगतिवादी नेपाली कथाका प्रवृत्ति** (काठमाडौँ : दीपक गौतम, २०६४, पृ. २७५) पुस्तकमा जीवेन्द्र देव गिरीको 'खैरालो' कथामा भारतमा खयर काट्न जानै पर्ने पारिवारिक परिवेशको चित्रण गर्दै कुनै न कुनै दिन जनताले सामन्तहरूका सबै प्रकारका बेइमानीहरू बुझ्दछन् भन्ने सार व्यक्त भएको प्रस्तुत कथाले जनता सङ्गठित विद्रोहमा लाग्नु पर्छ भन्ने उद्देश्य लिएको छ भनी चर्चा गरिएको छ ।

हेमनाथ पौडेलले **प्रगतिवादी दृष्टिमा कवि र कविता** (काठमाडौ : पैरवी प्रकाशन, २०६५, पृ. २१) नामक पुस्तकमा २०४६ पछि प्रगतिवादी नेपाली कवितामा कलम चलाउने कविका रूपमा जीवेन्द्र देव गिरीको नाम पनि उल्लेख गरेका छन् ।

दीपक गौतमले **अलिखित आधुनिक नेपाली साहित्य लेखनको इतिहास** (सुर्खेत : दीपक गौतम, २०६५, पृ. ३६) पुस्तकमा गिरीका 'भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण', **लोक साहित्यको अवलोकन, हाम्रा लोकगाथा** जस्ता कृतिबारे विवेचना गर्दै उनको लेखकीय प्रवृत्ति र विशेषतालाई प्रकाशमा ल्याएका छन् ।

हेमनाथ पौडेलले **प्रकाश** (वर्ष २७, अङ्क २०, २०६६, पृ. ४) पत्रिकामा 'भाषा विज्ञानको उपयोगी पुस्तक' शीर्षकको लेखमा गिरीको **भाषा विज्ञान, भाषा र भाषिका** (२०६३) भाषा विज्ञानका सिद्धान्तको अध्ययन र क्षेत्रगत अध्ययनमा आधारित उपयोगी कृति हो भनी उल्लेख गरेका छन् ।

राम प्रसाद ज्ञवालीले **तेस्रो आँखाको आलोचना** (काठमाडौँ : शब्दार्थ प्रकाशन, २०६३ पृ २३) पुस्तकमा एक्काइसौं शताब्दी सम्भावित नेपाली साहित्यका विभिन्न सम्भावित विशेषताहरू माथि अनुमानित प्राक्कल्पना प्रस्तुत गर्दै त्यस अवधिको नेपाली लोक साहित्यमाथि हुने समालोचनाका सम्बन्धमा आफ्नो विचार प्रस्तुत गरेका छन् । यसमा उनले जीवेन्द्र देव गिरीद्वारा रचित **लोक साहित्यको अवलोकन** (२०५७) कृतिमाथि सकारात्मक टिप्पणी गरेका छन् ।

उपर्युक्त पूर्वाध्ययनको विवरणबाट गिरीको जीवनी, व्यक्तित्व र कृतित्वका केही पक्षबारे जानकारी प्राप्त भए पनि समग्र पक्षबारे भने खासै अध्ययन हुन सकेको छैन । त्यसैले जीवेन्द्र देव गिरीको जीवनी, व्यक्तित्व र कृतित्वबारे विस्तृत एवम् गहिरो अध्ययन अपेक्षित हुन गएको छ ।

## १.७ अध्ययनको औचित्य र महत्त्व

लामो समयदेखि नेपाली भाषा साहित्यमा निरन्तर सेवा र साधना गर्दै आएका जीवेन्द्र देव गिरीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन अनुसन्धान नभएको सन्दर्भमा यो शोध कार्य हुनु औचित्यपूर्ण छ । गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको व्यापक अध्ययन गर्न चाहने अध्येता र जिज्ञासु पाठकलाई यस शोध कार्यले प्राथमिक सूचना सामग्री उपलब्ध गराएको छ । यसबाट प्रस्तुत शोधकार्यको औचित्य र महत्त्व सिद्ध हुन्छ ।

## १.८ शोध कार्यको सीमाङ्कन

प्रस्तुत शोध कार्यको क्षेत्र जीवेन्द्र देव गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन हो । तसर्थ गिरीको जीवनी तथा व्यक्तित्वका साथै उनका प्रकाशित कृतिहरूको अध्ययन तथा विश्लेषण यस शोध कार्यको सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन र अध्ययन विधि

प्रस्तुत शोध कार्यलाई विश्वसनीय तथा पूर्ण प्रामाणिक बनाउन शोध नायक जीवेन्द्र देव गिरीसँग प्रत्यक्ष भेटघाट गरी मौखिक अन्तर्वार्ता लिइएको छ भने उनका परिवारका अन्य सदस्यहरूसँग पनि सम्पर्क राखी आवश्यक जानकारी लिइएको छ । यसका साथै उनका प्रकाशित कृतिहरू र उनका बारेमा लेखिएका लेख तथा विभिन्न कृतिहरूबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका निम्ति जीवनीपरक समालोचना प्रणाली, विधासिद्धान्त तथा प्रभावपरक समालोचनाका सैद्धान्तिक धरातलमा टेकी वर्णनात्मक र व्याख्यानात्मक विधिलाई उपयोग गर्दै सो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.१० शोध पत्रको रूपरेखा

प्रस्तुत शोध पत्रलाई जम्मा पाँच परिच्छेदमा विभाजन गरिएको छ र प्रत्येक परिच्छेदमा आवश्यकता अनुसार विभिन्न उपशीर्षकहरू राखिएका छन् :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : जीवेन्द्र देव गिरीको जीवनी

तेस्रो परिच्छेद : जीवेन्द्र देव गिरीको व्यक्तित्व

चौथो परिच्छेद : जीवेन्द्र देव गिरीका कृतित्वको अध्ययन

पाँचौं परिच्छेद : उपसंहार

दोस्रो परिच्छेद

# जीवेन्द्र देव गिरीको जीवनी

## २.१ जन्म र जन्मस्थान

जीवेन्द्र देव गिरीको जन्म २००८ साल असार ८ गते शुक्रबार कृष्ण पक्षको चतुर्थी तिथिका दिन सुर्खेतको पहाडी क्षेत्रमा पर्ने काप्रीचौरमा भएको हो । यो हाल सुर्खेत जिल्लाको काप्रीचौर गा.वि.स. वडा नं. १ सप्तेनमा पर्दछ । गिरी वैद्य परिवारमा जन्मेका थिए । यिनी पिता स्व. नारायण गिरी र माता स्व. भागीरथी गिरीका जेठा सन्तान हुन् । काप्रीचौर समुद्री सतहबाट ४५०० फिट उचाइमा रहेको सुन्दर पहाडी गाउँ हो जहाँबाट उत्तरमा हिमचुलीहरू, भेरी नदी र छारेगारको दृश्यावलोकन पनि गर्न सकिन्छ । उनका आमा बुबाले धेरै समयसम्म छोराछोरी नभएकाले सल्यान जिल्लामा पर्ने खैराबाङ भगवतीमा पञ्चबलि चढाई पुत्र वर मागेका हुँदा पाँच भाइ छोराहरू जन्मेका हुन् भन्ने कुरा उनका आमा बाले भन्ने गरेको जानकारी पाइन्छ ।[१]

## २.२ नामकरण

जीवेन्द्र देव गिरीको जन्मकुन्डलीअनुसारको नाम खोमान गिरी हो ।[२] उनको नाम खोमान भए तापनि परिवारका कुनै पनि सदस्य, छरछिमेक र नातातर्फका मान्छेहरूले समेत उनलाई जीबु भनेर बोलाउँथे । उनका पिता भने उनलाई बाबु भन्थे । कक्षा चारसम्म पढ्दा उनको नाम जीवराज गिरी थियो । उनका कक्षामा त्यही नामका अर्का विद्यार्थी भएका कारणले नेपाली विषयका गुरुले उनको नाम परिवर्तन गरेर जीवेन्द्र देव गिरी राखिदिएका थिए । राजनीतिक पार्टी (पुष्पलालद्वारा नेतृत्व गरिएको नेपाल कम्युनिस्ट पार्टी) मा काम गर्दा उनको जनक, आगो जस्ता गिरी टेकनाम थिए । लेखन क्षेत्रमा पनि उनले केही उपनाम प्रयोग गरेका छन् । जिदेगि, कर्ण बहादुर पुलामी, प्रर्देशी जस्ता उपनामहरू उनले लेखनमा प्रयोग गरेको पाइन्छ ।[३]

## २.३ पुर्खा र वंशपरम्परा

जीवेन्द्र देव गिरी भृगुलातस्य गोत्रमा जन्मेका हुन् । यिनी सिम्ताका तामा राज्य निवासी हुन् । तामा राज्यको अस्तित्व जनाउने तामाधारी, तामाचुली, तामाकाँरा,

---

१. शोधनायककी आमाबाट प्राप्त जानकारी अनुसार ।

२. जन्मकुण्डलीबाट प्राप्त जानकारी अनुसार ।

३. कर्णबहादुर पुलामी 'जनताको बहुदलीय जनवाद प्यारो' **बुधबार,** (वर्ष १४, अङ्क १४, २०६६), पृ. ४ ।

तामालुग अहिले पनि त्यहाँ छन् । तामा राज्यको भुरे टाकुरे राजाका काजीका रूपमा पुर्खा व्यभिचारी तामल राजासँग विद्रोह गरी काप्रीचौर सप्तेनमा बसाइ सरेका र सन्यास लिएको कुरा उनका बाजेले, सुनाउँथे । उनको पुर्ख्यौली पेसा बैदाङ्ग रहेको पाइन्छ र विशेषतः बिफरको खोप लगाउने काम उनका पुर्खाहरूले गरेको पाइन्छ । यस क्रममा उनीहरूले जडीबुटी, जन्त्रमन्त्र सम्बन्धी कामहरू पनि गर्दथे । उनीहरू हालका भेरी, राप्ती लुम्बिनी र धौलागिरिका क्षेत्रमा बिफरको खोप लगाउँने काम गर्थे । पश्चिमी क्षेत्रका वैद्यका रूपमा उनीहरूको पहिचान रहेको थियो । प्रसाद गिरी, बलविक्रम गिरी, कृष्ण गिरी र उनका पिता नारायण गिरी समेत त्यस कामका निम्ति परिचित थिए । यस कामको सिलसिलामा आफ्नो वासस्थान सिम्ताबाट पूर्वतिर बसाइँ सर्दै आउँदा उनीहरू गुल्मीको बामी टक्सारमा आई पुगे र त्यही घर जग्गा जोडि बसोबास गर्न थाले । उनीहरूका वंशका केही व्यक्तिहरू अझै पनि धुर्कोट क्षेत्रमा बसोबास गरिरहेका छन् । वैद्य काम गर्नका लागि उनीहरूलाई सरकारबाट लाइसेन्स प्राप्त थियो र विभिन्न ठाउँमा सो काम सफलतापूर्वक सम्पन्न गरे बापत उनीहरूलाई अभिनन्दन गरिएका कागजातहरू पनि हाल उपलब्ध छन् । बाजे कृष्ण गिरी चाहिँ सिम्ता क्षेत्रमा लेखापढीका मामिलामा आफ्नो विशेष पहिचान समेत बताएका व्यक्ति थिए । त्यसैले उनलाई त्यहाँ बैदार भनिन्थ्यो । बिफरको काम गर्ने हुनाले उनलाई भेदी पनि भनिन्थ्यो । यिनीहरू प्रायः औषधी मुलो आफै घरमा बनाउने काम गर्थे ।[४]

जीवेन्द्र देव गिरीका बुबा वैद्य, शिक्षक र लोकगायकका रूपमा त्यस क्षेत्रमा परिचित थिए । गिरीका बुबा विभिन्न पर्वहरूमा लोकगीत गाउन साह्रै सिपालु थिए र रोगका कारण ५५ वर्षको उमेरमा उनको असामायिक मृत्यु भएको थियो ।[५] जीवेन्द्रका पुर्खाको अस्थायी बसोबास गुल्मीका साथै अन्य विभिन्न ठाउँमा भए पनि मूलतः उनीहरू सुर्खेत सिम्ताकै पुराना बासिन्दाका रूपमा परिचित छन् ।

## २.४ बाल्यकाल र पालनपोषण

जीवेन्द्र देव गिरी सनातन धर्मी, हिन्दू संस्कृतिको पालना गर्ने गिरी परिवारमा जन्मिएका हुन् । उनी तिन वर्षको उमेरसम्म आमाकै काखमा हुर्किएका थिए । त्यसपछि मावलीमा सन्तान नभएका कारणले तिन वर्षकै उमेरमा यिनी सिम्ताबाट सुर्खेत उपत्यकामा आएका थिए । बाटामा भेट्ने मानिसहरूले यो नानीको आमा छैन कि ? भनेर प्रश्न गर्ने गरेको कुरा उनको मावलीमा चर्चित थियो । मावली बज्यै सन्तु

---

४. शोधनायकका काका प्रेमदेव गिरीबाट प्राप्त जानकारी अनुसार ।
५. शोधनायकका भाइ एकदेव गिरीबाट प्राप्त जानकारी अनुसार ।

भर्तिनीको अत्यन्त स्नेहपूर्ण संरक्षणमा गिरीको बाल्यकाल बितेको पाइन्छ । लामो अन्तरालपछि मात्र आमा बुबासँग यिनको भेटघाट भएको पाइन्छ ।[६]

मावलीमा क्रमश: मामाहरूको मृत्यु हुँदै गएका कारणले पनि गिरी मावलीमा बस्नु परेको थियो । उनका माइला मामाका एक छोरा र एक छोरी जन्मिए तर छोरा भने जीवित रहेनन् र बज्यैलाई छोराको शोक छँदै थियो । त्यसमाथि नाति मरेका कारणले झन् शोक थपियो । त्यसकारण जीवेन्द्र देव गिरीमात्र नभई पुरै परिवार सुर्खेत सर्नु पऱ्यो । पछि मात्र कहिले मावली र बढी जसो आमाबुबाको संरक्षणमा उनका दिनहरू बिते । यिनले मामा घरमा पढ्नाका साथै कृषिको काममा पनि सहयोग गर्थे । यिनी बाल्यकालमा केही चञ्चले र हठी स्वभावका थिए । बाल्यकालमा यिनी पौडी, भलिवल, डन्डीबियो, काठका खुट्टामा टेकेर हिँड्ने, कपर्दी जस्ता खेलहरू पनि खेल्थे । यिनी बालक छँदा परिवारको आर्थिक अवस्था कमजोर थियो । यिनका बाजेले आफ्नो केही सम्पत्ति जुवामा हारेका थिए भने पिताले सिम्ता र गुल्मीको सम्पत्तिको सदुपयोग राम्ररी गर्न सकेनन् । परिवारमा कमजोर आर्थिक अवस्था, पिताको परदेश बसाइ र आमाको खराब स्वास्थ्यको पीडा जीवेन्द्रले भोग्नु परेकाले केटाकेटी अवस्थामा स्कुलमा पढ्दा कापी-किताब र फिस तिर्ने पैसा पनि हुँदैनथ्यो यस कारण यिनले केही समय स्कुल पनि छाडे । त्यस अवस्थामा यिनका शिक्षक कुलमान बाँडाले घरमा बोलाएर “तिमी पढ, जे चाहियो हामी सहयोग गर्छौं” भनेका थिए । बाल्यकालमा यिनी सङ्कोचीत र अन्तर्मुखी स्वभावका थिए । आफूले लेखेका कविता यिनी अरूलाई वाचन गराउँथे ।

## २.५ शिक्षादीक्षा

जीवेन्द्र देव गिरीको अक्षरारम्भ प्रसिद्ध ज्योतिष अमर गिरीबाट सुर्खेत उपत्यकामा चलाएको विद्यालयमा भएको हो । गिरीले सुर्खेतको गोठीकाँडा स्थित स्कुलबाट प्राथमिक शिक्षा हासिल गरेका हुन् । पब्लिक मिडिल स्कुल हुँदै पछि पब्लिक हाई स्कुल बनेको सोही विद्यालयबाट उनले माध्यमिक शिक्षा पुरा गरेका थिए । उनी सो विद्यालयमा पढ्दा कक्षा प्रथमका साथै पटक-पटक विद्यालय प्रथम भएका थिए । सिम्ताको आफ्नो गाउँ पुग्दा त्यहाँको विद्यालयमा पनि गुरुका प्रिय विद्यार्थीका रूपमा उनी रहे । त्यतिखेर विद्यालय पढ्दा किताब भेट्नु गाह्रो थियो । त्यसकारण त्यतिखेर किताब भेट्यो भने पुरै कण्ठ पारि दिएका घटना पनि उनी अझै सम्झन्छन् । उनले पढ्दा स्कुलको पढाइ चार महिना सुर्खेत उपत्यकामा र बाँकी महिना त्यहाँ काँडा

---

६. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

भनिने लेकको गोठीकाँडामा हुन्थ्यो । सुर्खेत उपत्यकामा स्कुलमा पढाइ हुन्थ्यो । स्कुल पढ्दा घरमा आर्थिक सङ्कट परेकाले वकिलहरू फिराद पत्र र निवेदन लेख्न अक्षर राम्रा भएका कारणले यिलाई साफी गर्न लगाई अड्डा अदालतमा दर्ता गराउँथे र त्यस बापत यिनलाई केही पैसा दिने गर्थे । त्यसैले स्कुल पढ्दा यिनलाई कानुनका बारेमा पनि केही ज्ञान भएको थियो । जीवेन्द्र देव गिरी एस.एल.सी. पढ्दै गरेको अवस्थामा जे.टी.ए. तालिममा जान तयार भएका थिए तर उनी अध्ययनरत स्कुलबाट त्यस बेलासम्म एस.एल.सी. परीक्षामा प्रथम श्रेणी नल्याएकाले उनले प्रथम श्रेणी ल्याउन सक्ने देखी उनलाई त्यो तालिम नलिन आग्रह गरी पढ्न लगाइयो । उनले एस.एल.सी. मा प्रथम श्रेणी ल्याउन नसके पनि २०२४ सालमा द्वितीय श्रेणी ल्याई उत्तीर्ण गरे । विद्यालयमा भने उनले प्राप्त गरेको अङ्क नै सर्वोच्च रह्यो । स्कुले जीवनमा मदन शर्मा र ब्रजेन्दनाथ दत्तको अङ्ग्रेजी, विजयराज आचार्य र मित्रानन्द शास्त्रीको नेपाली र संस्कृत, देवीदत्त कोइरालाको गणित, अर्जुनदेव भट्टको भूगोल तथा पद्मकेशर खनालको गणित, अङ्ग्रेजी र विज्ञान जस्ता विषयको अध्यापनबाट प्रभावित रहेको कुरा गिरीले बताएका छन् । त्यसपछि उनले निजी विद्यार्थीका रूपमा पढाइलाई निरन्तरता दिए । उनले २०२८ सालमा त्रि.वि.बाट आई.ए. उत्तीर्ण गरे । उनले आई.ए.मा नेपाली, नागरिक शास्त्र र अर्थशास्त्र पढेका थिए । उनलाई पाल्पामा अङ्ग्रेजी शिक्षा पढ्न छनोट पनि गरिएको थियो तर गिरीले राजनीतिक प्रतिबद्धता र संलग्नताका कारण सो पढाइलाई महत्त्व दिएनन् बरु उनले स्वतन्त्र विद्यार्थीका रूपमा बी.ए. को तयारी गरे । उनले २०३१ सालमा त्रि.वि. बाटै नेपाली र राजनीतिशास्त्र लिएर बी.ए. उत्तीर्ण गरे । बी.ए. परीक्षा दिँदादिँदै राजकाजको मुद्दा लागी उनलाई प्रकाउ पुर्जी जारी भयो र उनी विद्यालय शिक्षक छोडी भूमिगत भए । २०३२ सालको पुस महिनामा उनी काठमाडौँ प्रवेश गरे । उनकी पत्नी सिकिस्त बिरामी भएपछि उनी त्रि.वि.मा जागिर खाई उपचारका लागि काठमाडौँमा बस्न बाध्य भए । श्रीमतीको उपचारका लागि बिहान जागिर गर्नुपर्ने भएकाले एम.ए.पढ्ने निहुँ बनाई क्याम्पस प्रमुखलाई आग्रह गरेकाले उनलाई क्याम्पस प्रमुखले प्रवेश परीक्षा उत्तीर्ण भएपछि मिलाइ दिने आश्वासन दिए र त्रि.वि. मा राजनीति शास्त्र र नेपालीमा प्रवेश परीक्षा दिए । यिनले राजनीति शास्त्रमा सर्वोच्च अङ्क प्राप्त गरी प्रवेश परीक्षा उत्तीर्ण गरे भने नेपालीमा सामान्य अङ्क ल्याएर प्रवेश परीक्षा उत्तीर्ण गरे । उनले प्रथमतः राजनीति शास्त्रमा प्रवेश लिई एम.ए. को पढाइ गर्न थाले तर सो विषयको व्याख्यानले उनलाई आकर्षित गर्न सकेन र उनले सो पढाइलाई निरन्तरता दिएनन् र विषय परिवर्तन गरी नेपालीमा एम.ए. पढ्न थाले । २०४० सालमा मात्र यिनले प्रथम श्रेणीमा एम.ए. उत्तीर्ण गरे ।

त्यसपछि त्रि.वि. बाटै २०६५ मा सिम्तालीको भाषा वैज्ञानिक अध्ययन शीर्षकमा विद्यावारिधि तहको अध्ययन पुरा गरे ।[७]

## २.६ विवाह, सन्तान र दाम्पत्य जीवन

जीवेन्द्र देव गिरीको विवाह २०३१ साल जेठमा दामोदर भारतीकी छोरीसँग भयो । गिरीको विवाह अन्यत्र हुने निधो भइसकेको थियो तर राजनीतिक कारणले त्यो हुन सकेन । उनको अपमान भएको महसुस गरी आफन्त र शुभेच्छुकले त्यही नाता पर्ने परिवारमा उनको विवाह गराइदिए । विवाह गरेको सालमा नै सरकारले उनी माथि पक्राउ पुर्जी जारी गर्‍यो । गिरी दम्पतिबाट मधु र मञ्जुको जन्म क्रमशः २०३७ र २०३८ मा भयो । २०४२ सालमा छोराको जन्म भयो जसको नाम कमल गिरी थियो तर अल्पआयुमा नै २०६३ सालमा उनको निधन भयो ।[८] यसबाट जीवेन्द्रलाई ठूलो आघात पुगेको र उनको परिवार शोक विह्वल हुन पुग्नु स्वभाविकै हो । यस स्थितिमा उनी निराश नभई काममा सक्रिय छन् । जीवेन्द्र देव गिरीको दाम्पत्य जीवनमा बिरामीका कारणले उनकी श्रीमतीले पढाइलाई निरन्तरता दिन सकिनन् । उनी सामान्य साक्षर मात्र हुन् । गिरीका श्रीमान् र श्रीमती बिच समझदारीपूर्ण जीवन व्यतीत भइरहेको छ । उनीहरूले दुःख-सुखमा एक अर्कालाई सहयोग गर्दै आएका छन् । छोरीहरू मध्ये मधुले फार्मेसी विषयमा स्नातक र मञ्जुले व्यवस्थापन विषयमा स्नाकोत्तर तह उत्तीर्ण गरेकी छन् भने छोरा कमल इन्जिनियरिङमा स्नातक तह पढ्दा पढ्दै दिवङ्गत भएका थिए ।[९]

## २.७ पारिवारिक वियोग र व्यावहारिक समस्या

जीवेन्द्र देव गिरीले आफ्नो जीवन भोगाइको लामो यात्रामा पारिवारिक वियोग र व्यावहारिक समस्यासँग जुध्दै अघि बढ्नु परेको देखिन्छ । गिरीको जीवनमा सबभन्दा पहिलो वियोग जसले उनलाई बाल्यकालमा साह्रै स्नेह र ममतापूर्ण वातावरणमा हुर्काएकी थिइन् ती मावली बज्यैको मृत्यु २०३१ सालमा भएको थियो । त्यसपछि गिरीका बुबा नारायण गिरीको ५५ वर्षको उमेरमा २०३७ सालमा मृत्यु भयो । बुबा पेटका रोगी भएकाले शुभेच्छुकहरूले सो रोग रक्सी खाएपछि निको हुने सल्लाह दिएका

---

७. ऐजन ।
८. शोधनायककी पत्नी पार्वती गिरीबाट प्राप्त जानकारी अनुसार ।
९. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

थिए र उनको मृत्युको कारण पनि रोग र रक्सी दुवै भए । जीवेन्द्र देव गिरीको जीवनमा आएको अर्को दोस्रो वियोगको घटना यही थियो ।[10]

जीवेन्द्र देव गिरीको जीवनमा सबभन्दा बढी दुःखदायी र पीडाजनक घटना २०६३ सालमा घट्न पुग्यो । उनका एक मात्र पुत्र २०६३ मा मृत्युवरण गर्न पुगे जो उनका लागि असह्य बन्यो । जीवनमा सबै कुरा गर्न सकियो तर छोरालाई बचाउन सकिएन भन्ने कुराले उनलाई अहिले सबैभन्दा बढी पिरोलेको पाइन्छ । त्यसपछि गिरीको जीवनमा अर्को दुःखद घटना भरखरै घट्यो । २०६७ मङ्सिरमा उनकी जन्म दिने र कर्म दिने आमाको मृत्यु भयो ।[11] यस घटनाले पनि गिरीलाई पीडित बनाएको छ । गिरी आफ्नो आमाले भोक तिर्खा केही वास्ता नगरी पाँच भाइ छोराहरू हुर्काउन सफल भएको कुराको सम्झना गर्छन् । सुर्खेतमा परस्पर मिलेको परिवारका रूपमा स्थापित गर्न र त्यसमा भाइहरूको साथ पाएकोमा गिरी गर्वको अनुभव गर्छन् । पञ्चायतकालको यातनाले भाइ भास्कर देव गिरी मानसिक रोगी भएको र तिनै भाइकी छोरी आगोमा पोलिएर अपाङ्ग भएको घटनाले पनि उनीलाई सताइ रहन्छ ।

## २.८ बसोबास

जीवेन्द्र देव गिरीका पिता नारायण गिरी काप्रीचौर गा.वि.स. अन्तर्गत पर्ने काप्रीचौर भन्ने ठाउँमा जन्मिएका हुन् । त्यसैले उनका पुर्खाहरू सुरूमा सुर्खेत सिम्ता काप्रीचौरका बासिन्दा थिए । गिरीले बाल्यकालदेखि नै आफ्नो मावली सुर्खेतको उत्तरगङ्गा गा.वि.स वडा नं.९ हिलेखालीमा बसोबास गरेका थिए । गर्मीको समयमा उनीहरू त्यहीँका मल्लाकाँडा गाउँमा रहन्थे । बसाइ सराइका क्रममा बाँके जिल्लाको टिटिहिरिया गा.वि.स. को हसनापुर गाउँमा पनि उनी पुगेका थिए । तराईको बसोबासले त्यहाँको जन जीवनसँग नजिकबाट परिचित हुने मौका उनले पाएको देखिन्छ । बाँकेमा बस्दा २०३७ सालमा उनका बुबाको मृत्यु भएपछि उनको परिवार आफ्नो पुरानो थलो सुर्खेत । फिर्ता भएको थियो । हाल चाहिँ गिरीको बसोबास काठमाडौँ महानगरपालिका अन्तर्गतको वडा नं. ३४ शान्ति नगरमा रहेको छ । त्यहाँको कुमुद देवकोटा मार्गको २००/२६ नम्बर घर उनको वासस्थानका रूपमा रहेको छ । उनले सुर्खेतबाट विधिवत् बसाइ सराई भने अझै गरेका छैनन् ।[12]

---

१०. ऐजन ।
११. ऐजन ।
१२. ऐजन ।

## २.९ पेसा र व्यवसाय

जीवेन्द्र देव गिरी मुख्य रूपमा २०२४ सालमा फागुनदेखि शिक्षण पेसामा प्रवेश गरेका हुन् । २०२४ सालमा उनी ने.रा.प्रा.वि. राम्रीकाँडाको प्रधानाध्यापक भए र त्यसै सालको चैत्र महिनामा भानु माध्यमिक विद्यालय सिम्ता, सुर्खेतमा शिक्षकका रूपमा काम गर्न थाले । २०२५ साल पुसदेखि २०२७ साल चैत्रसम्म उनले ने.रा.प्रा.वि. राकममा प्रधानाध्यापक भई काम गरे । श्री कृष्ण निम्न माध्यमिक विद्यालय बन्गार, सल्यानमा प्राधानाध्यापक भएर २०२८ असोज देखि २०२९ साल माघसम्म यिनले काम गरे । आदर्श निम्न माध्यमिक विद्यालय बागेश्वरी (डी गाउँ) खजुरा पुनर्वास, बाँकेमा शिक्षकका रूपमा ने.रा.नि.मा.वि. गोठीकाँडा, सुर्खेतमा २०३० फागुनदेखि २०३१ साल चैत्रसम्म काम गरे । त्यहीँ काम गर्दा राजनीतिक कारणले सरकारको तर्फबाट पक्राउ पुर्जी जारी भइ सकेपछि उनले शिक्षकको जागिरबाट राजीनामा गरे । उनले क्याम्पसमा प्राध्यापनको सुरुवात गर्ने क्रममा २०४० मङ्सिरदेखि २०४३ काअसार मसान्तसम्म आंशिक सहायक प्राध्यापक रूपमा पद्मकन्या क्याम्पस, बाग बजारमा र त्यसपछि २०४३ साल असार ३१ गतेदेखि उप-प्राध्यापकका रूपमा नेपाली केन्द्रीय विभाग, कीर्तिपुर र २०६६ असोज २६ देखि सह-प्राध्यापकमा पदोन्नति पाई सोही विभागमा प्राध्यापन गर्दै आएका छन् । यसका अतिरिक्त आंशिक प्राध्यापकका रूपमा उनले रत्नराज्यलक्ष्मी क्याम्पस एवम् कोटेश्वर बहुमुखी क्याम्पस मा पनि काम गरेक थिए र हाल सान्त्वना मेमोरियल बहुमुखी क्याम्पसमा पनि शिक्षण कार्य गर्दै आएका छन् ।[१३]

गिरीले प्रशासनिक कार्य पनि विभिन्न समयमा विभिन्न ठाउँमा गरेका छन् । २०२७ वैशाख ८ देखि २०२७ चैत्र १७ सम्म गाउँ पञ्चायत सचिवका रूपमा सुर्खेतको राकम गाउँ पञ्चायत उनले काम गरेका थिए । गिरीले अस्थायी सुपरिवेक्षक (ना.सु) मा नियुक्त भई केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गत रामेछापमा २०३२ फागुनदेखि २०३३ असारसम्म काम गरेका थिए । त्यति खेर उनले सम्बद्ध क्षेत्रमा मध्यावधि जनसङ्ख्या सर्वेक्षणको जिम्मेवारी पाएका थिए । त्यसपछि गिरीले हेड असिस्टेन्टका रूपमा त्रि.वि. को रत्नराज्यलक्ष्मी क्याम्पसमा २०३३ साउन देखि कार्यारम्भ गरेका थिए । त्यसपछि २०३५ मङ्सिरदेखि उपप्रशासक पदमा स्थायी भई २०४३ असारसम्म काम गरेका

१३. शोधनायकले उपलब्ध गराएको नियुक्तिपत्र अनुसार ।

थिए ।[१४] त्यसैले विद्यालय शिक्षकदेखि सह-प्राध्यापकसम्मको शिक्षण प्राध्यापन र प्रशासनिक क्षेत्रको अनुभव यिनले सँगालेका छन् ।

## २.१० साहित्यिक प्रेरणा र प्रभाव

जीवेन्द्र देव गिरीलाई विद्यालयमा शुक्रवार हुने साहित्यिक कार्यक्रमले सुरूमा साहित्यिक प्रेरणा प्रदान गरेको पाइन्छ । यस अगि सानो छँदा मावलीमा बज्यैले सुनाउने गरेका लोकगीत, लोककथा, उखान तथा यदाकदा बाजे र बुबाले सुनाउने गरेका लोकगीत, लोककथा र गाउँखाने कथाले पनि उनको बाल्यकाललाई प्रभावित पारेको पाइन्छ। विद्यालयमा पढ्दा प्रेम प्रकाश मल्ल र धर्म राज थापाका गीतहरू पनि प्रत्यक्ष रूपमा सुनेकाले त्यसको पनि प्रभाव उनमा परेको पाइन्छ। विद्यालय शिक्षकका रूपमा काम गर्दा आफैले पनि विद्यालयको सांस्कृतिक कार्यक्रमका निम्ति उनले गीतहरू रचना गर्ने गर्थे । त्यसले पनि उनको साहित्यिक लेखनमा प्रभाव पारेको पाइन्छ। राजनीतिक संलग्नता पछि उनले मार्क्सवादी साहित्य पढ्न थाले र त्यसबाट पनि उनको साहित्यिक लेखन प्रभावित भएको पाइन्छ।

साहित्यकार मोदनाथ पश्रित, युद्धप्रसाद मिश्रका रचनाबाट पनि उनमा प्रभाव परेको पाइन्छ । गिरीलाई राजनीति, दर्शन र साहित्यिक कृतिहरू पढ्दा सामाजिक रूपान्तरणका लागि लेख्नु पर्छ भन्ने लाग्यो र त्यसबाट पनि यस क्षेत्रमा उनी सक्रिय भए । बनारसबाट प्रकाशित हुने पत्र-पत्रिकाको अध्ययन गर्ने मौका गिरी नेपाली साहित्यको विद्यार्थी भएका कारणले पनि साहित्य सिर्जनाप्रति प्रेरित हुनु स्वभाविक भयो ।

## २.११ रुचि, स्वभाव र सत्सङ्ग

अन्य मानिसका जस्तै गिरीका पनि आफ्नै रुचि र स्वभाव छन् । उनी बेलुका प्रायः १० बजे सुत्ने गर्छन् र बिहान राम्रोसँग उज्यालो नहुँदासम्म उठ्दैनन् । उनलाई लोकगीत र लोकनाच धेरै मन पर्छन् । साहित्य लेखनमा रुचि राख्नाका साथै गीत गाउन पनि उनी अगि सर्छन् । उनी श्रम गर्न मन पराउँछन् र श्रमलाई सम्मान गर्छन् । समाज सेवा र राजनीतिप्रति पनि उनको रुचि छ । समाचार सुन्नेमा पनि उनको रुचि छ । गिरीलाई साधारण खालको खाना मन पर्दछ । सिम्तामा पाइने ढिँडो पिनापानी र उनलाई झानेको मही मन पर्छ । स्वास्थ्यलाई फाइदा गर्ने जस्तो सुकै

१४. ऐजन ।

खाने कुरा उनी मन पराउँछन् । विभिन्न रोगले सताएको हुनाले चिल्लो पिरो खाना भने उनी कमै खान्छन् । उनलाई कम भड्किलो रातो रङ्ग मन पर्दछ ।[१५]

जीवेन्द्र देव गिरी सादा जीवन उच्च विचारको सिद्धान्तमा विश्वास गर्दछन् । सुख दुःखमा सम भाव राख्ने र महत्त्वकाङ्क्षाहीन निस्फिक्री प्रवृत्ति उनमा पाइन्छ । आफ्नो कुरा प्रति हेलचेक्राइँ र घरका समस्यामा कम महत्त्व दिने बानी उनमा रहेको पाइन्छ । उनमा केटाकेटी अवस्था देखी नै रूढि अन्धविश्वासमा विश्वास नरहेको पाइन्छ । जीवन सङ्घर्षशील छ र त्यसलाई बदल्न सकिन्छ भन्ने मान्यता उनमा रहेको छ । जीवन कठिन मोडमा आउँदा पनि उनी कहिले पनि त्यति निराश भएनन् । उनको आफ्ना गुरुहरूसँगसधै निकटको सम्बन्ध रहेको थियो । विद्यालयदेखि एम.ए. सम्म पढाउने गुरुहरूको स्नेह, माया र ममता पाउन उनी सफल रहे । साहित्यकार वासुदेव अधिकारी, राम विनय, मोदनाथ पश्रित, युद्ध प्रसाद मिश्र, जनक प्रसाद हुमागाई, गंगा प्रसाद उप्रेती, गोविन्द भट्ट, श्यामप्रसाद शर्मा, केवलपुरे किसान निनु चापागाई रमेश विकल, विजय सुब्बा जस्ता चर्चित व्यक्तिसँग उनको निकटको सम्बन्ध रहेको पाइन्छ ।[१६]

राजनीतिक नेताहरूसँग पनि उनको साङ्गठनिक निकटता रह्यो । यस क्रममा तुलसीलाल, पुष्पलाल, मनमोहन अधिकारी, माधव ज्ञवाली, मदन भण्डारी, माधव नेपाल, के.पी. ओली, वामदेव गौतम, प्रदीप नेपाल, रघु पन्त, केशव ज्ञवाली, नेत्र पन्थी, सत्यदेव भट्टराई, हस्त बहादुर पुन, बाबुराम गौतम आदिको अलि बढी सान्निध्य रह्यो । गिरीले लुगामा धेरै मात्रामा कमिज र पाइन्ट लगाउने गरेको पाइन्छ । कुनै पनि धर्मप्रति उनको विशेष आग्रह छैन र एक किसिमले मानव धर्म नै ठुलो धर्म हो भन्ने उनलाई लाग्छ । उनी स्कुल जीवनदेखि २०३७ सालसम्म धुम्रपान गर्थे तर हाल गिरीमा धुम्रपान लगायत कुनै पनि लत छैन । उनले आजीवन मद्यपान गरेनन् । घरमा बस्दा खेतीपातीको काममा संलग्न हुने रुचि पनि उनमा छ । उनी बौद्धिक श्रमका साथै शारीरिक श्रम गर्नुपर्छ भन्ने धारणा राख्दछन् । आफू माथि कसैले पनि अन्याय गर्‍यो भन्ने नसहिकन प्रतिवाद गर्ने उनको बानी छ ।

## २.१२ आर्थिक अवस्था

जीवेन्द्र देव गिरीको परिवारमा जिजुबाजे बल विक्रम गिरीका पालाको सम्पन्नता पछि सम्म रहेन । उनका बाजे अत्यन्त सरल स्वभावका थिए । गाउँका

---

१५. ऐजन ।
१६. ऐजन ।

जिमुवाल मुखियाहरूले जुवा खेलाएर एकातिर उनको केही सम्पत्ति हडपे भने अर्कातिर छरिएको सम्पत्तिको उचित रेखदेख पनि हुन सकेन र गुल्मीको वामी टक्सारको घरजग्गा पनि गुम्यो । यसले गर्दा एक सम्पन्न परिवार सामान्य खान लगाउनमा पुग्नेमा मात्र सीमित रह्यो । छोराहरू धेरै भएका र आफू तथा पत्नी पनि रोगी भएका कारण सिम्ताको जग्गा बेचबिखन गरेर आएको रकम पनि उचित सदुपयोग उनका पिताले गर्न सकेनन् । त्यसैले सुर्खेत बसाई सराई पछि गिरीको परिवारको आर्थिक अवस्था झन् कमजोर भयो । पिताले छोराहरूको भविष्य सुधार्ने भनी तराई सरे तर तराईमा उचित व्यवस्थापन नभएका कारणले बाँके बसाइ दुःख पूर्ण नै रह्यो । सुर्खेतको जग्गा बेचेको पैसा खाने लगाउने काममै सकियो । जिन्दगीमा कहिले पनि हलो नजोतेका जीवेन्द्र देव गिरीले अर्काको अधिया जग्गा जोतेर परिवारको भरणपोषणमा सघाउने काम गर्नु पऱ्यो । बसाइ पनि कति कठिन भयो भने उनको परिवार जमिनदारको गोठमा बस्नु पर्ने स्थिति आयो । स्वयम् गिरी परिवारको सर्वाहाराकरण भएको देख्न चाहने भएकाले जग्गा जुटाउने तिर खासै अग्रसरता लिएनन् । बाको २०३७ सालमा तराईमा मृत्यु भयो र उनी लगायत तिन भाइ काठमाडौ र दुई भाइ तराईको घरमा रहेको स्थितिमा उनको परिवार सुर्खेत फिर्ता भयो । झन परिवारमा जटिलता थपियो । गिरीले जागिर खान सुरु गरेपछि आफ्नो सुर्खेतको केही जग्गा पनि फिर्ता लिए र भाइहरूले पनि जागिर खाएपछि आर्थिक कठिनाई अलि कम हुँदै आयो । अहिले सबै भाइहरू अलग-अलग छन् र सबैले आ-आफ्नो घर बनाई निम्न मध्यम वर्गीय जीवन गुजारिरहेका छन् ।

## २.१३ जीवनदर्शन

जीवेन्द्र देव गिरीको जीवनदर्शन मार्क्सवादी चिन्तनबाट प्रभावित देखिन्छ । अध्यात्मवाद भन्दा द्वन्द्वात्मक भौतिकवादमा विश्वास गर्ने, मान्छेको भाग्य ईश्वरले बनाएको हो भन्ने कुरा नमान्ने र भाग्य मान्छे आफैले बदल्न सक्छ भन्ने कुरामा विश्वास राख्ने मान्यता गिरीमा रहेको पाइन्छ । अर्को जन्ममा पाप गरेकाले यस जनममा दुःख पाइएको हो भन्ने भनाइ दुःखी गरिबलाई जाल र शोषणमा पार्न अगाडि सारिएको हो भन्ने गिरीलाई लाग्दछ । कला कलाका लागि नभई जीवनका लागि हो भन्ने मान्यता उनी राख्दछन् । आफ्नो विचारप्रति प्रतिबद्ध भएर पनि अरूको विचारको सम्मान गर्नुपर्छ भन्ने उनको धारणा रहेको छ । धेरै विचारहरू खेल्न पाए भने मात्रै असल कुराको जन्म हुन्छ र वैचारिक प्रतिस्पर्धा युक्त समाज र राष्ट्रलाई अग्रगतितिर लैजान सकिन्छ भन्ने विश्वास उनमा रहेको छ ।

## २.१४ सम्मान र पुरस्कार

जीवेन्द्र देव गिरी नेपाली भाषा साहित्यका सृजनशील प्रतिभा हुन् । यिनको सृजनशीलताबाट नेपाली वाङ्मयले गीत, कविता, निबन्ध, समालोचना तथा भाषा, साहित्य र लोक साहित्यका विभिन्न लेखहरू प्राप्त गरेको छ । यिनी आफ्नो साहित्यिक यात्रामा निरन्तर लागि नै रहेका छन् । नेपाली साहित्यमा साधनारत साहित्यकार गिरीको सिर्जनशील व्यक्तित्वको कदर गर्दै उनलाई विभिन्न संस्थाबाट मान, सम्मान, पदक, अभिनन्दन, पुरस्कार र सम्मान प्रदान गरिएको छ । गिरीले हालसम्म प्राप्त गरेका सम्मान र पुरस्कारको विवरण यस प्रकार छ :

**क) पुरस्कार र पदक**

शिक्षा दिवस पुरस्कार र पदक २०४२ ।

सुर्खेती प्रतिभा, २०५३ ।

त्रि.वि. दीर्घ सेवा पदक, २०५९ ।

राष्ट्रिय शिक्षा दिवस, पुरस्कार पदक, २०६४ ।

नेपाल विद्या भूषण क २०६७ ।

सैनध्वज नन्दकुमारी विद्वत् वृत्ति गुठीको नगद पुरस्कार सहित सम्मान पत्र, २०६७ ।[१८]

**ख) सम्मान र अभिनन्दन**

दीपा जनमत प्रतिभा सम्मान, २०५७ ।

नेकपा (एमाले) भेरी अञ्चल समन्वय कमिटीद्वारा साहित्यिक योगदान निम्ति, २०५८ ।

प्रगतिशील लेखक सङ्घ, बाँकेद्वारा भाषा, कला र साहित्यिक योगदानका निम्ति सम्मान, २०६४ ।

सुर्खेती कल्याण समाज, काठमाडौँद्वारा प्रज्ञा परिषद्को सदस्यमा मनोनयन भएकामा सम्मान, २०६१ ।

सुर्खेती कल्याण समाज, काठमाडौँद्वारा 'सिम्तालीको भाषा वैज्ञानिक अध्ययन' शीर्षकमा विद्यावारिधि गरे बापत गरिएको सम्मान, २०६६ ।

---

१८. शोधनायकबाट लिइएको मौखिक अन्तर्वार्ता अनुसार ।

श्री भानु माध्यमिक विद्यालय, बजेडी चौर, सिम्ताद्वारा राजनैतिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, शैक्षिक र भाषिक क्षेत्रमा योगदानका निम्ति अभिनन्दन, २०६६ ।

झर्रोवादी वरिष्ठ साहित्यकार चूडामणि रेग्मी अभिनन्दन तथा नेपाली वर्ण विन्यास विचार गोष्ठी झापाद्वारा झर्रो नेपाली विशिष्ट विद्वान्को सम्मान, २०६६ ।

संघीय मामला संविधान सभा संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय निजामती सेवा दिवस २०६६ का अवसरमा आयोजित जन सेवा हाम्रो प्रतिबद्धता कविताको मूल्याङ्कन लागि कदर पत्र, २०६६ ।[१९]

नेकपा (एमाले) काठमाडौं जिल्ला सङ्गठन कमिटीद्वारा काठमाडौंको खुला मञ्चमा आयोजित समारोहमा कम्युनिस्ट योद्धाका रूपमा सम्मान, (२०६७) ।

**ग) मनोनयन**

प्रधानमन्त्रीद्वारा नेपाल प्रज्ञा प्रतिष्ठानको प्रज्ञा सभा र प्रज्ञापरिषद्को सदस्यमा मनोनयन, २०६१ ।

नेपाल प्रज्ञा प्रतिष्ठानको भाषा विज्ञानसँग सम्बन्धित प्राज्ञका रूपमा नेपाल राष्ट्र बैङ्कको सिक्का डिजाइन समितिको सदस्यमा मनोनय, २०६१ ।

त्रि.वि. को दरबन्दी समितिको सदस्यमा २-२ वर्ष दुई पदावधि सम्म मनोनयन, २०५१-२०५५ ।

शिक्षा मन्त्रालयद्वारा उच्च माध्यमिक शिक्षा परिषद्को नेपाली विषय समितिको सदस्यमा मनोनयन, २०६४ ।

राष्ट्रिय प्रतिभा पुरस्कार मूल समितिको सदस्य, २०६४ ।[२०]

---

१९. ऐजन ।
२०. ऐजन ।

तेस्रो परिच्छेद

# जीवेन्द्र देव गिरीको व्यक्तित्व

## ३.१ व्यक्तित्वको अर्थ

कुनै व्यक्तिको वैयाक्तिक विशेषता वा कुनै व्यक्ति विशेषको निजीपनलाई नै व्यक्तित्व भनिन्छ ।[१] व्यक्तित्वले अरूलाई प्रभावित पार्ने र व्यक्ति विशेषमा निहित विशेषतालाई समेत सङ्केत गर्दछ । व्यक्तित्व निर्माणमा वंशपरम्परा र वातावरणको भूमिका हुन्छ । वंश परम्पराबाट निर्मित मानसिकताबाट व्यक्तिसचेत बन्छ र वातावरणसितको क्रिया प्रतिक्रियाबाट त्यसको विकास हुन्छ । व्यक्तित्वलाई जैविक रचना मूल्य प्रवृत्ति र आर्जित गुणहरूको समन्वित रूप मान्न सकिन्छ ।[२] जीवेन्द्र देव गिरीको व्यक्तित्व बहुविध र बहुआयामिक देखिन्छ । यिनको व्यक्तित्वका विविध पक्ष र पाटालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ३.१.१ शारीरिक व्यक्तित्व र स्वभाव

जीवेन्द्र देव गिरीको शारीरिक व्यक्तित्व आकर्षक र भद्र देखिन्छ । गोलो हँसिलो अनुहार, पाँच फिट सात इन्च उचाइ, मोटो शरीर, ठिक्कको नाक, गहुँगोरो वर्ण र गम्भीर चेहरा यिनका मौलिक परिचय हुन् । गिरीको शारीरिक वनावटको ढब र ढाँचालाई उमेरले प्रभाव पारेको पाइन्छ । यिनी बाल्यकालमा दुब्ला पातला थिए भने युवा अवस्थामा अपेक्षाकृत दुब्ला देखिन्थे । हाल प्रौढावस्थामा आएर यिनी रसिला, मोटाघाटा र हट्टाकट्टा देखिन्छन् ।[३] जीवेन्द्र देव गिरी सधै दारी जुँगा खौरि रहन्छन् । कहिलेकाहिँ टोपी लगाए पनि उनी धेरैजसो बाल पाल्ने गर्दछन् ।

गिरी निश्छल, सरल र स्वाभिमानी प्रवृत्तिका देखिन्छन् । यिनको निर्दोष अनुहारमा विनयशीलता, समदर्शिता र सहिष्णुता जस्ता गुणहरूको प्रतिबिम्ब सहजै देख्न सकिन्छ । जति बेला पनि मुस्कानमा देखिने, हाँसिहाले स्मित हाँसो हाँस्ने मिलनसार, मिजासिला, मितभाषी र मिष्टभाषी व्यक्तिका रूपमा गिरीले आफ्नो अलग्गै पहिचान बनाएका छन् ।[४]

---

१. वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), **नेपाली बृहत् शब्दकोश,** (काठमाडौँ, ने.रा.प्र.प्र., २०४०, पृ १२४५) ।
२. केशव प्रसाद उपाध्याय, **समको दुःखान्त नाट्य चेतना,** दो.सं. (काठमाडौँ : सा.प्र., २०५२, पृ ५१ र ५२) ।
३. शोधनायकबाट प्राप्त जानकारी ।
४. शोधनायककी श्रीमती पार्वती गिरीबाट प्राप्त जानकारी अनुसार ।

जीवेन्द्र देव गिरीले जीवनको अधिकांश समय काठमाडौँ बिताए पनि यिनको बोलाइमा नेपाली भाषाको भेरी क्षेत्रीय उपभाषिकाको आंशिक प्रभाव भेटिन्छ । जुन भाषिका स्तरीय नेपालीसँग मिल्दोजुल्दो छ । विचार गरेर मात्र बोल्ने, शब्द चयनमा ध्यान दिने, नबुझीकन नबोल्ने, बोल्दा तर्क सङ्गत र दार्शनिक प्रभाव जमाउने किसिमको शैली चयन गर्ने, आफूलाई थाहा नभएको विषयमा इमानदारीपूर्वक अनभिज्ञता जाहेर गर्ने जस्ता वैशिष्ट्यहरू यिनमा पाइन्छन् ।[५] जीवनमा कुनै ठूलो महत्त्वाकाङ्क्षा नराख्ने, समस्यादेखि हत्तपत्त डराइ नहाल्ने, उच्च मनोबल र सकारात्मक तत्परताका साथ प्रसन्न चित्त लिएर जीवन यात्रामा सक्रिय हुने जस्ता अनुकरणीय विशेषता यिनमा पाइन्छन् । जीवेन्द्र देव गिरी आत्म प्रचारमा विश्वास राख्दैनन् । समय आएपछि मान्छेको स्वतः मूल्याङ्कन हुन्छ भन्ने सकारात्मक सोचमा यिनी प्रतिबद्ध देखिन्छन् । आफूले गरेका कामको समाजले मूल्याङ्कन गरि रहन्छ र त्यसलाई उपलब्धि पूर्ण ठान्नु पर्दछ भन्ने उनको धारणा रहेको पाइन्छ । यिनी धर्म कर्ममा विश्वास राख्दैनन् किनभने धामी बसाई, पूजापाठ र पाठा कटाइ गर्दा गर्दै यिनका मामाहरू र मामाका छोरा नबाँचेको यिनले प्रत्यक्ष देखेका थिए । यिनका घरमा धर्म मान्ने र नमान्ने दुवैलाई छुट छ । पूजापाठ गर्न नचाहनेलाई त्यस निम्ति बाध्य नगर्ने र गर्न चाहने माथि कसैले थिचोमिचो गरेको सहन्नन् । अन्याय सहेर बस्नु पर्दा उनलाई तीव्र ग्लानिको अनुभव हुन्छ । समाजका निम्न वर्गीय मान्छेलाई आफूले केही गुमाएर भए पनि सहयोग गर्न पाए हुन्थ्यो भन्ने उनलाई लागि रहन्छ । यिनी नाच्न र गाउन युवा अवस्थादेखि नै मन पराउँथे र हाल आएर पनि यिनमा यो बानी रहेको छ । मनोरञ्जनसँगै बौद्धिकता वा दार्शनिकता पनि गाँसिएर आउनु पर्छ भन्ने मान्यता यिनको छ ।

गिरीले अभिभावकको रूपमा आफूले सके अनुसारको भूमिका निर्वाह गरेका छन् । यसै बिच छोराको मृत्युले उनलाई ठुलो झड्का दियो । त्यसले उनलाई बारम्बार पिरोलि रहन्छ । आफ्ना छोराछोरीले अरू सामान्य मान्छेका छोराछोरी जस्तै शिक्षा लिउन् र सामान्य किसिमले बसून् भन्ने उनको धारणा रहेको पाइन्छ । परिवारमा पति र बुबाको भूमिकालाई सामान्य रूपमा नै उनले पुरा गरेको पाइन्छ । घरका सदस्यहरूले पनि उनको नैतिक पक्ष बलियो भएका कारण उनीसँग दुखेसो पोखेको पाइँदैन । पार्टीको पूणकालीन सदस्यका साथै अञ्चल सङ्गठन कमिटीका सचिव भएका गिरी बिरामी पत्नीलाई बचाउने कर्तव्यबोध साथ जागिर खान पुगे । कठोर

---

५. वासुदेव अधिकारीबाट प्राप्त जानकारी ।

शारीरिक अस्वस्थताबाट जोगाउन हरसम्भव प्रयास गरेकाले श्रीमती त्यसबाट अनुगृहीत छन् । उनका भाइहरूले पनि उनलाई असाध्यै सम्मान गर्ने र एक अर्कालाई समस्या पर्दा सबै जनाले परस्पर सहयोग गर्ने गरेको पाइन्छ । गाउँ घरमा गएपछि सबैसँग झलाकुसारी गर्ने पनि उनको बानी छ । उनका घरका काममा सघाउन बसेका मान्छे परिवारका सदस्यका रूपमा रहेको र तिनको शिक्षा र उन्नतिमा पनि उनले राम्रो वातावरण दिएको पाइन्छ । आफ्नो रोगको उपचारमा बेवास्ता गर्ने र औषधी सेवनमा त्यति ध्यान नदिने प्रवृत्ति उनमा रहेको छ । उनको पित्तथैलीको शल्य क्रिया गरिएको छ र युरिक एसिड र कान पाक्ने रोगका उनी दीर्घ रोग छन् ।[६]

जीवेन्द्र देव गिरी दुध, माछामासु र हरियो सागपात खान रुचाउँछन् । यिनले स्वास्थ्यलाई फाइदा गर्ने चिज मिठो मानेर खाने गरेको पाइन्छ । सुदूर पश्चिममा माइत भएकी मावली बज्यैसँग सानैदेखि बसेका र उनका भान्सामा खाई हुर्केका कारण सुदूर पश्चिममा प्रचलित बटुक, प्लेउ, झानेको मही, पोले र घिउ हाली बनाएको भन्टाको अचार जस्ता पकवानमा उनको बढी बानी रहेको छ । केटाकेटीमा गहुको रोटी भन्दा चामलको रोटी खाने यिनको बानी थियो । सानामा यो खाने यो नखाने उनलाई भइरहन्थ्यो । आफूले भनेको खाने कुरा खानै पर्ने उनको बानी थियो । यिनी मास्टरी र राजनीतिमा लागि सकेपछि भने खाने र सुत्ने कुरा जस्तो भए पनि हुने भयो । अहिले स्वास्थ्यलाई राम्रो गर्ने तितो, मिठो, टर्रो र अमिलो सबै स्वादका खानेकुराहरू खाने गरेको पाइन्छ । तुलनात्मक रूपमा उनलाई रोटी भन्दा भात बढ्ता मन पर्छ । मह, घिउ र गुलिया मिठाईहरू पनि यिनलाई धेरै मन पर्छन् ।[७]

सादा जीवन र उच्च विचारको सिद्धान्तमा आस्था राख्ने जीवेन्द्र देव गिरीको सङ्गत प्रायः शिक्षाविद्, साहित्यकार र राजनीतिज्ञहरूसँग देखिन्छ । उनी फुर्सद भयो भने कुनै साहित्यिक समारोहमा सरिक हुन पुगि हाल्छन् । साहित्यिक कार्यक्रममा सामेल हुनु नपरेको र विश्व विद्यालयबाट छुट्टी मिलेका दिनमा साहित्य, दर्शन र राजनीति सम्बन्धी विभिन्न विद्वान्का पुस्तकहरू पढ्ने गर्छन् । उनी विभिन्न सङ्गठनमा आबद्ध रहेका छन् । उनलाई तार्किक कुराहरू दर्शन र चिन्तनसँग गाँसिएका कुराहरू सुन्न मन लाग्छ ।  चिन्तन नभएको मान्छे बबुरो हो जस्तो उनलाई लाग्दछ । यिनी बेलुकी बेलामा सुत्ने र बिहान उज्यालो भएपछि मात्र उठ्ने गर्दछन् ।[८]

---

६. शोधनायकी छोरी मधु गिरीबाट प्राप्त जानकारी ।
७. शोधनायकका कान्छा बुवा प्रेमदेव गिरीबाट प्राप्त जानकारी ।
८. शोधनायकबाट प्राप्त जानकारी ।

### ३.१.२ शिक्षक प्राध्यापक व्यक्तित्व

जीवेन्द्र देव गिरीको जागिरे जीवनको प्रस्थानविन्दु शिक्षण पेसा नै हो । २०२४ सालदेखि नै प्राथमिक विद्यालयको प्रधान अध्यापक भएर उनले शिक्षण कार्यको सुरुवात गरे । उनले नियुक्ति पाएको विद्यालय अर्को विद्यालयसँग गाभिएको थियो । उनी नियुक्त भएपछि उनकै प्रयासमा त्यो विद्यालयलाई बेग्लै ठाउँ र स्वतन्त्र रूपमा सञ्चालन गरिएको थियो । विद्यालयमा शिक्षणका लागि उनलाई सुर्खेतकै भानु मा.वि. बजेडीचौर र पब्लिक हाई स्कूल, वीरेन्द्रनगरले एस.एल.सी. परीक्षामा पास भएपछि आ-आफ्ना विद्यालयमा राख्न खोजे तर उनले जन्म स्थलकै स्कुल बजेडी चौरमा गएर अध्यापन सुरु गरे । उनेल एस.एल.सी. पास गरेपछि एस.एल.सी. लाई नै अङ्ग्रेजी पढाएर आफ्नो योग्यताको परिचय दिएका थिए । त्यस विद्यालयमा तल्लो कक्षामा गणित पनि पढाएका थिए । यस स्कुलमा नौ महिना बिताएपछि त्यहीँकै छिमेकी गाउँको विद्यालयमा गएर उनले पढाए । शिक्षकको अभावमा त्यस विद्यालयले निरन्तरता पाउन नसकेको र त्यहाँका सञ्चालक समितिका पदाधिकारी आएर त्यस विद्यालयका निम्ति शिक्षक खोजी दिन आग्रह गरे पनि त्यस विद्यालयमा पढाउन जान कसैले नमान्ने अवस्था थियो । त्यस अवस्थामा सञ्चालक समितिको आग्रह अनुसार गिरीका बुबाले छोराले त्यस काममा सहयोग गरोस् भन्ने ठाने र शिक्षकका रूपमा गिरीलाई पठाए । गिरी आफै पनि त्यसलाई बनाउन सकिन्छ भनेर लागि परे । अन्ततः उनले त्यस विद्यालयलाई अस्थायी स्वीकृति दिलाइ छाडेका थिए । अहिले त्यो उच्च मा.वि. भएको छ । उनी त्यस बेला भानु मा.वि. बेजडीचौरबाट काजमा ने.रा.प्रा.वि. राकममा आएका थिए । उनका इच्छा विपरीत काजमा पठाएको हो कि भनी माथिल्लो निकाय अञ्चल शिक्षा कार्यालयबाट उनलाई काज फिर्ता बोलाइएको थियो तर उनले जवाफमा आफूले रोपेको विरुवा आफैले उखेली आउन असमर्थ भएको बेहोरा जनाई भानु मा.वि. मा राजीनामा दिए । त्यसपछि आई.ए. को जाँच दिनु पर्ने भएकाले उनले सो विद्यालय छोडे । राकममा उनले गरेको कामका बारेमा सल्यानको निकटवर्ती क्षेत्र बन्गारमा निकै चर्चा थियो । त्यसैले त्यहाँको सञ्चालक समितिका अध्यक्षले गिरीलाई आई.ए. उत्तीर्ण गरेपछि श्री कृष्ण नि.मा.वि. घाँजरीपीपल, सल्यानको प्रधान अध्यापकका रूपमा काम गर्न अनुरोध गरे र गिरीले पनि सो अनुरोध स्वीकारे । त्यस विद्यालयले स्थायी स्वीकृति पाएको थिएन । त्यसलाई स्थायी स्वीकृति दिलाउनका लागि गिरी रात दिन खटेर लागि परेका थिए । उनी त्यहाँ नि.मा.वि. स्तरका सबै विषय पढाउँथे त्यसपछि बी.ए. को परीक्षाको तयारी गर्नु पर्ने, पार्टीको सदस्यका

रूपमा सक्रिय हुनुपर्ने र परिवारले सुर्खेत छाडेर बाँके बसाइ सरेको हुँदा पितालाई सघाउनु पर्ने परिस्थितिमा बिच २०२९ सालको हिउँदमा गिरीले त्यो विद्यालय छाडेका थिए । उनले २०२९ साल फागुनमा आदर्श नि.मा.वि. बाँकेमा शिक्षकको नियुक्ति लिए । पुनर्वासको गाउँ र पार्टी सङ्गठनको काम गर्ने वातावरण भएकाले पनि त्यस विद्यालयमा अध्यायन गर्न उनी लागेका थिए । उनले सुर्खेतमा विद्यालय पढ्ने बेलाका प्रधान अध्यापक पदम केशर खनाल बाँकेमा माध्यमिक विद्यालय निरीक्षक भएकाले उनको नियुक्ति सहज बन्यो । बाँकेको हसनापुर सुकुम्बासी बस्तीमा भएकाले किसानहरूसँग वैचारिक र साङ्गठनिक काम गर्न उनलाई सजिलो भयो परिवारलाई सघाउन पनि यो नियुक्ति उनका लागि उपर्युक्त बन्न गएको थियो । उनले त्यहाँ अङ्ग्रेजी विषयको अध्यापन गरेका थिए । जिल्ला शिक्षा कार्यालयबाट त्यस विद्यालयको अङ्ग्रेजी शिक्षकका रूपमा उनलाई तालिममा पठाउन छनौट गरिएको थियो तर उनले सक्रिय रूपमा पुष्पलालद्वारा नेतृत्व गरिएको ने.क.पा को अञ्चल सङ्गठन कमिटिको सचिवको दायित्व बहन गरिरहेका र छिट्टै पूर्णकालीन कार्यकर्ता हुनुपर्ने पार्टीको निर्देशन रहेकाले सो तालिम परित्याग गरे । यसै बीचमा पार्टीले उनलाई सुर्खेत उपत्यकामा रही सुर्खेत र दैलेखलाई कार्यक्षेत्र बनाई काम गर्ने विशेष जिम्मेवारी दिएको थियो । उनले सुर्खेतमा रहेको घर जग्गाको हेरचाह गर्नुपर्ने र भाइहरूको पठनपाठनमा सहयोग गर्नुपर्ने अवस्था पनि थियो । त्यसैले उनले बाँकेको विद्यालय शिक्षक पदबाट राजीनामा दिए । त्यसपछि ने.रा.नि.मा.वि. सुर्खेत, गोठीकाँडामा २०३० फागुनदेखि शिक्षकका रूपमा उनले नियुक्ति लिए र नेपाली विषयको अध्यापन गर्न थाले । त्यहाँ बस्दा शिक्षक, विद्यार्थी, किसान, बुद्धिजीवीलाई उनले सङ्गठित गरे । उनीहरूका राजनैतिक गतिविधि देखापर्न थालेपछि स्थानीय प्रशासनले उनलाई तारो बनाउन थाल्यो ।

प्रशासनले सुर्खेतको लेखगाउँ स्थित नि.मा.वि. मा कार्यरत शिक्षकहरूको सरुवा गऱ्यो । केही अन्य शिक्षकहरूलाई पनि सरुवा गरियो । त्यसलाई बदर गराउन आन्दोलन चर्कियो । सुर्खेत उपत्यकाका धेरै शिक्षकहरूले संयुक्त राजीनामा गरे । त्यहाँका विद्यार्थी, किसान र बुद्धिजीवीहरू प्र.जि.अ को कार्यालय बाहिर प्रदर्शनमा उत्रिए । अन्ततः प्रशासन शिक्षकहरूको सरुवा बदर गर्न बाध्य भएको थियो । सुर्खेतमा भएको पोस्टर काण्ड पछि गिरी लगायतका केही व्यक्तिका नाउँमा पक्राउ पुर्जी जारी भयो । त्यति खेर उनी नेपालगञ्जमा बी.ए. को परीक्षा दिँदै थिए । त्यहाँबाट परीक्षा

सकेर उनी भूमिगत भए । भूमिगत अवस्थामै राजीनामा पठाई उनले सुर्खेतको शिक्षक जीवनबाट अवकाश लिए ।[९] यही नै उनको विद्यालय शिक्षणको अन्तिम विन्दु बन्यो ।

जीवेन्द्र देव गिरीले अहिले त्रि.वि. अन्तर्गत प्राध्यापन गर्दछन् । २०४० साल मङ्सिर १४ गते पद्मकन्या क्याम्पस बागबजार काठमाडौँको आंशिक सहायक प्राध्यापकका रूपमा उनको प्राध्यापन पेसाको सुरुवात भएको थियो र २०४३ असार मसान्तसम्म उनले त्यहीँ नेपाली विषय पढाउने काम गरे । उनी त्यति बेला त्रि.वि. का स्थायी उपप्रशासक भएकाले आंशिक रूपमा पढाउन लागेका थिए । २०४३ साल असार ३१ गते त्रि.वि. कीर्तिपुर स्थित नेपाली केन्द्रीय विभागमा नेपाली विषयको उप-प्राध्यापक पदमा उनको स्थायी नियुक्ति भयो । त्यहाँ उनले भाषा, लोक साहित्य र विदेशीहरूका लागि विशिष्ट नेपालीको पठनपाठन गर्दै आएका छन् । २०६६ साल असोजदेखि सोही विभागको सह-प्राध्यापक पदमा पदोन्नति पाई उनी पूर्ववत् अध्यापनरत छन् । उनको आशिंक प्राध्यापन सेवाबाट काठमाडौँका रत्नराज्यलक्ष्मी क्याम्पस, कोटेश्वर बहुमुखी क्याम्पस र सान्त्वना मेमोरियल बहुमुखी क्याम्पस पनि लाभान्वित भएका छन् ।[१०]

जीवेन्द्र देव गिरी आफ्ना विद्यार्थीहरूका लागि कुशल प्राध्यापक मात्र नभई अभिभावक समेत हुन् । उनले अध्यापन गरेका सबै क्याम्पसका शिक्षक, विद्यार्थी र अभिभावकहरूसँग यिनको सौहार्दपूर्ण सम्बन्ध रहेको छ । विद्यार्थीहरू यिनलाई आँखामा राखे पनि नबिझाउने गुरु मान्दछन् । यिनले प्राध्यापनको सिलसिलामा कुनै पनि शिष्यलाई वचन बाणद्वारा चोट पुऱ्याएनन् । यिनले विद्यार्थीबाट कुनै अपशब्द र असभ्य व्यवहारको सामना गर्नु परेन । विद्यार्थीलाई ठूलो स्वरमा स्पष्ट आवाजमा तथा सरल भाषामा विषयवस्तुको बोध गराउने क्षमता यिनमा छ । विद्यार्थीहरूको मनोविज्ञान बुझेर पढाउने तथा विद्यार्थीहरूको ध्यान आफूतिर केन्द्रित गरी राख्न शिक्षणका क्रममा विभिन्न रोचक प्रसङ्ग र घटनाहरू समेत सुनाउने स्वभाव यिनको छ । विद्यार्थीहरूलाई दोहोऱ्याई तेहऱ्याई विषयवस्तु बुझाइ दिने, विद्यार्थीहरूको प्रश्नको उत्तर झर्को नमानी दिने जस्ता विशेषताले गर्दा असल शिक्षकमा हुनु पर्ने सम्पूर्ण गुणहरू यिनमा विद्यमान देखिन्छन् । यिनले विभिन्न क्याम्पसमा अनिवार्य र ऐच्छिक नेपालीका विविध विषयहरू पढाउँदै आएका छन् ।

---

९. ऐजन ।
१०. ऐजन ।

### ३.१.३. प्रशासनिक व्यक्तित्व

जीवेन्द्र देव गिरीको प्रशासनिक सेवाको शुरूवात राकमको गाउँ पंचायत सचिवबाट शुरू भएको थियो । उनले सचिव हुँदा विकास निर्माणका काममा महत्त्वपूर्ण योगदान गरेको पाइन्छ । राकममा कुलो ल्याउने, भेरी नदीको बादे पीपल घाटमा पुल निर्माण गर्ने र विद्यालय सञ्चालन गर्ने जस्ता कामहरूमा उनी सक्रिय रहेको पाइन्छ । केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गत २०३२ साल फागुन देखि ना.सु. स्तरको सुपरीवेक्षक पदमा अस्थायी नियुक्ति लिई रामेछाप जिल्लाको मध्यावधि जनसंख्या अध्ययनको कार्य सम्पन्न गरेका पाइन्छ ।[११] ६ महिनाको छोटो समयको नियुक्ति भए तापनि अड्डाप्रमुखको रूपमा उनले काम गर्नु परेको थियो । उनले जिल्लामा गणकहरूको नियुक्ति, उनीहरूको कार्यको सुपरिवेक्षण र रेनडम स्पाम्पलिङ्का आधारमा मध्यावधि जनसंख्या सम्बन्धी काम जिल्लाका विभिन्न गाविसहरूका सयवडाको सम्पन्न गरेका थिए । सो नियुक्ति प्रहरी प्रतिवेदन प्रतिकूल भई आएमा स्वतः जागिर समाप्त हुने र खाएको तलब फिर्ता गर्नुपर्ने सर्तमा दिइएको थियो । जिल्लामा राजनीतिक आरोपमा राजकाज मुद्दा चलिरहेकाले तोकिएको समय अगावै काम सकी उनले नोकरीबाट अवकाश लिएका थिए ।

त्यो नोकरी समाप्त भई सकेपछि जिल्ला फर्किने मनसाय बनाएका गिरीले श्रीमती बिरामी भएका कारणले काठमाडौँ बस्नु पर्ने बाध्यता पऱ्यो । सुरूमा सहायक प्रशासक तहको नौकरीका लागि उनी रत्नराज्यलक्ष्मी क्याम्पसमा जागिर हुने आश्वासन पाई सम्पर्कमा रहे पनि उनलाई हेड असिस्टेन्ट पदमा अस्थायी जागिर दिइयो । समस्याग्रस्त पारिवारिक स्थिति र कमजोर आर्थिक अवस्थाका कारण उनले त्यो जागिर खाए । क्याम्पसले त्यही पदमा उनलाई २०३५ साल जेठ ५ गते स्थायी नियुक्ति दियो । यसै वर्ष त्रि.वि.ले सहायक प्रशासक र उप-प्रशासकको स्थायी नियुक्तिका लागि विज्ञापन गरेको थियो । ती पदको परीक्षा दिई गिरी स्थायी उप-प्रशासक पदमा उत्तीर्ण पनि भए । उनका पिता उनले जागिर खाएको हेर्न चाहन्थे भने उनी पढाइ पूरा गरेर शिक्षक बन्ने विचारमा थिए । अन्ततः घरको परिस्थितिलाई ख्याल गरी त्रि.वि. को उप प्रशासक पदमा उनी नियुक्त भए । आफूले काम गरेको क्याम्पसमा नियुक्ति गर्न अव्यावहारिक ठानी उनलाई पृथ्वी नारायण क्याम्पस, पोखरामा उप प्रशासक पदमा पदस्थापन गरियो । पृथ्वीनारायण क्याम्पसमा प्रशासनको

---

११. अस्थायी नियुक्ति पत्रबाट प्राप्त जानकारी अनुसार ।

प्रमुखका रूपमा उनले कुशलतापूर्वक काम गरे ।[११] खास गरी पृथ्वी नारायण क्याम्पसको जग्गा अधिकरणको काम अड्की रहेको अवस्थामा उनले क्याम्पसको प्रतिधित्व गर्दै जग्गा धनीहरूबाट जग्गा रजिस्टेसन गराई क्याम्पसका नाममा जग्गा धनी प्रमाणपत्र उपलब्ध गराउन महत्त्वपूर्ण योगदान गरे । पोखरामा बस्दा घरसँगको सर्म्पक ज्यादै कम भएकाले र आफ्नो अधुरो पढाइ पूरा गर्ने काममा बाधा पुग्ने भएकाले काठमाडौँमा सरुवाको माग गरे । उनको माग अनुसार उनलाई काठमाडौँको मानविकी तथा सामाजिशास्त्र अध्ययन संस्थानको डिनको सम्पर्क कार्यालय काठमाडौँमा काजमा राखियो । उनले केही समय त्यहाँ काम गरेपछि उनलाई विज्ञान तथा प्रविधि अध्ययन संस्थानको डिनको कार्यालयमा सरुवा गरियो र उनले केही समय त्यहाँ पनि काम  गरे । मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान डिनको कार्यालयमा काम गरिएको उनको अनुभवलाई सोही अध्ययन संस्थानमा उपयोग गर्न पुनः उनलाई सोही कार्यालयमा सरुवा गरियो । शिक्षक कर्मचारीसँगको उनको व्यवहार, काममा निरन्तर खटन र कर्तव्यप्रतिको इमानदारीको ख्याल गरी उनलाई त्रि.वि. उपकुलपतिको कार्यालयमा सरुवा गरियो । उनले त्यहाँ आफूलाई दिएका जिम्मेवारी पूरा गरे पनि प्रशासनिक सेवा उनका लागि रुचिकर रहेको थिएन । विद्यालय शिक्षकका रूपमा शिक्षण पेसाको अनुभव सँगाली सकेका र राजनीतिक पृष्ठभूमि पनि भएकाले उनी उक्त पेसा त्यागत र शिक्षण पेसा अँगाल्न चाहन्थें । त्यसैले उनले २०४३ साल असार महिनामा सो पेसाबाट राजिनामा गरी त्रि.वि. को उप प्राध्यापक पदको नियुक्ति लिए । त्रि.वि.ले प्रशासनमा काम गर्दा पनि उनको उचित मूल्याङ्कन गरेको पाइन्छ । यस क्रममा त्रि.वि.ले उनको ग्रेड बृद्धि, त्रि.वि. कर्मचारी कल्याण कोषको सदस्यमा मनोनयन, शिक्षा दिवस पुरस्कार आदिबाट उनको सेवाको सम्मान गरेको थियो । त्रि.वि. को प्रशासनिक सेवाको अनुभवबाट उनले देशका वरिष्ट विद्धानहरूसँगको परिचय र सम्पर्क पाए भने त्रि.वि. को समग्र संरचना र गतिविधिको ज्ञान प्राप्त गर्ने अवसर पनि उनलाई जुट्यो ।

### ३.१.४ साहित्यकार व्यक्तित्व

जीवेन्द्र देव गिरीको साहित्यिक व्यक्तित्व उल्लेख्य रहेको देखिन्छ । उनी बाल्यकालदेखि नै साहित्य सिर्जना तिर आकर्षित थिए ।[१२] साहित्य प्रतिको अगाध लगावका कारणले गर्दा नै यिनले हालसम्म १० वटा पुस्तकका कृतिहरू प्रकाशित गरी

---

११. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
१२ ऐजन ।

सकेका छन् । यसका अतिरिक्त कविता गीत निबन्ध, कथा, समालोचना, लोकसाहित्य र भाषा सम्बन्धी विभिन्न लेख रचनाहरूका साथै गोष्ठीपत्र र अनुसन्धान कार्य उनले गरेका छन् । यिनको साहित्यिक योगदानको परिणात्मक दृष्टिले भन्दा गुणात्मक दृष्टिले मूल्यावान् देखिन्छ । यिनको साहित्यिक लेखनलाई ऊर्ध्वगामी दिशा दिने साहित्यिक पत्रिकाहरू **रातो थुङ्गा, प्रलेस, साहित्य सुमन** आदि रहेका छन् । उनको बहुमुखी साहित्यिक व्यक्तित्वका पाटाहरू यस प्रकार छन् :

### क) गीतकार व्यक्तित्व

जीवेन्द्र देव गिरीको गीतकार व्यक्तित्वका साक्ष्म उनीबाट रचित एक दर्जन जति मार्मिक गीतहरू छन् । यी गीतहरू मध्ये आधार दर्जन गीतहरू विभिन्न पत्रिकामा छरिएका छन् भने बाँकी आधा दर्जन जति पाण्डुलिपि कै रूपमा थन्किएका छन् । गिरीद्वारा रचिएका गीतहरूमा माया, प्रेम, शिक्षा विकास निर्माण, राष्ट्रियता, शोषणको विरोध र परिवर्तनकारी भावना व्यक्त भएको पाइन्छन् । रचनाका हिसावले जुन अवस्था छौ दाजुभाई यसको श्रेय सहिद चारलाई अथवा श्री ५ त्रिभुवनलाई ( २०२०) नै उनको पहिलो सिर्जना हो जुन हालसम्म पनि अप्रकाशित छ । प्रकाशनका हिसावले 'उठन किसान' (२०४७) नै उनको पहिलो प्रकाशित गीत हो । जीवेन्द्र देव गिरीले आफ्नो गीत रचनाको सुरूतिर केही शिष्ट शृङ्गारिक गीत सिर्जना गरेपनि ती उपलब्ध छैनन् । अन्य गीतहरूमा उनको परिवर्तनको अभिव्यक्ति र विकास निर्माण नै मुख्य विषय बनेको पाइन्छ । **सुर्खेती तीज गीत, लेकाली दशक स्मारिका, झिसमिसे, बुधबार** आदि विभिन्न पत्र पत्रिकाहरूमा यिनका गीतहरू प्रकाशित भएका छन् । यिनका केही गीतहरू राष्ट्रिय जन सांस्कृतिक महासङ्घद्वारा चुक्काहरूमा पनि गरिएका छन्, केही अप्रकाशित अवस्था नै छन् भने वि.सं. २०३१ को पोस्टर काण्डमा खाल्डामा पुरिन गए ।

### ख) कवि व्यक्तित्व

साहित्यिक व्यक्तित्वका रूपमा हेर्दा जीवेन्द्र देव गिरीको कवि व्यक्तित्वको रूपमा पनि चिनिन्छन् । उनको कवि व्यक्तित्वको सुरुवात २०२४ सालमा साक्षरता दिवसको अवसरमा पब्लिक हाई स्कुल सुर्खेतमा धन्य भाद्र २३ का दिन कविता सुनाएपछि सुरुवात भएको पाइन्छ । उनले अर्को कविता २०२८ सालमा उनको सम्झनामा शीर्षकमा सल्यानको सङ्ग्रहीमा पढाउँदा लेखेका थिए तर त्यो पनि खाल्डोमा पुरिन पुग्यो । २०३९ सालमा उनको अर्को कविता मेरी कवितालाई सन्चो छैन लेखे जो हालसम्म पनि अप्रकाशित छ । हालसम्म उनका प्रकाशित फुटकर

कविता एक दर्जन र अप्रकाशित पनि एक दर्जन जति पाण्डुलिपिका रूपमा रहेका छन् । उनको प्रकाशित पहिलो कविता 'मुस्कान अझै छरिएन' (२०४७) कविता क्यालेन्डरमा छापिएको थियो । यिनका सुरू सुरूमा कविता शिक्षा, प्रेम आदिको भाव पाइन्छ भने पछि गरेको प्रभाव र परिवर्तनको चाहना पाइन्छ । राष्ट्रियताको भावना, यथास्थिवादको विरोध, क्रान्तिप्रति आस्था र श्रद्धा, निम्न वर्गको उन्मुक्ति जस्ता विषयहरू पनि गिरीका कवितामा पाइन्छन् । उनका कविता शार्दूलविक्रीडित, मन्दाक्रान्ता, इन्द्रवज्रा, अनुष्टुप र लोक छन्दका गद्य लयमा पनि लेखिएका छन् । **जिरीदीप शब्दाङ्कुर, कविता कोसेली, ज्वाला, रातो थुँगा, साहित्य कोसेली, मुना** जस्ता पत्रिकाहरूमा उनका कविता प्रकाशित भएका छन् ।[१३]

## ग) निबन्धकार व्यक्तित्व

जीवेन्द्र देव गिरीको निबन्ध लेखनमा केटाकेटी देखिनै रुचि थियो । मेरी सिम्ता र तमाखु दुइवटा निबन्ध उनले २०२७/२८ सालतिर लेखेका थिए तर ती निबन्धहरू पनि वि.सं. २०३१ मा वारेन्ट जारी भई सकेपछि खाल्डामा पुरिए । यिनको प्रथम प्रकाशित निबन्ध रचना 'गोरे दाइ' वि.सं. २०४९ मा सुर्खेती पत्रिकामा प्रकाशित भएको पाइन्छ । यिनका चार दर्जन जति निबन्ध प्रकाशित भएका छन् । गिरीले अब निकट भविष्यमा यसको सङ्ग्रह निकाल्ने जानकारी पनि दिएका छन् । गिरीले नियात्रा, संस्मरण र व्यङ्ग्य जस्ता कुरालाई आफ्नो निबन्धको विषयमा वस्तु बताएका पाइन्छ । यिनका निबन्धमा विचार पक्ष प्रबल रहेको पाइन्छ । यिनका निबन्धहरू **साहित्य कोसेली, ब्रह्मपुत्र फक्रँदो कोपिला, सहस्राब्दी, गोधूलि, सङ्कल्प, युगदुत, झिसमिसे साहित्य सुमन, रातो थुँगा, नव आकांक्षा शब्द-संयोजन** जस्ता देश विदेशका पत्रिकाहरूमा प्रकाशित भएका पाइन्छ ।[१४] उनका आत्मपरक निबन्धका साथै वर्णनात्मक र प्रबन्धात्मक लेखहरूले निबन्धको क्षेत्रमा उनलाई परिचित तुल्याएका छन् ।

## घ) समालोचक व्यक्तित्व

जीवेन्द्र देव गिरीले थुप्रै साहित्यकारका प्रकाशित कृतिहरूको भूमिका लेखनको गहन अभिभारा पनि सम्हालेको देखिन्छ । यसका अतिरिक्त आफ्नै प्रकाशित कृतिहरूका बारेमा मन्तव्य व्यक्त गर्ने सन्दर्भमा समेत यिनको भूमिका लेखक व्यक्तित्व उजागर भएको देखिन्छ । कुनै पनि कृतिको भूमिका लेख्नु भनेको विधा सिद्धान्तका आधारमा

१३. ऐजन ।
१४. ऐजन ।

सम्बन्धित कृतिमाथि विहङ्गम दृष्टि हो । त्यसैले भूमिका लेखन लगभग समालोचनाकै गोरेटो बनेर देखापरेको छ । उनले केवलपुरे किसान, जनक प्रसाद हुमागाई, नरनाथ लुइटेल, पृथ्वी बहादुर सिंह, बलभद्र भारती, कृष्ण वली, चन्द्रा थानी, दुर्गा राना आदि लेखक कविहरूका एक दर्जन भन्दा बढी कृतिहरूका भूमिका लेखेका छन् ।

जीवेन्द्र देव गिरीले विभिन्न व्यक्ति र कृतिका बारेमा समालोचना पनि लेखेका छन् । उनले **नेपाली साहित्य eृङ्खला भाग १ र भाग २** सहलेखनका रूपमा र विभिन्न लेखेका कृतिको गरी लगभग ४ दर्जन जति समालोचनाका लेखहरू प्रकाशित छन् । उनको पहिलो प्रकाशित समालोचनात्मक लेख तरुण तपसी नव्य काव्यको महाकाव्य स्वरूप (२०४१/०४२) हो । जुन **अछेता** पत्रिकामा भारतको आसामबाट प्रकाशित छ । त्यस यता **साहित्य कोसेली, दीप शिखा, बाल साहित्य, शब्द-संयोजन, प्रलेस, नौलो कोसेली, गरिमा** जस्ता अरू थुप्रै राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका पत्रिकामा प्रकाशित भएका पाइन्छन ।[१५] **नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान** (२०६१) **सबैको नेपाली** (२०६७) र **साहित्यकार जनकप्रसाद हुमागाई** (२०६७) पनि उनका समालोचनात्मक कृतिहरू हुन् । गिरी प्रगतिवादी धारा कलम चलाउने एक समालोचक हुन् । उनले लेखनाथ, सम, देवकोटा, श्याम प्रसाद, युद्ध प्रसाद मिश्र, केवलपुरे किसान, गोकुल जोशी, देव कुमारी थापा, कृष्ण प्रसाद पराजुली आदि अनेक लेखक तथा साहित्यकारहरूका सिर्जनाको समीक्षा गरेका छन् ।

**ङ) कथाकार व्यक्तित्व**

जीवेन्द्र देव गिरीको पहिलो प्रकाशित रचना 'मुटुले ढयाङ्ग्रो ठोक्दै छ ?' (२०३३) हो भने 'खैरालो' कथा पनि उनले प्रकाशित गरेका छन् ।[१७] खासै सिर्जना नगरे पनि केही योगदान भने पुऱ्याएका छन् ।

## ३.१.५ अन्वेषक व्यक्तितत्व

जीवेन्द्र देव गिरीको अन्वेषण प्रति विशेष रुचि रहेको पाइन्छ । उनले विभिन्न अनुसन्धानात्मक पत्रिकाहरूमा अनुसन्धान विधिको प्रयोग गरी लेखहरू लेखेका छन् । विभिन्न गोष्ठी पत्रहरू, लघु अनुसन्धान, स्नातकोत्तर तहको र विद्यावारिधि तहको

---

१५. ऐजन ।
१७. ऐजन ।

शोधमा उनको अन्वेषणक व्यक्तित्व स्थापित भएको छ ।[१८] क्षेत्र कार्य तथ्य सङ्कलन आदिका आधारमा उनले भाषा साहित्य र संस्कृतिको अध्ययनमा योगदान गरेका छन् ।

## ३.१.६ प्राज्ञिक व्यक्तित्व

जीवेन्द्र देव गिरीले नेपाल प्रज्ञा प्रतिष्ठानको सदस्यका रूपमा पनि आफ्नो उत्तरदायित्व वहन गरी सकेका छन् । उनले त्यहाँ भाषा विभागको प्रमुखका रूपमा भाषिक उत्थानका विभिन्न कार्य गरेका थिए ।[१९] उनी त्यहाँ क्रियाशील हुँदा नेपाली बृहत् शब्दकोशको निर्माणको कार्यारम्भ भएको थियो । नेपालका सुरेल, जिरेल, काइके, अवधी, भोजपुरी, थारू, दरै भाषाहरूको अध्ययन तथा नेपाली, मैथिली, भोजपुरी अवधी, थारू, बोटे, राजी भाषासँग सम्बन्धित गोष्ठीका लेख्य नेपालीको एकरूपीकरण जस्ता राष्ट्रिय महत्त्वका गोष्ठीको सञ्चालन, मैथिलीमा आँगन र नेवार भाषामा थाय्भु जस्ता पत्रिकाको प्रकाशन उनको कार्यकालमा भएको पाइन्छ । गिरी अहिले पनि नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा गठित विषयगत विभाग अन्तर्गत नेपाली भाषा समितिको सदस्यमा मनोनयन भई क्रियाशील रहेका छन् । नेपाल प्रज्ञा प्रतिष्ठानले उनलाई अनुसन्धानात्मक प्रज्ञा पत्रिकाको सम्पादक मण्डलमा पनि चयन गरेको छ । उनी नेपाल प्रज्ञा प्रतिष्ठान स्थापनाको स्वर्ण जयन्ती मूल समारोह समितिका सदस्यका रूपमा नेपाल सरकारबाट मनोनीत भई त्यस कार्यमा संलग्न भएका थिए । अहिले पनि उनी नेपाल प्रज्ञा प्रतिष्ठानका गोष्ठी, अनुसन्धान र अन्य विभिन्न प्राज्ञिक कार्यमा उनको सक्रिय सहभागिता रहेको छ ।

## ३.१.७ भाषाविद् व्यक्तित्व

जीवेन्द्र देव गिरी अन्य व्यक्तित्वहरू जस्तै भाषाविद् व्यक्तित्वले पनि महत्त्वपूर्ण स्थान ओगट्न सफल भएको छ । उनका भाषा सम्बन्धी दुई वटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । **भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण** (२०५३) र **भाषा विज्ञान, भाषा र भाषिका** (२०६३) भाषिक कृति हुन् । नेपाली भाषा सम्बन्धी थुप्रै लेख, अनुसन्धान र कार्यपत्रहरू प्रस्तुत गरिसकेका छन् । उनका केही लेखहरू दुई वटा किताबमा आइसके तापनि अझै थुप्रै भाषिक लेखहरू पत्रिकाहरूमा छरिएका छन् । भाषा सम्बन्धी उनको पहिलो प्रकाशित लेख 'सिम्ताली नेपाली कथ्य नेपालीकै एक भेद' (२०४०/४१) हो जुन वाङ्मयमा प्रकाशित छ । जीवेन्द्र देव गिरीको स्नातकोत्तर

---

१८. द्रोण कुमार पौडेल, 'जीवेन्द्र देव गिरी एक आसलाग्दा लेखक', **साहित्य सौगात,** (चौथो साहित्यिक सँगालो, २०५१), पृ. १६० ।

१९. शोधनायकका मित्र विजय सुब्बाबाट प्राप्त जानकारी अनुसार ।

शोधपत्र पनि 'सिम्ताली क्रियाको संरचनाको भाषावैज्ञानिक विश्लेषण' (२०४०) हो जुन भाषा सँगै नै सम्बन्धित भएको पाइन्छ । विभिन्न लेखका साथै दुईवटा प्रकाशित पुस्ताकाकार कृतिले उनको व्यक्तित्वलाई भाषिक विज्ञका रूपमा स्थान दिलाई सकेको पाइन्छ । भाषाका बारेमा **मधुपर्क, दीपशिखा, शताब्दी, झिसमिसे, वाङ्मय, सम्प्रेषण, अन्वेषण, फेरि नौलो पाइलो** जस्ता स्थानीय र राष्ट्रिय पत्रिकाहरूमा उनका लेख प्रकाशित छन् । प्राध्यापनका सिलसिलामा पनि उनले भाषा विज्ञान पढाउने गरेको पाइन्छ । देशका विभिन्न ठाउँमा भइरहने गरेका भाषा सम्बन्धी गोष्ठीमा भाग लिनुका साथै भाषा सम्बन्धी आफ्ना टिप्पणी र कार्यपत्र प्रस्तुत गर्ने गरी भाषिक क्षेत्रको अनुसन्धानमा पनि निरन्तर रूपमा लागि रहेको पाइन्छ । गिरीको विद्यावारिधि पनि भाषा विज्ञानसँग सम्बन्धित 'सिम्तालीको भाषा वैज्ञानिक अध्ययन' हो । यही भाषिक कार्य गरि बाफत उनलाई विभिन्न संस्थाहरूले सम्मान पनि गरेका छन् । विपन्न समुदायका लोपोन्मुख भाषा भाषिकाको अध्ययनमा उनको चाख रहेको पाइन्छ । उनले नेपाली भाषाको सिम्ताली भाषिका देखि राजी, थारू र मुस्लिम जातिका भाषासम्मको अध्ययन गरेका छन् ।[२०] उनका निर्देशनमा विभिन्न भाषिक शोधहरू त्रि.वि. अन्तर्गत भएका छन् ।

## ३.१.८ लोकवार्ताविद् व्यक्तित्व

जीवेन्द्र देव गिरीको लोक वार्ताविद् व्यक्तित्व प्रभावशाली देखिन्छ । यस तर्फ उनको पहिलो प्रकाशित लेख 'लःऱ्या लोक नृत्य : एक परिचय' (२०४०) हो । उनले लोक साहित्य अन्तर्गतका विभिन्न सामग्रीहरूको सङ्कलन र अध्ययन गरेको पाइन्छ ।[२१] लोक साहित्य अन्तर्गतका लोप छन् लागेका कर्खा, धमारी, सैरलो, घाउटा, उखान, टुक्का आदिको सङ्कलन गरेका हुन् । **लोक साहित्यको अवलोकन** (२०५७) **हाम्रा लोकगाथा** (२०५७) **नेपाली लोक साहित्यमा जन जीवन** (२०६७) उनका लोक साहित्य सम्बन्धी प्रकाशित कृति हुन् । यी बाहेक अरू पनि विभिन्न स्वदेश विदेशका जर्नल र पत्रिकाहरूमा उनका लेखहरू प्रकाशित भएका पाइन्छन् ।

## ३.१.९ सामाजिक व्यक्तित्व

जीवेन्द्र देव गिरी विभिन्न साहित्यिक एवम् गैर साहित्यिक क्षेत्रसँग सम्बन्धित संघसंस्थाहरूसँग आबद्ध छन् । उनी व्यवहारत : सामाजिक चरित्र भएका व्यक्ति हुन् । उनले केटा केटीदेखि नै बृद्ध, अशक्त र दुःखीलाई सहयोग गर्ने काम आफूलाई हुर्काउने

---

२०. द्रोण कुमार पौडेल, पूर्ववत्, पृ. १६३ ।
२१. ऐजन ।

बज्यैबाट सिकेका थिए । उनले २०२१/२२ सालमा भूमि सुधार लागु भएपछि आफ्नो जन्म स्थान सिम्ता काप्रीचौरका गाउँलेहरूलाई लेखापढीको काम गरेर सघाएका थिए । उनले अन्याय अत्याचारमा परेका मान्छेलाई निवेदन लेखी दिने काम गरेर पनि सघाएको पाइन्छ । स्कुल शिक्षक भएपछि गाउँमा विभिन्न चाडपर्व मेलाहरूमा हुने झैझगडा रोक्ने अभियानमा पनि उनले सक्रिय रूपमा अग्रसरता देखाएका थिए । उनी विकास निर्माणका कार्यमा श्रमदान गर्न पनि सरिक भएको पाइन्छ । राजनीतिक तवरले सचेत भएपछि उनले सामूहिक श्रममा पनि सहभागी हुने गरेका थिए ।

जीवेन्द्र देव गिरीको सामाजिक हितका लागि विभिन्न कामहरू गरेका छन् । उनले विद्यालयहरूलाई आर्थिक र पुस्तक सहयोग गर्नेदेखि सुर्खेतको दशरथपुरमा सहिद सालिक निर्माण कोषको प्रारम्भ गर्न आफूले पाएको सुर्खेती प्रतिभा पुरस्कारको रकम प्रगतिशील लेखक सङ्घ सुर्खेतलाई हस्तान्तरण गरेका थिए । उनले विभिन्न विद्यालय र पुस्तकालयहरूलाई पुस्तकहरू प्रदान गरेर पनि सघाउ पुऱ्याएको पाइन्छ । सान्त्वना मेमोरियल माध्यमिक विद्यालयमा दिवंगत छोराका नाममा गणित विषयमा सर्वोच्च अङ्क ल्याउने विद्यार्थीलाई प्रतिवर्ष रू. ५०००।- छात्रवृत्ति कमल स्मृति गणित छात्रवृत्ति प्रदान गर्ने कामका साथै सोही विद्यालयमा कमल स्मृति पुस्तकालय सञ्चालनमा पनि उनले सहयोग गरेको पाइन्छ ।[२२] आफ्ना दिवङ्गत आमाबाबुका नाउँमा सुर्खेतमा नारायण भागीरथी सामाजिक सेवा कोष स्थापना गर्ने कार्यको प्रारम्भ पनि आफ्ना भाईहरूसँग मिलेर उनले गरी सकेका छन् । सामाजिक क्षेत्रमा सेवा प्रदान गर्ने उद्देश्यले आमाको देहान्त पछि यसको शुरूवात भएको हो । परम्परागत श्राद्धको परित्याग गरी नयाँ ढङ्गले आमाबुबा प्रतिको श्रद्धालाई समाज सेवाप्रति केन्द्रित गर्न यस कार्यको थालनी भएको पाइन्छ । यी कार्य सामाजिक क्षेत्रमा गिरीले गरेका केही उल्लेख्य कार्य हुन् । भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र संबर्द्धनमा देन दिन सक्ने विभिन्न संघ संस्थाहरूमा संलग्न रहेर पनि यिनले समाज सेवाको काम गरेका छन. । यिनको संस्थागत व्यक्तित्वलाई निम्नानुसारका संस्थाहरूसँग सम्बद्ध तुल्याएर प्रस्तुत गर्न सकिन्छ :

**क) सुर्खेती कल्याण समाज**

सुर्खेती कल्याण समाजको परिकल्पनाकार जीवेन्द्र देव गिरी नै थिए । सुर्खेतबाट काठमाडौं आउने विरामीहरूको सेवाका निम्ति केही गर्ने उद्देश्यले २०४३ सालमा काठमाडौंको रत्नपार्कमा स्वयम् गिरी खम्बराज थानी र पदमलाल देवकोटा सहित

---

२२. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

यसको स्थापना बारे छलफल गरेका थिए । पछि भानुभक्त भारती र परमेश्वर देवकोटासँग पनि उनले यो कुरा राखेपछि संस्थागत काम अगि बढेको थियो र पहिलो भेला रत्नराज्यलक्ष्मी क्याम्पसको एक कोठामा भएको थियो जसमा अध्यक्ष बलभद्र भारती र सचिवको जिम्मेवारी गिरीलाई दिइएको थियो । विष्णु बहादुर के.सी. को नेतृत्व प्राप्त गरेपछि यो संस्था एक उदाहरण बन्यो । यस संस्थाले आपत्मा परेका मान्छेलाई सहयोग गर्ने, छात्रवृति दिने, वर्षमा एकपटक वनभोजको आयोजना गर्ने, साहित्यिक पत्रिका प्रकाशन गर्ने, विरामीलाई रक्तदान गर्ने काम गर्दछ । अहिले यस संस्थाको आफ्नै चारतले भवन छ । यस संस्थाका विभिन्न गरिमामय पदमा रहेर गिरीले सामाजिक काम गरेका छन् । उनी यस संस्थाका आजीवन सदस्य पनि छन् । यो संस्थाको गरिमामय सचिव २०४३ देखि २०४४, २०४५ देखि २०४६ उपसभापति २०४६ देखि २०४७ पुनः सचिव २०४८ देखि २०६० सल्लाहकार २०६१ देखि हालसम्म पुनः यस संस्थाका उपसभापतिका रूपमा उनले काम गर्दै आएका छन् । यसले हरेक वर्ष **साहित्य कोसेली** पत्रिका प्रकाशन गर्दछ र त्यसका प्रधान सम्पादक गिरी नै छन् । यसले सुर्खेतका एक जना कृतिकारलाई नयाँ कृतिका लागि पुरस्कार, सुर्खेतका विद्यालयबाट एस.एल.सी. मा सर्वोच्च अङ्क ल्याई काठमाडौँका क्याम्पसमा पढ्ने ३ जना विद्यार्थीलाई छात्रवृति दिने, सुर्खेती रक्तकोषमा रक्तदानका साथै बिरामीलाई रगत उपलब्ध गराउने, विभिन्न सांस्कृतिक कार्यक्रम आयोजना गर्ने र जिल्लाका तिन वटै निर्वाचन क्षेत्रबाट दलित र जनजातिका १/१ जना छात्र-छात्रालाई छात्रवृत्ति दिने काम गर्दै आएको छ ।[२३] त्यस संस्थाको स्थापना देखि हालसम्म त्यसमा निरन्तर लागी रहने संस्थापक सदस्य मध्ये एक हुन् गिरी परोपकारी संस्थाका रूपमा यसले काठमाडौँमा रहेका सुर्खेतीहरू बिच काम गर्दछ ।

### ख) प्रगतिशील लेखक संघ

प्रगतिशील लेखक संघमा जीवेन्द्र देव गिरीको संग्लनता रही आएको छ । २०५२ देखि २०५६ सम्म त्यसको केन्द्रीय सदस्य र २०५६ देखि २०५९ सम्म त्यसको महासचिवको जिम्मेवारी उनले बहन गरी सकेका छन् । वि.सं. २०५९ पछि प्रगतिशील लेखक संघको सल्लाहकारका रूपमा उनी क्रियाशील रहेका छन् । विभिन्न सङ्गठनात्मक र सृजनात्मक गतिविधिका साथ उनले यस संस्थालाई नेतृत्व प्रदान गरेका थिए । संस्थासँग सम्बन्धित कामका सिलसिलामा देशका विभिन्न भागमा भएका

२३. सुर्खेती कल्याण समाजका अध्यक्ष विष्णु बहादुर के.सी.बाट प्राप्त जानकारी अनुसार ।

गोष्ठी, वैचारिक छलफल, आन्दोलन आदि कार्यक्रममा पनि उनको सहभागिता रहँदै आएको छ । उनी यस संस्थाको मुखपत्र **प्रलेस**का एक सम्पादक पनि रहेका थिए ।[२४]

### ग) युद्धप्रसाद मिश्र पुरस्कार तथा प्रकाशन गुठीदेखि युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठान सम्म

युद्धप्रसाद मिश्र पुरस्कार तथा प्रकाशन गुठीमा जीवेन्द्र देव गिरीको संलग्नता रह्यो र सो गुठीको २०५२ मंसिर २३ गते बसेको साधारण सभाबाट उनी कार्य समितिको सदस्य भए । त्यसपछि २०५६ कार्त्तिक १३ गतेका दिन गिरी कै निवासमा नै साधारण सभा भयो र त्यसका पनि कार्य समितिका सदस्यमा निर्वाचित भए । २०५६ देखि २०६४ सालसम्म उपाध्यक्ष भए । २०६५ देखि हालसम्म उनले यस संस्थाको अध्यक्ष पदको नेतृत्व समालेका छन् । सुरूमा यो संस्था गुठीका रूपमा थियो र २०५७ साल पछि प्रतिष्ठानमा रूपान्तरित भयो । भक्तपुरको सिरूटार गा.वि.स. अन्तर्गत सोमलिङटारमा रहेको कविवर मिश्रका नाउँको स्मृतिको भवन निर्माण, प्रतिमा स्थापना र सङ्ग्रहालय स्थापनामा पनि उनको विशेष योगदान रहेको छ । मिश्र प्रतिष्ठानका माध्यमबाट विभिन्न कार्यहरू सामाजिक हितमा सञ्चालित छन् ।[२५] यस संस्थाका प्रकाशनहरूमा पनि उनको संलग्नता रहेको छ ।

### घ) भेरी अञ्चल प्रगतिशील समाज काठमाडौं

भेरी अञ्चल प्रगतिशील समाज, काठमाडौंको स्थापनामा उनको नेतृत्वदायी भूमिका रह्यो । काठमाडौं जिल्ला प्रशासनमा २०५० श्रावण १२ गते दर्ता भई २०६२ सम्म सो संस्थाको गतिविधि रहेको पाइन्छ । यस संस्थाले **भेरी सन्देश** नामको पत्रिकाका प्रकाशित गर्ने काम पनि गर्‍यो । यस संस्थाको सुरूदेखि अन्त्यसम्म नै अध्यक्षको जिम्मेवारी गिरीले बहन गरेका थिए । यसमा भेरी अञ्चलका दैलेख, सुर्खेत, जाजरकोट, बाँके र बर्दिया जिल्लाका काठमाडौँमा रहेका प्रगतिशील व्यक्तिहरूको संलग्नता रहेको थियो । यसले भेरी अञ्चलका समस्याहरू जनप्रतिनिधिहरू समक्ष पुर्‍याउने, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा घटित घटनाहरूबारे आफ्नो मत सार्वजनिक गर्ने, भेरी अञ्चलका जनतालाई काठमाडौँबाट गर्न सकिने सहयोग गर्ने र त्यहाँका जिल्लाका विकास निर्माण लगायत सांस्कृतिक क्षेत्रको उत्थानमा टेवा पुर्‍याउने लक्ष्य अनुसार क्रियाशील भएर काम गरेको थियो ।[२६]

---

२४. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
२५. ऐजन ।
२६. ऐजन ।

### ङ) साहित्य सन्ध्या, नेपाल

साहित्य सन्ध्या नेपाल हाल काठमाडौँमा क्रियाशील एक महत्त्वपूर्ण साहित्यिक संस्था हो । जीवेन्द्र देव गिरी २०४६/४७ को परिवर्तन पछि काठमाडौँमा सञ्चालित यस संस्थाका गतिविधिमा संलग्न रहेका छन् । यस संस्थाद्वारा प्रकाशित **लहर** वर्ष १५ अंक २६, २०५१ देखि उनी यसका सल्लाहकार रूपमा रहेका थिए । हाल सो पत्रिकाको प्रकाशन हुन सकेको छैन । त्यस यता उनी अहिले सम्म यसका सल्लाहकारका रूपमा क्रियाशील छन् । यस संस्थाले हरेक महिनाको पहिलो शनिवार कवि गोष्ठी वा विचार गोष्ठी सञ्चालन गर्ने र स्रष्टालाई प्रतिवर्ष पुरस्कार प्रदान गर्ने काम गर्दै आएको छ ।[२७]

### च) साहित्य सदन

साहित्य सदन काठमाडौँको एक चर्चित साहित्यिक संस्थाका रूपमा रही आएको छ । जीवेन्द्र देव गिरी साहित्य सदनमा २०५७ साल देखि नै आजीवन सदस्य रहेका छन् । २०५७ देखि हालसम्म सल्लाहकारका रूपमा पनि उनले यस संस्थामा काम गरेका छन् । यसले साहित्यिक गतिविधि हेर्ने गर्दछ । प्रसिद्ध साहित्यकार रमेश विकलको अध्यक्षतामा यस संस्थाले काठमाडौँको रामहिटीमा विशिष्ट सभाकक्ष सहितको भवन निर्माण गरेको छ ।[२८]

### छ) नेपाल बाल साहित्य समाज

नेपाल बाल साहित्य समाज संस्थाका पनि जीवेन्द्र देव गिरी आजीवन सदस्य हुन् । यस समाजबाट प्रकाशित हुने **बाल साहित्य** वार्षिक प्रकाशनको पनि उनले सम्पादकका रूपमा केही समय काम गरेका थिए । यसका विभिन्न समारोहमा उपस्थित भई कार्यपत्र प्रस्तुत गर्ने काम पनि उनले गरेका छन् ।[२९]

### ज) नेपाल सांस्कृतिक प्रतिष्ठान

नेपाल सांस्कृतिक प्रतिष्ठानका कार्य समितिका सदस्यका रूपमा पनि जीवेन्द्र देव गिरी यसको स्थापना वर्ष वि.सं. २०५५ देखि काम गर्दै आएका छन् । यसले सुदूर पश्चिमको लोक साहित्य संस्कृति आदिको अध्ययन उन्नयनमा योगदान गर्दै आएको छ ।[३०]

---

२७. ऐजन ।

२८. ऐजन ।

२९. शोधनायकका मित्र जयराज पन्तबाट प्राप्त जानकारी अनुसार ।

३०. ऐजन ।

**झ) विद्यापुर सेवा समाज**

जीवेन्द्र देव गिरी सुर्खेत जिल्ला स्थित विद्यापुर सेवा समाजको सल्लाहकार समितिमा मनोनित भई वि.सं. २०६४ देखि उनी क्रियाशील छन् । सो समाज त्यहाँको शैक्षिक सामाजिक सांस्कृतिक विकासमा संलग्न रहेको छ ।[३१]

**ञ) लोक नाथ प्रतिष्ठान उदयपुर**

यस प्रतिष्ठानको वि.सं. २०६२ मंसिर ४ गतेको प्रथम साधारण सभाले जीवेन्द्र देव गिरीलाई सो प्रतिष्ठानको सल्लाहकारमा मनोनयन गरी सम्मान व्यक्त गरेको छ । माध्यमिक कालीन कवि लोकनाथको नाममा स्थापित सो प्रतिष्ठान साहित्यिक क्षेत्रमा क्रियाशील छ ।[३२]

**ट) शान्ति शिक्षा सदन बानेश्वर**

शान्ति शिक्षा सदन बानेश्वरका अध्यक्षका रूपमा वि.सं. २०५६ देखि २०६० सम्म र सल्लाहकारका रूपमा २०६० देखि केही वर्षसम्म रहेर उनले सो संस्थालाई सेवा प्रदान गरेका छन् । प्राथमिक तहको सो विद्यालय काठमाडौँको शान्तिनगरमा स्थापित थियो ।[३३]

**ठ) मध्यपश्चिमाञ्चल साहित्य परिषद्**

मध्यपश्चिमाञ्चल साहित्य परिषद्ले मध्यपश्चिमाञ्चलका तिनवटा अञ्चलहरूलाई समेटेर काम गर्ने गर्दछ । यस संस्थाले साहित्यिक गतिविधिका साथै साहित्यकारहरूलाई पुरस्कृत गर्ने काम गर्दछ । २०५१ देखि जीवेन्द्र देव गिरी त्यस संस्थाका उपाध्यक्ष र त्यसपछि २०५७ देखि सल्लाहकारका रूपमा कार्यरत छन् । यसले **मध्यपश्चिमा कविता र खसानी** पत्रिका पनि निकालेको छ ।[३४]

**ड) अक्षर सदन**

जीवेन्द्र देव गिरी अक्षर सदन काठमाडौँका कार्य समितिका सदस्यका रूपमा रहेका छन् । चूडामणि बन्धुका अध्यक्षतामा गठन भएको सो संस्थाले भाषा, साहित्यको उत्थान र अध्ययन प्रकाशनसँग सम्बन्धित काम गर्ने गर्दछ । बन्धुले सो संस्थाको स्थापना आमाबुबाका सम्झनामा गरेका हुन् ।[३५]

---

३१. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
३२. ऐजन ।
३३. ऐजन ।
३४. ऐजन ।
३५. ऐजन ।

### ढ) नेपाल भाषा विज्ञान समाज

नेपाल भाषा विज्ञान समाजको स्थापना काल देखि नै यसका विभिन्न कार्यक्रममा जीवेन्द्र देव गिरी सहभागी हुँदै आएका छन् र उनी यसका आजीवन सदस्य हुन् । वि.सं. २०६७ असार १ गते देखि यसका कार्य समितिको सदस्यका रूपमा निर्वाचित भई उनी क्रियाशील रहेका छन् । यसले नेपालका भाषाहरूका साथै विश्वका भाषिक क्षेत्रको अध्ययन अनुसन्धानमा आधारित जर्नलहरूको प्रकाशन र राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका गोष्ठीहरूको आयोजना गर्नुका साथै विभिन्न व्याख्या कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ ।[३६]

### ण) सान्त्वना मेमोरियल एकेडेमी

यस संस्थाका सञ्चालक समितिका सदस्यका रूपमा २०६२ देखि नै जीवेन्द्र देव गिरी गिरीले काम गर्दै आएका छन् । यो संस्था काठमाडौँको बानेश्वरमा अवस्थित छ । माध्यमिक विद्यालय, उच्च माध्यमिक विद्यालय, बहुमुखी क्याम्पस, शिक्षक तालिम, अनुसन्धान केन्द्रका कार्यक्रमहरू यस संस्थाले सञ्चालन गर्दछ । स्वर्गीय सान्त्वना खत्रीका नाममा स्थापित यस संस्था प्रति उनको भावनात्मक सम्बन्ध रहेको छ किनकि स्वर्गीय खत्री उनका विद्यार्थी थिए भने उनका हजुरबुबा र आमाबुबा गिरीका राजनैतिक र सामाजिक क्षेत्रका आत्मीय सहकर्मी रहेका छन् । उनका स्वर्गीय पुत्र कमल र सान्त्वनाको पनि घनिष्ठ मित्रता रहेको थियो ।[३७]

### त) अन्य संस्था

नेपाल प्राध्यापक संघ, त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ, प्रगतिशील प्राध्यापक संघ, लिटेरेरी एसोसियन अफ नेपाल, नेपाल बुद्धिजीवी परिषद्, साहित्यिक पत्रकार संघ जस्ता संस्थाहरूमा पनि जीवेन्द्र देव गिरीको सहभागिता रहँदै आएको छ । उनले काठमाडौँको शान्तिनगरमा समुदायद्वारा सञ्चालित सिद्धेश्वर पुस्तकालयमा पनि केही समय सेवा प्रदान गरेका थिए । यसरी नै काममा ३४ मा स्थापित चौतारी युवा क्लबको निर्माणमा सल्लाहकार समितिको सदस्य र कामपा ३४ मा सञ्चालित सिद्धेश्वर प्राथमिक विद्यालयको सल्लाहकारका रूपमा पनि उनले संस्थाको हितमा कार्य गरेका छन् ।[३८]

---

३६. ऐजन ।
३७. शोधनायकका मित्र एन. खत्रीबाट प्राप्त जानकारी अनुसार ।
३८. शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

### ३.१.१० सम्पादक व्यक्तित्व

जीवेन्द्र देव गिरीको सम्पादक व्यक्तित्व पनि सशक्त रहेको छ । यिनले विभिन्न साहित्यिक पत्रिका देखि लिएर साहित्यत्तर र केही पुस्तकाकार कृतिहरूको सम्पादनको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेका छन् । कहिले एकल सम्पादक भएर त कहिले सम्पादक मण्डलको सदस्य भएर उनले सो कार्य सम्पादन गरेका छन् । **सुर्खेती ब्राह्माण समाजको स्मारिका** (२०४६) मा सम्पादक मण्डलकार सदस्यका रूपमा उनले काम गरे । यसरी नै सोही समाजबाट प्रकाशित **कविता कोसेली** (२०४७) र **साहित्य सौगात** (२०५१) का सम्पादक मण्डलका सदस्यका रूपमा पनि उनले काम गरे । सुर्खेती कल्याण समाजको प्रकाशन **साहित्य सुमन** (२०५२) को प्रधान सम्पादकका साथै त्यसयता वि.सं. २०५३ देखि निरन्तर रूपमा सो समाजले वार्षिक रूपमा प्रकाशित गर्दै आएको **साहित्य कोसेली** को प्रधान सम्पादकका रूपमा उनले काम गरेका छन् । साहित्य कोसेलीका अहिलेसम्म थुप्रै अङ्कहरू प्रकाशित छन् ।

चूडामणि बन्धुको प्रधान सम्पादकत्वमा प्रकाशित **बाल साहित्य** नामक अनुसन्धानात्मक पत्रिकाको चौथो र पाँचौ अङ्कको सम्पादक मण्डलका सदस्य भएर पनि गिरीले काम गरे । प्रगतिशील लेखक संघ सुर्खेतबाट प्रकाशित हुने **रातो थुगाँ,** पत्रिकाको कार्यकारी सम्पादक भएर वि.सं. २०५२ र २०५३ मा उनले काम गरेको पाइन्छ । **प्रलेस** पत्रिकाको सम्पादक मण्डलको सदस्यका रूपमा २०५२ देखि २०५६ सम्म उनले काम गरेका छन् । कोटेश्वर बहुमुखी क्याम्पसको मुखपत्र **दीपशिखा**को प्रधान सम्पादकको रूपमा २०५४ देखि २०५६ सम्म उनले काम गरेको पाइन्छ । **फक्रँदो कोपिला** नामक पत्रिकामा वि.सं. २०५६ मा सम्पादक मण्डलको सदस्य र २०६३ साल देखि त्यसको प्रधान सम्पादक भएर उनी काम गरिरहेका छन् । नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित हुने **सयपत्री** बहुभाषिक अर्धवार्षिक पत्रिकाको वि.सं. २०६१ देखि २०६३ सम्म प्रधान सम्पादकको रूपमा उनले काम गरेका थिए । त्यहीँबाट प्रकाशित हुने **प्रज्ञा** अनुसन्धानात्मक पत्रिकाको पनि प्रधान सम्पादक रूपमा वि.सं. २०६१ देखि २०६३ उनले काम गरेका थिए र हाल पनि सम्पादक मण्डलका सदस्य रहेका छन् । त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरबाट प्रकाशित हुने **वाङ्मय** पत्रिकाको प्रबन्ध सम्पादक मण्डलको सदस्यका रूपमा वि.सं. २०६३ देखि हालसम्म क्रियाशील छन् । **भिसमिसे** पत्रिकाको प्रधान सम्पादकका रूपमा उनले वि.सं. २०५७ देखि २०५९ सम्म काम गरेका छन् । **युगदूत** नामक नेकपा (एमाले) को केन्द्रीय

संस्कृति विभागको मुखपत्रको पनि केही समय सम्पादक मण्डलको सदस्य भएर उनले काम गरे ।

उनी सुर्खेतबाट प्रकाशन हुँदै आएको **सिम्ताली सुसेली** नामक साहित्यिक पत्रिकाको संरक्षक रहेका छन् । उनी सुर्खेती कल्याण समाजबाट प्रकाशित **कथा कोसेली** पत्रिकाको सल्लाहकार मण्डलका सदस्य रहेका थिए । साहित्य सन्ध्याबाट प्रकाशित हुने **लहर** पत्रिकाको सल्लाहकारका रूपमा पनि उनले काम गरेको पाइन्छ । उनले **भेरी-सन्देश** पत्रिकाको पनि सल्लाहकार भएर काम गरेका थिए । **शब्दाङ्कुर** पत्रिकाको वि.सं. २०६२ देखि हालसम्म निरन्तर रूपमा उनी सल्लाहकार रहेका छन् । उनले युद्ध प्रसाद मिश्र स्मृति प्रतिष्ठानबाट प्रकाशित **कुलमान सिंह भण्डारी स्मृति ग्रन्थ** को कार्यकारी सम्पादक र **स्मृतिमा कमल** (२०६४) को पनि सम्पादन गरेका छन् ।[३९]

## ३.१.११ राजनीतिक व्यक्तित्व

जीवेन्द्र देव गिरी आस्थाका आधारमा वामपन्थी राजनीतिक खेमासँग आबद्ध छन् । यिनी राजनीतिमा पहिलेदेखि नै रुचि राख्थे । यिनलाई राजनीतिक चासो २०१५ सालको चुनावमा बुबाले आफ्नो गाउँ काप्रीचौरमा चुनाव प्रचारमा आएका नेतासँग भेट गर्न सँगै लिएर गएदेखि जागेको हो । २०१८ सालमा सुर्खेतमा एक जना सिपाहीको हत्या, विद्यालय पढ्दा राजनीति प्रति बढी आकर्षित गरायो । एस.एल.सी. उत्तीर्ण गरेपछि भानु हाई स्कुल बजेडीचौर पढाउने बेला उनका गुरु वजेन्द्र नाथ दत्त पनि त्यही पढाउँथे । उनी भारतीय राजनीतिको चर्चा निक्कै गर्थे र लोहियाले नेहरू विरुद्ध गरेका गतिविधि, द्वितीय विश्व युद्धमा चर्चिलको भूमिका आदि बारे बताउँथे । गिरीमा उनका कुराले पनि राजनीतिप्रति रुचि जगाएको पाइन्छ । बेजडीचौरमा देवेन्द्र बी.सी. जस्ता नेकपा मा सङ्गठित साथीहरूको सङ्गतबाट उनको रुचि त्यता तानियो । २०२८ मा तुलसीलालद्वारा नेतृत्व गरिएको नेपाल कम्युनिस्ट पार्टीको सदस्यता सत्यदेव भट्टराईद्वारा प्राप्त गरेपछि उनी सुर्खेतको सिम्ता र सल्यानको बनगार क्षेत्रमा मानिसहरूलाई सङ्गठित गर्दै हिँडे र उनले त्यसका केही सेल कमिटी निर्माण गरे । बाँकेमा अध्यापन गर्दा नेतृत्वद्वारा उनलाई तुलसीलालसँग भारतको नानपारामा भेट गराइयो । त्यहाँबाट फर्केपछि अझ सक्रिय हुँदै उनले बाँकेको पुनर्वास कम्पनीका गाउँले र सुकुम्बासीहरूलाई पार्टीका कार्यकर्ता बाबुराम गौतमसँग उनको भेट भयो र उनीसँगको छलफलमा तुलसीलालको राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमभन्दा पुष्पलालको

३९. ऐजन ।

नयाँ जनवादी कार्यक्रम उनलाई मन पऱ्यो । नेपालको सन्दर्भमा मजदुर किसानको एकतामा हुने चीनको जस्तो क्रान्ति उपयोगी लाग्यो र उनले पुष्पलालको पार्टीको सदस्यता लिए । उनलाई तुरुन्तै बाँके जिल्ला सङ्गठन कमिटीको सदस्यको जिम्मेवारी दिइयो र तुलसीलालको सङ्गठनमा रहेका धेरै कार्यकर्ताहरू उनको अग्रसरतामा त्यो पार्टी छाडेर पुष्पलालद्वारा नेतृत्व गरिएको पार्टीमा प्रवेश गरे । उनी सङ्गठनका लागि गाउँ गाउँमा पार्टी कक्षाहरू सञ्चालन गर्दै र आन्दोलन सञ्चालन गर्दै गए र त्यसै बिच कमरेड बी.के. (केशव ज्ञवाली) केन्द्रबाट भेरी अञ्चल इन्चार्जका रूपमा आउनुका साथै २०३० मा भेरी अञ्चल सङ्गठन कमिटीको गठन भयो । गिरीलाई त्यस कमिटीको सचिवको जिम्मेवारी दिइयो जसमा बाबुराम गौतम, हस्त बहादुर पुन, लीला थापा, हरि प्रसाद पौडेल र रञ्जित गुरुङ सदस्य रहेका थिए । यसै बिच भारतको दरभङ्गामा पुष्पलालको उपस्थितिमा आयोजित किसान सम्मेलनमा भेरी अञ्चलको प्रतिनिधित्वका रूपमा गिरीलाई सहभागी गराइयो । त्यहाँबाट घर फर्कने क्रममा पार्टीका विभिन्न पत्रिका र पुस्तकहरू जोखिम लिई रविलाल शर्माको सहयोगमा बाँके भित्र्याई कार्यकर्ता बीच फिजाउने काम गिरीले गरेको पाइन्छ । त्यसपछि उनी लगायत अञ्चल कमिटीका सदस्यहरू सबैलाई पूर्णकालीन कार्यकर्ता हुन पार्टीले आग्रह गऱ्यो । त्यसका निम्ति वातावरण बनाउने निर्णय भयो । त्यसपछि घरायसी समस्या र पार्टीको जिम्मेवारीलाई ख्याल गरी उनी सुर्खेत उपत्यकामा बसी पढाउन थाले । त्यहाँबाट सुर्खेत र दैलेखमा पार्टी सङ्गठन विस्तार गर्ने विशेष जिम्मेवारी गिरीलाई दिइयो । सुर्खेतमा उनले किसान, बुद्धिजीवी र विद्यार्थीका माझ दरिलो सङ्गठन निर्माण गर्न सफल भएको देखिन्छ । यस पछि पूर्वी सुर्खेत उपत्यका र जिल्लाका विभिन्न भागमा विस्तार भयो र साना तिना आन्दोलन पनि देखा पर्न थाले । स्थानीय प्रशासनले उनी लगायत केही शिक्षकहरूको सरुवा गर्ने र तर्साउने काम गर्‍यो तर त्यसलाई शिक्षक, विद्यार्थी, बुद्धिजीवी र किसानहरूको सङ्गठित आन्दोलनले विफल तुल्याइ दियो । सुर्खेत उपत्यकामा पट्टु सिंह नेपाली नामका पार्टीमा सङ्गठित एक जना युवाले राजाको तस्विरमा एक पटक तेरो घोडा जङ्ग बहादुर चढेको हो, अब हामी चढ्ने छौ लेखे हुन् । त्यसै बिच राष्ट्रवादी विद्यार्थी मण्डलका उपेन्द्र कार्की नामका सदस्यले त्यो पोस्टर पुलिसकहाँ पुऱ्याए छन् र पुलिसले पट्टु सिंहलाई पक्राउ गर्‍यो । भोलि पल्ट बिहान उनका भतिजा डम्बर सिंह नेपाली (जो पार्टीको विद्यार्थी मोर्चामा सहभागी थिए) ले आफ्ना काकालाई खाना पुऱ्याउँदा त्यसैमा राखेको क गुरूपले मद्दत गर्छ नडराउनु भन्ने बेहोराको पत्र फेला पार्‍यो । त्यसपछि डम्बर पनि प्रकाउ परे । उनको बयान अनुसार मदन शर्मा, बलराम शर्मा आदि आठ जना प्रक्राउ परे भने गिरी

लगायतका केही जनालाई पक्राउ पुर्जी जारी भयो । त्यति बेला उनी नेपालगजमा बी.ए. को जाँच दिँदै थिए । त्यहीँबाट जाँच सकेर भूमिगत भएर । उनी केही काल अर्का पक्राउ पुर्जीमा परेका पार्टीका सदस्य लीलाधर गौमतमसँग एक महिना जति भारतको बहराइचमा बसे भने त्यसपछि बाँके, बर्दिया र सुर्खेतको भेरी दक्षिणको भागमा उनले आफ्नो कार्य जारी राखे । त्यतिखेर कठोर भूमिगत शैलीको जीवन उनले बिताए । त्यही बेला उनीलाई हुर्काउने बज्यैको मृत्यु एकातिर भयो भने अर्का तिर रोगी बुबाआमाका साथै साना भाइहरूले सुकुम्बासी बस्तीको बसाइ बिच अनेक जटिलताको सामना गर्नु पर्‍यो । यसपछि उनकी श्रीमती बिरामी भइन् । केही समय घरव्यवहार मिलाउन उनलाई अञ्चल कमिटीको निर्णयबाट छुट्टी दिइयो । त्यसपछि पार्टी केन्द्रीय कमिटीको विस्तारित बैठकमा भाग लिन अञ्चल सङ्गठन कमिटीको सचिवको हैसियतले उनी बनारस गए । बैठकमा पार्टी भित्रको आन्तरिक विवाद चर्को रूपमा देखा पर्‍यो । उनी निकटका नेतृत्वदायी साथीहरूले अर्को पार्टीमा जाने मनसाय व्यक्त गरे । यस स्थितिमा उनी घर नफर्की काठमाडौँतिर प्रवेश गरे । त्यहाँ पुगेपछि व्यावहारिक समस्याले उनी जागिरको खोजीमा लागे र पार्टीले उनलाई बागमती अञ्चल कमिटीमा सङ्गठित गर्‍यो । जसमा लोककृष्ण भट्टराई, रामसिंह रावल, पदमराज शाक्य सङ्गठित थिए । त्यसै बिच बागमती अञ्चल कमिटीका साथीहरू पक्राउ परे र उनी पनि पक्राउ पर्न सक्ने सूचना साथीहरूबाट पाए । उनी सपरिवार बर्दियामा रा.वि.से. पुरा गर्ने गरी फर्के । यसै बिच उनी त्रि.वि. को जागिरमा पोखरामा बस्नु पर्ने भयो । त्यहाँ मनमोहन अधिकारीद्वारा नेतृत्व गरिएको पार्टीसँग आबद्ध मधु गुरु (माधव ज्ञवाली) सँग सामान्य सम्पर्कमा रहे पनि कमिटीबद्ध भई काम गर्ने अवस्था रहेन । भेरी अञ्चलका कार्यकर्ताहरू विभाजित भई वैमनस्य चर्केको  र काठमाडौको पार्टी सम्पर्क टुटेकाले केही वर्ष उनी पार्टी सम्पर्क विहीन रहे । २०४६ सालमा पार्टीको एक कमिटीमा बानेश्वरमा सङ्गठित भई काम गर्न थाले । यसको लगत्तै विद्यावारिधि तहको विद्यार्थीका रूपमा उनलाई पार्टीले नेपाल प्रगतिशील विद्यार्थी युनियनको फ्रयाक्सन सचिवको जिम्मेवारी दियो । यसका साथै केन्द्रीय स्तरमा गठित बुद्धिजीवी सङ्गठनको सदस्यका रूपमा पनि उनलाई राखियो । त्यसपछि नेकपा (मार्क्सवादी) र नेकपा (माले) को एकीकरण भयो । त्यस एकीकरण पछि गिरीले कुनै माथिल्लो कमिटीको माग नगरी तल्लो तहबाट नै सङ्गठनमा काम गर्ने विचार गरे र काठमाडौँ वडा नं. १० को वडा कमिटीमा सङ्गठित भई बानेश्वर क्षेत्रमा सङ्गठनात्मक काम गरे । पछि वडा टुक्रिए पछि उनले वडा नं. ३४ को वडा कमिटीको सदस्यका रूपमा केही समय काम गरे । त्यहाँ केही वर्ष काम गरेपछि काठमाडौँको बुद्धिजीवी प्राध्यापक

इलाका कमिटी सदस्यका रूपमा उनी प्राध्यापकहरू बीच क्रियाशील रहे । त्यसपछि उनलाई पार्टीले केन्द्रीय संस्कृति विभागको जिम्मेवारी दियो । त्यहाँ बस्दा उनले पार्टीका महाधिवेशनमा कहिले पर्यवेक्षक र कहिले प्रतिनिधिका रूपमा पनि भाग लिए । २०६५ मा उनी राष्ट्रिय जन सांस्कृतिक महासंघको सल्लाहकारमा मनोनित भए । २०६६ सालदेखि उनी राष्ट्रिय जनसांस्कृतिक महासंघको सचिवालय सदस्य र जनसांस्कृतिक मञ्च नेपालको अध्यक्ष रूपमा क्रियाशील छन् । काठमाडौँको क्षेत्र नम्बर १ मा नेकपा एमालेको संगठन सुदृढ गर्न र आम निर्वाचनमा निर्वाचन परिचालन समितिको पटक-पटक महत्त्वपूर्ण जिम्मेवारी बहन गर्नुका साथै हाल पनि सो पार्टीमा आबद्ध भएर उनले निरन्तर रूपमा काम गर्दै आएका छन् ।[४०] फलस्वरूप उनलाई नेकपा (एमाले) काठमाडौँ जिल्ला सङ्गठन कमिटीले हालसालै कम्युनिस्ट योद्धाको सम्मान प्रदान गरेको छ ।

गिरी राजनैतिक रूपमा प्रतिबद्ध रहेकै कारण जन आन्दोलनहरूमा पनि उनको प्रत्यक्ष सहभागिता रहँदै आएको छ । प्रतिगमन विरोधी स्रष्टाहरूको आन्दोलनमा सडक कविता आन्दोलन सञ्चालन गर्ने काममा उनले एक अगुवाको भूमिका निर्वाह गरेका थिए भने सोही आन्दोलनमा प्रदर्शन गर्ने क्रममा प्रहरी हिरासतमा पनि परेका थिए । नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सदस्यका रूपमा क्रियाशील हुँदा पनि आन्दोलनका पक्षमा विज्ञप्ति जारी गर्ने तथा जन आन्दोलनमा घाइते भई उपचारको सिलसिलामा काठमाडौँको मोडेल अस्पतालमा आएका बिरामीहरूका लागि स्थापित जन आन्दोलन प्राथमिक स्वास्थ्य उपचार कोषमा आर्थिक सहयोग गर्ने काम गरेका थिए । यसरी नै जन आन्दोलनको भावना अनुरूप प्रज्ञा प्रतिष्ठानको पुनर्गठनलाई सहज तुल्याउन उनले आफ्नो पदावधि पुरा नहुँदै प्राज्ञ सदस्यको पदबाट राजीनामा दिएका थिए ।[४१]

४०. ऐजन ।
४१. ऐजन ।

## परिच्छेद चार

# जिवेन्द्र देव गिरीको कृतित्वको अध्ययन

साहित्यकार जीवेन्द्र देव गिरीले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । यी विधाहरूमा उनका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर लेख रचनाहरूको सूची निम्नानुसार प्रस्तुत गरिएको छ :

## ४.१ पत्र पत्रिकामा प्रकाशित फुटकर रचनाहरूको सूची

### ४.१.१ कथा

| क्र. सं. | शीर्षक | विधा | पत्रिका | वर्ष/सम्पादक | अङ्क | पूर्णाङ्क | पृष्ठ | साल |
|---|---|---|---|---|---|---|---|---|
| १. | मुटुले ढ्याङ्ग्रो ठोक्तै छ | कथा | मातृभूमि | | | | | २०३३ |
| २. | खैरालो | ” | कथा-कोसेली | सम्पादक थिर बहादुर जी.सी. र अन्य | | | १४–१५ | २०४९ |

### ४.१.२ कविता

| क्र. सं. | शीर्षक | विधा | पत्रिका | वर्ष/सम्पादक | अङ्क | पूर्णाङ्क | पृष्ठ | साल |
|---|---|---|---|---|---|---|---|---|
| ३. | मुस्कान अझै छरिएन | कविता | कविता कोसेली | सम्पादक जीवेन्द्र देव गिरी र अन्य | | | ९ | २०४७ |
| ४. | होसियार | ” | रातो थुँगा | ५ | ३ | | २३ | २०५२ |
| ५. | सुन्दर | ” | मध्यपश्चिमका कविता | | | | १०० | २०५३ |
| ६. | बज्यैको सम्झना | ” | ” | ६ | ४ | | १६५–१६६ | २०५३ |
| ७. | म त काठमाडौं बासी भएको छु । | ” | **साहित्य कोसेली** | छठौं साहित्यिक सँगालो | | | ५८ | २०५३ |
| ८. | झिलिमिली बिजुली | ” | मुना | ८ | २ | ८६ | ३ | २०५४ |
| ९. | परदेशीलाई | ” | ज्वाला | सम्पादक देवी पंथी | | | ९ | २०५४ |
| १०. | आस्था र श्रद्धा | ” | साहित्य कोसेली | आठौं साहित्यिक संगालो | | | ४७ | २०५५ |
| ११. | किन ? | ” | **झिसमिसे** | | | ३५ | ८० | २०५७ |
| १२. | समर्पण | ” | **शब्दाङ्कुर** | १ | १ | १ | | २०५८ |

### ४.१.३ गीत

| क्र. सं. | शीर्षक | विधा | पत्रिका | वर्ष/ सम्पादक | अङ्क | पूर्णाङ्क | पृष्ठ | साल |
|---|---|---|---|---|---|---|---|---|
| १३. | उठन किसान | गीत | सुर्खेती | १ | १ | | १४ | २०४७ |
| १४. | दुइ गीत | ” | सुर्खेती | २ | १ | २ | ४१–४२ | २०४७ |
| १५. | बाली नाली लह लह कल्ले बनायो | ” | तीज गीत | १ | १ | | ३–४ | २०५६ |
| १६. | लाग्छ रातो घाम | ” | अखिल नेपाल किसान संगठन | | | | | २०५७ (क्यासेट) |
| १७. | सानी सानी खोलीमा | ” | राष्ट्रिय जन सांस्कृतिक मञ्च | | | | | २०५८ (क्यासेट) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८. | झुल्के घाम | " | **लेकाली दशक स्मारिका** | १ | १ | | ९ | २०६५ |
| १९. | जनताको बहुदलयीय जनवाद प्यारो छ | " | **बुधबार** | १५ | १४ | | ४ | २०६६ |

## ४.१.४ निबन्ध

| क्र. सं. | शीर्षक | विधा | पत्रिका | वर्ष/सम्पादक | अङ्क | पूर्णाङ्क | पृष्ठ | साल |
|---|---|---|---|---|---|---|---|---|
| २०. | गोर दाई | निबन्ध | सुर्खेती | ३ | १/२ | ४/५ | ६–९ | २०४९ |
| २१. | म विशुद्ध साहित्यकार हुँ | " | साहित्य सुमन | ५ औं | साहित्यिक | सँगालो | ९६–१०० | २०५२ |
| २२. | राजनीति र म | " | नव ज्योति | सुर्खेत | शिक्षा क्याम्पसको | स्ववियु बुलेटिङग | ४५–४७ | २०५३ |
| २३. | कविवर युद्धप्रसाद मिश्रसँगको पहिलो भेट | " | प्रकाश | १५ | ११ | | | २०५३ |
| २४. | व्रह्मपुत्रका निम्तामा सुदामाका कनिका | " | व्रह्मपुत्र | २ | २ | | ६१–६४ | २०५३ |
| २५. | भेरी अञ्चमा विकासका सम्भावना | " | भेरी-सन्देश | १ | १ | | १३–१५ | २०५३ |
| २६. | जनप्रिय शिक्षकका जनहितकारी कुरा | " | शिव स्मृति स्मारिका | सम्पादक | कुमार थापा | | ३९–४० | २०५३ |
| २७. | लुम्बिनीबाट काँक्रीबिहार देखिन्छ त ? | " | प्रकाश | १४ | २२ | | १४–२२ | २०५३ |
| २८. | साहित्यमा नारा घुराउनेलाई कडा चेतावनी | " | नयाँ परिवेश | १ | २ | | ३२ | २०५३ |
| २९. | श्याम बाबुको मृत्यु | " | चम्किलो तारा | सम्पादक | लेखनाथ गुरागाई र अन्य | | ५९–६२ | २०५४ |
| ३०. | रानी पानीमा तिहारका दुई दिन | " | प्रकाश | १५ | ४६ | | | २०५४ |
| ३१. | मेरो प्रिय म | " | सङ्कल्प | २५ | साहित्यिक सँगालो | ६३ | ७७–७९ | २०५४ |
| ३२. | भूत | " | साहित्य कोसेली | सातौं | १ | | ३७–४० | २०५४ |
| ३३. | युवा | " | युग बाहक | १ | | | ३९–४२ | २०५४ |
| ३४. | राजनीति बोकेर तराई झर्दा | " | रातो थुँगा | ७ | | ५ | ७७–८० | २०५४ |
| ३५. | मास्टरवा कुछ टो लिख्डिएमा | " | झुल्को | | १ | | ७–९ | २०५५ |
| ३६. | संस्कृति कि विकृति | " | निर्माण | १९ | ३४ | | ८६७–८७१ | २०५६ |
| ३७. | सुर्खेतको राजनैतिक अभियानको एक वर्ष | " | साहित्य कोसेली | नवौं | साहित्यिक | | ३१–३५ | २०५६ |
| ३८. | बनारसको कोसेली बोकेर भेरीको भुइँ छुँदा | " | गोधूलि | | १० | | ६१–६८ | २०५६ |
| ३९. | गोकुल तिमी अहिले भएको भए के गर्थ्यौ ? | " | उत्साह | | | ५५ | | २०५६ |
| ४०. | इटहरी र अनुभूतिका विम्बहरू | " | **बुधबार** | ६ | १५ | | ४ | २०५७ |
| ४१. | निर्मल लामासँगको अविस्मरणीय क्षण | " | ज्ञानगुनका कुरा | ५ | २६ | | | २०५७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४२. | जनकलाल शर्माका कुरा सन्ने धोको नमेटिँदै | " | | भाग ५७ | जनकलाल स्मृति अङ्क २ | | २०५–२०९ | २०५७ |
| ४३. | विशिष्ट साहित्यिक प्रतिभा पारिजात | " | **साहित्य कोसेली** दसौं साहित्यिक सँगालो | | | | ३०–३३ | २०५७ |
| ४४. | प्रगतिशील विवाहको एक अनुकरणीय नमुना | " | सरोकार | | | | १३–१४ | २०५८ |
| ४५. | नया युगका पुराना चाला | " | सहस्राब्दी | १ | २ | | ३४ | २०५८ |
| ४६. | बदैयाको यात्रा र आत्मीय कोसेली | " | नव आकांक्षा | १ | २ | | २५–२६ | २०५८ |
| ४७. | चाकरी | " | **साहित्य कोसेली** एघारौं साहित्यिक सँगालो | | | | २२–२३ | २०५८ |
| ४८. | जनताको पोल्टामा एक वर्ष | " | युगदुत | २३ | ३ | | ८०–८६ | २०५८ |
| ४९. | छन्दले तान्दा | " | **शब्दाङ्कुर** | १ | ९ | ९ | ३ | २०५९ |
| ५०. | सम्झनामा सान्त्वना | " | फक्रँदो कोपिला | १ | १ | | २९–३० | २०५९ |
| ५१. | भवानी घिमिरेसँग नजिकिँदा | " | ज्ञानगुनका कुरा भाग ६६ | सम्पादक कुमार थापा | | | ४१–४५ | २०५९ |
| ५२. | मेरो स्मृतिमा लोककवि आलिमिया | " | अलमिया अभिनन्दन ग्रन्थ | सम्पादक रविलाल अधिकारी र अन्य | | | १३२–३१४ | २०६१ |
| ५३. | विद्वत्ता निर्भिकता बेजोड प्रतिभासँगको साक्षात्कार | " | जयराज पन्त : स्मृति र स्पन्दन | सम्पादक शेषराज शिवाकोटी | | | ९८–१०३ | २०६१ |
| ५४. | मेरो अनुभूतिमा जागृतिनगर | " | चम्किलो तारा | सम्पादक लेखनाथ गुरागाई र अन्य | | | २२–२५ | २०६१ |
| ५५. | मेरो सम्झनामा कृष्णराम मास्टर साहेव | " | कृष्णराम श्रेष्ठ एक बहुआयामिक व्यक्तित्व | सम्पादक जनकप्रसाद हुमागाई र अन्य | | | २६–२८ | २०६२ |
| ५६. | बालकृष्ण पोखरेलले आफूमा पारेको प्रभाव | " | प्राज्ञ बालकृष्ण पोखरेल अभिनन्दन ग्रन्थ | सम्पादक राधेश्याम लेकाली र अन्य | | | १०२–१०५ | २०६२ |
| ५७. | म मास्टर | " | शब्द-संयोजन | २ | १० | २२ | १६–२० | २०६२ |
| ५८. | यही मुखले गाली पाइन्छ यही मुखले ताली पाइन्छ | " | **झिसमिसे** | २९ | | ४१ | १०२–१०३ | २०६४ |
| ५९. | सरल जीवन र दृढ विचारका धनी कुलमानसिंह भण्डारी | " | कुलमानसिंह भण्डारी स्मृति : ग्रन्थ | सम्पादक श्याम प्रसाद र अन्य | | | ५७–५९ | २०६४ |
| ६०. | जनताका हृदयमा | " | **साहित्य** | चौधौ | | | ६१–६३ | २०६४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जनसाहित्यकार हुमागाई | | **कोसेली** | साहित्यिक संगालो | | | | |
| ६१. | रूख त बाङडै छ | ” | शब्द-संयोजन | ४ | ६ | ४१ | १५-१७ | २०६४ |
| ६२. | नेपालगन्जमा प्रगतिशील साहित्यिक जमघट | ” | **बुधबार** | १४ | ५ | | ४ | २०६५ |
| ६३. | संघीय लोकतान्त्रिक गणतन्त्रमा नयाँ संस्कृति | ” | **बुधबार** | १३ | ३२ | | ४ | २०६५ |
| ६४. | आँखा अगाडि नै अस्ताएका युद्धका योद्धा | ” | प्रकाश | २७ | ५ | | ४ | २०६५ |
| ६५. | गणतन्त्रको स्वागतमा रमाउँदा क्षण | ” | शब्द-संयोजन | ५ | २ | ४९ | ६४ | २०६५ |
| ६६. | जन्मथलो काप्रीचौरमा बटुलेका केही अनुभूति | ” | नवप्रज्ञापन | | | ४० | ३४-३८ | २०६५ |
| ६७. | प्रज्ञा प्रतिष्ठानमा मनोनयन र समस्या समाधानका जुक्ति | ” | **बुधबार** | १४ | १९ | | ४ | २०६५ |
| ६८. | संस्कृतिलाई जनताको बहुदलीय जनवादसँग कसरी गाँस्ने | ” | **बुधबार** | १३ | १४ | | ४ | २०६५ |
| ६९. | के लेखक सत्ता विरोधी भइरहन्छ ? | ” | **बुधबार** | १४ | ३५ | | ४ | २०६६ |
| ७०. | कहिले मर्दैनन् भवानी घिमिरे | ” | **बुधबार** | १४ | ४१ | | ४ | २०६६ |
| ७१. | उत्साहले भरिएका सुर्खेत र रूपन्देहीका समारोहहरू | ” | **बुधबार** | १५ | १४ | | ४ | २०६६ |
| ७२. | गण्डकी र धवलागिरीको भुमिका पाइला चाल्दा | ” | **बुधबार** | १५ | १० | | ४ | २०६६ |
| ७३. | बुटवल र बुटवल साहित्य कला प्रतिष्ठानका स्मृतिहरू | ” | बुटवल दर्पण स्कारिका | सम्पादक राम प्रसाद प्रदीप र अन्य | | | ४ | २०६६ |
| ७४. | दसै तिहारमा नयाँ संस्कृति | ” | **बुधबार** | १४ | ४५ | | ४ | २०६६ |
| ७५. | भाषिक पर्यटन : नेपालको थप आकर्षण | ” | प्रकाश | २७ | १६ | | ४ | २०६६ |
| ७६. | चन्द्रगढीको सम्झना | ” | **बुधबार** | १५ | २३ | | ४ | २०६७ |
| ७७. | नयाँ नेपालमा साँस्कृतिक रूपान्तरण | ” | सहयात्रा | | | ४ | ५९-६२ | २०६७ |
| ७८. | नेपालगन्ज भव्य साहित्यिक जमघट | ” | **बुधबार** | १५ | ३५ | | ४ | २०६७ |

## ४.१.५ अन्तर्वार्ता

| क्र. सं. | शीर्षक | विधा | पत्रिका | वर्ष | अङ्क | पूर्णाङ्क | पृष्ठ | साल |
|---|---|---|---|---|---|---|---|---|
| ७९. | श्याम प्रसाद सँग | अन्तर्वाता | रातो थुँगा | १ | १ | | ७-९ | २०४८ |
| ८०. | केवलपुरे किसान सँग | ” | ” | १ | २ | | ५-८ | २०४९ |
| ८१. | गोविन्द भट्ट सँग | ” | ” | ५ | ३ | | | २०५२ |
| ८२. | आनन्देव भट्टसँग | ” | ” | ७ | ५ | | | २०५४ |
| ८३. | सक्षम र असक्षमलाई सम्मान रूपमा | ” | साप्ताहिक | १ | १ | | | २०५२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रतिस्पर्धामा कुदाउन सकिंदैन ( कैलाशनाथ प्याकुरेलसँग) | | चासो | | | | | |
| ८४. | राजनीतिमा लागेका पार्टीहरूले सरकार बनाउने चाहना राख्दैनन् भने उनीहरूले झोली तुम्बा भिरेर जङ्गल तिर लागे हुन्छ। (वामदेव गौतमसँग) | " | भेरी सन्देश | १ | १ | | २-११ | २०५३ |
| ८५. | आज जस्तै भविष्यमा जहाँ रहे पनि जनताको माझमा रहने छु | " | देउती साप्ताहिक | | | | | २०५७ |
| ८६. | अन्तर्वार्ता | " | नव आकांक्षा | १ | ३ | | २७-२८ | २०५८ |
| ८७. | प्रज्ञा प्रतिष्ठानले पूर्वाग्रही भएर हेर्छ | " | शुभारम्भ | ७ | ४ | | | २०५८ |
| ८८. | एकै छिन | " | नव युग | १९ | १५-१६ | | | २०५८ |
| ८९. | प्रजातन्त्र आयो विद्यामा क्रान्ति आएन (नयराज पन्तसँग) | " | **झिसमिसे** | २४ | | ३७ | ७-३२ | २०५९ |
| ९०. | अव प्रगतिशील आन्दोलनलाई टेवा पुग्नेछ | " | **बुधबार** | ९ | ४७ | | | २०६१ |
| ९१. | बेवास्ताभन्दा टीकाटिप्पणी हुनु स्वागत योग्य कुरा हो | " | शब्द-संयोजन | १ | ८ | | ११-१६ | २०६१ |
| ९२. | साहित्यिक क्षेत्रको लगानीमा कन्जुस्याँइ गर्नु हुन्न | " | राष्ट्र पथ | ४ | १५ | | ६ | २०६२ |

## ४.१.६ समालोचना

| क्र. सं. | शीर्षक | विधा | पत्रिका | वर्ष/ सम्पादक | अङ्क | पूर्णाङ्क | पृष्ठ | साल |
|---|---|---|---|---|---|---|---|---|
| ९३. | तरुण तपसी नव्यकाव्यको महाकाव्य स्वरूप | समालोचना | अछेता | ४ | १० | | १०८-११६ | २०४२ |
| ९४. | अनुराधाको मूल भूत प्रवृत्ति र वैशिष्ट्य | " | संचेतना | ६ | ११/१२ | | १-११ | २०४३ |
| ९५. | जन ढुकढुकीमा जीवित कवि युद्ध प्रसाद मिश्र | " | रातो थुँगा | १ | १ | | १-१३ | २०४८ |
| ९६. | बाल साहित्यमा श्याम प्रसाद | " | बाल साहित्य | ५ | | | २०-२४ | २०४८ |
| ९७. | लीलाधर गौतम : साधनारत नाम | " | लहर | १५ | २६ | | १७-१९ | २०५१ |
| ९८. | नेपाली भाषाको उत्थानमा चूडामणि रेग्मीको योगदान | " | समीक्षा क्रम | १४ | १-६ | | २४-२७ | २०५३ |
| ९९. | भक्त बहादुर नेपालीको साहित्यिक यात्रा एक अवलोकन | " | नौलो कोसेली | | १६ | | १०-१८ | २०५३ |
| १००. | ऋषिराम न्यौपानेका कविता काव्य नियाल्दा | " | साथी | १२ | १ | | १७-१९ | २०५३ |
| १०१. | युद्ध प्रसाद मिश्रको चिन्तन र चरित्रमा मेल | " | वाङ्मय | १३ | | ७ | ४६-६५ | २०५३/५४ |
| १०२. | कृष्ण प्रसाद पराजुलीको सुन्तली मैयाँ गीतिकाव्य भित्र प्रगतिशीलता | " | दीप शिखा | ११ | ५ | ५ | ८-१७ | २०५७ |
| १०३. | सिर्जनाका फुलमा मोहन दुवाल | " | ज्ञानगुनका कुरा | | | | १२०-१२८ | २०५७ |
| १०४. | जनमनका कवि केवल पुरे किसान | " | नौलो कोसेली | | १९ | | ८१-९२ | २०५८ |
| १०५. | प्रगतिशील लेखक सङ्घ : प्राप्ति र चुनौती | " | प्रलेस | १ | ९ | ९ | ३ | २०५९ |
| १०६. | समको मुकुन्द इन्दिरामा लोक साहित्यको प्रभाव | " | गरिमा | २१ | ३० | २४३ | ७८-८३ | २०५९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०७. | भविष्य निर्माण कथाको विचार पक्ष | " | बनिता | | | | ६७–७१ | २०५९ |
| १०८. | प्रगतिगमन विरुद्ध घन्किएको साहित्य संस्कृति कर्मीको आवाज | " | संस्कृति | | ५ | | ११७–१२१ | २०६० |
| १०९. | आख्यानका उज्यालामा मोदनाथ प्रश्रित | " | कुञ्जिनी | ११ | ८ | | ४०–५३ | २०६० |
| ११०. | नेपाली साहित्यका जाज्वल्यमान नक्षत्र हृदय चन्द्र | " | सगर्भ | १ | १ | | १६–१७ | २०६१ |
| १११. | जनक प्रसाद हुमागाईंको काव्यकारिता | " | वेदना | ३२ | १ | ७१ | २३–३२ | २०६२ |
| ११२. | निबन्धकारका रूपमा मोदनाथ प्रश्रित | " | यथार्थवादी नेपाली समालोचना | सम्पादक घनश्याम ढकाल | | | ५९९–६११ | २०६२ |
| ११३. | प्रेम विवाह र महिला मुक्तिमा श्याम प्रसाद | " | नागर्जुन | ४ | १ | ११ | ६९–७३ | २०६२ |
| ११४. | नेपाली साहित्यमा रमेश विकल | " | फकदो कोपिला | ६ | | ३ | ९–१३ | २०६४ |
| ११५. | बाल उपन्यास लेखनको स्थिति र प्रभाव | " | मितेरी | २६ | ३ | | ११–१५ | २०६४ |
| ११६. | साहित्यका असल यात्री वासुदेव अधिकारी | " | गरिमा | २६ | १० | ३१० | ८१–८८ | २०६५ |
| ११७. | अग्नि शिखाका कृतिभित्र विशिष्ट भाषाशैली | " | शब्द-संयोजक | ५ | १० | ५७ | ५७–६३ | २०६५ |
| ११८. | गोकुल जोशीका कवितामा प्रगतिवाद | " | हाम्रो यात्रा | १ | १ | | ६–१३ | २०६५ |
| ११९. | देवकोटाको पागल कविताको विश्लेषण | " | मध्य पश्चिमका समालोचना | सम्पादक गोपाल प्रसाद शर्मा अधिकारी र अन्य | | | ४४–५३ | २०६६ |
| १२०. | नेपाली टुक्काको अध्ययनमा चूडामणि रेग्मी | " | चूडामणि रेग्मी अभिनन्दन ग्रन्थ | सम्पादक कृष्ण प्रसाद रेग्मी र अन्य | | | ७६५–७७५ | २०६६ |
| १२१. | दलितका पक्षमा एक सुन्दरी च्यामिनीप्रति कवितामा देवकोटा | " | बगर | २८ | | ८२ | १०४–१०९ | २०६६ |
| १२२. | देवकोटाको कृषिवाला गीतिनाट्यमा प्रगतिशील चेतना | " | भृकुटी | | | ५ | १४२–१५९ | २०६६ |
| १२३. | के नेपाल सानो छ ? निबन्धमा देशभक्ति | " | दीपशिखा | २० | १२ | १२ | १९–२४ | २०६६ |
| १२४. | भरत राज पन्तको दिनेश शोककाव्यमा बगेको आँसु | " | शब्द-संयोज | ६ | ९ | ६८ | ३७–४० | २०६६ |
| १२५. | भवानी घिमिरे : एक व्यक्ति अनेक कर्म | " | गरिमा | २७ | ११ | ३२३ | २२–२८ | २०६६ |
| १२६. | अक्टोपसहरूमा कवित्व र विचारको संयोजन | " | जुही | २९ | ३ | ६० | १३९–१५५ | २०६६ |
| १२७. | छाउपडीमा चेतनाको स्वर | " | अविरल | ४ | १ | | १४–२२ | २०६६ |
| १२८. | नेपाली साहित्यमा रमेश विकलको योगदान | " | शब्द-संयोजक | ६ | ११ | ७० | ९९–१०७ | २०६६ |
| १२९. | रमेश विकल र उनको बाल साहित्य सिर्जना | " | रश्मि | २६ | १ | | ४३–५९ | २०६७ |
| १३०. | देवकोटाका कृतिमा लोक जीवनको | " | वैचारिक | सम्पादक | | | ८५–९९ | २०६७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रतिबिम्व | | आलोक महाकवि देवकोटा | देवी नेपाल | | | | |
| १३१. | शब्द-संयोजनको विशेषाङ्कमा महाकवि देवकोटा | ” | र्मिमिरे | २९ | १ | २९६ | ९२-९८ | २०६७ |
| १३२. | जन पक्षीय साहित्य सिर्जनामा विष्णु भक्त फुँयाल | ” | प्रज्ञा | ४० | | १०३ | २९-४७ | २०६७ |
| १३३. | मुनामदनमा लोक तत्व | ” | कुञ्जिनी | १६ | १३ | | ४१-४६ | २०६७ |

## ४.१.७ भूमिका

| क्र. सं. | शीर्षक | विधा | लेखक | प्रकाशक | साल |
|---|---|---|---|---|---|
| १३४. | संकल्प | भूमिका | श्रीमती चन्द्रा शर्मा थानी | चक्रपाणि शर्मा | २०५१ |
| १३५. | जागृतिका स्वरहरू | ” | दुर्गा राना | राष्ट्रिय लाली गुँरास समुह भक्तपुर | २०५३ |
| १३६. | नेकपा (एमाले) सरकारको नौ महिने कार्यकाल | ” | ध्रुव बस्नेत | अक्ष्यलो प्रकाशन, काठमाडौँ | २०५३ |
| १३७. | चम्चा चिन्तन | ” | नरनाथ लुइँटेल | जुँगा प्रकाशन काठमाडौँ | २०५५ |
| १३८. | वाउरे | ” | पुरमल बस्नेत सिम्ताली | श्रीमती प्रेमा बस्नेत तथा श्री लेखक बस्नेत सिम्ता सुर्खेत | २०५६ |
| १३९. | विश्लेषण र मूल्याङ्कन | ” | कमला पराजुली | श्रद्धा प्रकाशन भोजपुर | २०५६ |
| १४०. | जब जनता विउँझन्छन् | ” | पृथ्वी बहादुर सिंह | मित्र पुस्तक प्रकाशन काठमाडौँ | २०५७ |
| १४१. | कुहिरो र काग | ” | बलभद्र भारती | सिर्जनशील प्रकाशन काठमाडौँ | २०५८ |
| १४२. | जुत्ता दर्शन | ” | गणेश प्रसाद ओझा | गणेश प्रसाद ओझा | २०५८ |
| १४३. | आमा छोरी | ” | नर्मदेश्वरी सत्याल र जयन्ती स्पन्दन | साहित्य सन्ध्या नेपाल काठमाडौँ | २०५८ |
| १४४ | नेपली साहित्यमा दैलेखको योगदान | ” | बालाराम उपाध्याय आचार्य | श्रीमती पुष्पादेवी उपाध्याय बडलम्बी ५ दैलेख | २०५८ |
| १४५. | छोरी विराना किन | ” | पीताम्बर भण्डारी | प्रलेस सिन्धुपालञ्चोक | २०५९ |
| १४६. | कोलाहलहरू | ” | कृष्ण प्रसाद ओली | कृष्ण प्रसाद ओली | २०५९ |
| १४७. | किरिया विद्रोह | ” | चूडामणि गिरी | चूडामणि गिरी | २०६० |
| १४८. | चम्किला चौध कोपिला | ” | विजयराज आचार्य | विवेक सिर्जनशील प्रकाशन प्रा.लि., काठमाडौँ | २०६० |
| १४९. | चमत्कारी कुची | ” | अनुवाद वाङ चुङ | विवेक सिर्जनशील प्रकाशन प्रा.लि., काठमाडौँ | २०६१ |
| १५०. | जुगजुग जियो | ” | कामना प्रसाद चौधरी | सालिराम सन्तगौवा थारू र अन्य | २०६२ |
| १५१. | खेतबारीका गीत | ” | जनक प्रसाद हुमागाईं | जनमत प्रकाशन | २०६३ |
| १५२. | गीतमाला | ” | मान साग्नि | मानसाग्नि वाङ्मय विभाग | २०६४ |
| १५३. | खुर्सानी बारी | ” | गुणाकर भुसाल | क्षित प्रकाशन काठमाडौ | २०६६ |
| १५४. | पहिलेका भ्रमण अहिलेका संस्मरण | ” | कलाधर काफ्ले | जनमत प्रकाशन बनेपा काभ्रेपलाञ्चोक | २०६६ |
| १५५. | सिङ्गै कविता जिउँदा किसान | ” | केवलपुरे किसान | विवेक सिर्जनशील प्रकाशन | २०६६ |
| १५६. | युवाका आँखामा जननेता मदन भण्डारी | ” | युवराज भण्डारी | मदन भण्डारी फाउन्डेसन विनायक नगर काठमाडौ | २०६७ |

## ४.१.८ समीक्षा र टिप्पणी

| क्र. सं. | शीर्षक | विधा | पत्रिका | वर्ष/सम्पादक | अङ्क | पूर्णाङ्क | पृष्ठ | साल |
|---|---|---|---|---|---|---|---|---|
| १५७. | दिलमाया रमेश विकल | समीक्षा | बाल साहित्य | सम्पादक चूडामणि बन्धू | | | ६३ | २०४५ |
| १५८. | कृष्ण प्रसाद पराजुली : आस्थाका आयाम | " | रश्मि | १ | १ | | ३७-४० | २०४७ |
| १५९. | नेपाली बाल साहित्यमा चुनिएका पुस्तकहरूको सूची | " | बाल साहित्य | नेपाल बाल साहित्य समाज | | | | २०५० |
| १६०. | कृती र कृति | " | कृती र कृति | लेखक चूडामणि रेग्मी | | | आवरण पृष्ठ | २०५३ |
| १६१. | तीन संवतसर | " | प्रलेस | ४ | ५ | | १११ | २०५३ |
| १६२. | काशी बहादुर श्रेष्ठ स्मृति ग्रन्थ | " | उदय | ६० | २ | | २४-२६ | २०५४ |
| १६३. | जीवेन्द्र देव गिरीद्वारा गरिएको टिप्पणी | " | साहित्य अभियान | १ | १ | | २४-४३ | २०५५ |
| १६४. | टिप्पणी | " | जनसंस्कृति | | १ | | ३१ | २०५७ |
| १६५. | पुरमल बस्नेत सिम्तालीको बाउरे कविता सङ्ग्रह हेर्दा | " | **साहित्य कोसेली** | सातौ साहित्यिक सँगालो | | | १२१ | २०५८ |
| १६६. | साझा आन्दोलनको उपलब्धि दुरूपयोग गर्न दिनु हुँदैन | " | प्रलेस | ६ | १२ | | ९१-९७ | २०५९ |
| १६७. | विचारले चलखेल गर्नु पर्छ, विचार माझिनु पर्छ | " | प्रलेस | ७ | १३ | | २३६-२३८ | २०५९ |
| १६८. | समयका ज्वारभाटा र जर्मुराएका जिन्दगीहरू | " | नव युग | १५ | ३ | | ३४-३५ | २०६१ |
| १६९. | विजय सुब्बाका गीत र गजलहरू | " | झिसमिसे | २७ | | ३८ | ६८ | २०६२ |
| १७०. | टिप्पणी | " | भारतीय नेपाली कविता वृतमा डा. पवन चामलिङ्को योगदान | लेक महेश प्रसाई | | | १६५ | २०६२ |
| १७१. | सहभागी जीवेन्द्र देव गिरीबाट व्यक्त अभिव्यक्ति | " | सांस्कृतिक रूपान्तरणको प्रश्न | | | | ७२-७४ | २०६३ |
| १७२. | जन साहित्य मञ्च : केही सुझाब, केही अपेक्षा | " | संस्कृति | | ७ | | २३-२६ | २०६७ |

## ४.१.९ भाषा

| क्र. सं. | शीर्षक | विधा | पत्रिका | वर्ष/ सम्पादक | अङ्क | पूर्णाङ्क | पृष्ठ | साल |
|---|---|---|---|---|---|---|---|---|
| १७३. | सिम्ताली भाषिका : कथ्य नेपाली कै एक भेद | भाषा | वाङ्मय | ४ | | ४ | २०-२५ | २०४०/४१ |
| १७४. | सिम्ताली धातुको वर्गीकरण | " | रूप-रेखा | २६ | १ | २८९ | ५१-५८ | २०४२ |
| १७५. | भेरी क्षेत्रमा प्रचलित नेपाली क्रियामा 'त' र 'द' झै 'न' का विविध रूप | " | गरिमा | ८ | ९ | ९३ | ६०-६३ | २०४७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७६. | भेरी क्षेत्रमा प्रचलित नाता सम्बन्धी शब्द | " | मधुपर्क | २७ | १ | ३०० | ८ | २०५१ |
| १७७. | मदन भण्डारीका भाषणमा भाषिक विशेषता | " | शताब्दी | १ | ५ | | ५८–६० | २०५४ |
| १७८. | भाषाको परिभाषा | " | दीशिखा | ८ | २ | | ९–१० | २०५४ |
| १७९. | भाषालाई समृद्ध पारौं : राष्ट्रका विभिन्न भाषा भाषिका शब्दहरूको प्रयोग गरौं | " | कौशिका | १ | २ | | ९–११ | २०५६ |
| १८०. | समीभवन र त्यसका प्रकार | " | सिद्ध पाइला | १ | १ | | २०–२१ | २०६१ |
| १८१. | भेरी क्षेत्रीय नेपालीमा 'नेस' प्रत्यय | " | मधुपर्क | ३७ | १० | ४२९ | ३२–३३ | २०६१ |
| १८२. | बहुभाषिक फुलबारीका रूपमा नेपाल | " | पृथ्वी जयन्ती स्मारिका | सम्पादक जगतमान गुरुङ | | | ३२–३६ | २०६१ |
| १८३. | बालबालिका र मातृभाषा | " | समष्टि | २६ | १ | | १०–१५ | २०६२ |
| १८४. | भेरीको भूमिमा उभिएर 'दिव्योपदेश' को भाषालाई नियाल्दा | " | पृथ्वी स्मारिका | सम्पादक जगतमान गुरुङ | | | १७–१८ | २०६२ |
| १८५. | नेपालका भाषाहरूको स्थिति र भविष्यका सम्भावनाहरू | " | **झिसमिसे** | २८ | | ३९ | ९२–९७ | २०६३ |
| १८६. | सिम्ताली भाषिकाको मुक्त वर्गको शब्दका रूपमा नामपद | " | वाङ्मय | १३ | | १३ | १९–२५ | २०६३/६४ |
| १८७. | गुरुको गुरुङ्गो शोध प्रबन्ध | " | कृति र स्मृतिमा डा. बल्लभमणि दाहाल | सम्पादक गंगाप्रसाद उप्रेती र अन्य | | | १४२–१४४ | २०६४ |
| १८८. | भेरी क्षेत्रीय नेपालीमा क्रिया विशेषणको क्रियाकरण | " | दीपशिखा | १८ | ११ | ११ | ९०–९४ | २०६४ |
| १८९. | भाषाको वैज्ञानिक अध्ययनका रूपमा भाषा विज्ञान | " | सम्प्रेषण | ४ | ४ | | ८२–८४ | २०६४ |
| १९०. | भेरी क्षेत्रीय नेपालीमा शब्द निर्माण - प्रक्रिया | " | भृकुटी | १ | २ | | ७८–८६ | २०६५ |
| १९१. | नेपाली वर्ण विन्यासमा समयानुकूल सुधार | " | फक्रँदो कोपिला | ८ | | ५ | १–८ | २०६६ |
| १९२. | लेखन पद्धतिको उद्भव र विकास | " | सम्प्रेषण | ६ | ६ | | ८७–९० | २०६६ |
| १९३. | भाषिक समस्या र समाधानका उपाय | " | नवयुग | २० | ११/१२ | | ५८–६० | २०६७ |
| १९४. | झर्रो नेपाली आन्दोलन | " | | | ३ | ६१ | १३३–१३८ | २०६७ |
| १९५. | भाषिक निर्धारणको सिद्धान्त र नेपालीका भाषिकाको निर्धारण | " | नौलो पाइलो | १ | १ | | १–१० | २०६७ |
| १९६. | सबैको नेपाली : पाठ्यक्रमदेखि पठन पाठनसम्म | " | नवप्रज्ञापन | | | ५० | ३०२–३१० | २०६७ |
| १९७. | लेख्य नेपालीको एकरूपीकरण र सबैको नेपाली | " | नौलो पाइलो | १ | २ | | ३८–४० | २०६७ |
| १९८. | सिम्ताली भाषिकाका मूलभूत विशेषता | " | साहित्य कोसेली | सत्रौं साहित्यिक सँगालो | | | ५८–६१ | २०६७ |
| १९९. | नेपालको भाषानीति : विगत, वर्तमान र भविष्य | " | दौंतरी | १६ | १ | १३ | १६–२४ | २०६७ |
| २००. | भाषिका अध्ययनका आधारका रूपमा भाषिका विज्ञान | " | अन्वेषण | १ | १ | | १५–१८ | २०६७ |

### ४.१.१० लोकवार्ता

| क्र. सं. | शीर्षक | विधा | पत्रिका | वर्ष/ सम्पादक | अङ्क | पूर्णाङ्क | पृष्ठ | साल |
|---|---|---|---|---|---|---|---|---|
| २०१. | लःऱ्या लोक -नृत्य एक परिचय | लोक वार्ता | हिमाली सौगात | ९ | ३ | | २-४ | २०४० |
| २०२. | सुर्खेती संस्कृतिका केही विशेषता | ” | सुर्खेती कल्याण समाज स्मारिका | सम्पादक जीवेन्द्र देव गिरी र अन्य | | | २१-२५ | २०४६ |
| २०३. | भेरी क्षेत्रमा प्रचलित नेपाली लोकगीत | ” | उदय | ६० | ६ | ८९ | १२-१७ | २०५४/ ५५ |
| २०४ | नेपाली लोक कथामा नारी पात्र | ” | मधुपर्क | ३५ | ४ | ३९९ | १३८-१४२ | २०५९ |
| २०५. | नेपाली लोक गीतमा नारीका बह | ” | नव आकांक्षा | २ | १ | ५ | ११-१३ | २०५९ |
| २०६. | थारू संस्कृतिका केही आयाम | ” | मितेरी | २४ | २ | | ३१-३४ | २०६१ |
| २०७. | नेपाली जन जीवनका व्यथा | ” | दायित्व | २० | | ५४ | ३८-३९ | २०६३ |
| २०८. | सुर्खेतमा प्रचलित केही लोक नाच र तिनमा गाइने गीतहरू | ” | प्रज्ञा | ४० | | १०२ | १४-२७ | २०६६ |
| २०९. | नेपाली लोक गीतमा जातीय समानताका अभिव्यक्ति | ” | जनमत | २७ | २ | १५१ | २५-२६ | २०६६ |
| २१०. | भेरी क्षेत्रमा प्रचलित केही सिलोक | ” | लोक संस्कृति | ४ | २ | ७ | १०-१८ | २०६७ |
| २११. | तिजका गीत : परम्परा र परिवर्तन | ” | भृकुटी | | | ६ | १६८-१८१ | २०६६ |
| २१२. | सिङारु नाच र गाईने लोक गीत | ” | मधुपर्क | ४३ | ३ | ४९४ | १८-१९ | २०६७ |

## ४.२ प्रकाशित पुस्तकाकार कृतिको सूची

| २१३. | पुस्तकको नाम | एकल/सहलेखन | प्रकाशक | साल |
|---|---|---|---|---|
| २१४. | नेपाली साहित्य शृङ्खला (भाग १) | जीवेन्द्र देव गिरी (सहलेखन) | काठमाडौ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. | २०५२ |
| २१५. | नेपाली साहित्य शृङ्खला (भाग २) | ” | ” | २०५२ |
| २१६. | भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण | जीवेन्द्र देव गिरी | काठमाडौ : पार्वती गिरी | २०५३ |
| २१७. | लोक साहित्यको अवलोकन | ” | काठमाडौ : एकता प्रकाशन | २०५७ |
| २१८. | हाम्रो लोक गाथा | ” | ” | २०५७ |
| २१९. | नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान | ” | काठमाडौ : विवेक सिर्जनशील प्रकाशन, प्रा.लि. | २०६१ |
| २२०. | भाषा विज्ञान, भाषा र भाषिका | ” | काठमाडौ : एकता प्रकाशन | २०६३ |
| २२१. | नेपाली लोक साहित्यमा जन जीवन | ” | ” | २०६७ |
| २२२. | सबैको नेपाली | ” | ललितपुर : साझा प्रकाशन | २०६७ |
| २२३. | साहित्यकार जनकप्रसाद हुमागाइँ | ” | काठमाडौ : नेपाल बाल साहित्य समाज | २०६७ |

## ४.३ कथा कृतिको अध्ययन

जीवेन्द्र देव गिरीले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएको पाइन्छ । ती विधाहरू मध्येको कथा पनि एक हो । गिरीले दुईवटा मात्र कथा प्रकाशित गरेर भए पनि आफूलाई कथाकारका रूपमा चिनाउन खोजेका छन् । उनका कथाहरू 'मुटुले ढयाङ्ग्रो ढोक्दै छ' **मातृभूमि** (२०३३) पत्रिकामा र 'खैरालो' **कथा-कोसेली** (२०४९) प्रकाशित भएका छन् । उनले नेपाली साहित्यमा प्रवेश गर्दा अँगालेको विधा कथा नै हो । यी कथाहरूमा विद्यार्थीको समस्या र भेरी क्षेत्रका खैरालाहरूले खैयर काट्न जाँदा पाउने दुःखको वर्णन पाइन्छ । यी कथाहरू सामाजिक समस्यासँग सम्बन्धित छन् । उनको कथा लेखनले उनको गद्यात्मक अभिव्यक्तिको परिचय प्रस्तुत गरेका छ र यस तर्फ उनको लेखन अगि बढेको भए पनि नेपाली साहित्यले कथाका क्षेत्रमा उनीबाट महत्त्वपूर्ण सिर्जना प्राप्त गर्न सक्ने सम्भावना भएको सङ्केत गरेको छ । उनले भने कथातर्फ विशेष रुचि नलिइ अरू नै क्षेत्रलाई बढी महत्त्व दिएको पाइन्छ ।

## ४.४ कविता र गीतहरूको अध्ययन

### ४.४.१ कविताको अध्ययन

जीवेन्द्र देव गिरीले नेपाली साहित्यका विभिन्न विधाहरूमा कलम चलाएको पाइन्छ । ती विधाहरू मध्ये कविता पनि एक हो । गिरीले लगभग दुई दर्जन जति कविताहरू सिर्जना गरेका छन् भने उनका लगभग एक दर्जन जति कविताहरू विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका हुन् । उनका यी प्रकाशित कविताहरूमध्ये **कविता कोसेली** (२०४७) पत्रिकामा प्रकाशित 'मुस्कान अझै छरिएन' पहिलो कविता हो । उनका प्रकाशित कविताहरूको निम्नानुसार अध्ययन गरिएको छ :

#### क) मुस्कान अझै छरिएन

जीवेन्द्र देव गिरीको हालसम्म प्राप्त प्रथम प्रकाशित कविता 'मुस्कान अझै छरिएन', **कविता कोसेली** (२०४७) पत्रिकामा प्रकाशित भएको छ । यो कविता ४ श्लोकमा संरचित छ । यसका प्रत्येक श्लोकमा चार पङ्क्ति छन् । यो कवितामा २०४६ साल पश्चात् नेपालमा परिवर्तन आए पनि परिवर्तनको अनुभूति कुनै पनि बस्तीका मानिसले गर्न नपाएको विषयवस्तु प्रस्तुत गरिएको छ । यसमा नेपालको सत्ता परिवर्तन भए पनि व्यवहारमा परिवर्तन हुन नसकेको यथार्थ अवस्थालाई देखाइएको छ । यस कविताको प्रत्येक पङ्क्तिका अन्त्यमा आएका सुसाएन, भएन, तानिएन,

छरिएन जस्ता शब्दहरूको संयोजनले गर्दा आनुप्रसिक छ र बद्ध लयमा आबद्ध हुन पुगेको देखिन्छ । यस कवितामा लोक छन्दको प्रयोग भएको छ । प्रस्तुत कवितामा सरल, सरस र सहज, भाषाशैलीको प्रयोग गरिएको छ ।

### ख) होसियार

जीवेन्द्र देव गिरीको 'होसियार' कविता **रातो थुँगा** (वर्ष ५ पूर्णाङ्क ४, पृ. २३, २०५२) पत्रिकामा प्रकाशित भएको छ । यो कविता असमान पङ्क्तिहरूका छ अनुच्छेदमा संरचित छ । यसका प्रत्येक अनुच्छेदमा ७ पङ्क्ति रहेका छन् । यस कवितामा सबै जनताले आफ्नो हक अधिकारका लागि सदैव सचेत रहनु पर्ने विषयको उद्घाटन गरिएको छ । प्रस्तुत कविताले देशमा पुनः क्रान्ति आवश्यक भएको भाव व्यक्त गरेको छ । यो कविता गद्य लयमा रचिएको छ । यस कविताको भाषा सरल सहज छ र त्यत्तिकै व्यञ्जनात्मक पनि छ ।

### ग) सुन्दर

जीवेन्द्र देव गिरीको 'सुन्दर' कविता **मध्यपश्चिमका कविता** (२०५३) कवितासङ्ग्रहमा प्रकाशित छ । यो कविता ४ श्लोकमा संरचित छ । यसका प्रत्येक श्लोकमा ४ पङ्क्ति रहेका छन् । यस कवितामा गाउँका सोझा सिधा श्रमिकहरूलाई ठुला ठालु भनाउँदाहरूले शोषण गरेको हुँदा त्यसका विरुद्ध सबै जागरुक हुनुपर्ने विषय प्रस्तुत गरिएको छ । यस कवितामा क्रान्तिकारी भाव रहेको पाइन्छ । यसमा कविले घरा, कुरा टाकुरा घरा जस्ता अन्त्यानुप्रासको प्रयोग गरिएको पद्य लयको उपयोग गरेका छन् । यस कवितामा १९ अक्षरे शार्दूलविक्रीडित छन्दको प्रयोग भएको छ । यो पनि सरल, सरस र सहज भाषाशैलीको प्रयोग गरिएको कविता हो ।

### घ) बज्यैको सम्झना

जीवेन्द्र देव गिरीको 'बज्येको सम्झना' कविता **रातो थुँगा** (वर्ष ६, पूर्णाङ्क ४, पृ. १६५-१६६, २०५३) पत्रिकामा प्रकाशित भएको छ । यो कविता ९ श्लोकमा संरचित छ । प्रत्येक श्लोकमा ४ पङ्क्ति रहेका छन् । यस कवितामा आफू राजनैतिक कारणले असल उद्देश्यका लागि टाढा रहनु परेको र आफूलाई हुर्काउने बज्यैलाई बिरामी अवस्थामा पनि भेट्न नसकेको र मृत्युका बेला मुखसम्म हेर्न पनि नपाएको गुनासो व्यक्त भएको छ । यसमा गिरीले पारिवारिक माया प्रेमको भाव व्यक्त गरेका छन् । यस कवितामा अधुरो, मधुरो, अपुरो, टुहुरो जस्ता अन्त्यानुप्रासयुक्त पदावलीको प्रयोग गरिएको छ र यस कवितामा १७ अक्षर हुने शिखरिणी छन्दको प्रयोग गरिएको छ ।

### ङ) म त काठमाडौं बासी भएको छु

जीवेन्द्र देव गिरीको 'म त काठमाडौं बासी भएको छु' कविता **साहित्य कोसेली** (छैटौं साहित्यिक सँगालो, पृ. ५८, २०५३) पत्रिकामा प्रकाशित भएको छ । यो कवितामा तिन अनुच्छेदमा संरचित छ । यसका प्रत्येक अनुच्छेदमा १० पङ्क्ति रहेको छन् । यस कवितामा काठमाडौं सहरमा सामान्य मानिसलाई बाच्न कठिन भएको अवस्थालाई विषयवस्तु बनाइएको छ । यो कवितामा पनि चाहिँदैन, खाइँदैन, गरेको छु, भएको छु, जस्ता अन्त्यानुप्रासको प्रयोग गरिएकाले गद्यलयमा आधारित छ । यस कवितामा लय चेतना अझ प्रखर बनेको छ । यसमा गिरीले सरल, सरस र सहज भाषाको प्रयोग गरेका छन् ।

### च) झिलिमिली बिजुली

जीवेन्द्र देव गिरीको झिलिमिली बिजुली कविता **मुना** (वर्ष ८, अङ्क २ पूर्णाङ्क ८६, २०५४) पत्रिकामा प्रकाशित बाल कविता हो । यो कविता ५ श्लोकमा संरचित भएको छ । प्रत्येक श्लोकमा २ पङ्क्ति रहेका छन् । यस कवितामा गाउँ गाउँमा बिजुली पुगेर कालो मैलो हटाउनु पर्छ भन्ने विषय वस्तु रहेको छ । यसमा देशको विकास हुनु पर्छ भन्ने भाव झल्किएको पाइन्छ । यो कविता उज्यालो, सजिलो, झलमल, अलमल जस्ता अन्त्यानुप्रास रहेको पद्य लयमा आबद्ध छ । यसमा कवितामा १२ अक्षर हुने मात्रा छन्दको प्रयोग गरिएको छ । यस कवितामा सरल, सरस र सहज भाषाशैलीको प्रयोग भएको छ ।

### छ) परदेशीलाई

जीवेन्द्र देव गिरीको परदेशीलाई कविता **ज्वाला** (सम्पादक देवी पंथी पृ. ९, २०५४) पत्रिकामा प्रकाशित भएको छ । यो कविता २ श्लोकमा संरचित भएको छ । प्रत्येक श्लोकमा ४ पङ्क्ति रहेका छन् । यस कवितामा गाउँ गाउँमा शिक्षाको ज्योति फैलाएर नेपाली छ्पापाहरूमा झिलिमिली पार्नु पर्दछ भन्ने विषय वस्तु आएको छ । यसमा परदेशमा रहे पनि आफ्नो गाउँ घरलाई माया गर्न विसर्नु हुँदैन भन्ने भाव व्यक्त भएको छ । यो कवितामा बचाइ राख्नु है, साँच्नु है, छैन र हैन र जस्ता अन्त्यानुप्रास रहेको पद्य लयमा आबद्ध छ । यसमा झ्याउरे छन्दको प्रयोग गरिएको छ । यस कवितामा सरल, सरस र सहज भाषाशैलीको प्रयोग भएको छ ।

## ज) आस्था र श्रद्धा

जीवेन्द्र देव गिरीको 'आस्था र श्रद्धा' कविता **साहित्य कोसेली** (आठौं साहित्यिक सँगालो, पृ. ४७, २०५५) पत्रिकामा प्रकाशित भएको छ । यो कविता ३ श्लोकमा संरचति भएको छ । प्रत्येक श्लोकमा ४ पङ्क्ति रहेका छन् । यस कवितामा गाउँ छोडेर नोकरीका लागि सहर पस्नु पर्ने बाध्यताले उत्पन्न हुने गाउँको पारिवारिक वेदनालाई विषयवस्तु बनाइएको छ । यसमा जस्तोसुकै परिस्थिति आए पनि अब सहर र गाउँको दूरी हटाई समानता ल्याउनु पर्छ भन्ने भाव व्यक्त भएको छ । यस कवितामा उछिन्छन, झरिन्छन्, जिन्दगी हुन्, बन्धकी हुन् जस्ता अन्त्यानुप्रास युक्त पदावलीको प्रयोग गरिएको छ र बद्ध लयमा आबद्ध छ । यस कवितामा १७ अक्षर भएको मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको छ । यसमा पनि कविले सरल र सहज भाषाशैलीको प्रयोग गरेका छन् ।

## झ) किन ?

जीवेन्द्र देव गिरीको कर्णबहादुर पुलामी उपनाममा प्रकाशित 'किन ?' कविता **झिसमिसे** (वर्ष १, अङ्क १, पूर्णाङ्क १, पृ. ८०, २०५७) पत्रिकामा प्रकाशित भएको छ । यो कविता ५ श्लोकमा संरचति भएको छ । प्रत्येक श्लोकमा २ पङ्क्ति रहेका छन् । यस कवितामा ग्रामीण समाजका निमुखा जनताहरू उग्र आतङ्कबाद पीडित भएर बाँच्नु परेको यथार्थ विषय वस्तु प्रस्तुत भएको छ । यसमा क्रान्तिकारी भाव व्यक्त भएको पाइन्छ । यस कवितामा गए किन, निन्याउरा किन पियौ आँसु, हाडछाला मासु जस्ता अन्त्यानुप्रसासको प्रयोग भएकाले यो बद्ध लयमा आबद्ध छ । यसमा सरल, सरस भाषाशैलीको प्रयोग भएको पाइन्छ ।

## ञ) समर्पण

जीवेन्द्र देव गिरीको 'समर्पण' कविता **शब्दाङ्कुर** (अङ्क १, पूर्णाङ्क १, २०५८) पत्रिकामा प्रकाशित भएको छ । यो कविता छ श्लोकमा संरचति छ । प्रत्येक श्लोकमा २ पङ्क्ति रहेका छन् । यस कवितामा शान्तिको नारा घन्काउँदै नेपालको प्रावृतिक सम्पदा माथि बाहिरी शक्तिले गिद्धे दृष्टि लगाएको विषय वस्तु आएको छ । यसमा आफ्नो राष्ट्रका लागि प्राण समर्पण गर्नु पर्छ भन्ने राष्ट्रियताको भाव व्यक्त भएको छ । यस कवितामा अनुष्टुय छन्दको प्रयोग भएको छ । यस कवितामा उनको राष्ट्रप्रेमी भाव कसरी व्यक्त भएको छ भन्ने कुराको उदाहरण स्वरूप एक श्लोक यहाँ उदधृत छ :

यी आँखा कसरी चिम्लूँ राष्ट्र सङ्कटग्रस्त छ

म नीद कसरी डाकूँ दुष्ट नङ्ग्रा धस्तछ

यस कवितामा लाक्षणिक भाषाशैलीको प्रयोग भएको पाइन्छ ।

### ४.४.२ गीतको अध्ययन

जीवेन्द्र देव गिरीले कलम चलाएका साहित्यिक विधाहरू मध्ये गीत पनि एक हो । गिरीले लगभग एक दर्जन जति गीतहरू, सिर्जना गरेका छन् भने उनका आधा दर्जन जति गीतहरू विभिन्न पत्र पत्रिकाहरूका साथै क्यासेटहरू मार्फत सार्वजनिक भएका छन् । उनका यी प्रकाशित गीतहरू मध्ये उठ न किसान (२०४७) नै पहिलो प्रकाशित गीत हो । यी प्रकाशित गीतहरूको निम्नानुसार अध्ययन गरिएको छ :

#### क) उठ न किसान

हालसम्म प्राप्त जानकारी अनुसार जीवेन्द्र देव गिरीको उठ न किसान **सुर्खेती** (वर्ष १ अङ्क १, पृ. १४, २०४७) पत्रिकामा प्रकाशित भएको छ । यस गीतमा किसानले दिन रात दुःख गरेर पनि विहान बेलुका पेटभरी खान नपाएको र शोषणको चुसाह मिचाइ अति नै भएको विषय वस्तु रहेको छ । यसमा सामन्ती जाल छिनाल्न किसानहरू उठ्नु पर्ने, जाग्नु पर्ने भाव व्यक्त भएको पाइन्छ । यो गीत 'हलीको टाउको चिलले लग्यो हा हा भनन्' भन्ने सुर्खेती लयमा आधारित छ भने यसमा प्रयुक्त भाषा सरल र सरस रहेको पाइन्छ । गिरीबाट जानकारी प्राप्त भए अनुसार यो गीत २०३० सालमा बाँकेको हसनापुरमा बस्ता लेखिएको गीतहरूमध्ये एक हो र यो थारू भाषामा पनि अनुदित रूपमा गाउने गरिएको थियो ।

#### ख) दुई गीत

जीवेन्द्र देव गिरीको 'दुई गीत' **सुर्खेती** (वर्ष २ अङ्क १, पूर्णाङ्क २, पृ. ४१-४२, २०४८) पत्रिकामा १ र २ नम्बर दिएर प्रकाशित दुई वटा गीतहरू छन् । गीत नं. १ मा सूर्यको उज्यालोले रातको कालो जाँदै छ, शोषक सामन्तीहरू ढल्दै छन् त्यसैले चेतनाका किरण र जनताका चाहनालाई कसैले रोक्न छेक्न सक्दैन भन्ने विषय वस्तु रहेको पाइन्छ । यो गीतमा क्रान्तिकारी भाव प्रसारित भएको पाइन्छ । झ्याउरे लयमा आधारित यस गीतमा सरल र सरस भाषा रहेको छ ।

गीत नं. २ मा भने अनेक बहनामा आएर धनी जालीहरूले सोझा सिधा जनतालाई फकाउलान्, छकाउलान् र छुरा चलाउलान् भनी त्यसका लागि जनताले

होसियार हुनु पर्छ भन्ने राजनैतिक विषयवस्तु रहेको छ । यस गीतमा जनतालाई चलाख रहनु पर्ने भाव व्यक्त गरिएको छ । यसमा सिम्ताली सिङारू लोक गीतको लयमा आधारित सरल र सरस भाषा पाइन्छ ।

**ग) बाली नाली लह लह कल्ले बनायो ?**

जीवेन्द्र देव गिरीको 'बाली नाली लह लह कल्ले बनायो ?' गीत **तीज गीत** (वर्ष १ अङ्क १, पृ. ३-४, २०५६) पत्रिकामा प्रकाशित भएको छ । यस गीतमा जिम्दार, पटुवारी, जिमुवाल, मुखिया, गफाडी, जुवाडी, हाकिम, रकमी आदि कसैले पनि नभई बाली नाली लह लह मिहिनेती किसानले बनाएको हो भन्ने विषय वस्तु रहेको छ । यस गीतमा किसान मिहिनेती हुन्छन् भन्ने भाव व्यक्त भएको पाइन्छ । तीजका अवसरमा गाउन तीजकै लयमा लेखिएको यस गीतमा सरल र मिठो भाषा रहेको पाइन्छ । गिरीका अनुसार यो गीत २०२९ मा बाँकेको हसनपुरको सुकुमबासी बस्तीमा बस्दा त्यहाँका दिदीबहिनीलाई गाउन लेखिएका तीजका गीतहरू मध्ये यो एक हो ।

**घ) लाग्छ रातो घाम**

जीवेन्द्र देव गिरीको 'लाग्छ रातो घाम' गीत **अखिल नेपाल किसान सङ्गठन** (२०५७) ले क्यासेट मार्फत सार्वजनिक गरेको छ । यस गीतमा किसानको अन्नको मूल्य हराउँदै गएको दिन दिनै हत्या, बलत्कार भई रहेको दिउँसै अन्धकार भएको र सत्तामा लाटो कोसेरो बसेको हुँदा त्यसलाई हटाउन किसानको जन सागर उर्लनु आवश्यक छ भनने विषयवस्तु रहेको पाइन्छ । यसमा क्रान्तिकारी भाव छचल्किएको पाइन्छ । सरल र सरस भाषाले गर्दा गीत बोध गम्य बन्न पुगेको छ ।

**ङ) सानी सानी खोलीमा**

जीवेन्द्र देव गिरीको 'सानी सानी खोलीमा' गीत **राष्ट्रिय जनसांस्कृतिक मञ्च** ( २०५८) ले क्यासेट मार्फत सार्वजनिक गरेको छ । यस गीतमा जाली र ज्यानमाराले जनतामा छुरा चलाउन सक्ने हुँदा होसियार भएर भोट हालेर एमालेको सरकार बनाउनु पर्छ भन्ने राजनैतिक विषयवस्तु रहेको पाइन्छ । यस गीतमा चुनावका बेला जनता होसियार रहनु पर्ने भाव व्यक्त गरिएको छ । अन्त्यानुप्रास प्रायः मिलेको लोक लयमा आधारित यस गीतमा सरल सरस भाषा रहेको पाइन्छ ।

### च) झुल्के घाम

जीवेन्द्र देव गिरीको झुल्के घाम गीत **लेकाली दशक स्मारिका** (वर्ष १, अङ्क १, पृ. ९, २०६५) प्रकाशित भएको पाइन्छ । यद्यपि यसको रचना २०४७ मा भएको पाइन्छ । यस गीतमा कमरेडलाई लालसलाम भन्दै तिमी जहाँ जहाँ पुगे पनि र जस्तो यातना भोग्नु परे पनि चेतनाको बिगुल फुकेर गाउँघर जगाउँदै हिड्नु पर्छ भन्ने विषय वस्तु रहेको पाइन्छ । यसमा कमरेडलाई आफ्नो गाउँघर आइ रहनु भनेर गाउँघरप्रतिको माया ममताको भाव व्यक्त गरिएको छ । यस गीतमा 'मैना' थेगो प्रयोग गरेर लोकलयलाई आधार बनाएको छ । यस गीतमा सरल सरल भाषाको प्रयोग गरिएको छ ।

### छ) जनताको बहुदलीय जनवाद प्यारो छ

जीवेन्द्र देव गिरीको 'जनताको बहुदयलीय जनवाद प्यारो छ' गीत **बुधबार** (वर्ष १५, अङ्क १४, पृ. ४, २०६६) पत्रिकामा कर्णबहादुर पुलामी उपनामबाट प्रकाशित भएको छ । यस गीतमा हामी सबै एकै हौँ, जनताको बहुदयलीय जनवाद प्यारो छ, त्यसैले हामी सबै मिलेर नयाँ नेपाल बनाउनु पर्छ भन्ने राजनैतिक विषयवस्तु रहेको पाइन्छ । यस गीतमा जनताको बहुदलीय जनवादको पक्षपोषण गरिएको छ । यो गीत अन्त्यानुप्रास मिलेको र लोक लयमा आधारित भएको देखिन्छ । यसको भाषा सरल सरस रहेको छ ।

## ४.५ निबन्धको अध्ययन

जीवेन्द्र देव गिरीले साहित्यका विभिन्न विधाहरूमा कलम चलाएको पाइन्छ । ती विधाहरूमध्येको निबन्ध पनि एक हो । गिरीले लगभग ५ दर्जन निबन्ध लेखेको पाइन्छ । ती सबै निबन्धहरू पत्र पत्रिकामा प्रकाशित भएका पाइन्छन् । उनका यी प्रकाशित निबन्धहरू मध्ये 'गोरे दाइ' **सुर्खेर्ती** (२०४९) पत्रिकामा प्रकाशित भएको पहिलो निबन्ध हो । उनका यी निबन्धहरूलाई निम्न अनुसार चार भागमा वर्गीकरण गर्न सकिन्छ ।

### ४.५.१ व्यङ्ग्यात्मक निबन्ध

जीवेन्द्र देव गिरीले थुप्रै निबन्धहरू लेखे पनि उनका 'म विशुद्ध साहित्यकार हुँ' (२०५२) 'मेरो प्रिय म' (२०५३) र 'साहित्यमा नारा घुसाउनेलाई कडा चेतावनी' (२०५३) गरी तिन वटा व्यङ्ग्यात्मक निबन्ध रहेका छन् । प्रस्तुत निबन्धहरूमा

निबन्धकारले साहित्यमा राजनीति घुसाउने साहित्यकारहरू समाजमा भइरहेको विसङ्गति, स्वार्थी भावना, शोषित पीडित जनताहरूको पसिनाका भरमा जनता कै घाँटी निमोठ्ने नेता हामी को होइन म को भावना भएका शोषक, दलाल र भ्रष्टहरूप्रति चोटिला व्यङ्ग्य प्रहार गरेका छन् । राजनीतिक विचारलाई साहित्यमा उतार्नेलाई नकारात्मक दृष्टि लगाउने प्रति 'म विशुद्ध साहित्यकार हुँ' भन्ने निबन्धमा व्यङ्ग्य गर्दै निबन्धकार गिरी भन्दछन् साहित्यकारले प्रजातान्त्रिक आन्दोलनका अगुवा वा सहिदहरूको बखान गर्नु साहित्यिक विद्धतामा आँच पुऱ्याउनु हो ।[1] त्यस्तै हामीको भावना भुलेर म को स्वार्थी भावना लिई जनताको रगत पसिना चुसेर मोजमस्ती गर्ने व्यक्तिहरू प्रति व्यङ्ग्य गर्दै मेरो प्रिय म निबन्धमा निबन्धकार भन्दछन् मेरो म मुस्कुराउँछे भने म पुर्खाको इज्जतमा मात्र नभएर आफ्नै इतिसमा पनि आगो लगाइ दिन सक्छु ।[2] साहित्यमा नारा घुसाउनेलाई कडा चेतावनी निबन्धमा मालिक र दास, सामन्त र किसान, पुँजीपति र मजदुर, शोषक र शोषित आदि बिच भेदभाव हुने गरी साहित्यमा राजनीति मिसाउनु हुँदैन भन्नेहरूलाई साहित्य राजनीति विहीन नहुने कुरा निबन्धकार बताउँछन् । यस निबन्धमा निबन्धकार भन्दछन् राजनीतिज्ञहरू लडुन् कि मरून साहित्यकारलाई के मतलब । यसरी समाजप्रति राजनीतिज्ञ मात्र नभई साहित्यकारको पनि चासो रहनु पर्ने कुरा व्यक्त गर्न घुमाउरो रूपमा प्रस्तुत निबन्धहरूमा सरल र रोचक विषयवस्तु र भाषाको प्रयोग गरी साहित्यलाई राजनीतिसँग गाँस्नै हुँदैन भन्ने साहित्यकारको चिन्तन गलत छ भन्ने विचार व्यक्त गर्छन् । यसरी नै जनताको परिनामा मोजमस्ती गर्ने स्वार्थीहरूप्रति पनि उनले चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् ।

### ४.५.२ भावपरक निबन्ध

निबन्धकार गिरीका एक दर्जन भावपरक निबन्धहरू रहेका पाइन्छन् 'ब्रम्हपुत्रका निम्तामा सुदामाका कनिका' (२०५३), 'लुम्बिनीबाट झ्याँक्रीबिहार देखिन्छन् त ?' (२०५३), 'युवा' (२०५४), 'भूत' (२०५४), 'मास्टरूवा कुछ टो लिख्डिएस' (२०५५), 'नयाँ युगका पुरानो चाला' (२०५८) 'चाकरी' (२०५८) 'गोकुल तिमी भएको भए के गर्थ्यो ?' (२०५६) 'संस्कृति कि विकृति' (२०५६) 'मेरा अनुभूतिमा जागृतिनगर' (२०६१), रूख त बाङ्गै छ  (२०६४), पछी मुखले गाली पाइन्छ यही मुखल ताली पाइन्छ (२०६४), 'गणतन्त्रको स्वागतमा रमाउँदाका क्षण' (२०६५) जस्ता भावपरक

---

१. जीवेन्द्र देव गिरी, 'म विशुद्ध साहित्यकार हुँ', **साहित्य सुमन,** (पाँचौं साहित्यिक सँगालो, २०५२), पृ. ९६ ।
२. जीवेन्द्रदेव गिरी, 'मेरो प्रिय म', **सङ्कल्प,** (वर्ष ३५, पूर्णांक ६३, २०५४), पृ . ७७ ।

निबन्धहरू छन् । यी निबन्धहरू भावनामा बगेका पाइन्छन् । 'ब्रह्मपुत्रका निम्तामा सुदामाका कनिका' भारतको आसामबाट प्रकाशित **बह्मपुत्र** लाई सम्बोधन गरी लेखिएको हो । नेपालको भेरी क्षेत्रका निबन्धकारले यसमा प्राकृतिक वातावरण, अभावले बिदेसिनु पर्ने बाध्यता आदिको वर्णन भएका भेरीका लोक गीतलाई सुदामा कनिकाका रूपमा लिएको पाइन्छ । यस निबन्धकार गिरी त्यहाँका गीतमा वर्णित स्थानीय जन जीवनबाट भन्दछन् आमाबाबु प्रेमी प्रेमिका जतिपनि, दाजुभाई, दिदीबहिनी छोराछोरी आदि यसै धर्तीमा रहे पनि एक अर्काबाट नजिक बस्न पाएका छैनन् ।[४] 'लुम्बिनीबाट काँक्रीबिहार देखिन्छ त ?' निबन्धमा प्राकृतिक सुन्दरताका साथै ऐतिहासिक पुरातात्विक र धार्मिक सम्पदाको संरक्षण नभएको कुरालाई यस निबन्धमा प्रस्तुत गरिएको छ । यस निबन्धमा निबन्धकार भन्दछन्-कौडीका पनि मिल्कन्छ, भिल्लका देशमा मणि, भने झैं त्यहाँका पुरातात्विक सामग्रीहरू स्याहार सुसार बिना छरिएको अवस्थामा रहेका छन् । [५] युवा शीर्षकको निबन्धमा निबन्धकारले समाज रहेका दुई प्रकारका युवाहरूको भेद गरेको पाइन्छ । गिरीका अनुसार एक प्रकारका युवा समाजका अभिशाप बनेका छन् । अर्का प्रकारका युवाबारे निबन्धकार भन्दछन् - उनीहरूका हृदयमा युवा गङगालालको रोपिलो ज्वाला भरभराइ रहेको हुन सक्छ जसले मै हुँ भन्ने समाजका अभिशापहरूलाई माटामा विलीन बनाइ दिन्छ । [६] 'भूत' निबन्धमा भूतका बारेमा परम्परादेखि चल्दै आएका कुरा, बज्यै र बुबाका मुखबाट भूतका बारेमा सुनेका कुराका साथै भूत नभएको कुरा रमेश विकल र मोदनाथ पश्रितका कृतिबाट अवगत हुनुका साथै आफैले विभिन्न बेलामा अनुभव गरेका कुराहरू यस निबन्धमा छन् । यस निबन्धमा निबन्धकार भन्दछन्- विद्यालयमा भूत, प्रेत बोक्सी आदिका कुरा अन्धविश्वास र रूढि हुन् भन्न सिकेपछि बज्यै अथवा पिताका कुराप्रति ममा आशङ्का जागेको थियो ।[७] 'नयाँ युग पुराना चाला' निबन्धमा भनिएको छ हामी एक्काइसौं शताब्दीमा पुगे पनि हाम्रा समाजमा पुराना रूढिहरू पनि व्याप्त हुनु, हाम्रो देश जुन ठाउँमा थियो त्यसै ठाउँमा नै छ । शैक्षिक संस्थामा पनि खासै परिवर्तन आएको छैन र विज्ञानको युगमा पनि मान्छे अझै मूर्ति पूजाका पछाडि नै छ भन्ने कुराको वर्णन पनि यसमा छ । यस निबन्धमा ठाउँ ठाउँमा कविताका पङ्क्तिहरूको प्रयोग भएको छ । 'चाकरी' निबन्धमा चाकरीमा लिन भएका, कुकुर, मालिक, कलमबाज, राजनीतिज्ञ जस्ता विभिन्न व्यक्तिहरूले गरेको चाकरीको कुरा वर्णन गरिएको छ । यसमा

---

४. जीवेन्द्र देव गिरी, 'ब्रम्हपुत्रका निम्तामा सुदामाका कनिका', **ब्रह्मपुत्र,** (वर्ष २ अंक २, २०५३), पृ. ६१ ।
५. जीवेन्द्र देव गिरी, 'लुम्बिनीबाट क्राक्रीबिहार देखिन्छ', **प्रकाश,** (वर्ष १४ अंक २२, २०५३), पृ. ४ ।
६. जीवेन्द्र देव गिरी, 'युवा' **युगवाहक,** (वर्ष १ अंक १, २०५४), पृ. ४० ।
७. जीवेन्द्र देव गिरी, 'भूत', **साहित्य कोसेली,** (सातौ साहित्यिक सँगालो, २०५४), पृ. ३८ ।

निबन्धकार भन्दछन्- कुकुरले पनि आफ्ना मालिकलाई रिसाउन वरिपरि लुटपुट गर्दै पुच्छर हल्लाएको देख्नु भएको छ ? हो सोही नै चाकरले मालिकलाई रिझाउन उभिएर हात मल्ने, कपाल कन्याउने र खिस्स हाँस्ने जस्ता क्रियाकलापलाई चाकरी भनिन्छ ।[८] 'गोकुल तिमी अहिले भएको भए के गर्थ्यौ ?' निबन्धमा ३१ वर्षको उमेरमा मृत्युवरण गरेका कवि गोकुलका विभिन्न पक्षको चर्चा गरिएको छ । यसमा निबन्धकार भन्दछन्- प्रिय जनकवि, नेपाली समाजको ठुलो हिस्सा तिम्रा भावनाको सम्मान गर्छ र तिमीलाई पछ्याउन चाहन्छ ।[९] 'संस्कृति कि विकृति' निबन्धमा समाजको उन्नति र विकासमा संस्कृतिका नाममा विकृतिले पारेको प्रभावलाई वर्णन गरिएको छ । 'मेरो अनुभूतिमा जागृतिनगर' निबन्धमा बल्लो घर र पल्लो घरको सम्बन्ध नहुने काठमाडौंको सहरिया वातावणमा काठमाडौंकै जागृतिनगरमा सामाजिक हितका लागि सबै जना लागि रहेको कुरा विषयवस्तु बनेर आएको देखिन्छ । 'रूख त बाङ्डै छ' निबन्धमा आन्दोलन राणाशासन बेला देखि हालसम्म भएका आन्दोलनको वर्णन सहित अझै समाजले काँचुली फेर्न नसकेको कुराको चर्चा गरिएको छ । 'यही मुखले गाली पाइन्छ यही मुखले ताली पाइन्छ' निबन्धमा भाषाको सहि प्रयोगको महत्त्व वर्णित छ । भाषा र भाषिकालाई सबैले महत्त्व दिनु पर्ने कुरा यसमा व्यक्त भएको छ । यस निबन्धमा थुप्रै ठाउँमा उखानको प्रयोगले निबन्धलाई रोचक बनाएको पाइन्छ । 'गणतन्त्रको स्वागतमा रमाउँदाका क्षण' निबन्धमा समय बलवात् हुनुका साथै जनताहरू एक भए भने कुनै तानाशाहले केही गर्न सक्दैन भन्ने कुराको वर्णन छ । यसमा निबन्धकार भन्दछन् - राजतन्त्रलाई थाम्न चाहनेहरू संविधान सभामा टुहरा बने ।[१०]

## ४.५.३ संस्मरणात्मक निबन्ध

जीवेन्द्र देव गिरीका संस्मरणात्मक निबन्धमा उनले नितान्त वैयक्तिक जीवनका संस्मरण र पूर्व स्मृतिलाई कलात्मक रूपको अभिव्यक्ति दिएको पाइन्छ । गिरीका ३ दर्जन भन्दा बढी संस्मरणात्मक निबन्ध रहेका पाइन्छन् । यी संस्मरणात्मक निबन्धहरूलाई निम्न अनुसार तिन भागमा विभाजन गर्न सकिन्छ :

### क) यात्रा सम्बन्धी संस्मरणहरू

जीवेन्द्र देव गिरीले लगभग एक दर्जन जति यात्रा सम्बन्धी संस्मरणहरू लेखेको पाइन्छ । 'रानीपानीमा तिहारका दुई दिन' (२०५४) 'बनारसको कोसेली बोकेर भेरीको

---

८. जीवेन्द्र देव गिरी, 'चाकरी', **साहित्य कोसेली,** (एघारौ साहित्यिक सँगालो, २०५४), पृ. २२ ।
९. जीवेन्द्र देव गिरी, 'गोकुल तिमी अहिले भएको भए के गर्थ्यौ ?', **उत्साह,** (अङ्क ५५, २०५६), पृ. उल्लेख नभएको ।
१०. जीवेन्द्र देव गिरी, 'गणतन्त्रको स्वागतमा रमाउँदाका क्षण', **शब्द-संयोजन,** (वर्ष ५, अङ्क २, पूर्णाङ्क ४९, २०६५), पृ. ४९ ।

भुइँ छुँदा' (२०५६), 'इटहरी र अनुभूतिका बिम्बहरू' (२०५७), 'बदैयाको आत्मीय कोसेली' (२०५८), 'नेपालगन्जमा प्रगतिशील साहित्यिक जमघट' (२०६५), 'नेपालगन्जको त्यो भव्य साहित्यिक जमघट' (२०६६), 'बुटवल र बुटवल साहित्यिक कला संस्कृति प्रतिष्ठानका स्मृतिहरू' (२०६६), 'गण्डकी र धवलागिरीको भूमिमा पाइला चाल्दा' (२०६६), 'उत्साहले भरिउका सुर्खेत र रूपन्देहीका समारोहहरू' (२०६६), 'सुर्खेतको साहित्यिक गोष्ठीमा सहभागी हुँदा' (२०६६), 'चन्द्रगढीको सम्झना' (२०६७) जस्ता निबन्धहरू रहेका पाइन्छन् । यी निबन्धहरूमा देशका विभिन्न ठाउँमा भएका साहित्यिक भाषिक गोष्ठीहरूमा सहभागी हुनुका साथै विभिन्न साहित्यकारहरूका समीक्षा, टिप्पणी जस्ता कुराहरू सुन्न पाएको चर्चा गरिएको पाइन्छ । यी गोष्ठीहरूमा सहभागी हुँदा विभिन्न रमणीय ठाउँमा घुम्न पाएको कुराहरूको उल्लेख गरिएको छ । यी निबन्धहरूमा उनको प्रगतिशील चिन्तन विभिन्न ढङ्गले प्रकट भएको छ । उनका यी निबन्धका अभिव्यक्तिका केही नमुनाबाट उनको निबन्ध सम्बन्धी प्रवृत्ति ठम्याउन सहयोग पुग्ने छ । 'रानीपानीमा तिहारका दुई दिन' निबन्धमा निबन्धकार भन्दछन्- निम्ताले कार्तिक १५ मा प्रदर्शित हुने प्रायाश्चित नाटक र विविध मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रममा पाहुनाका रूपमा हामीलाई बोलाएको थियो ।[११] यस वाक्यबाट पनि निबन्धको विषयवस्तु प्रष्ट हुन्छ । 'बनारसको कोसेली बोकेर भेरीको भुइँ छुँदा', निबन्धमा निबन्धकार भन्दछन्- त्यतिखेर मैले पार्टीद्वारा आयोजना हुने केन्द्रीय स्तरको किसान भेलामा सहभागी हुन बनारस पुग्नुपर्ने आधिकारिक खबर पाएँ ।[१२] य वाक्यबाट पनि यस निबन्धका बारेमा उनको राजनीतिप्रतिको झुकावलाई बुझ्न सकिन्छ । 'चन्द्रगढीको सम्झना' निबन्धमा निबन्धकार भन्दछन्- झर्रो नेपाली आन्दोलनका दरा खम्बा चूडामणि रेग्मीको जन्मोत्सवको अवसर पारेर त्यो कार्यक्रमको आयोजना गरिएको थियो ।[१३] यस वाक्यबाट पनि यस निबन्धका बारेमा केही कुरा थाहा पाउन सकिन्छ । यी सबै निबन्धमा देश विदेशका विभिन्न ठाउँमा भएका यात्राहरूको वर्णन गरिएको पाइन्छ ।

### ख) व्यक्तिहरूसँग सम्बन्धित संस्मरण

जीवेन्द्र देव गिरीले डेढ दर्जन जति व्यक्तिहरूसँग सम्बन्धित संस्मरणहरू लेखेको पाइन्छ । 'गोरे दाई' (२०४९), 'कविवर युद्ध प्रसाद मिश्रसँग पहिलो भेट' ( २०५३), 'जनप्रिय शिक्षकका जनहितकारी कुरा' (२०५३) 'श्यामवाबुको मृत्यु' (२०५४),

---

११. जीवेन्द्र देव गिरी, 'रानीपानीमा तिहारका दुई दिन', **प्रकाश,** (वर्ष १५, अङ्क ४६, २०५४) ।
१२. जीवेन्द्र देव गिरी, 'बनारसको कोसेली, बोकेर भेरीको भुइँ छुँदा', **गोधूलि,** (अङ्क १०, २०५९), पृ. ६१ ।
१३. जीवेन्द्र देव गिरी, 'चन्द्रगढीको सम्झना', **बुधवार,** (वर्ष १५, अङ्क २३, २०६६), पृ. ४ ।

'विशिष्ट साहित्यिक प्रतिभा पारिजात' (२०५७), 'निर्मल लामासँगको अविस्मरणीय क्षण' (२०५७), 'जनकलाल शर्माका कुरा सुन्ने धोको नमिटिदै' (२०५७), 'भवानी घिमिरे सँग नजिकिँदा' (२०५९), 'सम्झनामा सान्त्वना' (२०५९), 'विद्धत्ता र निर्भिकताका बेजोड प्रतिभासँगको साक्षातकार' (२०६१), 'मेरा स्मृतिमा लोककवि अलिमियाँ' (२०६१) 'मेरा सम्झनामा कृष्णराम मास्टर साहेव' (२०६२), 'बालकृष्ण पोखरेलले आफूमा पारेको प्रभाव' (२०६२), 'सरल जीवन र दृढ विचारका धनी कुलमानसिंह भण्डारी' (२०६४), 'जनताका हृदयमा जन साहित्यकार हुमागाई' ( २०६४), 'आँखा अगाडि नै अस्ताए युद्धका योद्धा' (२०६५), 'कहिले मर्दैनन् भवानी घिमिरे' (२०६६) जस्ता व्यक्तिहरूसँग सम्बन्धित संस्मरणहरू रहेका छन् । यी संस्मरणहरूमा व्यक्तिहरूले पारेका प्रभावका बारेमा चर्चा भएको पाइन्छ । राजनीतिज्ञ, साहित्यकार, विद्धान, साथीभाइ, विद्यार्थी आदिका बारेमा संसमरणात्मक चर्चा गरिएको छ । माथि उल्लेख गरिएका व्यक्तिहरूले पारेका प्रभावहरूका बारेमा उनका यी निबन्धहरूमा प्रकाश पारिएको छ । यी निबन्धमा लेखकको अभिव्यक्ति कसरी आएको छ भन्ने कुराको नमुना प्रस्तुत गर्नु उपयुक्त हुनेछ । 'गोरे दाई' निबन्धमा निबन्धकार भन्दछन्- ठुलाठालुहरू खैरालाहरूका मुखिया बनेर गएको र उनीहरूका पछिपछि धैरै लाग्ने मान्छे र केही आईमाई केटाकेटीहरू खैरतिर लागेको दृश्य साह्रै उराठ लाग्दो थियो ।[१४] यस भनाइबाट स्थानीय दुःखी र अभावग्रस्त जीवन प्रस्ट हुन्छ । 'जनकलाल शर्माका कुरा सुन्ने धोको नमेटिँदै' निबन्धमा निबन्धकार भन्दछन्- कुराको सिलसिला सिक्दै हामीले जोसमनी सन्त परम्पराको साहित्यिक खोज गरेर उहाँले नेपाली सहित्यलाई ठुलो गुन लगाउनु भएको चर्चा गऱ्यौं ।[१५] यसबाट पनि आफूले जनकलाल शर्मासँग केही सिक्ने मौका पाएको कुरा निबन्धकारले बताएका छन् । 'बालकृष्ण पोखरेलले आफूमा पारेको प्रभाव' निबन्धमा निबन्धकार भन्दछन्- उहाँले नेपाली भाषाको जन्म पश्चिम नेपालको सिँजामा भएको र पश्चिम नेपालका वारिडाँडा र पारिडाँडाका बोलीमा भिन्नता पाइने कुरा औंल्याउँदा जहाँ ढाडी हुन्छ त्यहाँ धैरै लिखा हुन्छन् भन्ने उखान सोही प्रसङ्गमा सुनाउनु भयो ।[१६] यसबाट निबन्धकारलाई भाषाका बारेका केही गर्नु पर्छ भन्ने भावना जागेको पाइन्छ । 'विशिष्ट साहित्यिक प्रतिभा पारिजात' निबन्धमा निबन्धकार भन्दछन्- बहुमुखी प्रतिभाकी खानीका रूपमा

---

१४. जीवेन्द्र देव गिरी, 'गोरे दाई', **सुर्खेती,** (वर्ष ३, अङ्क १/२ पूर्णाङ्क ४/५, २०४९), पृ. ७ ।

१५. जीवेन्द्र देव गिरी, 'जनकलाल शर्माका कुरा सुन्ने धोको नमिटिँदै', **ज्ञानगुनका कुरा,** (जनकलाल स्मृति, ग्रन्थ अङ्क २, २०५७), पृ. २०६ ।

१६. जीवेन्द्र देव गिरी, 'बालकृष्ण पोखरेलले आफूमा पारेको प्रभाव', **बालकृष्ण पोखरेल अभिनन्दन ग्रन्थ,** (सं. राधेश्याम लेकाली र अन्य, प्र. विराटनगर चेतन प्रतिभा उन्नयन प्रतिष्ठान, २०६२), पृ. १०३ ।

सुपरिचित पारिजातले साहित्यको एक होइन अनेक विधामा कलम चलाएकी छन् ।[१७] यस निबन्धमा निबन्धकारले साहित्यकार पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा चर्चा गरको पाइन्छ । 'सम्झनामा सान्त्वना' निबन्धमा निबन्धकार भन्दछन्- सान्त्वानाको देहावसानले धेरैलाई व्यथित तुल्याएको कुरा आर्यघाटको उपस्थिति र त्यसपछि पनि उनको घरसम्मको आवाज जावत एवम् शोकमय अभिव्यक्तिबाट प्रकट भएको थियो ।[१८] यस निबन्धमा सान्त्वनासँग बितेका केही क्षणहरूको चर्चा भएको पाइन्छ ।

**ग) आत्मकथात्मक संस्मरण**

जीवेन्द्र देव गिरीले आधार दर्जन जति आत्मकथात्मक संसमरणहरू लेखेका छन् । 'राजनीति र म' (२०५३) 'राजनीति बोकेर तराई झर्दा' (२०५४), 'सुर्खेत जिल्लाको राजनीतिक अभियानको एक वर्ष' (२०५६) 'जनताका पोल्टामा एक वर्ष' (२०५८) 'म मास्टर' (२०६२), 'काप्रीचौरमा बटुलेका केही अनुभूति' (२०६५) जस्ता उनका आत्म कथात्मक संस्मरणहरू रहेका पाइन्छन् । यी संस्मरणहरूमा आफूले फिजाएको राजनीतिक चेतना, आफू कम्युनिस्ट आन्दोलनमा लागेका कुरा, आफूले बिताएको भूमिगत जीवन, मास्टर हुँदा आफूले ठाउँ ठाउँमा विद्यालयहरूमा जागिर खानुका साथै ती विद्यालयहरूलाई सुधार गरेको कुरा र जन्म थलो काप्रीचौरको वर्णनका साथै आफ्नो बाल्यकालका कुराको वर्णन गरिएको छ । उनका यी निबन्धका अभिव्यक्तिका केही नमुनाबाट उनका निबन्ध सम्बन्धी प्रवृत्ति ठम्याउन सहयोग पुग्नेछ । राजनीति र म निबन्धमा निबन्धकार भन्दछन्- थाहा नपाउने गरी राजनीतिले आफूलाई तानिरहेको बेला मेरी बज्यैले मेरो भावनामा मलजल पुऱ्याएको म अनुभव गर्छु ।[१९] यस वाक्यबाट राजनीति प्रतिको उनको झुकाव प्रष्ट हुन्छ । म मास्टर निबन्धमा निबन्धकार भन्दछन्- स्थानीय जालीझेलीहरूले पहिले पहिलेका शिक्षकहरूलाई सताएका कारणले त्यहाँ जाने इच्छा कमैमा रहन्थ्यो ।[२०] यस भनाइबाट उनी युवा उमेरमा हाँकहरूको सामना गरी शिक्षा क्षेत्रमा केही गर्न चाहन्थे भन्ने कुरा स्पष्ट हुन्छ । काप्रीचौरमा बटुलेका केही अनुभूति निबन्धमा निबन्धकार भन्दछन्- आमाको काखमा गाउँमै पढ्न पाइने भए पछि त्यतै रमाउनु स्वभाविक थियो ।[२१] यस भनाइबाट उनको गाउँ प्रतिको अगाध माया झल्किन्छ ।

---

१७. जीवेन्द्र देव गिरी, 'विशिष्ट साहित्यिक प्रतिभा पारिजात', **साहित्य कोसेली**, (दसौं साहित्यिक सँगालो, २०५७), पृ. ३१ ।
१८. जीवेन्द्र देव गिरी, 'सम्झना सान्त्वाना', **फक्रँदो कोपिला,** (वर्ष १, अङ्क १, २०५९), पृ. २९ ।
१९. जीवेन्द्र देव गिरी, 'राजनीतिक र म', **नव ज्योति**, (सुर्खेत क्याम्पसको स्ववियु बुलेटिङ्ग, २०५३), पृ. ४६ ।
२०. जीवेन्द्र देव गिरी, 'म मास्टर', **शब्द-संयोजन,** (वर्ष २, अङ्क १० पूर्णाङ्क २२, २०६२), पृ. १७ ।
२१. जीवेन्द्र देव गिरी, 'जन्मथलो काप्रीचौरमा बटुलेका केही अनुभूति', **नव प्रज्ञापन,** (पूर्णाङ्क ४०, २०६५), पृ. ३८ ।

## ४.५.४ प्रबन्धात्मक निबन्ध

जीवेन्द्र देव गिरीले एक दर्जन जति प्रबन्धात्मक निबन्ध लेखेका छन् । 'भेरी अञ्चलमा विकासका सम्भावना' (२०५३), 'प्रगतिशील विवाहको एक अनुकरणीय नमुना' (२०५८), 'छन्दले तान्दा' (२०५९), 'संस्कृतिलाई जनताको बहुदलीय जनवादसँग कसरी गाँस्ने ?' (२०६५), 'प्रज्ञा प्रतिष्ठानमा मनोनयन र समस्या समाधानका जुक्ति' (२०६५), 'संघीय लोकतान्त्रिक गणतन्त्रमा नयाँ संस्कृति' (२०६५), 'के लेखक सत्ताको विरोधी भइरहन्छ ?' (२०६६) 'दसै तिहार र नयाँ संस्कृति' (२०६६), 'भाषिक पर्यटनमा नेपालको थप आकर्षण' (२०६६) जस्ता प्रबन्धात्मक निबन्धहरू रहेका पाइन्छन् । 'भेरी अञ्चलमा विकासका सम्भावना' निबन्धमा भेरी अञ्चलमा विकासका सम्भावना बारे चर्चा गरिएको पाइन्छ । त्यहाँका सिचाइ, कृषि, यातायात, पर्यटन, शिक्षा, स्वास्थ्य, उद्योग धन्दा शहरीकरण, विद्युत, सञ्चार जस्ता विभिन्न कुराहरूको वर्णन गरिएको छ । यस निबन्धमा निबन्धकार भन्दछन्- तराईको समथर भूभागले युक्त बाँके र बर्दिया अनेक मैदान र पहाडले सुसज्जित सुर्खेत तथा सुरम्य पहाडले सिँगारेका दैलेख र जाजरकोट साहितका पाँच जिल्लाको सामुहिक नाम नै भेरी अञ्चल हो ।[२२] 'प्रज्ञा प्रतिष्ठानमा मनोनयन र सम्रस्या समाधानका जुक्ति' निबन्धमा प्राज्ञिक क्षेत्रको मनोनयनमा बल मिचाइ अशोभनीय कुरा हो । यस उद्देश्य र अग्रमनकारी जन चाहना दुवैले मनोनयनलाई सन्तुष्ट तुलाउँदैन भन्ने कुराको चर्चा पाइन्छ । यसमा निबन्धकार भन्दछन्- सरकारले गरेको गल्ती मनोनयन पछि सतहमा आए पनि यसको बीजारोपण पहिले नै भएको थियो ।[२३] 'संस्कृतिलाई जनताको बहुदलीय जनवादसँग कसरी गाँस्ने' निबन्धमा बहुदलीय जनवाद नेकपा एमालेसँग सम्बन्धित कुरा भएकाले यस बारेमा पार्टी भित्र भएको बहस भएको कुरा यस प्रबन्धमा चर्चा भएको पाइन्छ । 'संघीय लोतान्त्रिक गणतन्त्रमा नयाँ संस्कृति', निबन्धमा कमाउ र मोजगरको पुँजीवादी भोगवादी विकृति भित्रिने खतराप्रति सजग रहनु पर्ने कुराका साथै त्यस विकृतिबाट हुने चर्को शोषण, तस्करी, लुट ठगी, बेश्यावृत्ति र दुर्व्यसनले समाजलाई कुण्ठा, निराशा, पलायन र मृत्यु सिवाप अरू केही दिन सक्ने कुराका बारेमा चर्चा भएको पाइन्छ । 'दसैं तिहार र नयाँ संस्कृति' प्रबन्धमा दसैं तिहारमा देउसी भैलोले ल्याएका विकृति विसङ्गतिको चर्चा छ । दुःखी गरिवलाई यसले झन दुःख दिएको छ र चाडपर्वमा परम्परा रूढिग्रस्त भएको कुराको यसमा

२२. जीवेन्द्र देव गिरी, 'भेरी अञ्चलमा विकासका सम्भावना', **भेरी सन्देश,** (वर्ष १ अङ्क १, २०५३), पृ. १३ ।

२३. जीवेन्द्र देव गिरी, 'प्रज्ञा प्रतिष्ठानहरूमा मनोनयन र सम्रस्या समाधानका जुक्ति', **बुधबार,** (वर्ष १४, अङ्क १३, २०६६), पृ. ४ ।

चर्चा पाइन्छ । 'भाषिक पर्यटनमा नेपालको थप आकर्षण' प्रबन्धमा भाषिक अध्ययनका निम्ति नेपाल प्रति अरूको रुचि रहेका साथै यहाँ पाँच परिवारका एक सय भन्दा बढी भाषा बोलिने कुराको चर्चा भएको पाइन्छ । 'के लेखक सत्ताको विरोधी भइरहन्छ ?' प्रबन्धमा लेखको दाइत्वको चर्चा गरिएको छ लेखकले जीवन जगतका वास्तविकतालाई कलात्मक रूपले व्यक्त गर्दछ भन्दै लेखमा जनविरोधी सत्ताको विरोधमा र जनपक्षीय सत्ताको समर्थनमा रहने कुरा तार्किक रूपमा वर्णन गरिएको छ । यसमा निबन्धकार भन्दछन्- यस्तो स्थितिमा लेखक सदा सत्ताको विरोधमा रहन्छ भन्दै मित्र शक्तिलाई प्रहार गर्नु आफ्नै खुट्टामा बञ्चरो हान्नु होइन र ? त्यसैले कुरा स्पष्ट छ लेखक प्रतिक्रियावादी सत्ताको विरोधमा रहन्छ भने जन सत्ताका विरोधमा होइन, पक्षमा उभिन्छ ।[२४]

गिरीले विभिन्न गोष्ठी, कार्यशाला आदिमा गोष्ठी पत्रहरू प्रस्तुत गरे पनि जीवन र जगतबारे आफ्नो दृष्टिकोण सार्वजनिक गरेका छन् । ती कार्यपत्रहरू अनुसन्धात्मक विधिको प्रयोग गरी लेखिएका छन् । तिनमा शोध चेतनाको व्यवस्थित प्रबन्ध पाइन्छ । त्यसैले प्रबन्धात्मक निबन्धका रूपमा ती महत्त्वपूर्ण सामाग्रीका रूपमा रहेका छन् । हालसम्म उनले प्रस्तुत गरेका यस्ता गोष्ठी पत्रहरू यस प्रकार छन् : 'भेरी क्षेत्रमा प्रचलित बालगीतहरू' (२०४८) नेपाल बालसाहित्य समाजको गोष्ठीमा, 'नेपाली उखानमा प्रगतिवादी स्वर' (२०४९) प्रगतिशील लेखक सङ्घर्षको गोष्ठीमा, दलित समुदायमा जातिका शैक्षिक तथा सांस्कृतिक समस्या समाधानका उपायहरू (२०५५) नेपाल उत्पीडित दलित जातिय मुक्ति समाज समेतको गोष्ठीमा, 'नेपाली लोक कथामा महिला' (२०५८) नेपाल लोकवार्ता समाजको गोष्ठीमा, 'स्रष्टाका दृष्टिमा प्रतिलिपि अधिकार' (२०६४) नेपाल प्रतिलिपि अधिकार रजिष्टारको कार्यालयद्वारा आयोजित गोष्ठीमा 'भेरी क्षेत्रीय नेपालमा शब्द निर्माण प्रक्रिया' (२०६३), नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित गोष्ठीमा 'भेरी क्षेत्रीय नेपालीमा क्रियाविशेषणको क्रियाकरण' (२०६४) नेपाल भाषा विज्ञान परिषदको गोष्ठीमा 'सबैको नेपाली पाठ्यक्रम देखि पठनपाठन सम्म' (२०६७) सप्तगण्डकी क्याम्पस भरतपुरद्वारा आयोजित गोष्ठीमा 'नेपाली वर्ण विन्यासको स्वरूप' (२०६७) चेलसी एकेडेमीद्वारा आयोजित कार्यशालखामा र नेपाली वर्ण विन्यासका समस्या र समाधान (२०६७) नेपाल प्रज्ञा प्रतिष्ठान द्वारा आयोजित गोष्ठीमा उनले प्रस्तुत गरेका कार्यपत्र हुन् । यी कार्यपत्रमा भाषा संस्कृति, लोक साहित्य आदिसँग सम्बन्धित उनका विचार प्रस्तुत भएका छन् ।

---

२४. जीवेन्द्र देव गिरी, 'के लेखक सत्ताको विरोधी भइरहन्छ ?' **बुधवार,** (वर्ष १४, अङ्क १३, २०६६), पृ. ४ ।

'झर्रोबादी वरिष्ट साहित्यकार चूडामणि रेग्मी अभिनन्दन तथा नेपाली वर्ण विन्यास विचार गोष्ठी समारोहमा' (२०६६) मा प्रस्तुत नेपाली भाषा र साहित्यमा झर्रो आन्दोलन तथा नेपाल प्रज्ञाप्रतिष्ठान र भेरी साहित्य समाज साहितको संस्थाहरूद्वारा आयोजित गोष्ठीमा प्रस्तुत 'नेपालको भाषा नीति विगत वर्तमान र भविष्य' (२०६६) उनका गोष्ठीमा प्रस्तुत अन्य कार्यपत्र हुन् ।

## ४.५ अन्तर्वार्ता

जीवेन्द्र देव गिरी अन्तर्वार्ताका माध्यमबाट पनि नेपाली साहित्यका क्षेत्रमा पनि देखा परेका छन् । उनले अन्तर्वार्ताका माध्यमबाट आफ्नो सामाजिक राजनीतिक साहित्यिक विचाहरू व्यक्त गरेको पाइन्छ । उनले केही अन्तर्वार्ता आफैले दिनुका साथै केही अन्तर्वार्ता अरूसँग पनि लिएका छन् । गिरीले एक दर्जन भन्दा बढी अन्तर्वार्ताहरू लिए दिएको पाइन्छ । गिरीले अन्तर्वार्ता केही साहित्यिक पत्रिकाका साथै रेडियो, टेलिभिजन, र एम.एम.मा अन्तर्वार्ता दिएको पाइन्छ ।

जीवेन्द्र देव गिरीले दिएका अन्तर्वार्ताहरू यस प्रकार छन् : 'आज जस्तै भविष्यमा जहाँ पनि जनताकै मासमा रहने छ'' (२०५७) 'अन्तर्वार्ता' (२०५८) 'एकै छिन' (२०५८), 'प्रज्ञाप्रतिष्ठानले पूर्वाग्रही भएर हेर्छ' (२०५८) 'अब प्रगतिशील आन्दोलनलाई टेवा पुग्छ' (२०६१) 'बेवास्ता भन्दा टिकाटिप्पणी हुनु स्वागत योग्य कुरा हो' (२०६१), 'साहित्यिक क्षेत्रको लगानीमा कन्जुस्याई गर्नु हुन्न' (२०६२) हुन् । माथि उल्लेख गरिएका अन्तर्वार्तामा अन्तर्वार्ताकार गिरीले आफ्ना साहित्यिक, सामाजिक र राजनैतिक जीवनमा घटन पुगेका विभिन्न घटनाहरू र आफ्नो चिन्तन व्यक्त गरेको पाइन्छ । अन्तर्वार्ताका माध्यमबाट समाजमा हुने गरेका अन्धविश्वास, विसङ्गति र विकृतिबाट समाजले मुक्ति पाउनु पर्छ र समुन्नत समाज निर्माण हुनुपर्छ भन्ने धारणा उनले राखेको पाइन्छ । यी अन्तर्वातााहरूबाट केही अन्तर्वातामा व्यक्त विचारलाई नमूनाका रूपमा लिन सकिन्छ । जस्तै, 'प्रज्ञाप्रतिष्ठानले पूर्वाग्रही भएर हेर्छ', अन्तर्वार्ता गिरी भन्दछन्- नेताहरूमा भ्रष्टाचार, निजी स्वार्थ जस्ता विकृतिले जरो गाडेपछि त्यागको बाटो अँगाल्न पर्नेमा भोगेको बाटो अँगाल्न पुगे र मुलुकलाई हाँक्न सकेनन् ।[२५] यस भनाइबाट के स्पष्ट हुन्छ भने राजनीतिज्ञले व्यक्तिगत स्वार्थका लागि काम गर्न ठीक होइन भन्ने उनको धारणा छ । 'वेवास्ताभन्दा टिका टिप्पणी हुनु

---

२५. जीवेन्द्र देव गिरी, 'प्रज्ञा प्रतिष्ठानले पूर्वाग्रही भएर हेर्छ', **शुभारम्भ,** (वर्ष ७, अङ्क ४, २०५८), पृ. ४४ ।

स्वागत योग्य कुरा हो' अन्तर्वार्तामा गिरी भन्दछन्- आलोचनामा विद्यमान सिर्जनात्मक कुरालाई जुनसुकै कार्यकालका प्रज्ञाले ग्रहण गरेर अघि बढ्नु हितकारी हुन्छ ।[२६]

जीवेन्द्र देव गिरीले अरूसँग लिएका अन्तर्वार्ताहरू यस प्रकार छन् : प्रगतिवादी साहित्यकारहरू 'श्यामप्रसाद' (२०४८), 'केवलपुरे किसान' (२०४९), 'गोविन्द भट्ट' (२०५२), 'आनन्ददेव भट्ट' (२०५३) 'सँग' २०५३ मा कहिले एक्लै र कहिले अरूसँग मिलेर उनले अन्तर्वार्ता लिएका छन् । 'सक्षम र असक्षमलाई समान रूपमा समान रूपमा प्रतिस्पर्धामा कुदाउन सकिँदैन' (२०५२) शीर्षकमा प्राध्यापक कैलाशनाथ प्याकुऱ्यालसँग, 'राजनीतिमा लागेका पार्टीहरूले सरकार बनाउने चाहना राख्दैनन् भने उनीहरूले झोली तुम्बा भिरेर जङ्गलतिर लागे हुन्छ' (२०५३) शीर्षकमा नेता बामदेव गौतमसँग, 'प्रजातन्त्र आयो विद्यामा क्रान्ति आएन' (२०५९) शीर्षकमा नयराज पन्तसँग पनि उनले अन्तर्वार्ता लिएका छन् । उल्लिखित अन्तर्वातामा विभिन्न क्षेत्र पेसामा लागेका व्यक्तिहरूबाट महत्त्वपूर्ण जानकारी बटुल्ने ढङ्गले कहिले आफैले र कहिले संयुक्त रूपमा उनले अन्तर्वार्ता लिएको पाइन्छ । यी अन्तर्वार्तामा गिरीको आन्तरिक भावना र विचारले प्रकट हुने अवसर प्राप्त गरेको छ ।

## ४.६ समालोचनाको अध्ययन

जीवेन्द्र देव गिरीले समालोचनाका क्षेत्रमा पुस्तकाकार कृतिका साथै फुटकर लेखहरू लेखेका छन् । गिरीका समालोचनाका चार वटा पुस्तककाकार कृतिहरू र चार दर्जन जति समालोचनात्मक लेखहरू विभिन्न पत्रिकामा प्रकाशित भएका पाइन्छन् । समालोचनाका पुस्तकाकार कृतिहरू **नेपाली साहित्य शृङ्खला** भाग १ (२०५२ सहलेखन), **नेपाली साहित्य शृङ्खला** भाग २ (२०५२ सहलेखन), **नेपाली बाल पत्रिकाको बालसाहित्यमा योगदान** (२०६१) **सबैको नेपाली** (२०६७) र **साहित्यकार जनक प्रसाद हुमागाईं** (२०६७) हुन् ।

## ४.६.१ पुस्तकाकार कृतिको अध्ययन

### ४.६.१.१ नेपाली साहित्य शृङ्खला भाग १ (सहलेखन २०५२)

नेपाली साहित्य शृङ्खला नेपाली साहित्य सम्बन्धी पाठ्य सङ्कलनात्मक, समालोचनात्मक र शैक्षिक अभ्यास मूलक बहुमुखी प्रकृतिको एक पाठ्यग्रन्थ हो । यसमा जीवेन्द्र देव गिरी सहलेखक र सह-सम्पादकका रूपमा रहेका छन् । यसका

---

२६. जीवेन्द्र देव गिरी, 'बेवास्ताभन्दा टीकाटिप्पणी हुनु स्वागतयोग्य कुरा हो', **शब्द-संयोजन**, (वर्ष १, अङ्क ८, २०६१), पृ. १६ ।

अन्य लेखक र सम्पादकहरू वासुदेव त्रिपाठी, ठाकुर प्रसाद पराजुली, महादेव अवस्थी र पारसमणि भण्डारी रहेका छन् । यसले नेपाली साहित्यका विभिन्न युग र विधाका मूर्धन्य अनेक लेखकका विभिन्न उत्कृष्ट कृतिको एक स्तरीय पाठ सङ्कलनको रूप ती लेखक र तिनका कृतिका सम्बन्धमा विस्तृत परिचयात्मक र सघन विश्लेषणत्मक व्यास समालोचनात्मक पाठ्य ग्रन्थको दायित्व बहन गर्नुका साथै शैक्षिक दृष्टिले माध्यमिक र उच्च माध्यकि तहको नेपाली साहित्य सम्बन्धी लेखकपरक र कृतिरक शैक्षिक अभ्यासको मार्ग दर्शन प्राप्त गर्ने अभ्यासमूलक पाठ्य ग्रन्थका रूपमा पनि आफ्नो उपयोगितालाई विस्तारित गरेको छ । **नेपाली साहित्य शृङ्खला** भाग १ मा नेपाली साहित्यका विभिन्न युग र विधाका मूर्धन्य १२ जना लेखकहरू लेखनाथ पौडयाल, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपाल प्रसाद रिमाल, भूपि शेरचन, गुरु प्रसाद मैनाली, भवानी भिक्षु, विजय मल्ल, रमेश विकल, रामकृष्ण शर्मा, भैरव अर्याल र बालकृष्ण समका कविता, कथा, निबन्ध र नाट्यांश विधाहरू क्रमशः 'गौथँलीको चिर विरी' (१), 'यात्री', 'ओखलढुङ्गा', 'जङ्गी निशान हाम्रो', 'असार', 'कर्तव्य', 'मेरो सानू साथी', 'अन्तिम भोज', 'मेरी सानी भतिजी प्रतिमा', 'कवि', 'जय भोली' र 'ज्ञान मर्दछ हासेर राई विज्ञान मर्दछ' जस्ता कृति र नाट्यांशको लेखकपरक र कृतिपरक समालोचना प्रस्तुत गरिएको छ । यस समालोचनात्मक पाठ्य सामग्रीको महत्त्वपूर्ण पक्ष शैक्षिक अभ्यासढाँचा प्रश्नोत्तरात्मक पद्धतिमा आधारित रहेको छ र त्यस पद्धतिको लेखकीय र कृतिपरक समालोचनात्मक पद्धतिका अनेक पक्षलाई अति सङ्क्षिप्त, सङ्क्षिप्त, मझौला वा लामा प्रकृति र आयामका प्रश्नोत्तर मार्फत समेटेको छ । ती प्रश्नात्मक/उत्तरात्मक अभ्यासका नमुना यस किमिका छन् क) लेखकीय र कृतिपरक वस्तुगत तथा र जानकारीसँग सम्बद्ध अति सङ्क्षिप्त ख) त्यस्तै प्रकृतिका तर सङ्क्षिप्त ग) कृतिगत उद्धरणका विषय वस्तु बोध, भाव भाषा एवम् भाषाशैली र शिल्यसँग सम्बद्ध : सङ्क्षिप्त घ) कृतिगत उद्धरणकै सप्रसङ्ग व्याख्या, भाषाशैली र शिल्पसँग सम्बद्ध मझौला वा सङ्क्षिप्त र ङ) लेखकीय तथा कृतिपरक पक्षसँग सम्बद्ध विश्लेषणात्मक वा विवेचनात्मक प्रकृतिका मझौला वा लामा यी विभिन्न प्रश्नात्मक - उत्तरात्मक नमुनामा आधारित शैक्षिक अभ्यास कार्यको सेरोफेरोमा यहाँ यी विभिन्न कुरा समेटिन पुगको छन्- सम्बन्धित लेखकको जीवनसँग र कृति विवरणसँग जोडिएका विभिन्न जानकारी, लेखकीय विधागत विशेषता र योगदान, कृतिगत सन्दर्भ र शब्दार्थ तथा व्याकरण, कृतिको नामाकरण, कृतिगत मुख्य विषय वस्तुसार वा केन्द्रीय भाव, कृतिगत भाषा शैली र शब्दालङ्कार एवम् अर्थालङ्कार, कृतिगत संरचना बनोट र कथन ढाँचा, छन्द-लय र अन्त्यानुप्रास, कथावस्तु, चरित्र परिवेश

एवम् दृश्य विधात र संवाद आदि । यसरी लेखकपरक र कृतिपरक समालोचनात्मक अध्ययनका संज्ञालाई प्रायोगिक सघन अभ्यास कार्यद्वारा अपेक्षित प्रभावकारिता प्रदान गर्ने तर्फ यो प्रश्नात्मक-उत्तरात्मक शैक्षिक अभ्यास पक्ष उन्मुख रहेको छ ।[२७] यस ग्रन्थमा भएका पाठ र लेखकपरक एवम् कृतिपरक समालोचनात्मक अध्ययन सामग्री एवम् शैक्षिक अभ्यासात्मक सामग्री छन् । ती स्वतन्त्र पाठका साथै विभिन्न शैक्षिक तहका शिक्षक र विद्यार्थीका निम्ति पनि सम्बन्धित उपयोगी र लाभप्रद छन् ।

### ४.६.१.२ नेपाली साहित्य शृङ्खला भाग २ (सहलेखन २०५२)

**नेपाली साहित्य शृङ्खला** भाग २ पनि **नेपाली साहित्य शृङ्खला** भाग १ जस्तै जस्तै नेपाली साहित्य सम्बन्धी पाठ्य सङ्कलनात्मक, समालोचनात्मक र शैक्षिक अभ्यासमूलक बहुमुखी प्रकृतिको पाठ्य ग्रन्थ हो । यसमा जीवेन्द्र देव गिरी सहलेखक र सहसम्पादकका रूपमा रहेका छन् । यसका अन्य लेखक र सम्पादकहरू वासुदेव त्रिपाठी, ठाकुर प्रसाद पराजुली, महादेव अवस्थी र पारसमणि भण्डारी रहेका छन् । यसमा पनि विभिन्न युग र विधाका मूर्धन्य लेखकका उत्कृष्ट कृतिहरूलाई आधार बनाई सबद्ध समालोचनात्मक पद्धतिबाट सम्बन्धित लेखक र कृतिका सम्बन्धमा समालोचना गरिएको छ । **नेपाली साहित्य शृङ्खला** भाग २ मा विभिन्न युग र विधाका मूर्धन्य १२ जना लेखकहरू भानुभक्त आचार्य, मोतीराम भट्ट, लेखनाथ पौड्याल, बालकृष्ण सम, माधव प्रसाद घिमिरे, मोहन कोइराला, विश्वेश्वर प्रसाद कोइराला, गोविन्द बहादुर मल्ल गोठाले, इन्द्र बहादुर राई, विजय मल्ल, लक्ष्मी प्रसाद देवकोटा, शङ्कर लामिछानेका कविता, कथा, लघु नाटक र निबन्ध रचनाहरू क्रमशः 'प्रश्नोत्तर', 'किन चाहियो !', 'गौथँलीको चिरबिरी' (२) 'इच्छा', 'मानिस जस्तो अमर मैले देखि केही पनि !', 'सारङ्गीका केही धुनहरू' 'शत्रु', 'कृष्ण र खुकुरी', 'चपरासी', 'पर्खाल भित्र', 'भलादमी', र 'खै बुझिँदैन' जस्ता कृतिहरूको लेखकपरक र कृतिपरक समालोचना प्रस्तत् गरिएको छ । यस समालोचनात्मक पाठ्य सामग्रीको महत्त्वपूर्ण पक्ष शैक्षिक अभ्यास ढाँचा प्रश्नोत्तरात्मक पद्धतिमा आधारित रहेको छ र त्यस पद्धतिले लेखकीय र कृतिपरक समालोचनात्मक अध्ययनका अनेक पक्षलाई अति सङ्क्षिप्त, सङ्क्षिप्त, मझौला वा लामा प्रकृति वा आयामका प्रश्नोत्तर मार्फत समेटेको छ । यी प्रश्नात्मक/उत्तरात्मक अभ्यासका नमुना यस किसिमका छन् : क) लेखकीय र कृतिपरक वस्तुगत र जानकारीसँग सम्बद्ध अति सङ्क्षिप्त ख) त्यस्तै प्रकृतिका तर

---

२७. वासुदेव त्रिपाठी, 'भूमिका', **नेपाली साहित्य शृङ्खला** भाग १, (काठमाडौ : एकता बुक्स डिस्ट्रिव्यटर्स प्रा.लि., २०५२), पृ. ७-८ ।

सङ्क्षिप्त ग) कृतिगत उद्धरणका विषय वस्तु बोध, भाषा एवम् भाषाशैली र शिल्प पक्षसँग सम्बद्ध सक्षिप्त (घ) कृतिगत उद्धरणकै सप्रसङग भाव व्याख्या, भाषाशैली र शिल्पसँग सम्बद्ध मझौला वा सङ्क्षिप्त र ङ) लेखकीय तथा कृतिपरक प्रमुख पक्षसँग सम्बद्ध विश्लेषणात्मक वा विवेचनात्मक प्रकृतिका : मझौला वा लामा । यी विभिन्न प्रश्नात्मक उत्तरात्मक नमुनामा आधारित शैक्षिक अभ्यास कार्यको सेरोफेरोमा यहाँ यी विभिन्न कुरा समेत समेटिन पुगेका छन् सम्बन्धित लेखकको जीवनसँग र कृति विवरणसँग जोडिएका विभिन्न जानकारी, लेखकीय विधागत विशेषता र योगदान, कृतिगत सन्दर्भ र शब्दार्थ तथा व्याकरण, कृतिको नामाकरण, कृतिगत मुख्य विषय वस्तुसार वा केन्द्रीय भाव/विचार/ सन्देश, कृतिगत भाषाशैली र शब्दालङ्कार एवम् अर्थालङ्कार, कृतिगत, संरचना, बनोट र कथन-ढाँचा, छन्द-लय र अन्त्यानुप्रास, कथावस्तु चरित्र-परिवेश एवम् दृश्य-विधान र संवाद आदि । यी लेखकपरक र कृतिपरक समालोचनात्मक अध्ययनका संज्ञान पक्षलाई प्रयोगिक सवल अभ्यास कार्यद्वारा अपेक्षित प्रभावकारिता प्रदान गर्ने तर्फ यो प्रश्नात्मक-उत्तरात्मक शैक्षिक अभ्यास पक्ष उन्मुख रहेको छ ।[२८] यस ग्रन्थमा भएका पाठ र लेखकपरक एवम् कृतिपरक समालोचनात्मक अध्ययन सामग्री एवम् शैक्षिक अभ्यासात्मक सामग्री छन् । ती स्वतन्त्र पाठका साथै विभिन्न शैक्षिक तहका शिक्षक र विद्यार्थीका निम्ति पनि सम्बन्धित उपयोगी र लाभप्रद छन् ।

### ४.६.१.३ नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान (२०६१)

प्रस्तुत पुस्तकमा जीवेन्द्र देव गिरीले बाल साहित्यमा नेपाली बाल पत्रिकाको योगदानका बारेमा चर्चा गरेका छन् । गिरीले यस पुस्तकमा नेपाली बाल पत्रिकाको इतिहास सहित तिनका विशेषताको विश्लेषण गरेर बाल साहित्यमा वैज्ञानिक दृष्टिकोण दिइनु पर्छ, अन्धविश्वास हुने खालका कुराहरू पार्नु हुँदैन भनेर प्रस्ट पारेका छन् । विशेष गरी २००७ सालको परिवर्तन पछि नै नेपाली र नेपालका अन्य भाषामा बाल पत्रिकाहरू देखा पर्न थालेका हुन् भन्ने तथ्य उनले प्रस्तुत गरेका छन् । कुन कुन ठाउँबाट ती निस्कने गरेका थिए भन्ने कुरा पनि यस कृतिबाट थाहा पाउन सकिन्छ । गिरीले बाल पत्रकारिताका सबल र दुर्बल दुवै पक्ष केलाएर आफ्नो विवेचना प्रस्तुत गरेका छन् । यस कृतिमा विवेचित धेरै जसो स्रष्टाका सिर्जनाले बालबालिकालाई सुमार्ग तिर डोऱ्याएको निष्कर्ष निकालिएको छ र केहीको आलोचना पनि गरिएको छ ।

---

२८. वासुदेव त्रिपाठी, 'भूमिका', **नेपाली साहित्य शृङ्खला** भाग २, (काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि., २०५२), पृ. उल्लेख नभएको ।

बाल पत्रिकालाई व्यापक बनाउन हाम्रा बाल बालिकाहरूमा बाल पत्रिका पढ्ने बानी बढाउँदै जानु पर्छ भन्ने विचार उनले प्रकट गरेका छन् र बाल पत्रिकालाई कसरी समाजो पयोगी बनाउन सकिन्छ भन्ने विचार पनि प्रस्तुत गरेका छन् ।

नेपाली र नेपाल भाषामा जस्तै हाम्रा अरू भाषाहरूमा पनि बाल पत्रिका निस्कन थाल्नु पर्छ भन्ने कुरा तिर पनि जीवेन्द्र देव गिरीले ध्यान आकर्षित गर्नु भएको छ । बाल पत्रिकामा कविता, कथा, लेख, निबन्ध, अन्तर्वार्ता, समालोचना, पत्र मित्रता, गाउँखाने कथा, उखान-टुक्का, नाटक, जीवनी इत्यादि विभिन्न विधाका सामग्रीहरू परेकै छन् भनेर बताउनु भएको छ । बाल कथाहरूमा मात्रात्मक र गुणात्मक दृष्टिबाट बढेर गएका छन् भने बाल नाटक चाहिँ कम रचिएकाले यसको मात्रा बढाउँदै जानुपर्छ भन्नु भएको छ । विचार पक्षको पनि विश्लेषण गरेर आधुनिक युग सुहाउँदो वैज्ञानिक दृष्टिकोण नै दिइ रहनु पर्छ, अन्धविश्वास हुने खालका कुराहरू पार्नु हुँदैन भनेर समेत सजग पार्नु भएको छ ।[२९]

### ४.६.१.४ सबैको नेपाली (२०६७)

उच्च माध्यमिक शिक्षा परिषद्द्वारा कक्षा ११ को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तक हो । यो साझा प्रकाशनबाट प्रकाशित भएको छ । यसमा गिरीलगायत ११ जना लेखकको सहभागिता रहेको छ । यसमा १९ जना लेखकहरूका कविता, कथा, उपन्यास, निबन्ध र नाटकका पाठहरू रहेका छन् । यसका साथै तिनमा बोध, व्याकरण र अभिव्यक्ति सम्बन्धी प्रश्न र रचनाहरू समाविष्ट छन् । त्यसैले गिरीलगायतका लेखकहरूले यसको सम्पादनको जिम्मेवारी बहन गरेका छन् । भाषा शिक्षणको चारवटै शिपहरू पढाइ, लेखाइ, बोलाइ र सुनाइलाई एउटै यस कृतिका माध्यमबाट विद्यार्थीहरू समक्ष पुऱ्याउने उद्देश्यले यो कृति तयार गरिएको छ । यसमा नेपाली वर्ण विन्यासका सन्दर्भमा अपवादको न्युनीकरण, सरलीकरण र एक रूपतालाई अँगालिएको छ । उच्च माध्यमिक तहमा यो पाठ्य पुस्तक एक नवीन प्राप्तिका रूपमा देखा परेको छ । गिरी उच्च माध्यमिक शिक्षा परिषद्का नेपाली विषय समितिका सदस्यका रूपमा कार्यरत छन् । त्यसैले पाठ्यक्रम निर्माणमा गिरीको महत्त्वपूर्ण भूमिका रहनु स्वभाविक नै देखिन्छ ।

---

२९. श्याम प्रसाद, 'बाल साहित्यको अध्ययन बारे महत्त्वपूर्ण पुस्तक', **नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान,** (काठमाडौं : विवेक सिर्जनशील प्रकाश, प्रा.लि., २०६१), पृ उल्लेख नभएको ।

### ४.६.१.५ साहित्यकार जनक प्रसाद हुमागाई (२०६७)

प्रस्तुत शीर्षकको जीवनीपरक कृतिमा जीवेन्द्र देव गिरीले काभ्रेली प्रतिभा जनक प्रसाद हुमागाईलाई नेपाली साहित्यका मुक्तक, गीत, कविता, खण्डकाव्य, कथा, निबन्ध, लेख र समालोचना जस्ता विधाका माध्यमबाट नेपाली साहित्यको सेवा गर्ने प्रतिभाका रूपमा उल्लेख गरेका छन् । हुमागाईले नेपाली बाल साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको पनि समालोचनक गिरीले विवेचना गरेका छन् । गिरीले स्रष्टा हुमागाईलाई नेपाली प्रगतिवादी र प्रगतिशील साहित्यको श्रीवृद्धि तथा बामपन्थी राजनीतिको विस्तारमा समेत योगदान पुऱ्याएको उल्लखे गरेका छन् । गिरीले आफ्नो विचारमा अडिग रहने तर सबैसँग मिलेर काम गर्न सक्ने क्षमताले गर्दा नै जनक प्रसाद हुमागाई धेरैका निम्ति प्रिय बनेको स्वीकार गरेका छन् । वास्तवमा गिरीले यस कृतिका माध्यमबाट काभ्रेली स्रष्टा जनक प्रसाद हुमागाईको जीवनी, व्यक्तित्व र कृतित्वलाई राम्ररी चिनाउन सफल भएका छन् ।

### ४.६.२ फुटकर समालोचनाहरूको अध्ययन

### ४.६.२.१ तरुण तपसी नव्यकाव्यको महाकाव्य स्वरूप (२०४२)

प्रस्तुत समालोचनामा जीवेन्द्र देव गिरीले महाकाव्य सिद्धान्तको विवेचना सहित 'तरुण तपसी'को महाकाव्य स्वरूपलाई यसको संरचना पक्षले सुदृढ तुल्याएको छ भनेका छन् । गिरीले 'तरुण तपसी' समष्टिमा पठनीय रहेको र महाकाव्यिक विशेषताले युक्त रहेको कुरा तार्किक रूपमा पुष्टि गरेका छन् । 'तरुण तपसी'को संरचनागत वैशिष्ट्य कुनै पनि महाकाव्यको संरचना सँग तुलनीय रहेको कुरा उनले स्पष्ट रूपमा उल्लेख गरेका छन् ।

### ४.६.२.२ अनुराधाको मूलभूत प्रवृत्ति र वैशिष्ट्य (२०४३)

जीवेन्द्र देव गिरीले 'अनुराधा'को मूलभूत प्रवृत्ति र वैशिष्ट्य शीर्षकको समालोचनामा 'अनुराधा' उपन्यासका बारेमा विश्लेषण गरेका छन् । गिरीले 'अनुराधा' उपन्यासमा रहेको प्रतीकात्मकतालाई फ्रायडेली विशेषताको प्रमुख वैशिष्ट्य मानेका छन् र यसको सामाजिक पक्ष पनि उल्लेख्य रहेको धारणा व्यक्त गरेका छन् । यसरी नै गिरीले यस उपन्यासको विषय वस्तुगत वैशिष्ट्यका रूपमा दुई पुस्ता र दुई मान्यताका द्वन्द्वको प्रस्तुतिकरण पनि हो भन्ने उनको विचार छ ।

### ४.६.२.३ जन ढुक ढुकीमा जीवित कवि युद्ध प्रसाद मिश्र (२०४८)

प्रस्तुत समालोचनामा जीवेन्द्र देव गिरीले युद्ध प्रसाद मिश्रलाई एउटा यस्तो योद्धाका रूपमा लिएका छन जसले व्यक्तिगत सुख-सयललाई लत्याउँदै आफ्नो सम्पूर्ण जीवन नेपाली जनताको मुक्तिका लागि समर्पण गरे । यसमा मिश्रलाई जेलको यातना र प्रवासको प्रताडना पनि आफ्नो अठोटमा अडिग रही क्रान्तिकाको विगुल फुकिरहने र जीवनको अन्तिम घडीसम्म पनि आफ्नो आस्थामा अटल रहँदै जन मुक्तिका लागि गीत गाइरहने कविका रूपमा प्रस्तुत गरिएको छ । उनको मृत्युबाट उत्पन्न पीडा र प्रभावको पनि यसमा बयान छ ।

### ४.६.२.४ बाल साहित्यमा श्याम प्रसाद (२०४९)

जीवेन्द्र देव गिरीले प्रस्तुत शीर्षकको बाल साहित्यमा श्याम प्रसाद समालोचनामा गिरीले श्याम प्रसादको परिचय दिँदै उनी नेपाली बाल साहित्यका क्षेत्रमा एक विशिष्ट व्यक्ति हुन् भन्ने धारणा राखेको पाइन्छ । उनका कृति बाल बालिका र तिनका अभिभावकहरूका लागि पनि महत्त्वपूर्ण रहेको कुरा गिरीले व्यक्त गरेका छन् । श्याम प्रसादका बाल गीत र कविताहरू भाव, भाषा र लयका दृष्टिले अत्यन्त हितकारी रहेको कुरा उनले सोदाहरण केलाएका छन् ।

### ४.६.२.५ लीलाधर गौतम : साधनारत नाम (२०५१)

जीवेन्द्र देव गिरीले विभिन्न स्रष्टाहरूलाई चिनाउने क्रममा आफ्नो समालोचना मार्फत लीलाधर गौतमको राजनीतिक र साहित्यिक जीवनमा प्रकाश पारेका छन् । गिरीले गौतमलाई गद्य र पद्य दुवै क्षेत्रमा कलम चलाएका साथै उनका रचनामा वैचारिक आदर्श ढल्किरहेको पाइन्छ भनेका छन् । उनले गौतम शोषित पीडित जनताका पक्षमा उभिएर क्रान्तिका गीत गाउने प्रगतिवादी साहित्यकार हुन् भनेका छन् ।

### ४.६.२.६ नेपाली भाषाको उत्थानमा चूडामणि रेग्मीको योगदान (२०५३)

जीवेन्द्र देव गिरीले नेपाली भाषाको उत्थानमा चूडामणि रेग्मीले झर्रो नेपाली आन्दोलन अध्ययन अनुसन्धान वर्ण विन्यासका सम्बन्धी नयाँ प्रस्ताव र त्यसको प्रयोग भाषा शिक्षण संलग्नता आदिको माध्यमबाट तथा पत्र पत्रिकाको प्रकाशन र भाषिक पुस्तकहरूको लेखन प्रकाशनबाट ठोस योगदान गरेको कुरा उल्लेख गरेका छन् । झापा जस्तो ठाउँमा रहेर पनि **जुही, युगज्ञान** आदि पत्रिकाका माध्यमबाट उनले

राष्ट्रिय स्तरमा पुरा गरेको भूमिका उच्च कोटीको र अनुकरणीय छन् भनी गिरीले चर्चा गरेका छन् ।

### ४.६.२.७ भक्त बहादुर नेपालीको साहित्यिक यात्रा एक अवलोकन (२०५३)

समालोचनक जीवेन्द्र देव गिरीले प्रस्तुत शीर्षकमा भक्त बहादुरको २०२२ साल देखिको साहित्यिक यात्रालाई चर्चा गर्ने काम गरेका छन् । साहित्यिक यात्राका क्रममा उनका उपन्यास, कथा, कविता, गीत, निबन्धसँग सम्बन्धित कृतिहरूका साहित्यिक विशेषताहरूको समेत उनले उल्लेख गरेका छन् । भक्त बहादुर नेपालीको साहित्यिक यात्रा प्रगतिवादी नेपाली साहित्यका सुन्दर फाँटमा निरन्तर कलकलाई रहेको छ भन्ने उनको टिप्पणी छ । पूर्ववर्ती पुस्तबाट प्रभाव ग्रहण गर्दै र उत्तरवर्ती पुस्तालाई प्रेरित गर्दै यो आफ्नो गन्तव्यतिर प्रवाहित छ भन्ने पनि उनको टिप्पणी छ ।

### ४.६.२.८ ऋषिराम न्यौपानेका कविता काव्य नियाल्दा (२०५३)

समालोचक जीवेन्द्र देव गिरीले प्रस्तुत शीर्षकको समालोचनामा कवि ऋषिराम न्यौपानेका विभिन्न कविता, खण्डकाव्य र महाकाव्यमा विद्यमान क्रान्तिकारिताको व्याख्या गरेका छन् । गिरीका अनुसार न्यौपानेका क्रान्तिकारी परिवर्तनकारी एवम् जनहितकारी विचारले युक्त लयबद्ध कृतिहरू श्रमजीवी जनताका पक्षमा छन् । तिनको व्यापक प्रचारले असल कुरा बढाउने विचार उनले प्रस्तुत गरेका छन् । समालोचक गिरीले न्यौपानेले राष्ट्रका निम्ति जुन अमूल्य योगदान गरे त्यसका निम्ति राज्य स्तरबाट उनको गुणको कदर हुन नसकेको दुःखेसो पनि व्यक्त गरेका छन् । न्यौपानेले जनताको निम्ति गरेको सुकार्य र जन स्तरमा रिझेभिजेको उनको छवि उज्यालो रहेको विचार गिरीले प्रस्तुत गरेका छन् ।

### ४.६.२.९ युद्ध प्रसाद मिश्रको चिन्तन र चरित्रमा मेल (२०५४)

जीवेन्द्र देव गिरीले नेपाली साहित्यका प्रगतिवादी कवि युद्ध प्रसाद मिश्रका बारेमा पनि आफ्नो समीक्षात्मक क्षमतालाई पोखेका छन् । गिरीले युद्ध प्रसाद मिश्रको चिन्तन र चरित्रमा मेल शीर्षकको समीक्षात्मक लेखमा मिश्रलाई सत्य निष्ठाको सतिसाल, सशक्त जीवनन्त अदम्य साहस भएका सशक्त प्रगतिवादी कवि, नयाँ पुस्ताका प्रेरणाका स्रोत, अत्यन्त स्वाभिमानी व्यक्तित्व तथा विचार र सिद्धान्त प्रति अटुट आस्था भएका प्रतिभाका रूपमा चिनाएका छन् । गिरीले मिश्रको चिन्तन र चरित्र खुला पुस्तकका रूपमा नेपाली जन जीवनका अगिल्तिर प्रस्तुत भएको विचार प्रकट गरको छन् ।

### ४.६.२.१० कृष्ण प्रसाद पराजुलीको सुन्तलीमैयाा गीतिकाव्य भित्र प्रगतिशीलता (२०५७)

प्रस्तुत विषयमा जीवेन्द्र देव गिरीले विषय प्रवेश कथासार, विषयवस्तु, विचार पक्ष, संरचना जस्ता पक्षको छुट्टाछुट्टै चर्चा गरी निष्कर्ष प्रस्तुत गरेका छन् । गिरीका अनुसार 'सुन्तलीमैयाँ' गीतिकाव्यमा स्रष्टाको प्रगतिशील साहित्यको अभिरुचिको अभिव्यक्त छ । पराजुली समाजका विषमता मेटेर र समता मूलक समाज सृजना गर्न आफ्ना कविताहरूमा उहिल्यै झुल्किन आइपुगेको हो भन्ने उनको विचार छ ।

### ४.६.२.११ सिर्जनाका फुलहरूमा मोहन दुवाल (२०५७)

प्रस्तुत शीर्षकमा जीवेन्द्र देव गिरीले नेवारी र नेपाली दुवै समुदायमा आफ्नो साहित्यिक कार्यद्वारा प्रभावित पार्न सफल मोहन दुवाललाई कवि, समालोचक, जीवनीकार र निबन्धकारका रूपमा गिरीले चर्चा गरेका छन् । गिरीले विशेषतः अन्य लेखहरूमा झैँ यसमा पनि नेपालको राजनीतिक परिवेश तिर दृष्टि लगाउँदै जन पक्षमा आवाज उठाउने प्रसङ्गमा नै आफूलाई उभ्याएका छन् । शासकहरूका उन्मत्त अत्याचारले गर्दा स्रष्टाहरूले आफ्नो सिर्जना मुक्त कण्ठले गाउन नसकेको र गाए पनि निकै ध्यान पुऱ्याउनु पर्ने विगतको परिस्थिति माझ पनि मोहन दुवाल सिर्जनारत रहेको उल्लेख गरेका छन् । साहित्यका माध्यमबाट नेपाललाई एसियाली स्तरमा पुऱ्याउने सपना देख्ने गिरी वर्गीय पक्षधरता सहित कलम चलाउने स्रष्टाहरूमा थप बल र प्राण भर्न पुगको छन् । यही कार्य कवि मोहन दुवालका सन्दर्भमा पनि लागु भएको छ ।

### ४.६.२.१२ जन मनका कवि केवल पुरे किसान (२०५८)

जीवेन्द्र देव गिरीले कवि देवी प्रसाद किसानका बारेमा समालोचना गरेका छन् । इतिहासका विभिन्न पक्षहरू साक्षात्कार गरी उत्कृष्टता हासिल गर्दा पनि वाद र प्रणालीका आधारमा मूल्याङ्कन गरिने दोष पूर्ण दृष्टिका कारणले चर्चामा आउन नसकेका साहित्यकार किसानलाई गिरीले आफ्ना लेख मार्फत अगाडि ल्याउने प्रयन्त गरेका छन् । गिरीले कवि किसानलाई मार्क्सवादमा आधारित भएर शोषित-पीडित जनताका मनका भावनाहरूको प्रस्तुति गर्ने तथा देशले भोग्नु परेका पीडा र चीत्कार शासनमा बस्ने शासकका कानमा पुऱ्याउन सक्ने कवि हुन् भनेका छन् । गिरीले मार्क्सवादबाट प्रभावित कवि किसानको समालोचना मार्क्सवादी दृष्टिकोणबाट गरेर उनी प्रति न्याय गरेका छन् । गिरी आफू मार्क्सवादी भए पनि समालोचना गर्ने क्रममा

निष्पक्ष तवरले आफ्नो विद्धताको प्रयोग गरेका छन् र त्यस निम्ति तथ्यद्वारा सत्य स्थापना गर्ने प्रयत्न गरेका छन् ।

### ४.६.२.१३ **प्रगतिशील लेखक सङ्घ : प्राप्ति र चुनौति** (२०५९)

प्रस्तुत लेखमा जीवेन्द्र देव गिरीले प्रगतिशील लेखक सङ्घको छैटौँ राष्ट्रिय सम्मेलनमा प्रस्तुत गरेको दस्तावेज हो । यसमा उनले प्रगतिशील साहित्यको इतिहासका साथै यसका प्रगति र हाँकहरूका सम्बन्धमा आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । त्यतिखेर गिरी प्रगतिशील लेखक सङ्घका महासचिव थिए र संस्थागत रूपमा प्रगतिशील लेखक सङ्घलाई अगि बढाउने दृष्टिले यो आलेख तयार गरिएको थियो ।

### ४.६.२.१४ **समको मुकुन्द इन्दिरामा लोक साहित्यको प्रभाव** (२०५९)

मुकुन्द इन्दिरामा लोक साहित्यको प्रभाव शीर्षकको समालोचनामा जीवेन्द्र देव गिरीले लोक साहित्यलाई लिखित साहित्यको पूर्वज ठानेका छन् । यस क्रममा उनले लिखित साहित्यले लोक साहित्यिक सामग्रीलाई यथेष्ट आधार बनाउने धारणा प्रकट गरेका छन् । गिरीले बालकृष्ण समको ‘मुकुन्द इन्दिरा’, ‘अमर सिंह’, नाटक आदिमा पनि लोक साहित्यको प्रभाव परेको कुरा उल्लेख गरेका छन् । गिरीले समको ‘मुकुन्द इन्दिरा’, नाटकलाई राजा हरि मल्ल भवल्ली रानीको गाथासँग तुलना गरेका छन् । यी दुबैमा बाल विवाह, शिक्षाध्ययनका निम्ति परदेश गमन, परदेशबाट फर्केर छदम भेषमा पत्नीहरूको परीक्षण, पत्नीहरूमा विद्यमान हठ, पतिभक्ति, परस्पर सङ्घर्ष, परिचय, आ-आफ्ना गल्ती प्रति पश्चाताप र अन्तमा मधुर मिलन रहेको उल्लेख गरेका छन् । यी दुवै कृतिका बिचका विचार पनि एकै प्रकारको रहेको धारणा गिरीले व्यक्त गरेका  छन् ।

### ४.६.२.१५ **भविष्य निर्माण कथाको विचार पक्ष** (२०५९)

जीवेन्द्र देव गिरीले देव कुमारी थापाको ‘भविष्य निर्माण’ कथाको विचार पक्षको चर्चाकारमा आफूलाई सामेल गराएका छन् । गिरीले ‘भविष्य निर्माण’ कथा समाजका बारेमा चिन्ता गर्ने कथाकारका रूपमा उनलाई उभ्याएका छन् । कथाकार थापाले भावी सन्ततिलाई कसरी शान्तिपूर्ण वातावरणमा जीवन यापन गर्न लगाउने भनी आफ्नो साहित्य शक्ति प्रयोग गरेको कुरा उनले उल्लेख गरेका छन् । गिरीले एकातिर कथाकार थापालाई नारी हस्ताक्षरका रूपमा बाल मनोविज्ञान नारी शिक्षा, पारिवारिक सद्भाव, विश्व शान्ति, प्रकृति प्रेम, सामाजिक उत्थान आदि जस्ता प्रवृत्तिहरू प्रति

अभिरुचि देखाउने कथाकारका रूपमा चिनाएका छन् भने अर्कातिर उनको कथाले सन्ततिलाई युद्ध विरोधी बनाउने नाउँमा २००७ नेपाली क्रान्ति र महान रूसी चिनिया क्रान्तिमा समर्पित युद्ध वीरको महानतालाई पनि ओझेल पार्ने खतरा औंल्याएका छन् ।

### ४.६.२.१६ आख्यानका उज्यालामा मोदनाथ प्रश्रित (२०६०)

जीवेन्द्र देव गिरीको प्रस्तुत शीर्षकको समालोचनालाई पनि प्रमुख रूपमा नै लिन सकिन्छ । यस समालोचना मार्फत गिरीले राजनीतिज्ञ मोदनाथ प्रश्रितका रूपमा चिनाउन विशेष योगदान गरेका छन् । नेपाली साहित्यका कथा, कविता, नाटक, उपन्यास आदि विधामा कलम चलाउने प्रश्रितलाई गिरीले जन प्रिय प्रतिभाका रूपमा चिनाएका छन् । उनले प्रश्रितका आख्यानात्मक कृतिहरूमा देशभक्त लक्ष्मीबाई, चोर, सङ्कल्प, रूपको हार, जीवन निरोध आदि महत्त्वपूर्ण रहेको बताएका छन् । उनका आख्यानात्मक कृतिका आधारमा गिरीले प्रश्रितलाई साम्राज्यवादी ज्यादतीको प्रतिवाद गर्ने, सामन्ती उत्पीडनको विरोध गर्ने, देश भक्तिको गौरवपूर्ण अभिव्यक्ति प्रस्तुत गर्ने, नारी सङ्घर्षको सशक्त प्रस्तुत गर्ने, जेल र प्रहरीको हिरासत जीवनको चित्रण गर्ने धार्मिक रूढि र अन्धविश्वासको पर्दाफास गर्ने, जातीय समानताको उत्कृष्ट अभिलाष प्रस्तुत गर्ने, वर्गीय प्रेमका सुन्दुर प्रसङ्ग प्रस्तुत गर्ने आदि प्रवृत्ति भएका साहित्यकारका रूपमा चिनाएका छन् ।

### ४.६.२.१७ प्रतिगमनका विरूद्ध घन्किएको साहित्य-संस्कृतिकर्मीको आवाज ( २०६०)

जीवेन्द्र देव गिरीका समालोचना मध्ये 'प्रतिगमनका विरोधमा घन्किएको साहित्य-संस्कृतिकर्मीको आवाज' शीर्षकको समालोचना पनि एक रहेको छ । गिरीले यस समालोचना मार्फत नेपाली राजनीतिक इतिहासमा स्रष्टाहरूो योगदानका सन्दर्भमा चर्चा गरेका छन् र राजतन्त्रले निरंकुशता लाद्न खोज्दा स्रष्टाहरूले आफ्ना लेख तथा रचनाहरूका माध्यमबाट आफ्ना हक अधिकार प्राप्तिका लागि लडेको विगतको सङ्घर्षको उल्लेख गरेका छन् । यति मात्र होइन आफ्नो राजनीतिक हक अधिकार सहित सामाजिक अस्तित्व प्राप्तिका लागि धेरै स्रष्टाहरूले आफ्नो प्राण बलिदान गर्नु परेको वास्तविकता पनि गिरीले यसमा प्रस्तुत गरेका छन् ।

### ४.६.२.१८ नेपाली साहित्यका ज्वाज्वल्यमान नक्षत्र हृदयचन्द्र (२०६१)

प्रस्तुत शीर्षकको समालोचनामा जीवेन्द्र देव गिरीले हृदयचन्द्रसिंह प्रधानका जन्मदेखि मृत्यु सम्मका विभिन्न पक्षको चर्चा गरेका छन् र उनले लेखेका साहित्यिक र

भाषिक प्रस्तुतिहरू प्रति टिप्पणी गरेका छन् । गिरीले हृदयचन्द्रलाई प्रगतिशील फाँटको अग्र पङ्क्तिमा रहेका साहित्यकार भनी उल्लेख गरेका छन् । यस्तै हृदयचन्द्रका निबन्धहरू हास्यव्यङ्ग्यले युक्त छन् तर तिनमा सस्तो हाँसो वा व्यङ्ग्य नभइ गम्भीर दार्शनिक सोच बोलिएको भनी उनले उल्लेख गरेका छन् । गिरीका अनुसार हृदयचन्द्रले मूलतः नेपाली भाषामा नै कलम चलाए पनि नेपाल भाषा र हिन्दीमा केही कृतिहरू प्रकाशित गरेका छन् । हृदयचन्द्र मूलतः विचारलाई नै महत्त्व दिन्थे तापनि शिल्पप्रति पनि उत्तिकै सचेत थिए भन्ने कुरा पुष्टि गर्ने प्रयत्न पनि उनले यसमा पुष्टि गरेका छन् ।

### ४.६.२.१९ जनक प्रसाद हुमागाईको काव्यकारिता (२०६२)

प्रस्तुत शीर्षकमा जीवेन्द्र देव गिरीले काव्यकार जनक प्रसाद हुमागाईको जीवन यात्रा देखि लिएर उनका प्रकाशित कृतिहरूको सूची समेत दिएका छन् तापनि मूलतः हुमागाईको काव्यकारितामा केन्द्रित रहेर उनको विवेचना गरेका छन् । कवि हुमागाईका तिन ओटा खण्डकाव्य र तिन ओटा कविता सङ्ग्रह अनि चार ओटा पुस्तिकाहरूमा प्रस्तुत कवित्व तिर दृष्टि लगाउँदै उनको लेखन सोद्देश्यमूलक रहेको र त्यससँग समाज एवम् राष्ट्रको हित गाँसिएको कुरा गिरीले उल्लेख गरेका छन् । सर्वजन हितायलाई नभएर बहुजन हितायलाई आफ्नो लक्ष्य बताएको कुरा पनि समालोचक गिरीले चर्चा गरेका छन् ।

### ४.६.२.२० निबन्धकारका रूपमा मोदनाथ प्रश्रित (२०६२)

जीवेन्द्र देव गिरीले नेपाली राजनीतिक र साहित्य दुवै क्षेत्रमा ख्याति कमाएका प्रगतिवादी साहित्यकार मोदनाथ प्रश्रितको निबन्धकारिता प्रति आफ्ना विचारहरू प्रकट गरेका छन् । गिरीले प्रश्रितका निबन्धहरूमा प्रकृति, संस्कृति, जन जीवन, इतिहास, धर्म, दर्शन, साहित्य, समाजशास्त्र आदि अनेक विषयहरूको प्रसङ्ग रहेको जनाएका छन् । उनका निबन्धहरूमा नेपालका गाउँ नगरमा विद्यमान परिवर्तनको चित्रण गरिएको हुन्छ पनि उनले भनेका छन् । गिरीले प्रश्रितका निबन्धहरूमा उनले आफ्नै जीवनमा विगतदेखि वर्तमान सम्म भोगेका विभिन्न घटनाहरू निबन्धात्मक विधामा रूपान्तरित भएका छन् भन्ने आफ्नो ठहर गरेका छन् । गिरीले प्रश्रितका निबन्धहरूमा पूर्वीय वाङ्मयको प्रत्यक्ष प्रभाव परेको र त्यसमा वैज्ञानिकताको खोज गर्ने काम भएको बताएका छन् । भोगाइलाई लेखाइसँग गाँस्तै जनताका निम्ति गरिएका उनका

सिर्जनाको सही विश्लेषणले सामाजिक रूपान्तरणका निम्ति योगदान पुग्ने विचार पनि उनले व्यक्त गरेका छन् ।

### ४.६.२.२१ प्रेम विवाह र महिला मुक्तिका श्याम प्रसाद (२०६२)

प्रस्तुत समालोचनामा समालोचक जीवेन्द्र देव गिरीले प्रगतिशील लेखकले प्रेमलाई विषय वस्तु बनाएर लेख्नु नै हुँदैन भन्ने एक प्रकारका अर्धबुझक्कडलाई श्याम प्रसादको प्रेम विवाह र महिला मुक्तिले राम्रो जवाफ दिएको जानकारी दिएका छन् । उनले समाजलाई नजिकैबाट नियालेर सँगालेका अनुभवलाई प्रस्तुत गरेको कुरा उल्लेखित छ । प्रेमलाई धन, स्वार्थ र बाह्य रूपमा आधारित बनाउने सामन्ती एवम् पूँजीवादी प्रचलका विरूद्ध श्याम प्रसाद दह्रोसँग उभिएको र उनले प्रेमका सन्दर्भमा अग्लो, होचो, मोटो, पातलो, जात आदिलाई भन्दा गुण र विचारलाई महत्त्व दिनु पर्ने कुरा उठाएको सन्दर्भमा प्रकाश पारेका छन् ।

### ४.६.२.२२ नेपाली साहित्यमा रमेश विकल (२०६४)

प्रस्तुत शीर्षकमा जीवेन्द्र देव गिरीले साहित्यकार रमेश विकलको साहित्यमा विविध विधामा गरेको योगदानका बारे विवेचना गरेका छन् । यस क्रममा कथा, उपन्यास, निबन्ध, नाटक, एकाङ्की, बाल साहित्य, अनुवाद आदि क्षेत्रमा विकलको योगदान रहेको कुरा उनले उल्लेख गरेका छन् । साथै विकलका कृतिहरूका आधारमा साहित्यिक विशेषताहरू समेत छुट्याउने काम गरेका छन् । साहित्यका विविध विधामा कलम चलाए पनि विकलले आख्यान साहित्यमा विशेष प्रसिद्धि पाएका छन् र प्रगतिशीलता उनका सिर्जनाको विशेषता हो भनी गिरीले आफ्नो विचार प्रस्तुत गरेका छन् ।

### ४.६.२.२३ बाल उपन्यास लेखनको स्थिति र प्रभाव (२०६४)

जीवेन्द्र देव गिरीले प्रस्तुत शीर्षकको जनक प्रसाद हुमागाईसँगको सहलेखनमा नेपाली बाल उपन्यास पनि बाल साहित्यका अन्य विधाहरू झैँ निरन्तर अगि बढ्दो छ भनेका छन् । बाल उपन्यास लेखकीय संलग्नता, विषय र संरचनाका विविधता एवम् ज्ञानको अभिवृद्धिका दृष्टिले नेपाली उपन्यासका क्षेत्रमा बाल उपन्यासको यात्रामा आशाप्रद रहेको छ भनेर समालोचक गिरीले विभिन्न बाल उपन्यासको विवेचना सहित आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् ।

### ४.६.२.२४ साहित्यका असल यात्री वासुदेव अधिकारी (२०६५)

जीवेन्द्र देव गिरीले यसमा साहित्यकार वासुदेव अधिकारीलाई चिनाउने प्रयास गरेका छन् । गिरीले अधिकारीका सिर्जनामा जनताका समस्याका अनेक शाखा प्रशाखा पहिल्याउने र तिनको समाधान खोज्न प्रयत्न गरिएको हुन्छ भनेका छन् । विचारले केही भिन्नता हुने बित्तिकै छि छि र दूर दूर गर्ने प्रवृत्ति अधिकारीमा नरहेको समीक्षक गिरीले उल्लेख गरेका छन् । समीक्षक गिरीले प्रस्तुत समालोचनामा कवि अधिकारी श्रमिकका पसिनाको गन्धलाई आफ्नो सौन्दर्य र सिर्जनाको आधारमा स्तम्भ मान्ने र प्रतिबद्ध जन कविहरूका पङ्क्तिमा उदाएका प्रतिभा हुन् भनेका छन् ।

### ४.६.२.२५ अग्निशिखाका कृतिभित्र विशिष्ट भाषाशैली (२०६५)

प्रस्तुत शीर्षकभित्र जीवेन्द्र देव गिरीले विषयवस्तुको चयन, शीर्षकीकरण, समानान्तरता, भाषिक विचलन, उद्धरण र सन्दर्भ, उक्तिढाँचा, शब्द शब्दावली र वाक्य आदि उपशीर्षकमा, अग्निशिखाका कृतिको भाषाशैलीको बारेमा चर्चा गरेका छन् । अग्निशिखा समाजको यथार्थलाई कृतिमा उतार्ने लेखक भएको हुनाले उनका लेखहरूमा सरलता सहजता पाइन्छ भन्ने गिरीको धारणा छ । त्यसैले यिनको भाषाशैलीको छुट्टै पहिचान रहेको छ भन्दै केही आगन्तुक शब्दलाई नेपालीकरण गर्न सकिने अवस्था हुँदाहुँदै पनि अङ्ग्रेजी र हिन्दी रूप नै चलाएको बारे भने आलोचनात्मक टिप्पणी छ । केही रचनाहरूमा रोमन लिपिका शब्दहरूलाई महत्त्व दिइनाले थोरै प्रभाव क्षतिग्रस्त हुन पुगेको छ भन्ने टिप्पणी पनि गिरीद्वारा गरिएको छ ।

### ४.६.२.२६ गोकुल जोशीका कवितामा प्रगतिवाद (२०६५)

प्रस्तुत शीर्षकमा जीवेन्द्र देव गिरीले गोकुल जोशीलाई नेपाली साहित्यका धुरिण प्रतिभा मध्ये एक मानेका छन् । यस शीर्षकमा गिरीले जोशीका कृतिको प्रगतिवाद, अन्तर्वस्तु, रूप आदिको चर्चा गरेका छन् । जोशीका कविता काव्य सिर्जनालाई नियाल्दा जनता र राष्ट्रका जल्दा बल्दा समस्यालाई अन्तर्वस्तुका रूपमा उनले अँगालेको पाइन्छ भन्ने उनको विचार छ । समस्याको उत्खनन् मात्र नगरी त्यसको समाधान पनि उनले दिने प्रयत्न गरेका छन् भनी समालोचक गिरीले उल्लेख गरेका छन् ।

### ४.६.२.२७ देवकोटाको पागल कविताको विश्लेषण (२०६६)

प्रस्तुत शीर्षकमा समालोचक जीवेन्द्र देव गिरीले देवकोटाको पागल कविताको अन्तर्वस्तुका साथै कविताको रूप पक्षमा पनि प्रकाश पारेका छन् । पागल कवितामा

अन्तर्वस्तुका रूपमा सामाजिकता, द्वन्द्वात्मकता, प्रगतिशीलता, सौन्दर्य चिन्तन, प्रकृति चित्रण आदि कुराहरू आएका र रूपगत विशेषता अन्तर्गत संरचना, लय विधान, अलङ्कार, विम्ब र प्रतीक योजना, कथन कला, भाषाशैली आदिलाई छुट्टा छुट्टै रूपमा हेर्ने काम उनले गरेका छन् । यसमा नेपाली समाजका अग्रगतिका निम्ति छटपटाइ रहेको अवस्थालाई प्रस्तुत कविताले चित्रण गरेको बारे गिरीले उल्लेख गरेका छन् ।

### ४.६.२.२८ नेपाली टुक्काहरूको अध्ययन चूडामणि रेग्मी (२०६६)

प्रस्तुत शीर्षकमा जीवेन्द्र देव गिरीले चूडामणि रेग्मीलाई भाषा र साहित्यका क्षेत्रमा योगदान गर्ने विशिष्ट प्रतिभा भनी चिनाउने काम गरेका छन् । यो लेख विषय परिचय, टुक्काको परिचय र परिभाषा, टुक्काको वर्गीकरण, टुक्काको सूची, केही प्रयोग र उपसंहार जस्ता उपशीर्षकमा विभाजित रहेको छ । यसमा नेपाली भाषामा मनग्गे टुक्का भएको र व्यवहार, पत्रपत्रिका भनाइ र लेखाइमा तिनको व्यापक मात्रामा प्रयोग हुने कुरा पनि गिरीले उल्लेख गरेका छन् । गिरीका अनुसार रेग्मीको यो कार्य नेपाली टुक्काको अध्ययनमा एक महत्त्वपूर्ण प्राप्ति हो ।

### ४.६.२.२९ दलितका पक्षमा एक सुन्दरी च्यामिनीप्रति कवितामा देवकोटा (२०६६)

प्रस्तुत शीर्षकमा जीवेन्द्र देव गिरीले देवकोटाको छोटो परिचय दिएर कविताको भावार्थ प्रस्तुत गरेका छन् । यस कवितामा एक दलित नारीको सुन्दरताको वर्णन गरिएको छ । यसमा देवकोटाको समाजवादोन्मुख काल अथवा समाजवादी मानवतावादबाट प्रभावित क्रान्तिकारी स्वच्छन्दतावादी कालको एक सामाजिक साहित्यिक मूल्य बोकेको रचना 'एक सुन्दरी च्यामिनीप्रति' हो भनी गिरीले उल्लेख गरेका छन् । कविले नेपाली समाजमा विद्यमान दलितप्रतिको भेदभाव मेटाउन चाहेका छन् भन्ने चर्चा पनि यहाँ गरिएको छ ।

### ४.६.२.३० देवकोटाको कृषिवाला गीतिनाट्यमा प्रगतिशील चेतना (२०६६)

प्रस्तुत शीर्षकमा जीवेन्द्र देव गिरीले देवकोटाको यस कृतिमा अँगालिएको चिन्तन प्रगतिशीलताले युक्त रहेको बताएका छन् । गिरीका अनुसार देवकोटाले यस कृतिको अन्तर्वस्तु र रूप दुवै व्यापक श्रमजीवी जनतालाई लक्षित गरी तयार गरेका छन् । उनले यस गीतिनाट्यलाई विद्युतीय सञ्चार माध्यमहरूका साथै गाउँ गाउँमा प्रदर्शन गर्नु आवश्यक ठानेका छन् । देवकोटा यस कृतिमा मार्क्सवादका नजिक पुगेका कुरा पनि समालोचक गिरीले व्यक्त गरेका छन् । जीवेन्द्र देव गिरीले कृषिवाला गीतिनाट्यका विभिन्न सन्दर्भका विशिष्टता केलाएका छन् । यसमा यथार्थको अङ्कन,

वर्ग प्रेम सङ्घर्ष, सामन्तवादको विरोध, मानवीय मूल्य र सौन्दर्यप्रति आस्था, श्रमप्रतिको निष्ठा, सामाजिक रूपान्तरणको पक्षधरता, जनता बिचको एकता, राष्ट्रिय भावनाको अभिव्यक्ति र अन्तर्वस्तुसँग रूपको संयोजन पाइने कुरा उनले सोदाहरण प्रस्तुत गरेका छन् ।

### ४.६.२.३१ के नेपाल सानो छ ? निबन्धमा देशभक्ति (२०६६)

जीवेन्द्र देव गिरीले नेपाली साहित्यका महाकवि लक्ष्मी प्रसाद देवकोटाको 'के नेपाल सानो छ ?' निबन्धमा देशभक्ति शीर्षकको समीक्षात्मक लेखमा आफ्नो विद्वताको प्रदर्शन गरेका छन् । गिरीले देवकोटा महान देशभक्त हुन् र निबन्धमा देशभक्तिपूर्ण भावना छताछुल्ल पोखिएको जनाएका छन् । यस लेखमा देवकोटाको हृदयको गहिराईदेखि मातृभूमिप्रति अगाध श्रद्धा खन्याउने क्रममा सामान्य कमी कमजोरी रहेको र विज्ञान प्रति नकारात्मक टिप्पणी एकाध ठाउँमा गरिएको भए पनि समग्रतामा निबन्ध, सशक्त, प्रभावकारी र तर्कयुक्त रहेको छ भनी ठोकुवा गरेका छन् ।

### ४.६.२.३२ भरत राज पन्तको दिनेश शोध काव्यमा बगेको आँसु (२०६६)

जीवेन्द्र देव गिरीले कवि भरत राज पन्तको 'दिनेश शोक काव्यमा' पनि आफूलाई समालोचकका रूपमा उभ्याएका छन् । प्रस्तुत लेखमा गिरीले जीवनलाई नजिकबाट चिन्ने र परिभाषित गर्ने काम गरेका छन् । गिरीले यस लेख मार्फत मान्छे न अकर्मण्य बस्छ न जीवनबाट पलायन हुन सक्छ न त जीवनको त्याग नै गर्न सक्छ भनेका छन् । जीवनका हाँकहरूको सामना गरेर नै मान्छे आफ्नो जीवन सार्थक तुल्याउन सक्छ भन्ने उनको दृढोक्ति छ । जीवन सङ्घर्ष हो, सङ्घर्ष नै जीवन हो भनिने जीवनको व्याख्या पनि उनले आत्मसात गरेका छन् र पुत्र प्रति पिताको अगाध माया प्रेम र स्नेहको गहिराईलाई यस काव्यमा खुलस्त पारिएको छ भन्ने दृष्टिकोण समालोचक गिरीले राखेका छन् ।

### ४.६.२.३३ भवानी घिमिरे : व्यक्ति एक कर्म अनेक (२०६६)

प्रस्तुत शीर्षकमा जीवेन्द्र देव गिरीले भवानी घिमिरेका जन्म र शिक्षा राजनैतिक कर्म, साहित्यिक कर्म, साहित्य सिर्जना र साहित्यिक पत्रकारिताको बारेमा छुट्टा छुट्टै चर्चा गरेका छन् । यिनका अतिरिक्त उनका अन्य कर्म अन्तर्गत शिक्षण, समाज सेवा, नेपाल भित्र र बाहिरका साहित्यकारहरूसँग सम्बन्ध स्थापना, पुस्ताकालय सञ्चालन आदिको पनि उनले चर्चा गरेका छन् । भवानी घिमिरेलाई गिरीले एक प्रतिभावान् साधकका रूपमा उनको कर्मशील जिन्दगी र आस्थापूर्ण जीवन मार्ग

गतिशील थियो भन्दै उनका असल कर्म र अमर कृतिहरू समाजलाई मार्गदर्शन गर्दै सुदूर भविष्यसम्म रहि रहने भनी उल्लेख गरे्का छन् ।

### ४.६.२.३४ अक्टोपसहरूको कवित्व र विचारको संयोजन (२०६६)

प्रस्तुत शीर्षकमा जीवेन्द्र देव गिरीले कपिल लामिछानेको अक्टोपसहरू कविताको विश्लेषण गरेका छन् । यस कवितामा विद्यमान कवित्व र भावको चर्चा गरी यसमा प्रस्तुत भाषाशैलीलाई समेत उनले केलाउने काम गरेका छन् । यस कवितामा प्रयोग गरिएको लय, प्रतीक, विम्ब, अलङ्कार, विचार आदि पक्ष हेर्ने काम पनि उनले गरेका छन् । मुलुकमा विद्यमान तस्करी, कालोबजारी, भ्रष्टाचार, अनाचार, असमानता, कुशासन आदि विभिन्न विडम्बनापूर्ण क्रियाकलाप प्रति कविका तिखा नजर पुगेका छन् भनी उनले उल्लेख गरेका छन् ।

### ४.६.२.३५ छाउपडीमा चेतनाको स्वर (२०६६)

जीवेन्द्र देव गिरीले प्रस्तुत शीर्षकमा पनि आफ्नो समालोचकीय दृष्टि पुऱ्याएका छन् । लक्ष्मण कुँवरको सिर्जना छाउपडीमा गिरीले सुदूर पश्चिमको गाउँले परिवेशलाई कृतिको वर्ण्य विषय र दृश्यको झल्कोका रूपमा उल्लेख गरेका छन् । यसै लेखका माध्यमबाट गिरीले धर्म, पूजा र ईश्वरका नाममा भएका विभिन्न रूढिवादी, असामाजिक, अमानवीय कुसंस्कारका विरूद्ध यस कृतिले गतिलो झापड हानेको उल्लेख गरेका छन् । अन्तमा गिरीले यसका लेखकले आध्यात्मिक चिन्तन अर्थात् देवी देवताप्रति समाजमा विद्यमान विश्वासको खण्डनमा अझ सशक्त तर्क र उदाहरण प्रस्तुत गर्न सकेको भए कृति अझ बलवान् बन्ने थियो भनेर आफ्नो निर्णयात्मक समालोचना पद्धतिलाई पनि झल्काएका छन् ।

### ४.६.२.३६ नेपाली साहित्यमा रमेश विकलको योगदान (२०६६)

जीवेन्द्र देव गिरीले प्रस्तुत शीर्षकको समीक्षात्मक लेखमा साहित्यकार विकलका विभिन्न पक्षलाई केलाएका छन् । उनले वि.सं. १९९५ मा जन्मिएका विकललाई अनेक सङ्घर्षका माझ सङ्घर्षशील जीवन विताउने साहित्यकारका रूपमा प्रसंसा गरेका छन् । गिरीले प्रस्तुत लेखमा विकलका कथा, उपन्यास, नाटक, एकाङ्की र निबन्ध सङ्ग्रहका साथै बाल साहित्य, अनुवाद र विभिन्न पत्र पत्रिकाको सम्पादनका बारेमा चर्चा गरेका छन् । गिरीले समीक्षा गर्ने क्रममा विकललाई उच्च कोटिका साहित्यकार हुन भनेका छन् । विकलका सम्पूर्ण कृतिहरूमा सङ्ख्यात्मक र गुणात्मक दुवै पक्ष देख्ने गिरीले विकलमा रहेका कमजोरी पक्षमा भने ध्यान पुऱ्याउन सकेको पाइँदैन ।

### ४.६.२.३७ रमेश विकल र उनको बाल साहित्य सिर्जना (२०६७)

जीवेन्द्र देव गिरीले विभिन्न साहित्यकारका सिर्जना बारे समीक्षा गर्ने क्रममा साहित्यकार रमेश विकलाई बाल साहित्यका सर्जकका रूपमा पनि चिनाएका छन् । गिरीले विकललाई नेपाली बाल साहित्यका प्रसिद्ध सर्जकका रूपमा राखेका छन् । उनले विकललाई सङ्ख्यात्मक मात्र नभई गुणात्मक रूपमा पनि उत्कृष्ट रचना गरेको भनी कदर गरेका छन् । विकलले बाल साहित्यको सिर्जना मात्र गरेको नभई यसका लागि संस्थागत नेतृत्व गरेर देशका विभिन्न भागमा पुगेका कुरा पनि उनले खुलस्त गरेका छन् । विकलका बाल साहित्यका विशेषताका पक्षमा गिरीले उनका यी सन्देशमय विशेषताहरूको पनि उल्लेख गरेका छन् : घमण्डी हुनु हुँदैन, इमान्दार र असल बन्नु, लोभलालचमा फस्नु हुन्न, मुर्ख बन्नु हुन्न, पैसा भन्दा मान इज्जत ठुलो हो, अरूलाई हेला गर्नु हुन्न आदि ।

### ४.६.२.३८ देवकोटाका कृतिमा लोक जीवनको प्रतिविम्ब (२०६७)

प्रस्तुत लेखमा जीवेन्द्र देव गिरीले महाकवि लक्ष्मी प्रसाद देवकोटाका जीवनमा लोक साहित्य वा लोक प्रचलनको प्रभाव रहेको चर्चा गरेका छन् । महाकवि देवकोटाले नेपाली साहित्यको ढुकुटी भर्ने क्रममा विविध विधाका अनेकौं कृतिहरूको रचना गरेर नेपाली साहित्यलाई सुदृढ र सबल बनाएको वास्तविकता छर्लङ्ग नै छ । गिरीले यसरी लोक जीवनको प्रतिविम्ब पाउन सकिने देवकोटाका कृतिहरूमा यी कृतिहरूलाई राखेका छन् : **आषाढको प्रन्ध, म्हेन्दु, कुञ्जिनी, मुनामदन, कृषिवाला, पहाडी पुकार, प्रमिथस** आदि । गिरीले देवकोटाका सिर्जनाहरूमा नेपाली लोक जीवनका कृषि र अन्य व्यवसाय, गाउँले सरलपना र निश्छलता, सहरिया गुन्डागर्दी, जातीय विविधता, वर्गीय भेदभाव उत्पीडन र सङ्घर्ष, परदेश जानु पर्ने अवस्था, नारी समस्या, अन्धविश्वास, समाज परिवर्तनको चाहना, लोक लय र लोक नाचप्रतिको अभिरुचि आदि जस्ता प्रवृत्तिहरू रहेको उल्लेख गरेका छन् । गिरीले महाकवि देवकोटालाई लिखित साहित्यको सिर्जनामा मात्र होइन लोक साहित्यको प्रभाव आत्मसात गर्ने साहित्यकारका रूपमा पनि यस समालोचना मार्फत चिनाउन सफल भएका छन् ।

### ४.६.२.३९ शब्द-संयोजन विशेषाङ्कमा महाकवि देवकोटा (२०६७)

प्रस्तुत लेखमा जीवेन्द्र देव गिरीले शब्द-संयोजनको देवकोटा विशेषाङ्क बारे विस्तृत रूपमा विवेचना गरेका छन् । यस विशेषाङ्कले देवकोटाको जीवनी, व्यक्तित्व

र कृतित्वलाई विशेष रूपमा प्रकाश पारेको तथा थोरैमा धेरै र गुणात्मक ढङ्गले देवकोटालाई चिनाउने योगदान गरेको टिप्पणी गिरीले गरेका छन् ।

### ४.६.२.४० जन पक्षीय साहित्य सिर्जना विष्णुभक्त फुँयाल (२०६७)

जीवेन्द्र देव गिरीले विभिन्न व्यक्तिहरूको जीवनीपरक र कृतिपरक अध्ययनका क्रममा विष्णुभक्त फुँयालको पनि अध्ययन गरेका छन् । प्रस्तुत शीर्षकको लेखमा गिरीले फुँयाललाई जनपक्षीय साहित्यकारका रूपमा चिनाएका छन् । फुँयाल विशेष गरी नेपाली नाटक र चलचित्रमा क्रियाशील रहेको प्रसङ्ग उनले उठाएका छन् । गिरीले फुँयालले नेपाली साहित्यका मूलतः नाटकमा र केही मात्रामा गीत, संस्मरणात्मक विधामा पनि सिर्जनात्मक योगदान पुऱ्याएको चर्चा गरेका छन् । गिरीले फुँयालको साहित्यिक सांस्कृतिक र राजनीतिक क्षेत्रमा चहकिलो छवि रहेको उल्लेख गरेका छन् ।

### ४.६.२.४१ मुनामदनमा लोकतत्त्व (२०६७)

**मुनामदन**मा लोकतत्व शीर्षकमा जीवेन्द्र देव गिरीले लक्ष्मी प्रसाद देवकोटाको ज्यदै चर्चित खण्डकाव्य **मुनामदन** भित्र कुन कुन ठाउँमा लोकतत्व रहेको छ भनी त्यसलाई ठम्याउने काम गरेका छन् । गिरीले मुनामदनको कथावस्तुको मूल स्रोतका रूपमा नै लोकगाथा रहेको चर्चा गरेका छन् । यस्तै **मुनामदन**को छन्दका रूपमा लोकलय रहेको छ भन्ने कुरा पनि उनले इङ्गित गरेका छन् । वास्तवमा देवकोटाले लोकमा रिझे भिजेका लोकप्रिय छन्छ, झ्याउरे छन्दको प्रयोग गरेका छन् । यस्तो परिस्थितिको उद्घाटन गरिएको **मुनामदन**को आख्यान पनि लोक जीवनसँग गाँसिएको छ । यस कृतिले उत्कृष्ट काव्यिक उचाइ स्पर्श गरे पनि यसको भाषा लोकको पहुँचमा छ भन्दै लक्ष्मी प्रसाद देवकोटाको लोक जीवनसँगको निकटता त्यसप्रतिको मोह र संवेदना यस कृतिमा छताछुल्ल पोखिएको छ भनी उनले उल्लेख गरेका छन् ।

### ४.६.३ भूमिकाको अध्ययन

जीवेन्द्र देव गिरीले साहित्यका विभिन्न विधामा कलम चलाउने क्रममा लेखेका भूमिकाहरू पनि समालोचनासँग सम्बन्धित छन् । गिरीले दुई दर्जन जति भूमिकाहरू लेखेको पाइन्छ । निम्न लिखित विभिन्न पुस्तकहरूमा प्रकाशित ती भूमिकाहरू यस प्रकार रहेका छन् :

### ४.६.३.१ संकल्प (२०५१) कविता सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले नेपाली समाजका यथार्थ पीडा व्यथा छटपटीप्रति सूक्ष्म दृष्टि लगाउँदै तिनका कारण तथा मुक्तिका उपाय तिर कवयत्री चन्द्रा थानीले इसारा गरेको कुरा उल्लेख गरेका छन् । यी कविताहरूमा कतै नारी हृदयका वेदनाहरू र गरिबीको कहाली लाग्दा समस्याहरू, कतै शोषण र उत्पीडन विरोधी स्वरहरू, कतै देशभक्तिका गीतहरू र कतै प्रकृतिका विविध रूपहरूको प्रस्तुति भएको कुरा उनले उल्लेख गरेका छन् ।

### ४.६.३.२ जागृतिका स्वरहरू (२०५३) कविता सङ्ग्रह

प्रस्तुत भूमिकामा कवयत्री दुर्गा रानाका जीवनदृष्टि र अनुभूति बारे चर्चा गरिएको छ । नेपाली जन जीवन, समाज र राष्ट्रका विविध सन्दर्भ र सचेत राष्ट्रप्रेमी नारी हृदयको सदभावको अन्तः गुञ्जन नै प्रस्तुत कविता सङ्ग्रह हो भन्ने उनले उल्लेख गरेका छन् ।

### ४.६.३.३ नेकपा (एमाले)को नौ महिना कार्यकाल (२०५३) राजनीति

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले नेकपा (एमाले) को नौ महिने कार्यकालमा गरेका कार्यहरूको चर्चा गरेका छन् । यसमा उनले लेखक ध्रुव वस्नेतका भावनाबारे प्रकाश पारेका छन् ।

### ४.६.३.४ चम्चा चिन्तन (२०५५) निबन्ध सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले 'चम्चा चिन्तन'का निबन्धकार नरनाथ लुइँटेल खासमा आफ्नै वरिपरिको परिवेश देखेर रन्थनिएका छन् भन्ने कुरा प्रस्तुत गरेका छन् । नेपाली समाज विकृतिको आहालमा डुबेको देखेपछि उनले कमलको टुँडो घोटेका रहेछन् र सोझो औँलाले घिउ आउँदैन भनेर आफ्नो अभिव्यक्तिलाई व्यङ्ग्यात्मक तुल्याएका रहेछन् भन्ने उनले उल्लेख गरेका छन् ।

### ४.६.३.५ बाउरे (२०५६) कविता सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले कवि पुरमल वस्नेतको 'बाउरे' कविता सङ्ग्रहमा विकृति र विसङ्गतिबाट कवि मर्माहत भएको चर्चा गरेका छन् । कवि भरिया, गोठाला, गरिब आदिका पिर व्यथाबाट पिरोलिएको छ र यसमा राष्ट्रप्रेमी भावना छताछुल्ल पोखिएको कुरा उनले उल्लेख गरेका छन् ।

### ४.६.३.६ विश्लेषण र मूल्याङ्कन (२०५६) समालोचनात्मक कृति

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले नेपाली साहित्यका विविध विधामा सञ्जय थापाको उल्लेखनीय स्थान बारे कमला पराजुलीले वर्णन गरेको कुरामा प्रकाश पारेका छन् । आधुनिक युगको महाकाव्य भनिने उपन्यास विधामा डुबुल्की लगाउने प्रगतिवादी क्षेत्रका थोरै नेपाली साहित्यकाहरू मध्ये उनी एक सफल रहेको धारण यसमा प्रस्तुत छ ।

### ४.६.३.७ जब जनता बिउँझन्छन् (२०५७) उपन्यास

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले जब जनता बिउँझन्छन्का लेखक पृथ्वी बहादुर सिंहलाई जनताको काखमा हुर्कदै आएका व्यक्तिका रूपमा जन मुक्तिका निम्ति बर्षौंदेखि जुट्दै आएका व्यक्ति भनेका छन् । नेपाली गाउँघर र भारतीय भूभागमा नेपालीहरूमाथि भएका ज्यादतीहरूलाई लेखकले नजिकैबाट अनभूत गरेको र त्यसका विरूद्ध २०४६ आन्दोलन नेपालको भेरी क्षेत्रमा उठेको रोचक वर्णन यसमा छ भन्ने कुरा उनले उल्लेख गरेका छन् ।

### ४.६.३.८ कुहिरो र काग (२०५८) कविता सङ्ग्रह

जीवेन्द्र देव गिरीले 'कुहिरो र काग' कविता सङ्ग्रहको भूमिकामा कवि बलभन्द्र भारती मार्क्सका विचारलाई मस्तिष्कले छाम्ने र हृदयले ओकल्ने गरेको टिप्पणी गरेका छन् । मार्क्सका विचार बोकेर आफ्नो देश मात्र होइन अफ्रिकाका बस्ती पनि चर्हान पुगेका छन् भन्ने पनि गिरीको भनाइ छ । उनी सदियौँको दासताको कथालाई कोट्याउँदै समस्त मजदुरहरूको दासताको जञ्जिर चुँडाल्न चाहन्छन् भन्ने कुरा पनि यसमा प्रस्तुत छ ।

### ४.६.३.९ जुत्ता दर्शन (२०५८) निबन्ध सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले गणेश प्रसाद ओझाको 'जुत्ता दर्शन'ले साहित्य समाजका लागि भन्ने मान्यतालाई आत्मसात् गरेको धारणा व्यक्त गरेका छन् । यस सङ्ग्रहका निबन्धहरूमा सामाजिक यथार्थको प्रस्तुति र त्यसप्रतिको आलोचनात्मक दृष्टिकोण व्यङ्ग्यात्मक रूपमा प्रस्तुत भएको पाइन्छ भनेर उक्त भूमिकामा उल्लेख गरिएको छ ।

### ४.६.३.१० आमा छोरी (२०५८) कविता सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले यस कृतिमा आमा नर्मदेश्वरी सत्याल र छोरी जयन्ती 'स्पन्दन'का कवितामा सामाजिक भेदभाव र अपहेलनामा नारीलाई अस्तित्वहीन तुल्याउने कुपरम्परालाई परिवर्तन गर्न हरेक सन्तति विउँझनु पर्छ भन्ने सन्देश प्रवाहित रहेको विचार प्रकट गरेका छन् ।

### ४.६.३.११ नेपाली साहित्यमा दैलेखको योगदान (२०५८) इतिहास

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले 'नेपाली साहित्यमा दैलेखको योगदान' भन्ने कृतिमा वालाराम उपाध्याय आचार्यले भेरी अञ्चलको पहाडी भागमा रहेको दैलेख जिल्ला राजधानीबाट टाढा रहेको र त्यहाँ कसैको पनि आँखा पुग्न नसकेको कुरा उल्लेख गरेका छन् । दैलेखमा ऐतिहासिक, सांस्कृतिक र विभिन्न रमणीय स्थलहरू रहेको कुरा पनि चर्चा गरेका छन् । त्यहाँ भारत रामायण लगायतका अनेक लोकगाथा र लोकगीतको गुञ्जन सुन्न तथा विभिन्न लोकनाच र मेला पर्वका तमासा हेर्न पाइन्छ भन्ने कुरा पनि यस भूमिकामा व्यक्त गरेका छन् ।

### ४.६.३.१२ छोरी विराना किन (२०५९) कविता सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले नारीमाथि थोपरिएका अचाक्लीका विषयमा नारी एवम् बाढी बनेर उर्लिन अनिवार्य छ र जुनसुकै पनि न्याय प्रेमी मुटु कविता बनेर ढुक ढुकाउन स्वभाविक छ भन्ने कवि पीताम्बर भण्डारीको भावना बारे प्रकाश पारेका छन् । यस सन्दर्भमा प्रस्तुत काव्य अर्थपूर्ण रहेको विचार उनले व्यक्त गरेका छन् ।

### ४.६.३.१३ कोलाहलहरू (२०५९) कविता सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले कवि कृष्ण ओलीले नेपालका विकट भन्दा विकट ठाउँमा पुगेर नेपाली जन जीवनको वास्तविकताको पहिचान गरेको कुरा उल्लेख गरेका छन् । सुदूर पश्चिमका दुरदराजका गाउँबारे उनले अनुभूत गरेका कुराका साथै त्यहाँका शक्ति र सीमा उनका कवितामा पोखिएको धारणा गिरीले व्यक्त गरेका छन् ।

### ४.६.३.१४ किरिया विद्रोह (२०६०) संस्कृति सम्बन्धी पुस्तक

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले किरिया विद्रोह चूडामणि गिरीको सामाजिक परिवर्तनको उत्कृट अभिलाशाको उपज हो भनेका छन् । सिद्धान्तलाई व्यवहारमा उतारेर तथा भनाइ र गराइ बिच एकरूपता ल्याउने उत्तम कार्य तिरको

यत्नलाई अगाडि बढाएर यसले सामाजिक परिवर्तनका निम्ति योगदान गरेको छ भन्ने उनको टिप्पणी छ ।

### ४.६.३.१५ चम्किला चौध कोपिला (२०६०) बाल अन्तर्वार्ता सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले विजय राज आचार्यको प्रस्तुत कृतिले ठुलाबडा एवम् विशिष्ट व्यक्तिहरूलाई मात्र अन्तर्वार्तामा स्थान दिने पुरानो प्रचलनमा परिवर्तन गरी बाल बालिकाको अन्तर्वार्तालाई महत्त्व दिने कार्य स्वयम् अर्थपूर्ण छ भन्ने विचार व्यक्त गरेको पाइन्छ । यसमा देशका विभिन्न भागका बाल बालिकाको अन्तर्वार्ता समावेश हुनु उत्साहजनक र प्रेरणाजनक कार्य हो भन्ने भाव उनका भनाइमा पाइन्छ ।

### ४.६.३.१६ चमत्कारी कुची (२०६१) बाल कथा सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले चिनियाँ कथाकार वाङ्चुङको यस बाल कथा सङ्ग्रहमा बाल बालिकाका सुन्दर, उत्साहजनक र साहसिला कार्यहरूका साथै बुढापाकाका अर्तीहरूलाई प्रस्तुत गर्ने तथा मानवेतर पात्रहरूका उदेक लाग्दा गतिविधिहरूलाई उदाङ्गो पार्ने काम गरिएको छ भनेर टिप्पणी गरेका छन् ।

### ४.६.१७ जुग जुग जिओ (२०६३) गीत कविता सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले यस कृतिका उद्देश्यका रूपमा थारू संस्कृति गीत संगीत र भाषाको संरक्षण एवम् विकास छोरा छोरी बिचको विभेदको अन्त्य आदिलाई प्रस्तुत गरिएको छ । यसले सामाजिक हितको असल भावनालाई आत्मसात् गरेको छ भन्ने कुरा पनि उनले उल्लेख गरेका छन् ।

### ४.६.३.१८ खेतबारीका गीत (२०६३) कविता सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले जनक प्रसाद हुमागाईंको 'खेतबारीका गीत' कविता सङ्ग्रहमा प्रकाशित गीतहरूको बारेमा चर्चा गरेका छन् । यसमा प्रकाशित गीतहरू खेतबारीसँग सम्बन्धित भएको कुरा गिरीले उल्लेख गरेका छन् ।

### ४.६.३.१९ गीतमाला (२०६४) कविता सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले मान साग्निको गीतमाला छन्दको एक रसताका माझ पनि विषयगत विविधता, चिन्तनको उपयोगिता, समय सापेक्षता, भाषाको सरलता र गेयात्मकता तथा अभिव्यक्तिको स्पष्टताले गर्दा नेपाली बाल साहित्यको एक महत्त्वपूर्ण प्राप्ति बन्न पुगेको कुरा स्विकार गरेका छन् ।

### ४.६.३.२० खुर्सानी बारी (२०६६) लोक कथा सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले बाल बालिकामा साहस, बुद्धि, धैर्य र चातुर्यको भावना भर्ने गुणाकर भुसालको यो लोक कथा सङ्ग्रह प्रौढहरूका लागि पनि कम तुष्टि दायक छैन भन्ने विचार व्यक्त गरेका छन् । यहाँका लोक कथाहरू समाज उपयोगी, मनोरञ्जक र शिक्षाप्रद छन् भन्ने उल्लेख पनि उनले गरेका छन् । कपटी र दुष्ट मान्छेहरूले सजाय पाएको, आमाबाबुको आज्ञा पालन गर्नेले सुख पाएको र सो पालन नगर्नेले ज्यान गुमाएको कुरा यहाँका कथाहरूका कुरा महत्त्वपूर्ण भएको धारणा उनले गरेका छन् ।

### ४.६.३.२१ सिङ्गै कविता जिउँदा (२०६६) कविता सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले केबल पुरे किसानले आफ्नो अभिव्यक्तिका निम्ति जनप्रिय लयलाई अँगालेका छन् भन्दै यहाँका अधिकांश रचना लोकलयमा संरचित रहेको जानकारी दिएका छन् । तिनमा आफ्नो निजीपनको छटा मिसाउने प्रयत्न पनि ठाउँ ठाउँमा उनले गरेका छन् भन्ने धारणा सहित किसानको प्रगतिवादी चिन्तनले निम्न वर्गको मुक्ति र राष्ट्रियताको संबर्धनमा गरिएको योगदानमा प्रकाश पारेका छन् भन्ने कुरा पनि यसमा उल्लिखित छ ।

### ४.६.३.२२ पहिलेका भ्रमण अहिलेका संस्मरण (२०६६) निबन्ध सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले इतिहास, राजनीति र समाज विकासलाई व्याख्या विश्लेषण गर्ने तिर अग्रसर रही ज्ञान र अनुभवको बाँडचुँडद्वारा समाजमा सद्भाव चेतना विस्तार गर्न कलाधर काफ्लेले प्रस्तुत कृतिमा गरेको परिश्रम र लगानीको गुणग्राही जगतबाट सम्मान हुने कुरामा कुनै द्विविधा छैन भन्ने धारणा प्रकट गरेका छन् । यात्रा निबन्धको एक उल्लेख्य कृति हो भन्ने पनि उनको धारणा रहेको छ ।

### ४.६.३.२३ युवाका आँखामा जननेता मदन भण्डारी (२०६७) निबन्ध सङ्ग्रह

प्रस्तुत भूमिकामा जीवेन्द्र देव गिरीले जनताका आँखाका नानी हुन भन्ने धारणा प्रस्तुत गरेका छन् । नेपाली शोषित, पीडित जनता र नेपाल राष्ट्रको मुक्तिका निम्ति भण्डारी सक्रिय रहेको र उनले नेपाली क्रान्तिको मौलिक सिद्धान्त प्रति श्रद्धाले शिर निहुरयाउँदै असङ्ख्य जनताले त्यसलाई पछ्याइरहेका छन् । प्रेरित गन्तव्यतिर पाइला बढाइ रहेका छन् भन्ने धारणा पनि उनले प्रकट गरेका छन् ।

### ४.६.४ समीक्षाको अध्ययन

जीवेन्द्र देव गिरीले साहित्यका विभिन्न विधामा कलम चलाउने क्रममा लेखेका समीक्षाहरू समालोचनासँग सम्बन्धित छन् । गिरीले एक दर्जन भन्दा बढी नै समीक्षाहरू लेखेको पाइन्छ । निम्न लिखित विभिन्न पुस्तकहरूका समीक्षाहरू यस प्रकार रहेका छन् ।

#### ४.६.४.१ दिलमाया रमेश विकल (२०४५)

जीवेन्द्र देव गिरीले रमेश विकलको दिलमाया नामक कृतिको कृति समीक्षा गर्दै त्यस कृतिले बाल बालिकामा आँट र साहस भर्न महत्त्वपूर्ण योगदान गर्ने विचार व्यक्त गरेका छन् ।

#### ४.६.४.२ कृष्ण प्रसाद पराजुली : आस्थाका आयाम (२०४७)

जीवेन्द्र देव गिरीले यस लेखमा 'कृष्ण प्रसाद पराजुली : आस्थाका आयाम' शीर्षकको कृति बारे चर्चा गरेका छन् । नेपाली साहित्य र भाषाका मूर्धन्य व्यक्ति पराजुलीले गरेको योगदानलाई यसले पाठक समक्ष ल्याएको कुरा उनले उल्लेख गरेका छन् । गिरीले पराजुलीलाई बाल साहित्य, भाषा, व्याकरण, गीत, कविता, मुक्तक, कथा, समालोचना, निबन्ध र लोक साहित्यका अध्येताका रूपमा यस कृतिले चिनाएको कुरा उल्लेख गरेका छन् । पराजुलीको लेखन नेपालीपनले ओतप्रोत हुनका साथै सरल र मौलिकताले भरिपूर्ण रहेको र उनले सबै पाठक तथा साहित्यका पारखीहरूको मन जितेको कुरा पनि कृतिमा चर्चित रहेको जानकारी पनि गिरीले दिएका छन् ।

#### ४.६.४.३ नेपाली बाल साहित्यमा चुनिएका पुस्तकहरूको सुची (२०५०)

जीवेन्द्र देव गिरीले 'नेपाली बाल साहित्यमा चुनिएका पुस्तकहरूको सूची' नेपाल बाल साहित्य समाजको आग्रहमा समाजका अध्यक्ष चूडामणि बन्धुको निर्देशन अनुसार तयार गरेका थिए । त्यसमा उनले बाल साहित्यका विभिन्न पुस्तकहरूका बारेमा छोटो छोटो टिप्पणी गरेका छन् ।

#### ४.६.४.४ कृती र कृति (२०५३)

जीवेन्द्र देव गिरीले चूडामणि रेग्मीको 'कृती र कृति'मा रेग्मीको लामो साधना बौद्धिक प्रखरता र भाषिक मौलिकताको प्रशंसा गर्दै सङ्क्षिप्त टिप्पणी गरेका छन् ।

### ४.६.४.५ तीन संवत्सर (२०५३)

जीवेन्द्र देव गिरीले नारायण ढकालको 'तीन संवत्सर' शीर्षकको निबन्धमा कृति चर्चा गर्दै त्यसका विषयवस्तु शैली, संवाद आदि प्रभावकारी रहेको विचार व्यक्त गरेका छन् ।

### ४.६.४.६ काशी बहादुर श्रेष्ठ स्मृति ग्रन्थ (२०५४)

जीवेन्द्र देव गिरीले 'काशी बहादुर श्रेष्ठ स्मृति ग्रन्थ'का विशेषतामा प्रकाश पार्दै त्यसका स्मृति ग्रन्थकार कृष्ण प्रसाद पराजुलीको उत्कृष्ट सम्पादन कलाको सराहना गर्दै ग्रन्थ भित्र विद्यमान सामग्रीले श्रेष्ठको मूल्याङ्कनमा महत्त्वपूर्ण योगदान गरेको विचार व्यक्त गरेका छन् ।

### ४.६.४.७ जीवेन्द्र देव गिरीद्वारा गरिएको लिखित टिप्पणी (२०५५)

जीवेन्द्र देव गिरीले प्रा. राजेन्द्र सुवेदीद्वारा प्रस्तुत नेपाली साहित्यको इतिहास लेखनमा देखा परेका त्रुटि र निराकरणका सम्भानावहरू विषयक कार्य पत्रमा गरेको टिप्पणी प्रकाशित छ । त्यहाँ उनले कार्यपत्रका सबल र दुर्वल पक्षबारे स्पष्ट विचार व्यक्त गरेका छन् ।

### ४.६.४.९ टिप्पणी (२०५७)

जीवेन्द्र देव गिरीले जन संस्कृतिमा हाक र चुनौति सबै मिलेर सामना गर्न निरकुशतन्त्र विरूद्ध कलम चलाउने प्रलेसको उद्देश्यमा चर्चा गरेका छन् ।

### ४.६.४.१० पुरमल बस्नेत सिम्तालीको बाउरे कविता सङ्ग्रह हेर्दा (२०५८)

जीवेन्द्र देव गिरीले पुरमल बस्नेत सिम्तालीको बाउरे कविता सङ्ग्रहको कृति चर्चा गरेका छन् र त्यसमा बाउरे, भरिया, गोठाला, गरिब आदिका पिर व्यथाको बयान भएको कुरा उल्लेख गरेका छन् ।

### ४.६.४.९ साझा आन्दोलनको उपलब्धि दुरुपयोग गर्न दिनु हुँदैन (२०५९)

जीवेन्द्र देव गिरीले साझा आन्दोलनको उपलब्धि दुरूपयोग गर्न दिनु हुँदैन भन्ने शीर्षकमा प्रगतिवादी मूल्य मान्यता र लेखकीय आचरण बारे पोखरामा आयोजित प्रगतिशील लेखक सङ्घको गोष्ठीमा आफ्नो मन्तव्य प्रस्तुत गरेका छन् । त्यसमा उनले प्रगतिवादी साहित्यका विभिन्न विषयमा सारपूर्ण विचार व्यक्त गरेका छन् ।

### ४.६.४.११ विचारले चलखेल गर्नु पर्छ विचार माभिनु पर्छ (२०५९)

जीवेन्द्र देव गिरीले प्रगतिशील लेखक सङ्घद्वारा वर्तमान अवस्थामा अभिव्यक्ति स्वतन्त्रता र बुद्धिजीवीहरूको भूमिका विषय प्रगतिशील लेखक सङ्र्घद्वारा (२०५९) आयोजित गोष्ठीमा विचार चल खेल गर्नु पर्छ र विचार माभिनु पर्छ भन्दै अभिव्यक्ति स्वतन्त्रताका पक्षमा प्रस्तुत गरेको धारणा हो ।

### ४.६.४.१२ समयका ज्वारभाटा र जुर्मुराएका जिन्दगीहरू (२०६१)

जीवेन्द्र देव गिरीले चन्द बहादुर थापा मगरका दुई कृतिहरू 'समयका ज्वारभाटा र जुर्मराएका जिन्दगीहरू'को कृति समीक्षा गरेका छन् । यस क्रममा थापा मगरले भेदभाव, शोषण, उत्पीडन, अन्धविश्वास, रूढी र जालभेलको अन्तय समयका ज्वारभाटा चाहेको र समाज विरोधी तत्वहरूलाई चित्रित गर्दै परिवर्तनको विगुल फुक्ने काम जुर्मुराएका जिन्दगीमा गरिएको कुरा पनि अभिव्यक्त गरेका छन् ।

### ४.६.४.१३ विजय सुब्बाका गीत र गजलहरू (२०६२)

जीवेन्द्र देव गिरीले विजय सुब्बाका गीत र गजलहरुको कृति चर्चा गर्दै सामाजिक रुपान्तरण र देश भक्तिको सम्बर्द्धनमा उनले आफ्ना कविता र गजलबाट पुऱ्याएको विशिष्ट योगदान बारे प्रकाश पारेका छन् ।

### ४.६.४.१४ टिप्पणी (२०६२)

जीवेन्द्र देव गिरीले मोहन प्रसाईद्वारा लेखिएको भारतीय कविता वृत्तमा डा. पवन चामलिङको योगदन भन्ने कृतिको टिप्पणी गरेका छन् । भारतमा बसेर पनि नेपाली कविता कलम चलाउने एक सशक्त प्रतिभा हुन भनी चर्चा गरेका छन् ।

### ४.६.४.१५ सहभागी जीवेन्द्र देव गिरीबाट व्यक्त अभिमत (२०६३)

जीवेन्द्र देव गिरीले सांस्कृतिक रूपान्तरणको प्रश्नमा नेपाली संस्कृतिका मूल्य मान्यता र रूपान्तरणबारे टिप्पणी गर्दै प्रगतिशील वैज्ञानिक विचारले युक्त पाठ्य सामग्रीहरूको आवश्यकता प्रकाश पारेका छन् ।

### ४.६.४.१६ जन साहित्यिक मञ्च : केही सुझाव केही अपेक्षा (२०६७)

जीवेन्द्र देव गिरीले 'जन साहित्यिक मञ्च : केही सुझाव, केही अपेक्षा' भन्ने टिप्पणीपरक लेखमा जन साहित्यको उद्देश्य र भूमिका बारेमा प्रकाश पारेका छन् । यसमा उनले राष्ट्रिय जन सांस्कृतिक महासङ्घ अन्तर्गतका विभिन्न घटकहरूको

परिचय दिँदै साम्राज्यवादी र पूँजीवादी संस्कृतिको समाजमा पारेको दुश्प्रभावबाट समाजलाई जोगाउन र राष्ट्रिय स्वाधिनता र अखण्डता एवम् समाजको सर्वाङ्गिण रूपान्तरणमा रूपान्तरमा जन साहित्यले पुरा गर्नु पर्ने दायित्वमा प्रकाश पारेका छन् ।

### ४.६.५ सम्पादकीय

जीवेन्द्र देव गिरीले विभिन्न पुस्तक र पत्र पत्रिकाको सम्पादनका क्रममा सम्पादकीयहरू लेखेका छन् । यस्ता पत्रिकामा **सुर्खेती कल्याण समाजको स्मारिका, कविता कोसेली, साहित्य कोसेली, संस्कृति, सयपत्री, दीपशिखा, फक्रँदो कोपिला, जिउँदा किसान सिङ्गो कविता जनकप्रसाद हुमागाई, स्रष्टा एक द्रष्टा अनेक, कुलमान सिंह भण्डारी स्मृति ग्रन्थ, जनक प्रसाद हुमागाईंको निशाना कविता सङ्ग्रह** आदि प्रमुख छन् । यिनमा उनको साहित्यिक अभिव्यक्ति र दृष्टिकोण प्रस्तुत भएको  छ ।

### ४.७ भाषिक कार्यको अध्ययन

जीवेन्द्र देव गिरीले साहित्यका विधाका अतिरिक्त भाषिक सिद्धान्त र नेपालका भाषा भाषिका बारे पनि कलम चलाएको पाइन्छ । उनका भाषा सम्बन्धी दुईवटा पुस्तकाकार कृतिका साथै दुई दर्जन भन्दा बढी भाषा सम्बन्धी लेखहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित भएका पाइन्छन् ।

### ४.७.१ पुस्तकाकार कृतिको अध्ययन

#### ४.७.१.१ भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण (२०६२)

जीवेन्द्र देव गिरीले **भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण** नेपाली विषयको स्नातकोत्तर तहको अध्ययनताक गरेको अनुसन्धानलाई मूर्त रूप दिँदै प्रकाशित भएको पुस्तक हो । उनको सो अध्ययन अनुसन्धान विधिमा आधारित छ । उनको प्राज्ञिक रुचि संवर्द्धन भएर यो परिस्कृत बनेको छ । यसमा गरिएको भेरी क्षेत्रीय नेपाली भाषिकाका क्रियाको विवेचनाले नेपालीका अरू भाषिकाहरूलाई बुझ्ने र व्याख्या गर्ने काममा मार्गदर्शन गरेको छ । यस ग्रन्थलाई दुई प्रमुख बुँदाहरूले गर्दा विशेष रूपले प्रशंसा गर्नु पर्ने देखिन्छ । पहिलो बुँदा अनुसार क्रियाको वाक्यत्मक र आर्थी दुबै व्याख्या भाषाको वैज्ञानिक अध्ययनमा आधारित भएर गरिएको छ । यस ग्रन्थमा गिरीले आफ्नो ध्यान क्रियामा नै केन्द्रीत गरेका छन् । यसले गर्दा क्रियाहरूको अध्ययनमा उपयोगी एक नमुना अध्ययन यो बन्न गएको छ । यस पुस्तकको दोस्रो बुँदा नेपाली भाषिकाको विशेष अध्ययन रहेको छ । नेपाली भाषिकाको वैज्ञानिक व्याख्या चित्त बुझ्दो रूपमा नभई सकेको स्थितिमा यसले राम्रो बाटो देखाएको छ ।

भाषिकाहरूको अध्ययन परम्पराको सर्वप्रथम सर्वाङ्गीण प्रस्तुति गर्ने यस ग्रन्थले भेरी क्षेत्रीय क्रियाको साङ्गोपाङ्गो अध्ययन गरेको छ । क्रिया विशेषणलाई क्रिया बनाउने यस भाषिकाको आफ्नै विशेषता एकातिर भाषा वैज्ञानिकहरूका लागि अमूल्य प्राप्ति भएको छ भने अर्का तिर क्रियाको सम्पूर्ण रूपावलीले भाषा विज्ञानमा प्रवेश नपाएका पाठकहरूका लागि समेत राम्रो सहयोग गरेको छ । [३०]

> कपिल लामिछाने प्रस्तुत पुस्तकका बारेमा भनेका छन्-यस ग्रन्थको मूल अध्ययन क्षेत्र भेरी वरपरको नेपाली भाषिकाको क्रियाको आवश्यक सङ्कलन गरी गिरीले यथोचित विश्लेषण गर्नु भएको छ र त्यस क्रममा भेरी भाषिका विशेषता औंल्याउनु भएको छ, ध्वनिगत विशेषता देखाउनु भएको छ अनि क्रियारूपको सङ्कलन र विश्लेषण गर्नु भएको छ भने अध्यायको मूल आधार भाषा वैज्ञानिक रहेको छ ।[३१]

### ४.७.१.२ भाषा विज्ञान भाषा र भाषिका (२०६३)

जीवेन्द्र देव गिरीको **भाषा विज्ञान, भाषा र भाषिका** पुस्तक ऐतिहासिक भाषा विज्ञान, समाज भाषा विज्ञान, तुलनात्मक भाषा विज्ञान र भाषिक भुगोलसँग सम्बन्धित सिद्धान्त, नेपालका भाषाहरू र नेपालीका भाषिकाका विषयमा लेखिएका लेखहरूको सँगालो हो । यस ग्रन्थमा भाषा विज्ञान र भाषा भाषिका गरी दुई खण्ड रहेको छन् । पहिलो खण्डको भाषा विज्ञान शीर्षक भित्रको भाषाको तुलनात्मक अध्ययन र पुनर्निमाण प्रक्रियाले तुलनात्मक भाषा विज्ञान, भाषिक भुगोल, क्षेत्रीय भाषा विज्ञान, भाषिक सम्पर्क र सम्मेलन, पिजिन र क्रेओल, आगमन र भाषिक मृत्यु जस्ता लेखले सामाजिक भाषा विज्ञानका सीमालाई स्पर्श गरेका छन् । यिनको साथै यो खण्ड बढी इतिहासमुखी रहेको छ । यसमा परेका वृक्षारेख सिद्धान्त, तरङ्ग सिद्धान्त, ध्वनि विच्छेद र ध्वनि विलय, ध्वनि परिवर्तन, अर्थ परिवर्तन, व्याकरणात्मक परिवर्तन, ग्रिम, भर्नर र ग्रासमनका नियम जस्ता विषय ऐतिहासिक भाषा विज्ञानसँग सम्बन्धित छन् । भाषिक सिद्धान्तको अध्ययन गरी आफ्नै किसिमको सरल, स्पष्ट र परिमार्जित भाषामा लेखिएका यी लेखहरूले विद्यार्थीहरूलाई ऐतिहासिक भाषा विज्ञानका विभिन्न पक्षमा दक्षता बृद्धि गर्न सहयोग गरेका छन् । दोस्रो खण्ड भाषा र भाषिका शीर्षकमा नेपालका भाषाहरू र नेपाली भाषाका भाषिका जस्ता लेख नेपाली भाषाको अध्ययनमा

---

३०. तारानाथ शर्मा, 'प्राक्कथन'; **भेरी क्षेत्रीय क्रियाको संरचनात्मक विश्लेषण,** (काठमाडौँ : पार्वती गिरी, नयाँ बानेश्वर, २०५३), पृ. क ।

३१. कपिल लामिछाने, 'भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण सानो पुस्तिका ठुलो उपलब्धि', **जनमत**, (वर्ष १४, अङ्क ७-१०, २०५४), पृ. ३४ ।

लागेकाहरूका निम्ति पूर्व परिचित भए तापनि कतिपय लेखहरू उनको क्षेत्र कार्य र क्षेत्रीय अनुसन्धानमा आधारित छन् । नेपालका भाषाका बारेमा प्रस्तुत गरिएका सूचना नयाँ तथ्यमा आधारित छन् । राजी भाषाको ज्यादै कम जानकारी रहेको स्थितिमा त्यस भाषा बारे जानकारी दिएको छ । सायद नेपालमा राजी भाषाका बारेमा गरिएको यो पहिलो अनुसन्धान हो । यस जानकारीले सूचना मात्र होइन, तुलनात्मक अध्ययन गर्नेहरूका लागि राजी भाषाका शब्द र वाक्य पनि प्रस्तुत गरेको छ । यस्तै बर्दिया जिल्लाको नेपालीमा प्रचलित थारू शब्द र बाँके जिल्लाको नेपालीमा प्रचलित मुस्लिम शब्दहरूले भाषिक सम्पर्कका कारण कसरी कुनै भाषामा शब्दहरूको आगमन हुन्छ भन्ने कुरा स्पष्ट गरेका छन् । मुस्लिम समुदायका शब्दहरूको ज्ञान र प्रयोगबाट नेपाली भाषा समृद्ध भएको छ र समझदारीको विकासका निम्ति योगदान भएको छ । राजी थारू र मुस्लिम समुदायका भाषाका बारेमा यी लेखहरू नेपाली भाषा, साहित्य तथा समाज विज्ञानका विद्यार्थीहरूका लागि पनि उपयोगी र मार्गदर्शक नै रहेका छन् । यसमा भेरी क्षेत्रीय नेपालीमा इच्यो, उच्यो, तिच्यो, आदिको प्रयोग गरी दुई लेख समविष्ट गरेका छन् । यी लेखले भेरी क्षेत्रीय भाषिकाका विशेषता देखाउँदै सिकारू विद्यार्थीहरूलाई भाषिकाको सङ्कलन र विश्लेषण गर्ने नमुना प्रस्तुत गरेका छन् ।[३२] यस पुस्तकमा सङ्कलित लेखहरूका कतिपय विषय नेपाली पाठकहरूका लागि पूर्व परिचित भए पनि कतिपय चाहिँ नौला विशेषताले युक्त पनि छन् ।

प्रस्तुत पुस्तकमा गिरीले स्नातकोत्तर तहमा लामो समयसम्म भाषा विज्ञानको अध्ययनका क्रममा सँगालेका, खारिएका ज्ञान र अनुभवलाई एकातिर प्रस्तुत गरेका छन् भने अर्कातिर उनले नेपालीका भाषा र भाषिका सम्बन्धी आफ्नो अध्ययन एवम् क्षेत्र कार्यलाई समेत समावेश गरेका छन् । त्यसैले प्रस्तुत पुस्तक भाषाका अध्येतता एवम् प्रयोक्ता दुवैका लागि उपयोगी रहेको छ । भाषिक सिद्धान्तहरू एवम् तिनका व्याख्या विवेचनालाई बोधगम्य तुल्याउन उनले प्रस्तुत ग्रन्थमा गरिएिको प्रयास महत्त्वपूर्ण रहेको छ । उनले विषय वस्तुको वैज्ञानिक प्रस्तुतिकरण सहित विभिन्न उदाहरण, तालिका र आलेखहरूका सहायताले आफ्नो भनाइलाई स्पष्ट गर्ने काम राम्ररी गरेका छन् । गहन विषय वस्तुलाई छरितो र बोधगम्य शैलीमा प्रस्तुत गरिएकाले यो ग्रन्थ पाठकहरूका पहुँचमा रहने देखिन्छ ।[३३] यस पुस्तकले भाषिक

३२. चूडामणि बन्धु, 'सम्मति', **भाषा विज्ञान, भाषा र भाषिका**, (काठमाडौं : एकता बुक्स डिस्ट्रिब्यर्टस प्रा.लि., २०६३), पृ उल्लेख नभएको ।

३३. वासुदेव त्रिपाठी, 'शुभकामना', **भाषा विज्ञान भाषा र भाषिका,** (काठमाडौं : एकता बुक्स डिस्ट्रिब्यर्टस प्रा.लि., २०६३), पृ. उल्लेख नभएको ।

क्षेत्रमा हुँदै आएका व्याख्या विवेचना तथा तिनले स्थापना गरेका मान्यताका केही पक्ष र गिरीका आफ्नै शोध खोजलाई पाठकहरू माझ पु¥याएको छ ।

### ४.७.२ फुटकर भाषिक लेखहरूको अध्ययन

#### ४.७.२.१ सिम्ताली भाषिका : कथ्य नेपाली कै एक भेद (२०४०/४१)

प्रस्तुत शीर्षकको लेखमा जीवेन्द्र देव गिरीले नेपाली भाषाको भाषिकाको रूपमा सिम्तालीको परिचय दिने प्रयास गरेका छन् । यस क्रममा नेपाली तथा सिम्तालीका समानता-असमानता एवम् आपसी सम्बन्धलाई प्रस्ट्याउन सिम्तालीका भाषिक भेद, वक्ता र वर्णको चिनारी गराउँदै सोदाहरण केही शब्दगत र वाक्यगत भाषिक विशेषताहरू प्रस्तुत गरेका छन् ।

#### ४.७.२.२ सिम्ताली धातुको वर्गीकरण (२०४२)

प्रस्तुत शीर्षकको लेखमा जीवेन्द्र देव गिरीले स्तरीय नेपाली भन्दा भिन्नै रूपका सिम्ताली धातुहरूले नेपाली र सिम्तालीमा रहेका सामान्य अन्तर देखाए पनि यिनीहरूको संरचनामा भने खासै भिन्नता नपाइने कुरा उल्लेख गरेका छन् । सिम्ताली धातुको चार प्रकारको वर्गीकरण गर्दै धातुका तहमा विद्यमान संरचनागत विशेषतालाई उनले उदाहरण सहित यसमा प्रस्तुत गरेका छन् ।

#### ४.७.२.३ भेरी क्षेत्रमा प्रचलित नेपाली क्रियाका 'त' र 'द' झैं 'न' का विविध रूप (२०४५)

प्रस्तुत शीर्षकको लेखमा जीवेन्द्र देव गिरीले भेरीइ क्षेत्रमा प्रचलित नेपाली क्रियामा 'त' र 'द' का सरह नै 'न' का विविध रूपहरू देखाएका छन् । उनका अनुसार त्यस भाषिकामा एक स्वरान्त धातुद्वारा निर्मित क्रियाहरूमा 'न', 'ना', 'नी', 'नै' र 'नो', 'जान्छ', 'जाना पथ', 'जानी छ', 'जाने छ', 'जानो छ', झैँ देखा पर्छन् । त्यसैले क्रियापदका विचमा पाइने उपर्युक्त 'न' आगमन हो कि 'हुने', 'खाने' आदि कृदन्तको 'ने' बाट विकसित भएको हो भन्ने विवादका सन्दर्भमा भेरी क्षेत्रमा प्रचलित नेपालीका क्रियामा पाइने 'न' का विविध प्रयोग महत्त्वपूर्ण सावित हुन सक्दछ भन्ने तर्क गिरीले गरेका छन् ।

#### ४.७.२.४ भेरी क्षेत्रमा प्रचलित नाता सम्बन्धी शब्द (२०५१)

जीवेन्द्र देव गिरीले भेरी क्षेत्रमा प्रचलित नाता सम्बन्धी शब्दहरूबाट के जानकारी पाइन्छ भने असमान शब्दहरूको तुलनामा समान वा आंशिक रूपले समान

शब्दहरूको सङ्ख्या बढी छ । यसरी नै 'ड' ध्वनि 'र' मा परिणत हुने कारणले 'साडु' को 'सारू' हुन गएको छ भने स्थानीय ध्वनिगत विशेषताले 'बाजे' को 'बाज्या', 'नातिनी' को 'नात्यानी' थुप्रै शब्दहरू केही भिन्न भएका छन् भन्ने चर्चा गिरीले यस लेखमा प्रस्तुत गरेका छन् । उनले 'आमा'का निम्ति 'ज्या' 'मामा' कि निम्ति 'म्वाजु', 'सानीमा'का निम्ति 'सान्ज्या', 'काका'का निम्ति 'काउनु', 'दिदी'का निम्ति 'आजु' जस्ता शब्द त्यहाँ प्रयोग हुने जानकारी पनि दिएका छन् ।

### ४.७.२.५ मदन भण्डारीका भाषणमा भाषिक विशेषता (२०५४)

जीवेन्द्र देव गिरीले मदन भण्डारीका भाषणमा भाषिक विशेषतामा मदनको भाषिक सामर्थ्य विशिष्ट कोटीको थियो भनेका छन् । उनी एक सम्मानित राजनीतिज्ञका साथै नेपाली भाषणमा विशेष दख्खल भएका व्यक्तित्व थिए । उनले उखान, टुक्का, अनुकरणात्मक शब्द, भाषिक विचलन र समानान्तरताको प्रयोग गर्दै आफ्नो भाषणलाई कलात्मक र कवितात्मक तुल्याएको कुरा गिरीले उदाहरण सहित प्रस्तुत गरेका छन् । नेपाली भाषाको मौलिक विशेषतालाई विशेष महत्त्व दिँदै र अन्य भाषाबाट आएका आगन्तुक तत्त्वलाई पनि ग्रहण गर्दै उनले आफ्नो भाषणमा जीवन्त भाषाको प्रयोग गरेको कुरा गिरीले यस लेखमा चर्चा गरेका छन् ।

### ४.७.२.६ भाषाको परिभाषा (२०५४)

जीवेन्द्र देव गिरीले भाषा साधारण अर्थमा मानवीय अभिव्यक्ति हो र यसको सम्बन्ध भाषा धातु र व्यक्ति वाणी सँगै छ भन्ने कुरा यसमा उल्लेख गरेका छन् । पूर्वीय र पश्चिमी विद्वानहरूका परिभाषाहरूलाई केलाउँदै भाषाको एउटा आफ्नो नियम र व्यवस्था हुन्छ भनी उनले भनेका छन् । मान्छेले मात्र भाषाका माध्यमले आपसमा विचार विनियम गर्दछन् र भाषा समाजमा मात्र जीवन्त रहन्छ भन्ने विचारका साथै भाषा परिवर्तनशील हुन्छ, यो अप्ठ्यारेबाट सजिलो तथा जटिलबाट सरल लाग्दै गतिशील रहन्छ भन्ने कुरा भन्दै यसलाई मानवको अमूल्य सम्पत्ति हो भन्ने धारणा गिरीले प्रस्तुत गरेका छन् ।

### ४.७.२.७ भाषालाई समृद्ध पारौं : राष्ट्रका विभिन्न भाषा भाषिका शब्दहरूको प्रयोग गरौं (२०५६)

भाषा प्रति सद्भाव र प्रेम राख्दै भाषिक अध्ययनमा लगनशील रहेका जीवेन्द्र देव गिरीले नेपाली भाषाको उत्थान र विकासका लागि अझै कठिनाइको सामना गर्न परेको स्थितिबारे प्रकाश पारेका छन् । नेपाली भाषामा जसरी अङ्ग्रेजी आदिका

आगन्तुक शब्दहरूलाई सहजै स्वीकार गर्छौं त्यसरी नै नेपालका विभिन्न भाषा र भाषिकाका शब्दहरूको पनि प्रयोग गर्नु आवश्यक छ भन्ने उनको धारणा छ । यसरी राष्ट्रिय भाषा र भाषिकाबाट शक्ति बटुलेर नेपाली भाषाले आफूलाई समृद्ध पार्ने र बहुभाषिक नेपालको पहिचान दिने भाषिक सामर्थ्य विश्व सामु प्रदर्शन गर्ने तथा राष्ट्रको शिर ठाडो गर्ने महत्त्वपूर्ण सम्भावना रहेको कुरा गिरीले उल्लेख गरेका छन् ।

### ४.७.२.८ **समीभवन र त्यसका प्रकार** (२०६७)

जीवेन्द्र देव गिरीले 'समीभवन र त्यसका प्रकार' भन्ने लेखमा नेपाली भाषामा पाइने समीभवनका विभिन्न प्रकारका साथै त्यस भित्रका विभिन्न उपप्रकारहरूको चर्चा र उदाहरण सहित व्याख्या गर्नु भएको छ ।

### ४.७.२.९ **भेरी क्षेत्रीय नेपालीमा नेस प्रत्यय** (२०६१)

जीवेन्द्र देव गिरीले भेरी क्षेत्रीय नेपालीमा 'नेस' प्रत्यय को व्यापक मात्रामा प्रयोग भएको छ भन्ने कुराको चर्चा गरेका छन् । भेरी क्षेत्रीय नेपालीमा प्रचलित 'नेस' प्रत्ययलाई सिङ्गो नेपाली भाषा कै सम्पत्ति बनाउन सकिने धारणा उनले व्यक्त गरेका छन् । यस्ता महत्त्वपूर्ण भाषिक सम्पत्तिको खोजखबर गरेर नेपाली भाषाले आफ्नो समृद्धिका नयाँ क्षितिजहरू उर्घान सक्छ र भाषिकाहरू प्रति उपेक्षित दृष्टि नलगाई तिनबाट शक्ति बटुल्न तिर हाम्रो भाषा प्रवृत हुन सकेमा त्यहाँबाट कैयन् कुरा प्राप्त हुन सक्दछन् भन्ने गिरीको धारणा रहेको छ ।

### ४.७.२.१० **बहुभाषिक फुलबारीका रूपमा नेपाल** (२०६१)

प्रस्तुत लेखमा जीवेन्द्र देव गिरीले नेपालमा रहेका चार परिवारका भाषा र ती भाषा बोल्ने वक्ता र सोको, प्रतिशतलाई तालिकाबद्ध गरेर नेपाललाई भाषिक फुलबारीको उपमा दिएका छन् । कुसुन्डा भाषालाई अज्ञात भाषा समूह भित्र राखिएको हुँदा पाँच परिवारका भाषा यहाँ छन् भन्दै भाषिक सर्वेक्षणको काम पुरा भए अझ स्पष्ट हुने कुरा गिरी बताउँछन् । नेपालको भाषिक विविधता यहाँको अमूल्य सम्पत्ति हो र त्यसको सदुपयोग हुन सके महत्त्वपूर्ण उपलब्धि हुने तर्क उनले प्रस्तुत गरेका छन् ।

### ४.७.२.११ **बाल बालिका र मातृभाषा** (२०६२)

जीवेन्द्र देव गिरीले 'बाल बालिका र मातृभाषा' भन्ने लेखमा बाल बालिकाले आमाका काखमा सिक्ने भाषा नै मातृभाषा हो भन्दै यस भाषामा उनीहरूको भाषिक क्रियाकलाप स्वभाविक रूपमा सुरू हुन्छ भन्ने विचार व्यक्त गरेका छन् । यही

भाषाका ध्वनि, शब्द, वाक्य आदिलाई सुनेर बाल बालिकाले हुर्कने, खेल्ने, पढ्ने र विविध गतिविधि गर्ने परिवेशलाई मातृभाषामा बनाएरै कुनै भाषालाई भाषिक मृत्युबाट बचाउन सकिने धारणा गिरीले राखेको पाइन्छ ।

### ४.७.२.१२ भेरीको भूमिका उभिएर 'दिव्योपदेश'को भाषालाई नियाल्दा (२०६२)

पृथ्वीनारायण शाहको 'दिव्योपदेश' लाई भेरी क्षेत्रीय नेपालीसँग दाँजेर जीवेन्द्र देव गिरीले यसको भाषा र भेरी क्षेत्रको भाषामा समानता रहेको कुरा यसमा बताएका छन् । भेरी क्षेत्रमा प्रचलित कतिपय शब्दहरू 'दिव्योपदेश'मा जस्ताका त्यस्तै प्रयोगमा रहेका छन् भन्ने कुराको तथ्य उनले प्रस्तुत गरेका छन् । साथै नेपालका अन्य भू-भागमा प्रचलित नेपालीसँग 'दिव्योपदेश'को भाषालाई दाँज्दा पनि कैयन् बैशिष्ट्य फेला पर्ने कुरा गिरीले उक्त लेखमा प्रस्तुत गरेका छन् । यसरी 'दिव्योपदेश'का विशेषताले एकीकृत नेपालको स्वरूप प्रस्तुत हुने कुरा गर्दै राष्ट्रिय एकताको भावनालाई समृद्ध पार्ने चेष्टा उनले यसमा गरेका छन् ।

### ४.७.२.१३ नेपालका भाषाहरूको स्थिति र भविष्यका सम्भावनाहरू (२०६३)

जीवेन्द्र देव गिरीले नेपालका भाषाहरूको स्थिति र भविष्यका सम्भावनाहरू भन्ने लेखमा बहुभाषिकता नेपालको विशेषता हो भन्दै संसारका अन्य देशका व्यक्तिहरू हाम्रो भाषिक सम्पन्नता देखेर लोभिन्छन् भनेका छन् । हिमाली क्षेत्रमा बोलिने शेर्पा भाषादेखि नदी किनारमा बोलिने राजी, माझी, बोटे आदि मात्र नभई जङ्गल जङ्गल चहार्दै हिँड्ने कुसुन्डा राउटे आदिका भाषाहरू यहाँ प्रचलित छन् र तिनका अत्यन्त प्राचीन कला-संस्कृतिलाई जोगाउने क्षमता छ भन्ने उनको विचार छ । यिनीहरूको स्थिति हेरी लेखन परम्पराको विकास, वर्ण पहिचान, मानकीकरण, वाङ्मयको विकास, प्रयोजनको क्षेत्रको विस्तार, अध्ययन अनुसन्धान, प्रकाशन, प्रचार प्रसाद आदिमा व्यापकता ल्याउन आवश्यक छ भन्ने गिरीको दृष्टिकोण छ । यस निम्ति भाषा प्रज्ञा प्रतिष्ठानको खाँचो पनि औंल्याएका छन् ।

### ४.७.२.१४ सिम्ताली भाषिकाको मुक्त वर्गको शब्दका रूपमा नामपद (२०६३)

प्रस्तुत लेखमा जीवेन्द्र देव गिरीले सिम्ताली नामपदको मुक्त वर्गको शब्दका रूपमा परिचय र त्यसका रूपात्मक आधार प्रस्तुत गरेका छन् । यसका साथै उनले यसका मूल शब्द, वचन, लिङ्ग, आर्थी र रूपात्मक कारक, नामपद निर्माणका विभिन्न आधारहरू पनि प्रस्तुत गरेका छन् । सिम्तालीको नामपद उर्वर छ र यसमा एकातिर

व्युत्पादन भएर धेरै शब्द पनि त्यति नै भित्रिएको र भित्रिने क्रम जारी रहेको कुरा गिरीले बताएका छन् ।

### ४.७.२.१५ गुरुको गहुङ्गो शोध प्रबन्ध (२०६४)

प्रस्तुत लेखमा जीवेन्द्र देव गिरीले बल्लभमणि दाहालको 'ए डिस्क्रिपसन अफ नेपाली लिटरेरी एण्ड कोलेक्वियल' शीर्षकको विद्यावारिधि शोध प्रबन्ध बारे विवेचना गरेका छन् । उनले यस शोध प्रबन्धले नेपाली भाषाका वर्णमाला तालिका तिनका बिचको व्यतिरेक, तिनको वितरण, अक्षर संरचना, सुर तान, रूप ध्वनितात्त्विक विकल्पहरू, पदकोटिका विभिन्न आधारमा विश्लेषण, शब्द रचनामा प्रयुक्त विभिन्न उपसर्ग, प्रत्यय आदिको विवेचना सहित नेपाली भाषाको इतिहास र यसका पूर्वेली, दार्जिलिङ्गी र स्तरीय भेदका सम्बन्धमा विशेष प्रकाश पारेको विचार व्यक्त गरेका छन् ।

### ४.७.२.१६ भेरी क्षेत्रीय नेपालीमा क्रिया विशेषणको क्रियाकरण (२०६४)

जीवेन्द्र देव गिरीले भेरी क्षेत्रीय नेपालीमा क्रिया विशेषणको क्रियाकरण मा भेरी क्षेत्रीय नेपाली भाषिकाका अनेक विशेषताहरूमध्ये क्रिया विशेषणको क्रियाकरण एक उल्लेख्य विशेषता हो भनी चर्चा गरेका छन् । यस विशिष्ट प्रवृतिले भेरी क्षेत्रीय नेपालीका रूपसन्धि तथा रूप-ध्वनितात्विक अध्ययनमा नयाँ आयाम थपेको कुरा बताएका छन् । यसबाट प्राचीन नेपालीको पुनर्निमार्णमा पनि थप योगदान पुग्ने कुरा सुनिश्चित छ भन्ने धारणा उनले राखेको पाइन्छ । यसमा उनले इच्यो 'यहाँ छ', उच्यो 'उहाँ छ', तिच्यो 'त्यहाँ छ'का विभिन्न रूपावलीको विश्लेषण सहित आफ्नो निष्कर्ष प्रस्तुत गरेका छन् ।

### ४.७.२.१६ भाषाको वैज्ञानिक अध्ययनका रूपमा भाषा विज्ञान (२०६४)

जीवेन्द्र देव गिरीले 'भाषाको वैज्ञानिक अध्ययनका रूपमा भाषा विज्ञान'मा भाषा विज्ञानको सोझो अर्थ भाषा विज्ञान अर्थात विशिष्ट ज्ञान हो भनेका छन् । यो विशिष्ट ज्ञान भनेको भाषा विज्ञान सम्मत ज्ञान हो र सो ज्ञान कुनै उडन्ते सिद्धान्त वा हवाई कल्पनामा आधारित नभई भाषाको वैज्ञानिक अध्ययनमा अडेको छ भन्ने उनको भाषाको विचार छ । भाषाको सोही व्यवस्थित र सम्यक अध्ययन नै भाषा विज्ञानका रूपमा सुपरिचित छ भनी उनले भनेका छन् । भाषिक अध्ययनको वैज्ञानिकताले गर्दा नै भाषाशास्त्र शब्दको स्थान क्रमशः भाषा विज्ञान ले लिएको पाइन्छ भन्ने पनि उनको भनाइ छ । यतिखेर भाषिक जगत्का भाषा विज्ञान शब्द व्यापक रूपमा प्रचलित छ र

आजको विश्वमा दिनानुदिन भई रहेको ज्ञानको विस्फोट र नवीन प्रविधिको प्रयोगले विज्ञानसँग यसको नाता अझै गाढा हुने कुरा निर्विवाद छ भन्ने धारणा पनि गिरीको रहेको छ ।

### ४.७.२.१८ भेरी क्षेत्रीय नेपाली शब्द निर्माण प्रक्रिया (२०६५)

जीवेन्द्र देव गिरीले नेपाली प्रमुख भाषिकाहरूमध्ये एक मानिएको भेरी क्षेत्रीय नेपालीको शब्द निर्माण प्रक्रियाको विश्लेषण गर्दै नेपालीका अन्य भाषिकाका कतिपय विशेषता यसले अँगाल्नका साथै यसका आफ्ना निजी विशेषताहरूको पनि विकास भएको निष्कर्ष निकालेका छन् । यस्ता विशेषता खास गरेर उपसर्ग र प्रत्ययप्रति दृष्टि लगाएर उनले प्रस्तुत गरेका छन् । नेपाली भाषाको भेरी क्षेत्रीय विकासमा भेरी क्षेत्रीय उपसर्ग र प्रत्ययको प्रयोगले पनि योगदान गर्न सक्ने र शब्द निर्माण प्रक्रिया पनि महत्त्वपूर्ण भूमिका रहने कुरामा गिरीले जोड दिएका छन् ।

### ४.७.२.१९ नेपाली वर्ण विन्यासमा समायानुकूल सुधार (२०६६)

नेपाली वर्ण विन्यासमा समायानुकूल सुधार नामक लेखमा जीवेन्द्र देव गिरीले नेपाली वर्ण विन्यासमा समायानुकूल सुधार हुँदै आएको छ र यसले नेपाली भाषाको स्तरीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको विचार व्यक्त गरेका छन् । यसरी परिवर्तन हुँदा वर्ण विन्यासका नियमहरूमा सरलीकरण, एक रूपता र अपवाद न्युनीकरण हुनु आवश्यक रहेको उनले ठानेका छन् । यसका निम्ति विद्यालयमा, विश्व विद्यालय, विभिन्न प्राज्ञिक र सरकारी एवम् गैर सरकारी क्षेत्र गम्भीर हुनु आवश्यक छ भन्दै समयानुकूल यथोचित सुधार गर्न सकियो भने मात्र भाषिक विकासले जन जीवनलाई सही दिशा निर्देशन गर्ने कुरा उल्लेख गरेका छन् ।

### ४.७.२.२० लेखन पद्धतिको उद्भव र विकास (२०६६)

जीवेन्द्र देव गिरीले 'लेखन पद्धतिको उद्भव र विकास'मा लिपिका रूपमा लेखन पद्धतिको प्रयोग हुन थालेको छ । इ.पू. ४०० देखि वर्तमान समय सम्मको करिब ६००० वर्षको अवधिमा संसारमा चित्त लिपि हुँदै भाव लिपि र ध्वनि लिपिका अनेक भेदहरू विकसित भएको तथ्य प्रस्तुत गरेका छन् । हरेक लेख्य भाषाले कुनै न कुनै लिपिलाई अँगालेर लेख्य माध्यममा प्रस्तुत हुने अवसर प्राप्त गरेको हुन्छ र लिपिको भाषालाई स्थायित्व र दृश्यात्मकता प्रदान गर्छ भन्ने गिरीको धारणा रहेको छ । कथ्य अवस्थमा रहेका भाषाहरू पनि कुनै एक लिपिलाई अँगाल्नेतर्फ उदृत छन् । हरेक लिपिमा रहेका कमजोरीका कारण मान्छेले आफ्ना सम्पूर्ण मनोभावलाई निखारेर व्यक्त

गर्न गाह्रो परे पनि मान्छे त्यसमा सफलता पाउन क्रियाशील रहेको कुरा गिरीले उल्लेख गरेका छन् ।

### ४.७.२.२१ भाषिक समस्या र समाधानका उपाय (२०६७)

प्रस्तुत लेखमा जीवेन्द्र देव गिरीले भाषामा देखा परेका समस्यालाई केलाउँदा बहुभाषिक मुलुकमा भाषामा देखिने समस्या नयाँ कुरा नहुने र त्यसको समाधान ठिक ढङ्गले गर्दै विभिन्न भाषाभाषी बिच एकताको सञ्चार गर्नुका साथै एक भाषाबाट अर्को भाषामा लाभान्वित हुने वातावरण सिर्जना गर्नु आजको आवश्यकता हो भन्ने कुरामा जोड दिएका छन् र विविध भाषाभाषीबिच सद्भाव सम्बर्धन गर्ने प्रयत्न गरेका छन् ।

### ४.७.२.२२ झर्रो नेपाली आन्दोलन (२०६७)

'झर्रो नेपाली आन्दोलन' नामक लेखमा जीवेन्द्र देव गिरीले सो आन्दोलनको प्रारम्भ, मान्यता र प्रभाव विस्तारको चर्चा गरेका छन् । झर्रो नेपाली आन्दोलनको भूमिका र प्रभाव कै कारण यसलाई वादका रूपमा लिई नेपाली भाषा साहित्यिले यसलाई झर्रोवादको संज्ञा दिएको र यसमा समर्पित हुनेहरू झर्रोवादीका रूपमा सुपरिचित रहेको बताउँछन् । यस निम्ति **नौलो पाइलो** (२०१३) पत्रिका र आन्दोलनका संलग्न व्यक्ति बालकृष्ण पोखरेल, तारानाथ शर्मा, बल्लभमणि दाहाल, कोशराज रेग्मी र चूडामणि रेग्मीका कार्यको वर्णन गरेका छन् ।

### ४.७.२.२३ भाषिका निर्धारणको सिद्धान्त र नेपाली भाषिकाको निर्धारण (२०६७)

प्रस्तुत लेखमा जीवेन्द्र देव गिरीले नेपाली भाषाका भाषिकाको निर्धारण गर्दा विधिवत समस्याहरू रहन्छन् भन्दै भाषिका निर्धारण सम्बन्धी आधारहरूलाई यस लेखमा प्रस्तुत गर्ने प्रयत्न गरेका छन् । नेपाली भाषिकाको निर्धारण विदेशी विद्धानबाट सुरू भई अहिलेसम्म पनि विभिन्न कार्यहरू हुँदै गरेको जानकारी उनले दिएका छन् । नेपालीका भाषिकाका रूपमा अहिले पूर्वेली, माझाली, ओर पच्छिमा, मझ पच्छिमा र पर पच्छिमा भाषिकाले बालकृष्ण पोखरेलका अध्ययनका आधारमा पाएको विचार उनले व्यक्त गरेका छन् ।

### ४.७.२.२४ लेख्य नेपाली एकरूपीकरण र सबैको नेपाली (२०६७)

लेख्य नेपालीको एक रूपीकरण र स्तरीकरणका निम्ति विगतमा भएका कार्यलाई उल्लेख गर्दै पठन पाठन र वर्ण विन्यासका क्षेत्रमा सबैको नेपाली (२०६७) ले

प्रस्तुत गरेको नवीनता सुरूमा विरानो जस्तो लागे पनि भाषिक र व्यवहारिक दुवै दृष्टिले उपयुक्त रहेको कुरा जीवेन्द्र देव गिरीले प्रस्तुत गरेका छन् ।

### ४.७.२.२५ सबैको नेपाली : पाठ्यक्रम देखि पठन पाठन सम्म (२०६७)

उच्च माध्यमिक शिक्षा परिषद्द्वारा कक्षा ११ र १२ को लागि स्वीकृत अनिवार्य नेपालीको पाठ्य पुस्तक सबैको नेपाली मा जीवेन्द्र देव गिरीले यसमा निर्देशित पाठ्यक्रम, यसले अँगालेका वर्ण विन्यासका पक्ष, यसमा रहेका त्रुटिहरू र यसको शिक्षण पक्रियालाई प्रस्तुत गरेका छन् ।

### ४.७.२.२६ सिम्ताली भाषिकाका मुलभूत विशेषता (२०६७)

प्रस्तुत लेखमा जीवेन्द्र देव गिरीले सिम्ताली भाषिका नेपाली भाषाको एक क्षेत्रीय भाषिक भेद हो भन्दै यसमा देखा पर्ने ध्वनितात्विक पक्रिया, बद्ध वर्ग र मुक्त वर्गका शब्दमा देखा पर्ने मौलिकता, लिङ्गसम्बन्धी विशेषता, सर्वनामका बहुवचनमा देखा पर्ने सन्धि, कारकसँग प्रयोग हुने नामयोगीमा आफ्ना विशेषताका साथै भूतकाल र अभूतकाका विभिन्न पक्ष बोधक क्रियापदहरू स्तरीय नेपाली भन्दा भिन्न रहेको जानकारी दिएका छन् । उनले नेपाली भाषाका पाँचवटा भाषिका समुहसँग मिल्ने शब्दहरू पनि यसमा रहेको चर्चा गर्दै सिम्ताली भाषिका आफ्नो मौलिक पहिचान बोकेको भाषिका हो भन्ने कुराको उल्लेख गरेका छन् ।

जीवेन्द्र देव गिरीले नेपाल आकारमा सानो भए पनि अनेक विशेषताले युक्त मुलक भएको र यहाँ पाँच परिवारका १०० भन्दा बढी भाषाहरू बोलिने जानकारी सहित ती भाषाका वक्ता सङ्ख्या र तिनको प्रतिशत विगतको भाषानीति, भाविष्यको नेपालमा अपेक्षित भाषानीति, सुरक्षित स्तरका भाषा, सङ्कटावस्थाका भाषा, मरणासन्न भाषा, चिन्ताजनक भाषा र मृतभाषा सम्बन्धी तथा प्राथमिक, माध्यमिक, उच्च शिक्षा र अनौपचारिक शिक्षामा पठन पाठन भएका भाषा सम्बन्धी विवरण गिरीले उक्त लेखमा प्रस्तुत गरेका छन् । उनले नेपालको भाषानीति सन्तुलित हुन सके भाषिक क्षेत्रमा महत्त्वपूर्ण प्राप्ति हुने विचार पनि व्यक्त गरेका छन् ।

### ४.७.२.२८ भाषिक अध्ययनका आधारका रूपमा भाषा विज्ञान (२०६७)

प्रस्तुत लेखमा जीवेन्द्र देव गिरीले भाषिका शब्दले जनबोलीलाई बुझाउने कुरा गर्दै भाषिका, भाषिका विज्ञान, भाषिकाको उत्पत्ति र विवरण, भाषिकाको अध्ययन र नक्साङ्कन आदिको चर्चा गरेर भाषिकाको सैद्धान्तिक पक्षबारे प्रकाश पारेका छन् । वर्तमान युग भाषाको स्तरीय भेदलाई मात्र महत्त्व नदिई जनबोली वा भाषिकालाई

पनि महत्त्व दिँदै आएको युग हो भन्ने विचार पनि उनले यस लेखबाट प्रक्षेपण गरेका छन् ।

### ४.७.३ अनुसन्धान प्रतिवेदनहरूको अध्ययन

#### ४.७.३.१ सिम्तालीको भाषा वैज्ञानिक अध्ययन (२०६५)

जीवेन्द्र देव गिरीले सिम्तालीको भाषा वैज्ञानिक अध्ययन मा विद्यावारिधि शोध प्रबन्ध प्रस्तुत गर्ने क्रममा त्यस भाषिकाका ध्वनि, वर्ण, रूप, पदकोटी, व्याकरणिक कोटी र वाक्यको वर्णनात्मक अध्ययन गरेका छन् । भेरी क्षेत्रमा प्रचलित उपयुर्क्त भाषिकाका विभिन्न तथ्यहरू र विशेषताहरू सहित त्यस भाषिकाको भाषा वैज्ञानिक व्याकरण निर्माण यस अध्ययनको ठोस उपलब्धि हो ।

#### ४.७.३.२ भेरी क्षेत्रीय नेपालीको शब्द सङ्कलन र अर्थ लेखन (२०६७)

जीवेन्द्र देव गिरीले भेरी क्षेत्रीय नेपालीको शब्द सङ्कलन र अर्थ लेखन अध्ययन प्रतिवेदनका रूपमा नेपाल प्रज्ञाप्रतिष्ठानमा प्रस्तुत गरेका छन् । यस अध्ययनमा भेरी क्षेत्र र भेरी क्षेत्रीय नेपालीको परिचय दिँदै भेरी क्षेत्रीय नेपालीका वर्णगत, ध्वनिगत, व्याकरणगत र अर्थगत विशेषता सहित भेरी क्षेत्रमा प्रचलित ३०० भन्दा बढी शब्दहरूको सूची सहित अर्थ प्रस्तुत गरेका छन् । यसले भेरी क्षेत्रीय नेपालीका बारेमा जान्न चाहनेलाई महत्त्वपूर्ण आधार प्रदान गरेको छ ।

## ४.८ लोक वार्ताको अध्ययन

जीवेन्द्र देव गिरीले कलम चलाएका विभिन्न क्षेत्र मध्ये लोक वार्ता पनि एक हो । लोक साहित्य सम्बन्धी गिरीका तिन वटा पुस्तकाकार कृतिका साथै एक दर्जन जति फुटकर लेख र अनुसन्धानात्मक प्रतिवेदनहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित भएका पाइन्छन् । लोक साहित्यिक अध्ययनलाई तिन भागमा विभाजन गर्ने गरी निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.८.१ पुस्तकाकार कृतिको अध्ययन

#### ४.८.१.१ लोक साहित्यको अवलोकन (२०५७)

जीवेन्द्र देव गिरीको लोक साहित्य सम्बन्धी विश्लेषणात्मक कृति **लोक साहित्यको अवलोकन** (२०५७) मा मध्य पश्चिम र सुदूर पश्चिमका लोक गीतहरूको सूक्ष्म विश्लेषण प्रस्तुत गरेका छन् । यस कृतिमा लोक नाट्य, बाल गीत, शोक गीत र थारू गीतका साथै सामाजिक-सांस्कृतिक एवम् राजनैतिक परिवेशको चित्रण गर्नुका

साथै उक्त गीतहरूमा पाइने जन पक्षीय स्वरको पहिचान पनि गरेको पाइन्छ । समाजमा पाइने अज्ञानता, शोषण, अन्धविश्वास, कुरीतिको भण्डाफोर समेत यसमा गरिएको पाइन्छ । लोक तत्त्वभित्र पाइने जन उपयोगी कुराहरूलाई छर्लङ्ग पारेर जन समक्ष प्रस्तुत गर्नुका साथै जन विरोधी स्वर विरूद्ध सचेत पार्ने । गिरीको विश्लेणात्मक खुबी रहेको देखिन्छ । यस कृतिबाट भेरी र कर्णाली भेगको इतिहासका धेरै कुराहरू त्यहाँको सामान्ती शासन र शासकहरू माझका पारस्परिक द्वन्द्व, समाजका सती प्रथा र पुरूषहरूको दमनले गर्दा महिलाहरूको दयनीय अवस्था, बेराजगार मानिसहरूले पेट पाल्नका लागि मुग्लान पस्नु पर्ने बाध्यता, त्यहाँका बासिन्दाहरूको देशभक्ति जातीय स्वाभिमानको भावना, स्थानीय ठुला ठालुहरूको अत्याचार र भ्रष्टाचार, सर्वसाधारणको कष्टपूर्ण सङ्घर्षशील जीवन, त्यहाँ प्रचलित रहेका रीतिरिवाज र विश्वास बारे ज्ञान हासिल गर्न सकिन्छ ।[४] यस कृतिमा रहेको 'परम्पराका निरन्तरतामा केही लोक नाट्य' नामक शीर्षकको लोक नाट्यको परिचय, प्रकारको वर्णन गर्नुका साथै तिनको ऐतिहासिक, सामाजिक, सांस्कृतिक र जन-जीवनमा त्यसको प्रभावको समेत चर्चा गरिएको पाइन्छ । 'कर्णाली प्रदेशका लोक गीतमा यथार्थको खोज' नामक शीर्षकमा दु:ख र पीडाको अभिव्यक्ति भागभोग र भगवान सम्बन्धी अवधारणा, थिचोमिचा र शोषणको पर्दाफास, नारी समस्या, मुग्लानको व्यथा, जाति भेद, वर्ग द्वन्द्व जस्ता कुराहरू रहेको पाइन्छ । लेखकले हरेक विषयलाई सामाजिक, मानवीय, शिष्ट, प्रगति उन्मुख, जीवनवादी र जनवादी हिसाबले विश्लेषण गरेका छन् । लेखक गिरीको प्रगतिशील दृष्टिकोण, सचेत, सफा र उत्तम स्तरको रहेको देखिन्छ ।[५] 'भेरी क्षेत्रमा प्रचलित बालगीतहरू' नामक लेखमा भेरी क्षेत्रका बाल गीतको सङ्कलन, वर्गीकरणका साथै तिनको प्रवृत्ति समेत निरूपण गरिएको छ । ती गीतहरूको संरचना एवम् भाषिक सांस्कृतिक पक्षको सुक्ष्म अध्ययन प्रस्तुत गरिएको छ । सैरेली र सैरेलो गीतमा यसका प्रकारको वर्णन गर्नुका साथै यसका सकारात्मक र नकारात्मक पक्षको चित्रण गरेको पाइन्छ । गिरीले पहाडी भेगका जन जातिको लोक संस्कृति मात्र नभई थारू जातिको जन जीवनसँग सम्बन्धित लोकगीत एवम् उखानको पनि अध्ययन देखिन्छ । थारु लोकगीतमा एक ऐतिहासिक सन्दर्भमा थारु लोकगीतमा इतिहाससँग सम्बन्धित विषयको उठान गरिएको पाइन्छ भने 'पश्चिमी तराइका थारू उखानमा एक अध्ययन' मा थारू उखान र तिनले बहन गर्ने अर्थहरूको विश्लेषण गरिएको पाइन्छ ।

४. गाविन्द भट्ट, 'लोक साहित्य पढ्ने एक नयाँ दृष्टि', **लोक साहित्यको अवलोकन**, (काठमाडौं : एकता प्रकाशन, २०५७), पृ. ११ ।

५. वासुदेव अधिकारी, 'कस्तो छ लोक साहित्यको अवलोकन' **बुधबार,** (वर्ष ६ अङ्क ३५, २०५८), पृ. ४ ।

गिरीले यस कृतिमा मानवीय संवेदनालाई स्पर्श गर्ने करुण लोक जीवनका पीडाजन्य अनुभूतिहरूको मार्मिक वर्णन एवम् तिनको सामाजिक प्रभावको व्याख्या गरेको पाइन्छ । 'सिम्ताली लोक गीत दिदी नाम्रै छन की ?' मा कृषिजन्य जन जीवन, परदेशीजीवन र कष्टमय नारी पीडाको अभिव्यक्ति पाइन्छ । 'सती कलकसाको धमारी' मा सानै उमेरमा सती जान बाध्य बालिकाको पीडाजन्य चीत्कारको प्रस्तुति छ । 'दल्लु माहत जाउँ' मा भेरी क्षेत्रको भौगोलिक, सांस्कृतिक अवस्था चित्रण गर्नुका साथै यात्राका क्रममा आइ पर्ने पीडाका साथै उच्च वर्गीय समाजमा हुने षड्यन्त्र हत्याका घृणित कार्य र अमानवीय क्रियाकलापको वर्णन पाइन्छ । 'नबलसिंह बानियाको कर्खाभित्रको जन जिन्दगी' मा ऐतिहासिक घटना, सामन्ती समाज व्यवस्थाको चित्रण गर्नुका साथै सामाजिक एवम् राजनैतिक द्वन्द्व र त्यसले नेपाली समाजमा पारिएको प्रभावको विशद वर्णन पाइन्छ । हराउन लागेका डब लोक गीत' मा मान्छेको मनोविज्ञान मात्र नभई नेपालको संस्कृति, इतिहास र भूगोलको पनि फन्को मारेको भाव अभिव्यक्त गरेको पाइन्छ । 'भुर्जेली बाहुनको लोक गाथा'मा रूढि ग्रस्त चिन्तनका साथै सामाजिक अन्तर्विरोधका घटनाको वर्णन एवम् विश्लेषण पाइन्छ । 'नेपाली उखानमा प्रगतिशील स्वर' मा नेपाली उखान र तिनमा पाइने विभिन्न चिन्तनको व्याख्या गरिएको छ ।

### ४.८.१.२ हाम्रा लोकगाथा (२०५७)

जीवेन्द्र देव गिरीको 'हाम्रा लोकगाथा' मा नेपाली लोकगाथाको सैद्धान्तिक पक्षका बारेमा जानकारी प्रदान गर्नुका साथै नेपाली लोकगाथाको परिचय र विश्लेषण समेत प्रस्तुत गरेको पाइन्छ । यस कृतिमा गाथा, संगिनी, कर्खा, चाँचरी, सवाई, चैत, भारतका विभिन्न गाथा प्रस्तुत गर्नुका साथै तिनको परिचय र विशेषता देखाइएको छ । यस कृतिमा हरेक गाथाको संक्षिप्त विश्लेषणको वर्णनका साथै सुरूमै रानीको गाथा, मन कोइलाको गाथा, भरथरीको गाथा, हरि मल्लको सँगिनी, कलसाको धमारी, बालचन्द्रको गाथा, भक्ति थापाको कर्खा, जङ्ग बहादुरको कर्खा, चन्द्र शमशेरको कर्खा, नवलसिंह बानियाको कर्खा, डाँफे र मुरलीको गाथा, ॠतु मल्लको चाँचरी, श्रीनन्दको चाँचरी, भोटको लडाइँको सवाई, सीताको चैत, अमर सिंहको चैत, श्रीकृष्णको धमारी, रामायण, बाला राजा काशीरामको भारत, उदाछापलको भारतको पाठ रहेको पाइन्छ । यिनीहरूमा तत्कालीन सामाजिक जन जीवन, पारिवारिक घटना, पुरातन चिन्तन, प्रेम र विछोडका प्रसङ्ग नेपाली बेदना, शासक एवम् वीर पुरषको स्तुति, राजनैतिक सङ्घर्षका साथै सीताको जीवनका विभिन्न क्षणको वर्णन गरिएको पाइन्छ । त्यस्तै

वीरता र राष्ट्रप्रेमको भावना, श्रीकृष्णको महिमा गान अत्याचारको विरोधका साथै तत्कालीन समाज व्यवस्थाका विभिन्न पक्षहरूको उद्घाटन गरिएको छ ।

नेपाली भाषा साहित्यका फाँटमा उच्च शिक्षाका सम्पूर्ण तहलाई समेट्न सक्ने लोक साहित्यिक पाठ्य सामग्रीको अभाव छ । मानक भाषा, नवीन चिन्तन र व्यक्तित्वको विकास गर्ने सृजनात्मक रचनाहरू अत्यन्त कम मात्रामा उपलब्ध छन् । जति उपलब्ध छन् तिन पनि अनेकतिर छरिएका अवस्थामा छन् । विशेष गरेर विद्यार्थीमा निहित प्रतिभाको उद्बोधन गराउँदै उनीहरूमा व्यापक दृष्टिकोणको क्षितिज उघार्न सक्ने सहायक र सन्दर्भ ग्रन्थहरूको त झन अभाव रहेको छ । यिनै तथ्यलाई हृदयङ्गम गरी आफ्नो पाठ्यक्रममा एकै पटक समेट्न सम्भव नभए पनि पूर्वोक्त आवश्यकतालाई पूर्ति गर्ने नेपाली विषय समतिको क्रमिक रूपमा ती उद्देश्यका नजिक पुग्ने लक्ष्य लिएर कथा, कविता, निबन्ध, समालोचना, एकाङ्की र लोकगाथा जस्ता छरिएर रहेका फुटकर रचनाहरूको सङ्कलनद्वारा न्यूनतम रूपमा भए पनि पाठ्य सामग्रीलाई प्रतिनिधिमूलक, अद्यावधिक र सुरुचि सम्पन्न गराउने काम थालनी गऱ्यो । प्रस्तुत सङ्ग्रह त्यही शृङ्खलाको एउटा कडी हो ।[६] यसरी यस कृतिले शैक्षिक आवश्यकता पूरा गर्नुका साथै विभिन्न लोकगाथाहरू प्रस्तुत गरी तिनका विभिन्न पक्षहरू र विशेषताहरूबारे चिन्तन मनन् गरेको छ ।

### ४.८.१.३ नेपाली लोक साहित्यमा जन जीवन (२०६७)

जीवेन्द्र देव गिरीको **नेपाली लोक साहित्यमा जन जीवन** कृतिमा लोक साहित्यका विभिन्न विधामा जन जीवनका विभिन्न पक्षको गहन विश्लेषण गरिएको छ । प्रारम्भमा लोकवार्ता र लोक साहित्यको परिचय दिइएको यस कृतिमा लोक कथा, लोक गीत, लोकगाथा, लोक नाटक, लोकोक्तिमा पाइने जन जीवनको वर्णन गरिएको छ । लोक कथा शीर्षक अन्तर्गत लोक कथाको सैद्धान्तिक पक्ष र नारीको कोणबाट नेपाली लोक कथा रहेको छन् । लोककथाको सैद्धान्तिक पक्षमा लोककथाको परिभाषा, तत्त्व, प्रकार, विशेषता आदिको बारेमा प्रकाश पारिएको छ । नारीको कोणबाट नेपाली लोक कथामा नारीका भूमिकामा साथै नेपाली लोक जन जीवनमा नारीका अवस्थामा अनेक पक्षको वर्णन पाइन्छ । 'लोकगीत' शीर्षक अन्तर्गत चण्डी नाचमा गाइने लोक गीत, लोक गीतमा दसै, काव्यमय शोक गीत, नेपाली लोकगीतमा नारीका वह, कर्णाली प्रदेशका बाह्रमासे लोक गीतमा जन जीवन, बालबालिका दृष्टिले भेरी क्षेत्र, अस्ताउँदो सैरेली पुजा र सैरेलो, डब बाजा सित, गाइने डब गीत प्रथा लोक

६. ठाकुर पराजुली, 'सम्मति', **हाम्रा लोकगाथा**, (काठमाडौं : एकता प्रकाशन, २०५३), पृ. २ ।

कविताका रूपमा उल्टी सवाई रहेका छन् । यी लेखमा विभिन्न कोणहरूबाट नेपाली लोक गीतको अध्ययन गरिएको छ । लोकगाथा अन्तर्गत लोकगाथामा सत्ता र शासनका विविध अवस्था ऐतिहासिक कर्खा, नवल सिंह बानिया, सत्ताको दमनमा, भुर्जेली बाहुन, सिम्तामा प्रचलित दुई धमारी, लोक गाथामा प्रजातान्त्रिक अभ्यास रहेका छन् । यी लेखहरूमा सत्ता र शक्तिका विभिन्न अवस्था, ऐतिहासिक पात्रको जीवनी र उसको दुःखद अन्त्य, सम्पन्ता र विपन्नताको अवस्था, तत्कालीन सामाजिक अवस्था, सती प्रथाको कारूणिकता सामन्ती र शोषणको चित्रणका साथै लोकगाथामा पाइने प्रजातान्त्रिक चिन्तनका बारेमा चर्चा गरिएको छ । 'लोक नाटक' शीर्षक अन्तर्गत नेपाली लोक नाटकका विभिन्न प्रकारको वर्णन गर्नुका साथै तिनका विशेषताका बारेमा चर्चा गरिएको छ । 'लोकाक्ति' नामक शीर्षक अन्तर्गत पहेली वा गाउँखाने कथाका रूपमा घाउटा, उखान र प्रगतिशीलता, भेरी क्षेत्रीय नेपालीमा प्रचलित उखानहरू, टुक्का र भेरी क्षेत्रमा त्यसको प्रचलन रहेका छन् । यी लेखहरूमा जुहारी, भेरी क्षेत्रमा प्रचलित विभिन्न लोकोक्तिहरूका साथै विभिन्न उखान टुक्काहरूसँग सम्बन्धित विभिन्न पक्षका बारेमा चर्चा गरिएको छ । यसरी यस कृतिमा नेपाली जन जीवनसँग लोक साहित्यको अभिन्न सम्बन्ध देखाउनुका साथै नेपाली माटोको सुवास अन्तर्घुलन भएर आएको छ ।

### ४.८.२ पत्र पत्रिकामा प्रकाशित फुटकर लेख

#### ४.८.२.१ लःऱ्या लोक नृत्य : एक परिचय (२०४०)

जीवेन्द्र देव गिरीले भेरी क्षेत्रमा प्रचलित लःऱ्या लोक नृत्यका बारेमा यस लेखमा चर्चा गरेका छन् । लःऱ्या लोक नाचलाई नेपाली संस्कृतिको बहुमूल्य सम्पत्ति हो । यो लोक-नृत्य आफ्नो क्षेत्रीय घेरामा नै साँघुरिएको भएर यसको अझै पनि परिचय सबैतिर नसकेको कुराका बारेमा गिरीले यस लेखमा चर्चा गरेका छन् ।

#### ४.८.२.२ सुर्खेती संस्कृतिका केही विशेषता (२०४६)

प्रस्तुत लेखमा जीवेन्द्र देव गिरीले सुर्खेत जिल्लामा प्रचलित संस्कृतिका विशेषतालाई उल्लेख गरेका छन् । त्यहाँ गाउँ बस्तीहरूमा पुगेर अझैं यस बारेमा बढी जानकारी लिन सकिने धारणा उनले प्रस्तुत गरेका छन् । त्यहाँको प्राकृतिक वातावरणको चर्चा पनि यसमा गरिएको छ ।

### ४.८.२.३ भेरी क्षेत्रमा प्रचलित नेपाली लोक गीत (२०५४/५५)

जीवेन्द्र देव गिरीले प्रस्तुत लेखमा भेरी क्षेत्रमा प्रचलित विभिन्न चाडपर्व, मेलापात, खेतबारीका गीतहरूका साथै त्यहाँ प्रचलित बाल गीत, धमारी, कर्खा, भारत आदिका बारेमा पनि चर्चा गरेका छन् । यिनीहरूका बारेमा विस्तृत अध्ययनका साथै शोध खोज गरेर नेपाली समाजको विकास क्रमका विभिन्न अवस्थालाई ठम्याउने आधारलाई जुटाउने काम उनले गरेका छन् । यी गीतहरूको विवेचनाका क्रममा गिरीले तत्कालीन परिवेश र उत्थान पतनका वास्तविकतालाई जन समक्षमा खुलस्त पार्दै लोकगीतको सामर्थ्य पनि हाक्न सकिने कुरालाई चर्चा गरेका छन् ।

### ४.८.२.४ नेपाली लोक कथामा नारी पात्र (२०५९)

जीवेन्द्र देव गिरीले प्रस्तुत लेखमा नेपाली लोक कथामा प्रयुक्त नारी पात्रका बारेमा चर्चा गरेका छन् । नारी र पुरूष दुवैको सहयात्रामा मानव समाजले आफ्नो विकास क्रमका विभिन्न चरणहरू पार गर्दै आएको कुरालाई उनले उल्लेख गरेका छन् । गिरीले यस यात्रामा कहिले नारी र पुरूषले समान भूमिका निर्वाह गरेको, कहिले नारीको भूमिका शक्तिशाली रहेको र कहिले पुरूषको भूमिका शक्तिशाली रहेको कुरा उल्लेख गरेका छन् ।

### ४.८.२.५ नेपाली लोक गीतमा नारीका बह (२०५९)

जीवेन्द्र देव गिरीले प्रस्तुत लेखमा नेपाली नारीका वेदना नेपाली लोक गीतमा पोखिएको कुरा व्यक्त गरेका छन् । यी गीतमा नारीलाई अवहेलित जीवन जिउन विवश तुल्याएको कुरा उल्लिखित छ । यहाँको पुरानो चिन्तनमा रहनेहरू छोरीले मृत्युपछि आफूलाई तार्न नसक्ने स्वर्गको बाटो बन्द हुने ठान्छन् भने छोरो जन्मँदा आफ्ना सबै कर्म पुरा हुने र स्वर्गको बाटो खुला हुने मान्यताबाट ग्रस्त छन् भन्दै समाजमा नारीले भोगेका व्यथा यसमा व्यक्त भएका छन् ।

### ४.८.२.६ थारू संस्कृतिका केही आयामहरू (२०६१)

प्रस्तुत लेखमा जीवेन्द्र देव गिरीले थारू संस्कृतिका आयामहरूको बारेमा धारणा व्यक्त गरेका छन् । उनीहरूले अझै पनि रूढि र अन्धविश्वास त्याग्न नसकेको कुराको प्रस्तुति यसमा छ । थारूहरूले मनाउने चाडबाडहरूमा गरिदैं आएका संस्कार आफ्नै प्रकारका छुट्टै विशेषता रहेको कुराको उल्लेख छ । थारू संस्कृतिको व्यापक शोध खोज, थारू भाषा साहित्यको सम्बर्धन र थारू भाषामा शिक्षा दीक्षाको बाटोलाई फराकिलो पार्नु पर्ने दृष्टिकोण गिरीले यस लेखमा प्रस्तुत गरेका छन् ।

### ४.८.२.७ नेपाली जन जीवनका व्यथा (२०६३)

जीवेन्द्र देव गिरीले नेपाली जन जीवनमा देखा परेका गाँस, बास र कपासको समस्यालाई नेपाली लोक गीतले समेटेको कुरा उल्लेख गरेका छन् । यहाँ पुरानै किसिमको कृषि कर्म नै जीवन यापनको माध्यम छ र चिन्तन र चलनको चाजो पनि पुरानो छ । यसबाट सिर्जित जीवनका व्यथा बुझ्न लोक गीतको माध्यमबाट सजिलो हुने कुरा गिरीले व्यक्त गरेका छन् ।

### ४.८.२.८ सुर्खेतमा प्रचलित केही लोक नाच र तिनमा गाईने गीत (२०६६)

प्रस्तुत लेखमा जीवेन्द्र देव गिरीले सुर्खेतको सङ्क्षिप्त परिचय दिँदै लोक नाच र तिनमा गाइने गीतहरूको सर्वेक्षण गरेका छन् । त्यहाँ रहेका विभिन्न जात जाति, जनजातिका लोकनाच र लोकगीत महत्त्वपूर्ण विशेषताले युक्त रहेको उनले बताएका छन् । यी लोक नाच र लोक गीतको वर्णन सहित तिनमा प्रयोग हुने गीतका नमुना पनि उनले प्रस्तुत गरेका छन् ।

### ४.८.२.९ नेपाली लोकगीतमा जातीय समानताको अभिव्यक्ति (२०६६)

प्रस्तुत लेखमा जीवेन्द्र देव गिरीले नेपाली लोकगीतले विशाल फाँट ओगट्दै विविध जातिहरूमा समानता ल्याउने धारणा पनि अँगालेको देखिन्छ । ती लोकगीतमा जाति परिवर्तन हुन सक्ने, जातले मान्छेमा भेदभाव गरेको जस्ता उद्गारहरू रहेको पाइन्छ । मान्छे मान्छेका बिच विभेद ल्याउने जाति प्रथालाई केही लोक गीतले हाँक दिएको कुरा पनि गिरीले यस लेखमा उल्लेख गरेका छन् ।

### ४.८.२.१० भेरीमा प्रचलित केही सिलोक (२०६६)

प्रस्तुत अनुसन्धानात्मक लेखमा जीवेन्द्र देव गिरीले भेरी क्षेत्रमा प्रचलित सिलोकहरू नेपाली लोक साहित्यमा विद्यमान सिलोकहरूकै अङ्ग भएको बताउँदै अन्य क्षेत्रका सिलोकहरूमा झैँ यिनमा पनि विषयगत लयात्मक र काव्यिक विशेषता विद्यमान रहेको कुरा उल्लेख गरेका छन् । उनले स्थानीय समाज र भूगोलका मौलिकताले यिनको स्वतन्त्र पहिचान रहेको बताएका छन् ।

### ४.८.२.११ तिजका गीत : परम्परा र परिवर्तन (२०६६)

प्रस्तुत लेखमा जीवेन्द्र देव गिरीले नेपाली समाजमा प्रचलित तिजका गीतको परम्परा र परिवर्तनलाई कोट्याउँदै लोक साहित्य परम्परालाई जोगाउने मात्र नगरी लोकमा आएको चेतनालाई पनि समाहित गर्दै आफूलाई विस्तारित गरेको कुरा

बताएका छन् । यिनमा नेपाली समाजमा परम्परागत रूपमा प्रचलित रहेका र हाल परिवर्तित रूपमा प्रचलित गीतका अनेक नमुनाहरू प्रस्तुत छन् ।

#### ४.८.२.१२ सिङारू नाच र गाइने लोकगीत (२०६७)

जीवेन्द्र देव गिरीले यस लेखमा भेरी र राप्ती अञ्चलका पहाडी जिल्लाहरूमा आफ्नै प्रकारको सांस्कृतिक विशेषता बोध गराउने नाचका रूपमा सिङारू नाच र यसमा प्रयुक्त लोकगीतको विशेष महत्त्व रहेको कुरा उल्लेख गरेका छन् । यिनबाट कला, साहित्य र भाषा क्षेत्रमा पुग्ने योगदान उल्लेखनीय रहेको कुरा पनि गिरीले उक्त लेखमा बताएका छन् ।

### ४.८.३ लघु अनुसन्धान

#### ४.८.३.१ सिम्ताली नेपालीमा प्रचलित उखानहरूको अध्ययन (२०५६)

जीवेन्द्र देव गिरीले 'सिम्ताली नेपालीमा प्रचलित उखानहरूको अध्ययन' भन्ने लघु अनुसन्धानमा भेरी क्षेत्रका उखान टुक्काको अभिधार्थ र लक्ष्यार्थ उदाहरण सहित प्रस्तुत गरेका छन् ।

#### ४.८.३.२ नेपाली लोक कथाका सबल नारी चरित्रहरूको अध्ययन (२०६५)

जीवेन्द्र देव गिरीले नेपाली लोक कथामा सबल नारी चरित्र भन्ने लघु अनुसन्धानमा नेपाली लोक कथाको सैद्धान्तिक पक्ष र नारी चरित्रका विभिन्न अवस्थाको वर्णन सहित ४० जना नारी चरित्रको सबल भूमिकाको विश्लेषण गरेका छन् ।

पाँचौ परिच्छेद

# उपसंहार

## ५.१ सारसङ्क्षेप

वि.सं. २००८ असार ८ गते सिम्ता काप्रीचौर सुर्खेतमा जन्मिएर सुर्खेत उपत्यकाको उत्तरगङ्गा ३ मा बसोबास गर्दै जीवेन्द्र देव गिरीको प्राथमिक शिक्षा सुर्खेतका विभिन्न विद्यालय र पब्लिक हाई स्कुल सुर्खेतमा सम्पन्न भयो भने माध्यमिक शिक्षा पब्लिक हाई स्कुलबाट २०२४ मा पुरा भयो । उनले त्रिभुवन विश्वविद्यालयबाट प्राइवेट विद्यार्थीका रूपमा आई.ए. र बी.ए. उत्तीर्ण गरे भने २०४० मा त्रि.वि. बाट नेपालीमा प्रथम श्रेणीमा स्नातकोत्तर पुरा गरेका छन् । वि.सं. २०६५ मा 'सिम्तालीको भाषा वैज्ञानिक अध्ययन' विषयमा विद्यावारिधि उपाधि प्राप्त गर्न सफल भएका छन् । गिरीको बाल्यकाल तिन वर्षसम्म आमाका काखमा बित्यो भने पछि मावली बज्यैको काखमा उनी हुर्किन पुगे । उनको चिनाको नाम खोमान गिरी हो । अध्ययनका साथसाथै गिरीले विभिन्न पेसा एवम् संघ संस्थामा आबद्ध भएर कार्य गर्न पुगेका छन् ।

प्रस्तुत शोध कार्यमा पाँच परिच्छेद रहेका छन् । पहिलो परिच्छेदमा शोध प्रस्ताव, दोस्रो परिच्छेदमा जीवनी, तेस्रो परिच्छेदमा व्यक्तित्व, चौथो परिच्छेदमा कृतित्व र पाँचौ परिच्छेदमा उपसंहार रहेका छन् । वि.सं. २०२० देखि नै साहित्यिक क्षेत्रमा कलम चलाउन थालेका र 'मुटुले ढ्याङ्ग्रो ठोक्दै छ' (२०३३) कथा **मातृभूमि** पत्रिकामा प्रकाशित गरी नेपाली साहित्यमा औपचारिक रूपमा प्रवेश गरेका गिरीका जीवनका विविध पाटाहरू रहेका छन् । ती हुन् शिक्षक प्राध्यापक व्यक्तित्व, साहित्यकार व्यक्तित्व, समालोचक व्यक्तित्व, अन्वेषक व्यक्तित्व, प्राज्ञिक व्यक्तित्व, राजनीतिक व्यक्तित्व, सामाजिक व्यक्तित्व आदि । गिरीले नेपाली साहित्यका विभिन्न विधा कविता, गीत, निबन्ध, समालोचना साथै भाषिक अनुसन्धान एवम् लोक साहित्यमा समेत कलम चलाएका छन् । नेपाली साहित्यको कथा लेखनबाट यात्रा आरम्भ गरेपनि उनको सर्वोत्कृष्ट योगदान लोक साहित्य र भाषा विज्ञानको अनुसन्धान नै हो तथापि कविता, गीत, निबन्ध, समालोचनाका क्षेत्रमा समेत उनले विशिष्ट योगदान पुऱ्याएका छन् । बहुविध व्यक्तित्वका धनी गिरीले सङ्ख्यात्मक रूपमा सीमित भए पनि शार्दूलविक्रीडित, शिखरिणी, मात्रा, मन्दाक्रान्ता, झयाउरे लगायत मुक्त गद्य लयमा समेत कविता रचना गरेका छन् । उनका कवितामा राष्ट्रप्रेम, देशभक्ति,

भष्टाचारको विरोध र क्रान्तिकारी चेतना पाइन्छ । एकाध कथा लेख्ने रहर पनि गरेका छन् र तिनमा सामन्ती संस्कारको विरोध, मुक्तिको चाहना, देश विकास र समाज परिवर्तनको चाहनाका साथै विदेसिनु पर्ने नेपालीहरूका बाध्यतालाई विषयवस्तु बनाइएका छन् । गिरीले किसानले भोग्नु परेका समस्या, सामन्तीहरूको अन्याय तथा गरिव निमुखाहरूका दयनीय स्थितिको मर्मलाई गीतका माध्यमद्वारा दर्साउन खोजेका छन् । गिरीका निबन्धहरू आत्मपरक शैलीमा लेखिएका छन् । उनका निबन्धमा क्रान्तिकारी चेतना पाइन्छ । संस्मरणात्मक, भावपरक, व्यङ्ग्यात्मक, प्रवन्धात्मक निबन्ध लेखेर नेपाली निबन्ध क्षेत्रलाई पनि गिरीले समृद्ध तुल्याएको पाइन्छ । गिरी साहित्यकार मात्र नभएर समालोचक एवम् समीक्षक व्यक्तित्व पनि भएकाले विभिन्न कृतिहरूको उनले समालोचना गरेका छन् । **नेपाली साहित्य शृङ्खला** भाग १, **नेपाली साहित्य शृङ्खला** भाग २, **नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान, सबैको नेपाली, साहित्यकार जनक प्रसाद हुमागाई** र अन्य लेख रचनाको समालोचना उनले गरेका छन् । यिनले व्यक्तिपरक र कृतिपरक समालोचा गरेका छन् । यिनी प्रगतिशील समालोचक हुन् भन्ने कुरा उनका समालोचनात्मक कृतिहरूबाट पुष्टि हुन्छ । उनले अनुसन्धानात्मक विधिको प्रयोग गर्दै तथ्यद्वारा आफ्नो भनाइ पुष्टि गर्ने प्रयत्न आफ्ना समालोचनामा गरेको पाइन्छ ।

जीवेन्द्र देव गिरीले भाषा र लोक साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनी अनुसन्धानकर्ता व्यक्तित्व समेत भएकाले **भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण, भाषा विज्ञान, भाषा र भाषिका** जस्ता अनुसन्धानात्क कृतिहरू तयार पारेर अनुसन्धानात्मक क्षेत्रलाई पनि अग्रगति प्रदान गरेका छन् । गिरीले सिम्तालीको भाषा वैज्ञानिक अध्ययनमा विद्यावारिधि पुरा गरेकाले उनी अनुसन्धानकर्ता व्यक्तित्व भएको पुष्टि हुन्छ । उनले लोपोन्मुख हुन लागेका विभिन्न भाषा भाषिकाको खोजी गरी प्रकाशनमा ल्याउने कार्य गरेका छन् । गिरीले लोक साहित्यका क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । उनका लोक साहित्यिक कृतिहरू **लोक साहित्यको अवलोकन, हाम्रा लोकगाथा र नेपाली लोक साहित्यमा जन जीवन** प्रकाशित गरी लोक साहित्यका क्षेत्रमा इटा थप्ने काम गरेका छन् । यसरी बहुविध प्रतिभाका धनी गिरीले जीवनका विभिन्न उतार चढावहरू पार गरी नेपाली साहित्यका उपर्युक्त विधाहरूमा आफ्नो लेखनीलाई सशक्त तुल्याउँदै नेपाली साहित्यको ढुकुटीलाई समृद्ध तुल्याएका छन् ।

## ५.२ निष्कर्ष र प्राप्ति

प्रस्तुत अध्ययनले जीवेन्द्र देव गिरीको सङ्घर्षशील, प्रेरणादायी र अध्ययनशील जीवनीका विभिन्न पक्ष प्रकाशमा ल्याएको छ । गिरीको जन्म सुर्खेतको एक सुदूर पूर्वी गाउँ सिम्ता काप्रीचौरमा भए पनि मावलीमा बसेर उनले बाल्यकाल बिताएको र विद्यालय शिक्षा पनि त्यही प्राप्त गरेको जानकारी यसले दिएको छ । पछि उनका परिवार नै सुर्खेत सदर मुकाममा बसाइँ सऱ्यो र विरामी आमा र कमाइका निम्ति परदेश धाइ रहने पिता अनि साना भाइहरू माझ कष्टपूर्ण जीवनी पनि उनले विताउनु परयो । विद्यालयमा पढ्दा उनी एक मेधावी विद्यार्थीका रूपमा शिक्षकहरूको समेत स्नेह पाउन सफल रहेको देखिन्छ । विद्यालयमा छँदा नै उनी कविता र गीत लेख्ने गर्दथे । विद्यालय शिक्षा समाप्त गरेपछि उनले एक सफल शिक्षकका रुपमा सुर्खेत, सल्यान र बाँकेका विद्यालयहरूमा कार्य गरे । विद्यालयमा रहँदा उनी गीत लगायत साहित्यिक रचना गर्थे र सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्थे । यसले गर्दा स्थानीय जन समुदायको माया पाउन सके । विद्यालय शिक्षक रहेकै अवस्थामा सामान्य अध्ययनका आधारमा उनले त्रि.वि. बाट आई.ए. र बी.ए. परीक्षा उत्तीर्ण गरे । त्यतिखेरै उनले नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिए र सङ्गठनात्मक काममा सक्रिय भए । उनको राजनीतिक सक्रियताले गर्दा सुर्खेतको प्रशासनले उनी माथि निगरानी राख्ने सरुवा गर्ने र धम्क्याउने गर्दै अन्तमा पक्राउ पुर्जी जारी गऱ्यो र बी.ए. जाँच सकिने बित्तिकै उनी भूमिगत भए । उनको विद्यालय शिक्षकको जागिर यहीँबाट अन्त भयो । उनका कविता, गीत, निबन्ध र उपन्यास अप्रकाशित अवस्थामा खाल्डामा गाडिए । त्यतिखेर उनी २३ वर्षका थिए । २१ वर्षकै उमेरमा उनले भेरी अञ्चल सङ्गठन कमिटीको जिम्मेवारी प्राप्त गरी सकेका थिए र पार्टीका दरभङ्गा र बनारसमा सम्पन्न सम्मेलन र वैठकमा भाग लिइसकेका थिए । तुलसी लाल, पुष्पलाल र माधव ज्ञवाली जस्ता नेताहरूको सम्पर्क समेत उनले त्यतिखेर प्राप्त गरी सकेका थिए । पार्टीसँगको सम्पर्कबाट नै उनले मार्क्सवादी साहित्यबारे जान्ने मौका पाए । त्यसपछि उनले प्रगतिवादी गीतहरू लेख्ने र फिजाउने काम गरे । यसको फलस्वरूप उनको गीत थारू भाषामा पनि अनूदित हुन पुग्यो । एक वर्षको भूमिगत जीवन बिताई वि.सं. २०३२ मा उनी काठमाडौं प्रवेश गरे । वि.सं. २०३३ मा उनी त्रि.वि. मा अध्ययनमा संलग्न भए तर प्रतिकूल पारिवारिक र राजनैतिक अवस्थाले गर्दा उनको अध्ययन निरन्तर जारी रहन सकेन । उनी त्रि.वि. को जागिरमा संलग्न भए । उनको अध्ययन वि.सं. २०४० मा मात्र पुरा भयो र प्रथम श्रेणीमा उनले एम.ए. उत्तीर्ण गरे ।

प्रतिकूलताको सामना गर्दै उनले अनेक समस्याहरूका माझ शिक्षाका निम्ति प्रयत्न गरी रहे र त्यसमा सफलता पनि प्राप्त गरी छाडे ।

काठमाडौं प्रवेश गरेपछि पर्देशी उपनामबाट उनको 'मुटुले ढयाङ्ग्रो ठोक्दै छ' (२०३३) कथा **मातृभूमि** साप्ताहिकमा छापियो । उनको औपचारिक साहित्य यात्राको विन्दु यही नै हो । उनी वि.सं. २०४० मा पुनः शिक्षण कार्य तिर अग्रसर भए । यसपछि उनको लेखन कार्य पुनः गतिशील भएको देखिन्छ । त्यसयता उनले भाषा, लोक साहित्य, लोक संस्कृति, समालोचनाका क्षेत्रमा आफ्ना विवेचनात्मक दृष्टिकोण सहित शोध खोजका कार्य अगि बढाए भने निबन्ध, कविता, गीत र एकाध कथाको रचना गरेर सिर्जनात्मक क्षमताको पहिचान दिए ।

गिरीले भेरी क्षेत्रीय नेपालीको अध्ययनमा विशिष्ट योगदान गरेका छन् । उनले स्नातकोत्तर तहमा 'सिम्ताली क्रियाको संरचनाको भाषावैज्ञानिक विश्लेषण' (२०४०) प्रस्तुत गरेर यस तर्फ ठोस योगदान गरेका थिए र भाषाविद् बालकृष्ण पोखरेलको समेत आफ्नो राष्ट्र भाषा नामक प्रसिद्ध कृतिको पाँचौ संस्करणमा पुर्वेली नेपालीको खसानी उपभेदको अत्यल्प ज्ञान भएको बेला गिरीको सो कार्यले महत्त्वपूर्ण जानकारी दिएको भनी शोधपत्रमा नै गिरीको **भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण** (२०५३) र अन्य विभिन्न लेखहरू प्रकाशित भए । अन्तमा वि.सं. २०६५ मा उनले यसैसँग सम्बन्धित 'सिम्तालीको भाषा वैज्ञानिक अध्ययन' शीर्षकमा विद्यावारिधि तहको अध्ययन सम्पन्न गरे । उनी भेरी क्षेत्रीय नेपालीलाई नेपालीको एक बेग्लै भाषिकाका रूपमा लिनु पर्ने धारणा पनि प्रस्तुत गरेका छन् । गिरीले भाषा विज्ञानको सैद्धान्तिक अध्ययनमा पनि आफ्नो क्षमता प्रदर्शन गरेका छन् । **भाषा विज्ञान, भाषा र भाषिका** (२०६३) उनको यस सम्बन्धी पुस्तक हो । उनले ऐतिहासिक भाषा विज्ञान, तुलनात्मक भाषा विज्ञान, संरचनात्मक भाषा विज्ञान, समाज भाषा विज्ञान सम्बन्धी स्थापित मान्यताहरूलाई सरल रूपमा सम्प्रेषण हुने गरी नेपाली उदाहरण सहित विश्लेषण गरेका छन् । यसबाट सामान्य भाषा विज्ञानमा चासो राख्ने विद्यार्थी र अध्येताहरू लाभान्वित भएका छन् ।

नेपालका विभिन्न भाषाहरूको अध्ययन गरी उनले नयाँ तथ्यहरू पनि प्रस्तुत गरेका छन् । खास गरेर उनका राजी, थारू र मुस्लिम समुदायसँग सम्बन्धित भाषिक अध्ययनबाट लोपोन्मुख, पछि परेका र अल्प सङ्ख्यकका भाषाको संरक्षण र संवर्धनमा बल पुगेको छ । गिरी आफै कोशकार हुन् र नेपालका विभिन्न भाषा भाषिकाबाट नेपाली शब्दकोशमा शब्दहरू राखेर नेपाली भाषालाई समृद्ध पारिनु पर्ने र नेपालका

विभिन्न भाषाभाषीहरू बिच सद्भाव बढाउनु पर्ने धारणा उनका लेखले अगि सारेका छन् । नेपालको भाषानीतिबारे पनि उनका महत्त्वपूर्ण विचार सार्वजनिक भएका छन् ।

गिरीको योगदानबाट नेपाली लोक साहित्यका क्षेत्रमा पनि विशेष उपलब्धि भएको कुरा यस अध्ययनले स्पष्ट गरेको छ । लोक साहित्यलाई प्रगतिशील दृष्टिकोणले अध्ययन गर्ने उनको कार्य अरूका निम्ति पनि अनुकरणीय बनेको छ । उनका **लोक साहित्यको अवलोकन** (२०२७), **हाम्रा लोकगाथा** (२०५७) र **नेपाली लोक साहित्यमा जन जीवन** (२०६७), उनका पुस्तकाकार लोक साहित्यिक कृतिहरू हुन् । यी कृतिका अतिरिक्त उनका फुटकर लेखहरू पनि प्रकाशित छन् । उनका लेखहरू नेपालका विभिन्न भाषा र क्षेत्रका लोक साहित्यको विश्लेषणमा नमुनाका रूपमा प्रयोग गर्न सकिने स्थिति छ ।

नेपाली समालोचनाका क्षेत्रमा गिरीको योगदान पनि प्रस्तुत अध्ययनले निरूपण गरेको छ । **नेपाली साहित्य शृङ्खला** भाग १ र **नेपाली साहित्य शृङ्खला** भाग २ मा उनले वासुदेव त्रिपाठी लगायत समालोचकहरूसँग सहकार्य गरेका छन् । **सबैको नेपाली**मा उनले ठाकुर पराजुली लगायतका समालोचकहरूसँग सहकार्य गरेका छन् । त्यसयता **नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान** (२०६१) र साहित्यकार जनक प्रसाद हुमागाई (२०६३) दुई वटा समालोचनात्मक कृति र अनेक समालोचनात्मक लेखहरू उनले प्रकाशित गरेका छन् । यसका अतिरिक्त केवलपुरे किसान, जनक प्रसाद हुमागाईदेखि अन्य नवोदित लेखकहरूका कृतिहरूमा उनले भूमिका लेखेका छन् । उनका केही कृति समीक्षा पनि प्रकाशित छन् भने उनका प्रधान सम्पादकत्वमा निस्कने र उनी सम्पादक रहेका पत्रिकाका सम्पादकीयहरूमा पनि उनका समीक्षात्मक दृष्टिकोण प्रस्तुत भएका छन् । उनका समालोचनाहरूका अध्ययनबाट उनी एक प्रगतिशील र तथ्यबाट सत्य निरूपण गर्न चाहने वस्तुवादी विश्लेषक हुन् भन्ने कुरा पुष्टि भएको छ । अन्तर्वस्तु र रूपका विभिन्न उदाहरण बटुलेर निष्कर्ष दिने उनको प्रवृत्ति उनका समालोचनामा देखा परेको छ ।

नेपाली साहित्यमा आफ्ना सिर्जनात्मक रचनाहरू पनि गिरीले प्रस्तुत गरेका छन् । उनका व्यङ्ग्यात्मक, भावपरक, संस्मरणात्मक र प्रबन्धात्मक निबन्धहरू प्रकाशित छन् । निबन्धमा उद्धरण गीत, कविता आदि मिसाउने र आफ्नो प्रगतिशील चिन्तन सहित सरल भाषामा प्रस्तुत गर्ने उनको प्रवृति पाइन्छ । उनको सिर्जनात्मक क्षेत्रमा निबन्ध सिर्जना अन्य विधाका तुलनामा उर्वर रहेको छ । निबन्धहरूको सङ्ग्रह ननिस्किए पनि त्यस निम्ति यथेष्ट सङ्ख्यामा ती उपलब्ध छन् ।

गिरीका गीत र कविताहरू पनि प्रकाशित छन् । गीतमा उनले लोक लयलाई अँगालेको पाइन्छ । लोक लयमा आफ्नो समाज रूपान्तरणकारी विचार मिलाएर उनले प्रस्तुत गरेको पाइन्छ । कवितामा उनले गद्य र पद्य दुवैलाई अँगालेका छन् । उनले गद्य लयका केही कविता लेखे पनि छन्द प्रति उनको बढी झुकाव रहेको छ र सार्दूलविक्रीडित, शिखरिणी, अनुष्टुप, मात्रा, मन्दाक्रान्ता, झ्याउरे जस्ता छन्दमा कविता सिर्जना गरेका छन् ।

उपर्युक्त विवेचनाबाट गिरी नेपाली भाषा साहित्यका क्षेत्रमा एक परिचित व्यक्ति हुन् भन्ने कुरा स्पष्ट हुन्छ । सुर्खेतको सुदूर भेकमा जन्मेर राष्ट्रिय क्षितिजमा देखा परेका गिरीको पहिचानमा भाषा साहित्यिक क्षेत्रको योगदानले विशेष सहयोग पुऱ्याएको छ । यसको फलस्वरूप नै उनी प्रज्ञा प्रतिष्ठानको सदस्य जस्तो गरिमय पदमा मनोनीत भए र त्यहाँ रहँदा पनि आफूले पाएको जिम्मेवारी कुशलता पूर्वक निर्वाह गर्न सक्षम भए ।

जीवेन्द्र देव गिरीले त्रिभुवन विश्वविद्यालयको नेपाली केन्द्रीय विभाग र अन्य क्याम्पसहरूमा पनि भाषा साहित्यको पठन पाठनमा कुशलता प्रदर्शन गर्दै आएका छन् । त्रि.वि. को प्रशासनिक क्षेत्रको जिम्मेवारी पनि उनले विभिन्न पदमा रही सफलतापूर्वक बहन गरेका छन् । सामाजिक, साहित्यिक र राजनैतिक सङ्घ संस्थामा उनले गरेका कामहरूको पनि उनले सम्बन्धित क्षेत्रबाट जस प्राप्त गरेका छन् र विभिन्न क्षेत्रबाट सम्मानित र पुरस्कृत भएका छन् । जस्तो सुकै प्रतिकूल अवस्थालाई पनि अनुकूलतामा ढाल्न प्रयत्नशील रहने, सकारात्मक सोचाइका साथ परिश्रम गरिरहने र 'संसार परिवर्तनशील छ र भविष्य उज्यालो छ' भन्ने आशावादी दृष्टिकोण राख्ने गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनबाट उनी एक बहुमुखी प्रतिभा हुन भन्ने प्रमाणित हुन्छ । उनका यी विभिन्न पक्षको प्रमाणिक अभिलेख यस अध्ययनमा उपलब्ध छ र यो नै प्रस्तुत अध्ययनको प्राप्ति हो ।

## ५.३ सम्भावित अध्ययन

उपर्युक्त विषयमा अध्ययन भए पनि जीवेन्द्र देव गिरीका विभिन्न विषयमा अझै पनि अध्ययन कार्य बाँकी नै रहेको छ किनकि अनुसन्धान कहिले पनि पूर्ण हुँदैन । एउटा विषय पूर्ण भए पनि त्यही विषयका विविध क्षेत्रहरू बाँकी रहन्छन् तसर्थ जीवेन्द्र देव गिरीका पनि निम्न विषयहरूमा अध्ययन अनुसन्धान हुन बाँकी रहेको देखिन्छ ।

१. समालोचक जीवेन्द्र देव गिरी

२. भाषाविद् जीवेन्द्र देव गिरी

३. लोक साहित्यका अन्वेषक जीवेन्द्र देव गिरी

## सन्दर्भ विवरण

### पुस्तक विवरण

अधिकारी, रविलाल, **प्रगतिवादी नेपाली समालोचना,** पोखरा : नेपाली प्रकाशन, २०५६ ।

उपाध्याय, केशव प्रसाद, **समको दुःखान्त नाट्य चेतना,** दो.सं., ललितपुर : सा.प्र. २०५२ ।

गिरी जीवेन्द्र देव, **भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण**, काठमाडौँ : पार्वती गिरी, २०५३ ।

................, **लोक साहित्यको अवलोकन,** काठमाडौँ : एकता प्रकाशन, २०५७ ।

................, **हाम्रा लोकगाथा,** काठमाडौँ : एकता प्रकाशन, २०५७ ।

................, **नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान,** काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६१ ।

................, **भाषा विज्ञान, भाषा र भाषिका,** काठमाडौ : एकता प्रकाशन, २०६३ ।

................, **लोक साहित्यमा जन जीवन,** काठमाडौँ : एकता प्रकाशन, २०६७ ।

................, **साहित्यकार जनक प्रसाद हुमागाईं,** काठमाडौँ : नेपाल बाल साहित्य समाज, २०६७ ।

गिरी मधुसूदन, **मध्य पश्चिमका कविता,** काठमाडौँ : मध्य पश्चिमाञ्चल साहित्य परिषद्, २०५३ ।

ज्ञवाली, राम प्रसाद, तेस्रो आँखाको आलोचना, काठमाडौँ : शब्दार्थ प्रकाशन, २०६७ ।

त्रिपाठी, वासुदेव र अन्य, (सम्पा.), **नेपाली साहित्य शृङ्खला** भाग १, काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि., २०५२ ।

................, **नेपाली साहित्य शृङ्खला** भाग २, काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि., २०५२ ।

................, **नेपाली बृहत् शब्दकोश,** काठमाडौँ : ने.रा.प्र.प्र., २०४० ।

नेपाल, पूर्णप्रकाश यात्री, **सिजापतीवाला,** विराटनगर : हिमाली सौगात प्रकाशन, २०५७ ।

पराजुली, ठाकुर प्रसाद, र अन्य, (सम्पा.), **सबैको नेपाली,** ललितपुर : साझा प्रकाशन, २०६७ ।

पौडेल, हेमनाथ, **प्रगतिवादी दृष्टिमा कवि र कविता,** काठमाडौँ : पैरवी प्रकाशन, २०६५ ।

भट्टराई, घटराज, **नेपाली लेखक कोश,** काठमाडौँ : पैरवी प्रकाशन एण्ड स्टेशनरी सेन्टर, २०५६ ।

लेकाली, राधेश्याम र अन्य, (सम्पा.), **बालकृष्ण पोखरेल अभिनन्दन ग्रन्थ,** विराटनगर : चेतन प्रतिभा उन्नयन प्रतिष्ठान, २०६२ ।

शर्मा, मोहन राज र खगेन्द्र प्रसाद लुइटेल, **शोध विधि,** ते.सं., ललितपुर : सा.प्र., २०६२ ।

सुवेदी राजेन्द्र, **नेपाली समालोचना प्रवृत्ति र परम्परा,** वाराणसी : भूमिका प्रकाशन, २०६१ ।

**शोध विवरण**

अर्याल, अच्युतशरण, 'सुर्खेती नेपाली साहित्य एक सर्वेक्षण', अप्रकाशित लघु अनुसन्धान प्रतिवेदन, त्रि.वि., २०५० ।

**पत्रिका विवरण**

अगाध, यकिना, 'लोक साहित्य तर्फ समर्पित साहित्यकार गिरी', **जनएकता**, (वर्ष ७, अङ्क ३५, २०५८), पृ. ४ ।

अधिकारी, वासुदेव, 'कस्तो छ लोक साहित्यको अवलोकन', **बुधवार,** (वर्ष ६, अङ्क, ३५, २०५८), पृ. ४ ।

अप्रिय, 'कृति परिचय', **साहित्य कोसेली,** (सातौँ साहित्यिक सँगालो, २०५४), पृ. ११२ ।

जीवेन्द्र देव गिरी, 'गोरे दाई', **सुर्खेती,** (वर्ष ३, अङ्क १/२ पूर्णाङ्क ४/५, २०४९), पृ. ६-९ ।

................, 'म विशुद्ध साहित्यकार हुँ', **साहित्य सुमन,** (पाँचौँ साहित्यक सँगालो, २०५२), पृ. ९६-१०० ।

................, 'ब्रम्हपुत्रका निम्तामा सुदामाका कनिका', **ब्रह्मपुत्र,** (वर्ष २, अङ्क २, २०५३), पृ. ६१-६४ ।

................, 'लुम्बिनीबाट क्राँक्रीविहार देखिन्छ' **प्रकाश,** (वर्ष १४, अङ्क २२, २०५३), पृ. ४ ।

................, 'भेरी अञ्चलमा विकासका सम्भावना', **भेरी सन्देश,** (वर्ष १, अङ्क १, २०५३), पृ. १३-१५ ।

................, 'राजनीतिक र म', **नव ज्योति,** (सुर्खेत क्याम्पसको स्ववियु बुलेटिङ, २०५३), पृ. ४५-४७ ।

................, 'मेरो प्रिय म' **सङ्कल्प**, (वर्ष ३५, पूर्णांक ६३, २०५४), पृ . ७७-७९ ।

................, 'युवा' **युगवाहक,** (वर्ष १, अंक १, २०५४), पृ. ३९-४२ ।

................, 'भूत' **साहित्य कोसेली,** (सातौ साहित्यिक सँगालो, २०५४), पृ. ३७ - ४० ।

................, 'चाकरी', **साहित्य कोसेली,** (एघारौ साहित्यिक सँगालो, २०५४), पृ. २२-२३ ।

................, 'रानीपानीमा तिहारका दुई दिन', **प्रकाश,** (वर्ष १५, अङ्क ४६, २०५४), पृ. ४ ।

................, 'बनारसको कोसेली, बोकेर भेरीको भुई छुँदा', **गोधूलि,** (अङ्क १०, २०५६), पृ. ६१-६८ ।

................, 'गोकुल तिमी अहिले भएको भए के गर्थ्यो ?', **उत्साह,** (अङ्क ५५, २०५६), पृ. उल्लेख नभएको ।

................, 'विशिष्ट साहित्यिक प्रतिभा पारिजात', **साहित्य कोसेली,** (दसौं साहित्यिक सँगालो, २०५७), पृ. ३०-३३ ।

................, 'जनकलाल शर्माका कुरा सुन्ने धोको नमिटिँदै', **ज्ञानगुनका कुरा,** (जनकलाल स्मृति अङ्क, अङ्क २, २०५७) पृ. २०५-२०९ ।

................, 'प्रज्ञा प्रतिष्ठानले पूर्वाग्रही भएर हेर्छ' **शुभारम्भ,** (वर्ष ७, अङ्क ४, २०५८), पृ. ४४ ।

................, 'सम्झना सान्त्वना' **फक्रँदो कोपिला,** (वर्ष १, अङ्क १, २०५९), पृ. २९-३१ ।

................, 'बेवास्ताभन्दा टीकाटिप्पणी हुनु, स्वागतयोग्य कुरा हो', **शब्द-संयोजन,** (वर्ष १, अङ्क ८, २०६१), पृ. ११-१६ ।

................, 'म मास्टर' **शब्द संयोजन,** (वर्ष २, अङ्क १० पूर्णाङ्क २२, २०६२), पृ. १६-२० ।

................, 'गणतन्त्रको स्वागतमा रमाउँदाका क्षण', **शब्द-संयोजन,** (वर्ष ५, अङ्क २, पूर्णाङ्क ४९, २०६५), पृ. ६४ ।

................, 'जन्मथलो काप्रीचौरमा बटुलेका केही अनुभूति', **नव प्रज्ञापन,** (पूर्णाङ्क ४०, २०६५), पृ. ३४-३८ ।

................, 'प्रज्ञा प्रतिष्ठानहरूमा मनोनयन र समस्या समाधानका जुक्ति', **बुधबार,** (वर्ष १४, अङ्क १३, २०६६), पृ. ४ ।

................., 'के लेखक सत्ताको विरोधी भइरहन्छ ?' **बुधवार,** (वर्ष १४, अङ्क ३५, २०६६), पृ. ४ ।

................., 'चन्द्रगढीको सम्झना', **बुधवार,** (वर्ष १५, अङ्क २३, २०६७), पृ. ४ ।

ज्ञवाली, ईश्वरी, 'लोक साहित्यको क्षेत्रमा नवीन उपलब्धि' **एक्काइसौं शताब्दी,** (वर्ष ५, अङ्क ३, पूर्णाङ्क ४८, २०५७), पृ. ३४ ।

निषिम, 'बालसाहित्य समालोचनाको महत्त्वपूर्ण कृति नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान', **शब्दाङ्कुर,** (वर्ष ४ अङ्क ७, पूर्णाङ्क ४६, २०६२), पृ. १५ ।

पराजुली, कृष्ण प्रसाद, 'जीवेन्द्र देव गिरी', **जनमत,** (वर्ष १८, अङ्क ४, २०५८), पृ. ४७ ।

पुलामी, कर्ण बहादुर, 'जनताको बहुदलीय जनवाद प्यारो छ' **बुधबार,** (वर्ष १४, अङ्क १४, २०६६), पृ. ४ ।

पौडेल, द्रोण कुमार, 'जीवेन्द्र देव गिरी एक आशा लाग्दा लेखक', **साहित्य सौगात,** (चौथो साहित्यिक सँगालो, २०५१), पृ. १६०-१६३ ।

पौडेल, हेमनाथ, 'भाषा विज्ञानको उपयोगी पुस्तक' **प्रकाश,** (वर्ष २७, अङ्क २०, २०६६), पृ. ४ ।

भारती, वलभद्र, 'भाषिक क्षेत्रमा जीवेन्द्र देव गिरीको योगदान', **शब्द-संयोजन,** (वर्ष २, अङ्क ९, पूर्णाङ्क २१, २०६२), पृ. ४३-४६ ।

मिश्र, लक्ष्मी, 'लोक साहित्यको अवलोकन एक चिनारी', **शब्दाङ्कुर,** (वर्ष १, अङ्क ५, पूर्णाङ्क २, २०५८), पृ. २ ।

राकेश, रामदयाल, 'लोक साहित्यको अवलोकन : एक मूल्याङ्कन', **नेपाल,** (राष्ट्रिय पाक्षिक, २०५८), पृ. ४६ ।

लामिछाने, कपिल, 'भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण : सानो पुस्तिका ठुलो उपलब्धि', **जनमत,** (वर्ष १४, अङ्क ७-१०, साहित्यिक अङ्क ५४, २०५४), पृ. ३४ ।

शर्मा, मुक्तिनाथ, 'साहित्यकारहरूसँगको साक्षतकार', **खबरकागज,** (वर्ष ३, अङ्क २८, २०५७), पृ. उल्लेख नभएको ।

शर्मा, ऋषि प्रसाद, 'सुर्खेतको कम्युनिस्ट आन्दोलन', **नवयुग,** (वर्ष १४, अङ्क ११, २०६१), पृ. २७ ।

## परिशिष्ट - क

## शोध नायकसँग लिइएको मौखिक अन्तर्वार्ताको प्रश्नावली

- तपाईको जन्म कहिले र कहाँ भएको थियो ?
- तपाईंको न्वारनको नाम के हो ?
- जीवेन्द्र देव गिरी नाम कसरी हुन गयो ?
- तपाईंको बाबु आमा को नाम के हो ?
- तपाईं कुन छोरा ?
- पारिवारिक पृष्ठभूमि कस्तो थियो ?
- दाजु भाइ दिदी बहिनी कति जना छन् ?
- बाल्य स्वभाव कस्तो थियो र कहाँ बित्यो ?
- शिक्षाको प्रारम्भ कहाँ र कसबाट भयो ?
- औपचारिक शिक्षाको प्रारम्भ कहिले र कहाँ बाट भयो ?
- एस.एल.सी. कति सालमा कुन विद्यालयबाट पास गर्नु भयो ?
- औपचारिक रूपमा कुन तह सम्मको शिक्षा आर्जन गर्नु भएको छ ?
- आई.ए. कति सालमा र कुन क्याम्पसबाट गर्नु भयो ?
- एम.ए. कति सालमा र कुन क्याम्पसबाट पास गर्नु भयो ?
- पि.एच.डी कति सालमा र कुन विश्वविद्यालयबाट गर्नु भयो ?
- अध्ययनकालीन कठिनाइ र सुविधाहरू केही छन् ?
- विवाह कति सालमा कति वर्षको उमेरमा गर्नु भयो ?
- बैवाहिक बन्धन पछिको जीवन कस्तो रह्यो ?
- तपाईं छोरा छोरी कति जना छन् ?
- के कस्ता पारिवारिक वियोग र व्यावहारिक समस्याहरू आई परे ?
- पारिवारिक कार्यका लागि कति लगनशील हुनु हुन्छ ?
- हालको पारिवारिक स्थिति कस्तो छ ?
- जीवनमा आफूलाई कति व्यस्त सम्भिmनु हुन्छ ?
- शान्ति नगरमा कति सालदेखि बसोबास गर्दै आउनु भएको हो ?
- यहाँको सामाजिक वातावरण कस्तो छ ?
- तपाईंले प्रशासनिक जागिर पनि खानु भयो ?

- विश्व विद्यालयमा प्राध्यापन कति सालदेखि प्रारम्भ गर्नु भयो ?
- साहित्य लेखनमा कसरी प्रवेश गर्नु भयो ?
- साहित्य लेखनमा कस कसबाट प्रेरणा प्राप्त गर्नु भयो ?
- तपाइँ साहित्य लेखनको कुन विधामा विशेष रुचि राख्नु हुन्छ ?
- हालसम्म कुन कुन विधामा कलम चलाउनु भएको छ ?
- आफूलाई कुन विधामा सन्तुष्टि भए जस्तो लाग्छ ?
- कुन विधाबाट साहित्य लेखनको प्रारम्भ गर्नु भयो ?
- सर्वप्रथम प्रकाशित रचना कुन विधाको थियो र त्यो कति सालमा प्रकाशित भयो ?
- तपाइँको प्रथम प्रकाशित पुस्तकाकार कृति कुन हो त्यो कुन विधाको थियो ?
- हालसम्म प्रकाशित भएका पुस्तकाकार कृतिहरू के के हुन् ?
- तपाइँका प्रकाशित कृतिहरू कुन कुन विधामा आधारित हुन् ?
- भाषासँग सम्बन्धित कृति कुन कुन हुन् ?
- समालोचनासँग सम्बन्धित कृति कुन कुन हुन् ?
- लोक साहित्यसँग सम्बन्धित कृति कुन कुन हुन् ?
- पत्र पत्रिकामा प्रकाशित लेख रचनाहरू छन् ?
- प्रकाशोन्मुख पुस्तकाकार कृतिहरू छन् ?
- तपाइँको आर्थिक अवस्थाके कस्तो रह्यो ?
- तपाइँको जीवन दर्शन के कस्तो छ ?
- हालसम्म प्राप्त गर्नु भएको पुरस्कार तथा सम्मान ?
- प्राप्त पुरस्कार राशीलाई कुनै सामाजिक कार्यमा प्रयोग गर्नु भएको छ ?
- पुरस्कार पाउँदा कस्तो अनुभव भयो ?
- आफूलाई कुन कुन व्यक्तित्व रूपमा चिनाउन चाहनु हुन्छ ?
- शिक्षण पेशाका क्रममा के कस्ता कठिनाइ आए ?
- प्रशासनिक सेवामा कति वर्ष जागिर खानु भयो ?
- प्रशासनिक सेवामा कति वर्ष जागिर खानु भयो ?
- प्रशासनिक सेवाबाट के कस्तो अनुभव प्राप्त गर्नु भयो ?
- शिक्षण पेसा र प्रशासनिक सेवामा केही फरक पाउनु भयो ?
- शिक्षण पेसा छोडेर प्रशासनिक सेवामा किन प्रवेश गर्नु भयो ?

- प्रशासनिक सेवा छोडेर फेरि किन प्राध्यापन पेसामा लाग्नु भयो ?
- तपाईँले कुनै क्षेत्रमा अन्वेषणात्मक कार्य पनि गर्नु भएको छ ?
- तपाईँ प्रज्ञा प्रतिष्ठानको सदस्य जस्तो गरिमामय पदमा कसरी नियुक्त हुनु भयो ?
- भाषिक क्षेत्रमा के कस्तो योगदान गर्नु भएको छ ?
- कुन कुन भाषाको अध्ययनमा विशेष रुचि राख्नु भएको छ ?
- लोक साहित्यमा के कस्तो योगदान गर्नु भएको छ ?
- तपाईँले सामाजिक कार्यमा हात हाल्नु भएको छ ?
- समाज सुधारका लागि के कस्ता पहल गर्नु भएको छ ?
- तपाईँले पुस्तक र पत्र पत्रिकाको सम्पादन गर्नु भएको छ ?
- राजनीति प्रति तपाईंको रुचि छ ?
- सम्पादन कार्य कतिको चुनौतीपूर्ण छ ?
- राजनीतिमा कसरी प्रवेश गर्नु भयो ?
- राजनीतिक प्रेरणा कस कसबाट प्राप्त गर्नु भयो ?
- कति साल देखि राजनीतिमा क्रियाशील हुनु हुन्छ ?
- राजनीति गर्दा आइ परेका समस्याहरू ?
- राजनीतिमा कुन पार्टीप्रति आस्था राख्नु हुन्छ ?
- राजनीतिमा के कस्ता सफलता प्राप्त गर्नु भएको छ ?
- राजनीतिले प्राध्यापन पेसामा कतिको प्रभाव पारेको छ ?
- राजनीतिक पार्टीमा रहँदा कुनै पदको जिम्मेवारी समाल्नु भएको थियो ?
- आफूले जीवनमा पूर्ण सन्तुष्टि भएको ठान्नु हुन्छ ?

............................

**जीवेन्द्र देव गिरी**

**शोध नायक**

माथिका प्रश्नहरूको उत्तर प्रसङ्ग अनुसार यसै शोधपत्रको यथास्थानमा समावेश गरिएको छ ।

# परिशिष्ट - ख



शोधनायकको फोटो